




association pour la prevention de la torture
association for the prevention of torture
asociación para la prevención de la tortura

# हिरासत अनुगमन

## निर्देशिका

# एसोसिएसन फर द प्रिवेन्सन अफ टर्चर

एसोसिएसन फर द प्रिवेन्सन अफ टर्चर (एपिटि) जेनेभास्थित स्वतन्त्र गैरसरकारी संस्था हो । यसको स्थापना सन् १९७७ मा भएको हो ।

एपिटिको मुख्य उद्देश्य विश्वभरि नै हुने यातना तथा अन्य किसिमका कुनै पनि दुर्व्यवहारहरूको रोकथाम गर्नु रहेको छः यस उद्देश्य प्राप्तिका लागि एपिटिले निम्न उल्लिखित कार्यहरू गर्ने गर्दछः

१. हिरासत अनुगमन तथा यातना र दुर्व्यवहार नियन्त्रण सयन्त्रको प्रबर्द्धन ।
२. यातनाको अन्त्य गर्न र दण्डहीनता विरुद्ध लाग्नको निमित्त कानुनी मूल्यमान्यता तथा मापदण्डको सम्मान एवं अवलम्बन गर्न हौसला र प्रोत्साहन दिन ।
३. यातना रोकथाम गर्न चाहने व्यक्ति वा निकाय जोकोहीलाई र खासगरी त्यस्ता सरकारी व्यक्ति वा निकायका हैसियत र सामर्थ्य सुदृढ पार्न यस उद्देश्य प्राप्तिका लागि प्रहरी, गैरसरकारी संस्था, राष्ट्रिय संघसंस्थाहरू, न्यायाधीशहरू तथा अभियोक्ताहरूलाई कानुनी सुझाव एवं तत्सम्बन्धी व्यवहारिक ज्ञानसम्बन्धी विविध भाषामा तालिम दिन ।

सरकारदेखि लिएर गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, मानवअधिकार सम्बन्धी राष्ट्रिय संघसंस्थाहरू, प्रहरी सेवा, थुनाकेन्द्र, तथा मानव एवं जनअधिकारसम्बन्धी अफ्रिकी आयोग र अन्तर-अमेरिकी आयोग जस्ता यातना रोकथाम तथा निवारणका सबै साझेदारहरूको लागि एपिटि यातना रोकथाम तथा निवारणसम्बन्धी विचार एवं विशेषज्ञ ज्ञानको महत्त्वपूर्ण स्रोत हुँदै आएको छ ।

एपिटिले यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि को ऐच्छिक आलेख तथा यातना विरुद्धको युरोपीयन महासन्धिको प्रारूपको निर्माण, अवलम्बन तथा कार्यान्वयनमा ऊर्जाको भुमिका निर्वाह गर्दै आएको छ । साथै अफ्रिकामा यातना रोकथाम गर्न गठित अफ्रिकी आयोगको निर्देशक सिद्धान्तहरू र दक्षिण अफ्रिकी क्षेत्रीय प्रहरी प्रमुखहरूको सहयोग संगठनद्वारा निर्मित प्रहरी अधिकृतहरूको आचारसंहिता सम्बन्धी ऐच्छिक आलेख प्रारूपको निर्माण, अवलम्बन तथा कार्यान्वयनमा पनि ऊर्जाकै भुमिका निर्वाह गर्ने गरेको छ ।

एपिटि यातना विरुद्धका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको गठबन्धन (CINAT) को सदस्य हो । एपिटि संयुक्त राष्ट्रसंघ, संयुक्त राज्य अमेरिकाका विविध संगठनहरू, अफ्रिकी आयोग, र युरोपीयन काउन्सिलको परामर्शदाता पनि हो । स्वीजरल्याण्डका अधिकारीहरूद्वारा एपिटिलाई मुनाफा रहित संगठनको मान्यता प्रदान गरिएको छ ।

**ठेगानाः पोष्ट बक्स नं. २२६७ सीएच १२११ जेनेभा २, स्वीजरल्याण्ड**
**टेलिफोन +४१ २२ ९१९ २१७०  फ्याक्स +४१ २२ ९१९ २१८०**
**apt@apt.ch  www.apt.ch**

यस पुस्तक प्रकाशनमा केन्द्रीय भुमिका निभाउने डेनमार्क, फिनल्याण्ड, नेदरल्याण्ड, नर्वे, स्वीडेन, र स्वीजरल्याण्डका विदेश मन्त्रालयहरू, विकास र सहकार्यको निमित्त स्वीस एजेन्सी, दाताको रूपमा सहयोग पुऱ्याउने व्यक्ति तथा निकायहरू द सिटी अफ जेनेभा, फिनल्याण्ड विदेश मन्त्रालय, द ओक फाउण्डेसन र ओएससीईको लोकतान्त्रिक संस्था तथा मानवअधिकार सम्बन्धी कार्यालय प्रति हामी हार्दिक आभार प्रकट गर्दछौं ।

आर्थिक सहयोग

NORWEGIAN MINISTRY OF FOREIGN AFFAIRS

ASIA PACIFIC FORUM
ADVANCING HUMAN RIGHTS IN OUR REGION

एड्भोकेसी फोरम मानवअधिकार र कानुनी शासनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था हो। सन् २००१ मा यसको स्थापना भएको हो। स्थापना कालदेखि विभिन्न हिरासतको भ्रमण गर्दे बन्दीका अधिकारको व्यवहारिक कार्यान्वयनको अवस्था अनुगमन गर्दै आएको छ। फोरमले हाल नेपालका १६ जिल्लाका ४० भन्दा बढी प्रहरी हिरासतको दैनिक भ्रमण गरी असक्त र यातना पीडितहरूका लागि निःशुल्क कानुनी सहायता दिँदै यातनाको विरुद्धमा निरन्तर वकालत गर्दै आएको छ। यातनाको रोकथामको लागि प्रभावकारी र स्वतन्त्र राष्ट्रिय संयन्त्रको वकालतसमेत फोरमले गर्दै आएको छ।

Our special thanks to the International Committee of the Red Cross Documentation Center for the photo used for the cover: Bujumbura, Prison of Mpimba. ©CICR / Gassmann, Thierry

# हिरासत अनुगमन: निर्देशिका

जेनेभा, अप्रिल २००४
ISBN 2-940337-05-5
Imp. Abrax F-21300 Chenove

# हिरासत अनुगमनः निर्देशिका

एड्भोकेसी फोरम, नेपाल

# हिरासत अनुगमनः निर्देशिका

पहिलो संस्करण २०६५ (सन् २००८)

*प्रकाशक*
एड्भोकेसी फोरम
पवित्रप्यारा मार्ग-१६, बालुवाटार
काठमाडौँ, नेपाल
पो.ब.नं. २१७८९
फोन नं. ०१-४४३०९५१/४४१७३९७
फ्याक्स नं. ०१-४४३७४४०
इमेलः info@advocaryforum.org.np
वेभः www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम नेपाल

*ले-आवट र आवरण डिजाइन*
किशोर प्रधान

काठमाडौँ नेपालमा मुद्रित

# हार्दिक आभार

यस प्रकाशन अघिल्लो प्रकाशन "हिरासत अनुगमनः गैरसरकारी संस्थाहरूको लागि एक व्यवहारिक मार्गदर्शन" (जेनेभा, डिसेम्बर २००२) को अद्यावधिक स्वरूप हो । वर्तमान स्वरूपमा यस प्रकाशन प्रकाशित गर्न सहमति जनाउने ओएससीआईको लोकतान्त्रिक संस्था एवं मानवअधिकार सम्बन्धी कार्यालय (ओडिएचआईआर) लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । साथै अघिल्लो प्रकाशन तयार गर्ने सुश्री एनेट कोर्बाजप्रति पनि धन्यवाद व्यक्त गर्दछौँ ।

अक्टोबर २०, २००३ को जेनभामा आयोजित विशेषज्ञहरूको भेलामा यस प्रकाशनको अद्यावधिक स्वरूपको प्रारूप बारेमा छलफल गरिएको थियो । उक्त भेलामा उपस्थित विशेषज्ञहरू पेनल रिफर्म इन्टरनेशनलका श्री पाउल इङ्लिस (पेनल रिफर्म इन्टरनेशनल), एम्नेस्टी इन्टरनेशनलकी पूर्व खोजअनुसन्धान कर्ता तथा हाल यु के स्वतन्त्र हिरासत अनुगमन बोर्डकी सदस्य सुश्री मेरी मर्फी, रेडक्रस अन्तर्राष्ट्रिय समिति (आईसिआरसि) का श्री आन्द्रे पिकोट, यातना रोकथामको लागि यरोपीयन समिति (सिपिटि) का सदस्य जिन पियेरे रोस्टेलिनी, युगाण्डा मानवअधिकार आयोगकी अध्यक्ष सुश्री मार्गरेट सेकाग्या, मानवअधिकारका लागि अन्तर्राष्ट्रिय सेवा (आईएसएचआर) को मानवअधिकार संरक्षकहरूको कार्यालयका मोरिस टिडबाल-बिन्जलाई अमूल्य समय र सुझावका लागि हार्दिक धन्यवाद छ । वहाँहरूबाट सान्दर्भिक सुझाव र सल्लाह प्राप्त नुहँदो हो त पाण्डुलिपिमा रहेको यस प्रकाशनले आजको यस रूप पाउने थिएन ।

यस्तैगरी लिखितरूपमा सुझाव सल्लाह प्रदान गर्नुहुने अर्जेन्टिनाको (Instituto de estudios comparados en ciencias penales y socials), कोलम्बियाको संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी आयुक्तको कार्यालय (ओएचसिएचआर) की सुश्री मारिया नील रोडरिगेज, हिरासत अध्ययन अन्तर्राष्ट्रिय केन्द्रका निर्देशक डा. एन्ड्रिउ कोइललाई पनि हामी आभार प्रकट नगरिरहन सक्दैनौँ । यस प्रकाशनको पाण्डुलिपिलाई अन्तिम रूप दिने तथा शुद्धाशुद्धिको जिम्मेवारी बहन गर्ने एम्नेस्टी इन्टरनेशनलकी पूर्व

खोजअनुसन्धान कर्ता तथा हाल यु के स्वतन्त्र हिरासत अनुगमन बोर्डकी सदस्य सुश्री मेरी मर्फी प्रति हामी आभारी छौँ ।

यस प्रकाशनका लागि भूमिका लेखेर सहयोग गरिदिनुहुने संयुक्त राष्ट्रसंघीय यातनासम्बन्धी विशेष प्रतिवेदक श्री थियो भान बोभेन प्रति आभार व्यक्त गर्दछौँ ।

अन्त्यमा, यस प्रकाशन प्रकासित गर्न आर्थिक सहयोग गर्नु हुने समस्त दातृ संस्था तथा व्यक्तिप्रति कृतज्ञता जाहेर गर्दछौँ ।

# सम्पादकीय

व्यक्तिहरूलाई स्वतन्त्रताबाट वञ्चित गरेर राखिने स्थानहरूको भ्रमण गर्नुनै यातना तथा दुर्व्यवहार रोकथाम गर्ने प्रभावकारी उपाय हो भन्ने संस्थापक जँ ज्याक गौटिएरको सामान्य तर आदर्श विचारलाई साढे दुई दशकदेखि एपिटिले आत्मसात गर्दै आएको छ । यसले उक्त विचारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्दै आएको छ ।

थुनास्थलमा गरिएका निरोधात्मक भ्रमणहरूमा आधारित भई अन्तर्राष्ट्रिय कानूनको मस्यौदा कार्यमा एपिटि सक्रिय रूपमा संलग्न थियो । यसरी यातना निवारणको लागि युरोपीयन महासन्धि १९८७, र डिसेम्बर १८, २००२ मा ल्याइएको यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको जननी पनि एपिटि हो । यातना महासन्धिको ऐच्छिक आलेखले अन्तर्राष्ट्रिय अङ्गहरूबाट गरिने रोकथाम भ्रमणलाई पक्ष राष्ट्रहरूले सन्धि अनुमोदन पश्चात् स्थापना गर्ने एक वा सो भन्दा बढी राष्ट्रिय रोकथाम संयन्त्रहरूले गर्ने भ्रमणको परिपूरकको रूपमा लिने हुनाले यो आलेख नवीन प्रकृतिको छ ।

आलेखको यस दुई श्रेणीगत पद्धतिले एपिटिकै पद्धतिलाई झल्काउँछ, किनकि एपिटिले वर्षौं पहिले देखि राष्ट्रिय स्तरमा हिरासत भ्रमणलाई प्रोत्साहन दिँदै आएको छ । यसै परिप्रेक्ष्यमा एपिटिले सन् २००० मा ओडिआईएचआरसँग मिलेर “राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई हिरासत अनुगमन गर्न प्रोत्साहन” शीर्षकमा एक संयुक्त परियोजनाको विकास गर्‍यो । पछि यस प्रोजेक्टले “हिरासत अनुगमनः गैरसरकारी संस्थाहरूको लागि एक व्यवहारिक मार्गदर्शन” शीर्षकको पुस्तक सन् २००२ डिसेम्बरमा अंग्रेजी भाषामा र २००३ सेप्टेम्बरमा रसियन भाषामा प्रकाशन गर्‍यो । उक्त संयुक्त प्रकाशनको लेखन कार्य रेडक्रस अन्तर्राष्ट्रिय समिति (आईसिआरसि) मार्फत थुनाकेन्द्र भ्रमणमा एक दशकभन्दा बढी बिताउनु भएकी एवं एपिटिकी परामर्शदातृ सुश्री एनेट कोर्बाजले गर्नभएको थियो ।

हालै ग्रहण गरिएको ऐच्छिक आलेखका तत्त्वहरू समावेश गर्न तथा राष्ट्रिय स्तरमा थुनास्थल भ्रमण गर्ने मान्यता पाएका व्यक्ति वा निकायलाई समेट्ने गरी लक्षित पाठकको दायरा फराकिलो पार्नका निम्ति यो प्रकाशन पुरानै प्रकाशनको संशोधित स्वरूपमा आएको छ । यसको प्रकाशन अंग्रेजी, फ्रेन्च, पोर्तुगाली, स्पेनीस र सम्भवतः रुसी भाषामा गरिने छ ।

यस प्रकाशनले हिरासत भ्रमण गर्ने जोकोहीलाई हिरासत भ्रमण अघि तयारी गर्न, हिरासत भ्रमण र अनुगमन गर्न, र हिरासतको अवस्थामा सुधार ल्याउन तथा विश्वभरी यातना र दुर्व्यवहारको रोकथाम गर्न सहयोग पुऱ्याउने हामीले आशा लिएका छौं ।

जेनेभा, फेब्रुअरी २००४

इस्थर स्काउफेलबर्गर
*एपिटि प्रोग्राम अफिसर*
भिजिट प्रोग्राम

बार्बरा बर्नाथ
*एपिटि प्रोग्राम अफिसर*
युरोप प्रोग्राम

# भूमिका

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना दिइने तथा दुर्व्यवहार गरिने कार्य सामान्यतः त्यस्ता थुनास्थलहरूमा हुने गर्दछ जसमा सार्वजनिक जाँचबुझको पहुँच हुँदैन । यस्ता स्थलहरूनै पूर्ण दण्डहीनताका साथ यातनाका निम्ति आदर्श स्थलहरू हुने गर्दछन् ।

मेरा दुई पूर्ववर्ती अधिकारीहरू झैँ संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकको हैसियतबाट मैले दक्ष र स्वतन्त्र रूपले कार्यरत सक्षम निकायहरूले गर्ने हिरासत अनुगमनको कार्य सर्वोत्तम उपायहरूमध्ये एक भएको यथार्थ वकालत गरेको छु । यद्यपि मुश्किल घडीका चुनौतीपूर्ण कार्य फत्ते गर्नलाई यातना र ज्यादती अनुगमन गर्ने निकायलाई प्रचूर मात्रामा तयारी, समुचित दक्षता र तत्सम्बन्धी आवश्यक संयन्त्रले सुसज्जित हुन भने आवश्यक हुन्छ । यी निकायहरू थुनामा रहेका व्यक्तिहरूप्रति गरिने व्यवहारमा सकारात्मक सुधार ल्याउनका लागि गम्भीरताका साथ लागू गरिने सुझावहरू दिन सक्षम रहनु पर्दछ ।

यातना र दुर्व्यवहार रोकथाम गर्न हिरासत भ्रमण गर्ने जोकोहीलाई व्यवहारिक औजार प्रदान गर्ने एपिटिको यस मार्गदर्शनरूपी प्रकाशनको म स्वागत गर्दछु । अनुगमन कार्यमा कसरी प्रभावकारिताको बढोत्तरी गर्ने तरिकाहरू अपनाउने भन्ने सुझाव दिन र सुरक्षाका उपाय तथा चिकित्सकीय सेवा जस्ता सवालमा आवश्यक मार्गदर्शन गराउन यस प्रकाशनले सघाउ पुऱ्याउने कुरामा म विश्वस्त छु । साथै, यस प्रकाशनले उल्लेख गरेको विविध अनुगमन संयन्त्र र तिनीहरूको परिपूरक प्रकृतिको विवेचना सबै सम्बन्धित पक्षका लागि उपयोगी हुनेछ भन्ने पनि आशा लिएको छु ।

यातना विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको ऐच्छिक आलेख जारी हुन लागेको पूर्वसन्ध्यामा बाहिर आउन लागेको यस निर्देशिका अत्यन्तै समय सापेक्ष पनि छ । उक्त आलेखमा परिकल्पना गरिएका यातना र ज्यादती रोकथामका निकायहरू, त्यसमा पनि विशेषगरी राष्ट्रिय स्तरका निकायहरूले यस निर्देशिकालाई एक उपयोगी सन्दर्भ सामग्रीको

रूपमा पाउनेछन् । र यसैकारण यस निर्देशिकाले यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख अनुमोदन तथा हस्ताक्षर गर्न हरेक राष्ट्रलाई प्रेरित गर्ने आशा लिएको छु । हिरासतमा थुनिएकाहरूलाई यातना र ज्यादतीबाट परै राख्ने प्रतिज्ञा लिएको यस प्रकाशन अन्तर्राष्ट्रिय जगतको बिल्कुलै नवीन र महत्त्वपूर्ण कदम हो, बधाई ।

मार्च ८, २००४
प्रो. थियो भान बोभेन
*यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक*

# केही सङ्क्षिप्त रुपहरु

| | |
|---|---|
| एसीएचपीआर (ACHPR) | अफ्रिकन चार्टर अन ह्युमन एण्ड पिपल्स् राइट्स (मानव र जनताका अधिकारबारेको अफ्रिकी बडापत्र) |
| एपीटी (APT) | एसोसिएशन फर द प्रिवेन्सन अफ टर्चर |
| बीपीपी (BPP) | बडी अफ प्रिन्सिपल्स् फर द प्रोटेक्सन अफ अल पर्सन्स् अण्डर एनी फर्म अफ डिटेन्सन अर इम्प्रिजन्मेन्ट (जुनसुकै प्रकारको हिरासत वा कैदमा रहेका व्यक्तिहरूको संरक्षण सिद्वान्तहरूको संगालो) |
| बीपीटीडी (BPTD) | बेसिक प्रिन्सिपल्स् फर द ट्रिट्मेन्ट अफ डिटेनीज् (बन्दी उपर गरिने व्यवहारसम्बन्धी आधारभुत सिद्वान्त) |
| सीएटी (CAT) | कमिटी अगेन्स्ट टर्चर (यातना विरुद्धको समिति) |
| सीपीटी (CPT) | युरोपीयन कमिटि फर द प्रिवेन्सन अफ टर्चर (यातना रोकथामका लागि युरोपेली समिति) |
| ईसीपीटी (ECPT) | युरोपीयन कन्भेन्सन फर द प्रिवेन्सन अफ टर्चर (यातना रोकथामका लागि युरोपेली महासन्धि) |
| ईपीआर (EPR) | युरोपीयन प्रिजन रुल्स् (युरोपेली कारागार नियम) |
| आईसीसीपीआर (ICCPR) | युनाइटेड नेशन्स् इन्टरनेशनल कन्भेनेन्ट अन सिविल एण्ड पोलिटिकल राइट्स् (नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंधीय अनुबन्ध) |
| आईसीपीआर (ICPR) | इन्टर-अमेरिकन कन्भेन्सन टु प्रिभेन्ट एण्ड पनिस टर्चर (यातना रोकथाम तथा यातनाका लागि दण्डसम्बन्धी अन्तर-अमेरीकी महासन्धि) |
| आईसीआरसी (ICRC) | इन्टरनेशनल कमिटि अफ द रेडक्रस (रेडक्रसको अन्तर्राष्ट्रिय समिति) |
| एनजीओ (NGO) | नन् गवर्मेन्टल अर्गनाइजेसन (गैह्र सरकारी संस्था) |
| ओडिआईएचआर (ODIHR) | अफिस फर डेमोक्र्याटिक इन्स्टिच्युसन्स् एण्ड ह्युमन राइट्स् अफ द ओएससीई (सुरक्षा र सहयोगका लागि |

| | |
|---|---|
| | युरोपेली संगठनका लोकतान्त्रिक संस्था तथा मानवअधिकार विषयका अधिकृत) |
| ओएचसीएचआर (OHCHR) | अफिस अफ द युएन हाई कमिसनर फर ह्युमन राइट्स् (मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय) |
| ओपीसीएटी (OPCAT) | अप्सनल प्रोटोकल टु द यु एन कन्भेन्सन अगेन्स्ट टर्चर (यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख) |
| ओएससीई (OSCE) | अर्गनाइजेशन फर सेक्युरिटी एण्ड को-अपरेसन इन युरोप (सुरक्षा तथा सहयोगका लागि युरोपेली संगठन) |
| युएन (UN) | यनाइटेड नेशन्स् (संयुक्त राष्ट्रसंघ) |
| युएनसीएटी (UNCAT) | यु एन कन्भेन्सन अगेन्स्ट टर्चर (यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि) |
| आईएसएचआर (ISHR) | इन्टरनेशलन सर्भिस फर ह्युमन राइट्स् (मानव अधिकारका लागि अन्तर्राष्ट्रिय सेवा) |

अध्याय ४ मा प्रयुक्त भएका छोटकरी रूपहरू सोही अध्यायको सुरुमा दिइएको छ ।

# विषयसूची

हार्दिक आभार ५
सम्पादकीय ७
भूमिका ९
केही सङ्क्षिप्त रूपहरू ११
विषयसूची १३
परिचय १७

**खण्ड एक : थुनास्थल अनुगमनको सन्दर्भ** २३
१. स्वतन्त्रता हरणमा परेका व्यक्तिहरूको सुरक्षा २५
  १.१. स्वतन्त्रता हरण २५
  १.२. स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको संरक्षण २६
२. भ्रमणको माध्यमबाट थुनास्थलको अनुगमन २८
  २.१. थुनाकेन्द्रको अनुगमन भन्नाले के बुझिन्छ ? २८
  २.२. अनुगमनको महत्त्व २८
  २.३. थुनास्थल भ्रमणः अनुगमनको प्रमुख साधन २९
३. थुनास्थल अनुगमनका आधारभूत सिद्धान्त ३०

**खण्ड २ : थुनास्थल अनुगमन निकाय** ३७
१. राष्ट्रिय स्तरका भ्रमण ३९
  १.१. आन्तरिक निरीक्षण ४०
  १.२. न्यायीक निरीक्षण ४०
  १.३. स्वतन्त्र बाह्य अनुगमन ४०
२. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका भ्रमण संयन्त्र ४२
३. संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख ४६
  ३.१. यातना विरुद्धको उप-समिति ४६
  ३.२. ऐच्छिक आलेख अन्तर्गतका राष्ट्रिय रोकथाम संयन्त्र ४७
    ३.२.१ राष्ट्रिय संयन्त्रको स्थापना वा नियुक्ति ४८
    ३.२.२ राष्ट्रिय संयन्त्रको रूप ४९
    ३.२.३ राष्ट्रिय निरोधात्मक संयन्त्रको कार्यादेश ४९
    ३.२.४ राष्ट्रिय संयन्त्रहरूलाई प्राप्त हुने प्रत्याभूति ५०

३.२.५ स्वतन्त्रताबाट वञ्चितहरूलाई राखिने स्थलमा पहुँच ५३
३.३. ऐच्छिक आलेखअन्तर्गत भ्रमणको फलोअप ५४
३.३.१ प्रतिवेदन तथा सुझाव ५४
३.३.२ पूरक निरोधक कार्य ५४
३.३.३ उप-समितिसँग प्रत्यक्ष सम्पर्क ५४
४. विभिन्न भ्रमण निकायबीच समन्वय ५५
४.१. आन्तरिक भ्रमण संयन्त्रहरूबीच समन्वय ५५
४.२. अन्तर्राष्ट्रिय तथा अन्तर्देशीय भ्रमण संयन्त्रहरूबीच समन्वय ५६
४.३. अन्तर्राष्ट्रिय भ्रमण निकायहरूबीच समन्वय ५७

**खण्ड ३: थुनास्थलको अनुगमन कसरी गर्ने ?** ६१
१. अनुगमनको खाका (संरचना) ६३
२. अनुगमन कार्यक्रमको स्थापना ६६
२.१. भ्रमण कार्यक्रमको स्थापना ६६
२.२. भ्रमण स्थलको पहिचान ६७
२.३. भ्रमणको समयावधि ६७
२.४. भ्रमणको बारम्बारता ६८
२.५. भ्रमण टोली ६९
२.५.१ बनोट ६९
२.५.२ आकार ७०
२.५.३ तालिम ७१
३. भ्रमणको तयारी ७१
३.१. तयारी कार्य ७१
३.२. भ्रमणको उद्देश्य निर्धारण ७३
४. भ्रमण ७४
४.१. थुनास्थल प्रमुखसँगको प्रारम्भिक कुराकानी ७४
४.२. अभिलेख पुस्तिका र अन्य दस्तावेजहरूको अध्ययन ७५
४.३. थुनास्थलको भ्रमण ७६
४.४. स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूसँगको अन्तर्वार्ता ७७
४.४.१. सामान्य धारणा ७७
४.४.२. सामूहिक कुराकानी ७९

४.४.३. व्यक्तिगत कुराकानी ७९
४.४.४. स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई थुनामा राख्ने जिम्मा पाएका अधिकारीसँगको कुराकानी ८२
४.५. निर्देशकसँगको अन्तिम कुराकानी ८३
५. फलोअप भ्रमण ८३
५.१. आन्तरिक फलोअप कार्य ८३
५.२. थुनास्थलको अवस्था अनुगमनसम्बन्धी प्रतिवेदन लेखन ८४
५.२.१. भ्रमण प्रतिवेदन लेखन ८५
५.२.२ समष्टिगत प्रतिवेदन लेखन ८७
५.२.३. समष्टिगत प्रतिवेदनको प्रचार ८८
५.३. सिफारिश कार्यान्वयनको अनुगमन ८९
५.४. अनुगमन प्रक्रिया बाहिरको फलोअप कारवाही ९०

**खण्ड ४: थुनाको कुन पक्षको जाँच गर्ने** ९३
बन्दी उपर गरिने व्यवहार ९७
यातना र दुर्व्यवहार ९८
एकान्त थुना १०६
नियन्त्रणका साधनहरू १०९
बल प्रयोग ११२
संरक्षणका उपायहरू ११७
थुनुवा दर्ता किताब ११८
थुनुवाहरूलाई जानकारी १२१
निरीक्षण १२३
अनुशासनात्मक कार्यविधि १२५
उजुरी कार्यविधि १२८
थुनुवाहरूको प्रकारको वर्गीकरण १३१
भौतिक अवस्था १३७
खाना १३९
हावा तथा प्रकाश १४२
सरसफाई सुविधा १४४
व्यक्तिगत सरसफाई १४६
लत्ताकपडा र विस्तरा १४८

भीडभाड तथा आवास १५०
थुना व्यवस्था तथा क्रियाकलाप १५५
परिवार र साथीहरूसँग सम्पर्क १५७
बाहिरी दुनियासँग सम्पर्क १६२
शिक्षा १६६
बाह्य व्यायाम १७१
फुर्सदको समय र सांस्कृतिक क्रियाकलाप १७३
धर्म १७६
रोजगारी (काम) १७८
चिकित्सा सेवा १८३
स्वास्थ्य सेवामा पहुँच १८४
स्वास्थ्यकर्मी १८८
महिला र बालबालिकाहरूको लागि विशेष स्वास्थ्य सेवा १९२
मानसिक रूपले विरामी बन्दीहरूका लागि विशेष स्वास्थ्य सेवा १९४
कर्मचारी १९९
साधारण सवालहरू २०१
कर्मचारीको तालिम २०५
प्रहरी हिरासत २०९
आधारभूत सुरक्षा व्यवस्था मापदण्ड २११
अभिलेख पुस्तिका २१५
सोधपुछ २१७
सूचना २२०
भौतिक अवस्था २२२

अनुसूची १: चेकलिस्ट २२७
अनुसूची २: आन्तरिक भ्रमण टिपोटहरूको उदाहरण २३१
अनुसूची ३: यातना महासन्धिको ऐच्छिक आलेख २३३
अनुसूची ४: सान्दर्भिक मापदण्डहरूको सूची २५०
अनुसूची ५: थप पाठ्यसामग्री २५६
अनुसूची ६: उपयोगी ठेगानाहरू २५९

# परिचय

*"स्वतन्त्रताबाट वञ्चित गराउने कार्य प्रकृति सम्बन्धमा अन्तर्राष्ट्रिय समाजमा विद्यमान अवधारणामा आधारभूत परिवर्तनको आवश्यकता छ भन्ने कुरामा यो विशेष प्रतिवेदक विश्वस्त छ । कारागार, प्रहरी थाना र यस्तै प्रकारका थुनास्थलहरू गोप्य स्थान हुन र यी स्थान भित्रका गतिविधिहरू आम नागरिकको नजरबाट लुकाएर राखिनु पर्दछ भन्ने धारणा कम्तिमा एक शताब्दीदेखि स्वतः स्वीकार्य रहिआएको छ । यो अपारदर्शीता सम्बन्धी मान्यतालाई पारदर्शीताको मान्यताले विस्थापित गर्न आवश्यक छ । स्वतन्त्रताबाट वञ्चित गरिने सबै स्थानहरूमा खुला पहुँच हुनु पर्दछ भन्ने अवधाराणा हुनुपर्दछ ।"*

सर नाईजेल रोड्ली
संयुक्त राष्ट्रसंघको यातना विषयका पूर्व विशेष प्रतिवेदक
३ जुलाई २००१, A/56/156, §35

## थुनास्थल अनुगमन निर्देशिकाको आवश्यकता किन ?

लोकतन्त्र र विधिको शासनमा आधारित जुनसुकै व्यवस्थामा पारदर्शिता र सार्वजनिक प्रशासनको स्वतन्त्र नियन्त्रण उक्त व्यवस्थाको अङ्गका रूपमा रहन्छन् । यी विषयहरू खासगरी, व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गर्न सक्ने राज्यको शक्तिको अनुगमन गर्ने सन्दर्भमा सत्य हुन्छन् । थुना केन्द्रमा गरिने यातना तथा दुर्व्यवहार रोकथाम गर्न थुनामा लिइएका व्यक्तिहरूप्रति गरिने व्यावहार र थुना अवस्था सम्बन्धमा विना सूचना र नियमित गरिने भ्रमण प्रभावकारी माध्यम हो ।

थुनाकेन्द्रको बाह्य तथा स्वतन्त्र अनुगमनसम्बन्धी धारणामा विगत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । हाल आएर थुनास्थलमा समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूको नियमित पहुँच सहित उक्त केन्द्रहरू सकेसम्म पारदर्शी भएमा त्यसले यातना र दुर्व्यवहार विरुद्ध सबभन्दा उचित कवचको रूपमा काम गर्ने कुरा विस्तृत रूपमा स्वीकारिएको छ । यस्तो सकारात्मक विकासलाई संयुक्त राष्ट्रसंघले १८ डिसेम्बर २००२ मा यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको ग्रहण गर्नुले प्रतिबिम्बित गरेको छ ।

स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूलाई दिइने यातना र तिनीहरूप्रति गरिने अमानवीय व्यवहार तथा सजायहरूलाई रोकथाम गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वतन्त्र संस्थाहरूबाट थुनास्थलहरूको नियमित भ्रमण तथा अनुगमन गर्ने परिपाटीको स्थापना यो ऐच्छिक आलेखको समष्टिगत लक्ष्य हो ।

यो एच्छिक आलेखअन्तर्गत राज्य पक्षले एक वा सोभन्दा बढी राष्ट्रिय निरोध संयन्त्रको स्थापना, नियुक्ति तथा त्यस्ता संयन्त्रहरूको सञ्चालन गर्ने हुनाले यातना निवारणको प्रमुख जिम्मेवारी राष्ट्रिय स्तरमा नै रहन्छ । जसअनुसार विद्यमान संयन्त्रहरूलाई आलेख अनुरूप परिमार्जन वा नयाँ संयन्त्रहरूको निर्माण गर्नुपर्ने हुन्छ । यो विकासले राष्ट्रिय स्तरका अन्य स्वरूपका अनुगमनहरूलाई बाहेक गर्ने तथा तिनीहरूलाई हानि पुऱ्याउने हुनु हुँदैन । यही पृष्ठभूमिमा राष्ट्रिय स्तरका कुनै पनि अनुगमन समूह वा संस्थाद्वारा गरिने यातना निरोधक भ्रमणहरूलाई अझ प्रभावकारी बनाउन सहयोग गर्ने लक्ष्य यो निर्देशिकाले राखेको छ ।

## लक्षित पाठक

यो निर्देशिकाले हिरासतमा राखिने स्थानहरूको अनुगमन गर्ने राष्ट्रिय स्तरका व्यक्ति वा समूहलाई सम्बोधन गर्दछ । माथि उल्लेख भए जस्तै यो निर्देशिकाका प्राथमिक प्रयोगकर्ता भनेका यातना महासन्धिको ऐच्छिक आलेख अन्तर्गत स्थापित वा निर्देशित राष्ट्रिय संयन्त्रहरू नै हुनेछन् ।

यो निर्देशिका यी संस्थाहरू सम्ममात्र सीमित छैन, आफ्नो देशमा थुनाको अवस्थाको अनुगमन वा अध्ययन गर्न अनुमति प्राप्त कुनै पनि संस्था वा व्यक्तिले यसलाई औजारको रूपमा प्रयोग गर्न सक्नेछन् । हिरासतमा राखिने स्थानहरूमा पहिले नै पहुँचको लागि अनुमति पाएका वा सोका लागि सम्झौता गरेका निकायहरूलाई यसले सम्बोधन गरको छ । अतः हिरासतमा राखिने स्थानहरूमा कसरी पहुँच पाउने भन्ने विषयमा यसमा सम्बोधन गरिएको छैन ।[१]

---

१ यस विषयमा एपिटि/ओडिआईएचआरको Monitoring places of detention: a practical guide for NGOs, Geneva, December 2002, pp. 36-39 मा चर्चा गरिएको छ ।

स्वदेशी भ्रमण संयन्त्रहरूका अलावा, स्वतन्त्रता हरणसम्बन्धी विभिन्न विषयको अध्ययनमा रुचि राख्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थाहरू र तीनका स्थानीय कार्यालयहरू लगायत जो कोहीलाई पनि यो निर्देशिका उपयोगी हुन सक्नेछ ।

अन्त्यमा, थुनामा राख्ने अख्तियार प्राप्त निकाय तथा त्यसमा कार्यरत अधिकारीले अनुगमन निकायहरूलाई सहयोग गर्नुपर्ने हुनाले तिनीहरूका लागि समेत यो निर्देशिकामा उपलब्ध जानकारी उपयोगी होस् भन्ने हाम्रो चाहना छ ।

### *निर्देशिकाको उद्देश्य*

नव गठित वा विद्यमान राष्ट्रिय भ्रमण टोलीहरूको व्यावसायिक दक्षता वद्धि गरी प्रभावकारी राष्ट्रिय भ्रमण निकायहरूको प्रवर्द्धन गर्नु तथा यातना रोकथाम गर्न र थुनास्थलको अवस्थामा सुधार ल्याउन त्यस्ता निकायहरूको प्रभावकारितामा वृद्धि गर्नु यस निर्देशिकाको उद्देश्य रहेको छ ।

### *निर्देशिकाका विशिष्ट उद्देश्यहरू*

- भ्रमणका विभिन्न चरणहरू (तयारी, कार्यान्वयन तथा फलोअप) मा अपनाउनु पर्ने विधि बारे ठोस सल्लाह एवं सुझाव दिनु,
- विभिन्न राष्ट्रिय भ्रमण निकायहरूबीच तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्रमण निकायहरूबीच सहयोग वृद्धि गर्नु,
- हिरासतमा राखिने स्थानहरूको अनुगमनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूलाई व्यवहारिक एवं विषयगत रूपमा प्रस्तुत गर्नु,
- अन्तर्राष्ट्रिय मानवअधिकार कानूनमा राष्ट्रिय संयन्त्रको स्वतन्त्र र प्रभावकारी कार्यसम्पादन सम्बन्धी पहिलो पटक प्रस्ट व्यवस्था गर्ने तथा त्यसको प्रत्याभूतिसमेत गर्ने व्यवस्था रहेको यातना महासन्धिको ऐच्छिक आलेखको विषयवस्तु सम्बन्धी जानकारी प्रदान गर्नु,
- यातना महासन्धिको ऐच्छिक आलेखका सिद्धान्त प्रतिकूल गठन हुने राष्ट्रिय संयन्त्रहरूलाई निरोध गर्न मद्दत गर्नु,

यो निर्देशिका कुनै विशेष संयन्त्र, देश वा क्षेत्रका निम्ति मात्रै नभएर सबै किसिमका संयन्त्रहरूका निम्ति उपयोगी होस् भन्ने लक्ष्य राखेर बनाइएको छ ।

### *निर्देशिकाको दायरा*

स्वाधीनता हरण भएका व्यक्तिहरू रहेका जुनसुकै स्थानहरूको अनुगमन कार्यमा सहयोग पुऱ्याउने लक्ष्य यो निर्देशिकाले लिएको छ । तर मुख्य रूपमा थुनास्थल र केही हदमा प्रहरी चौकीहरूको अनुगमनमा यो केन्द्रित रहेको छ । साधारणतः थुनास्थल अनुगमनसम्बन्धी अवधारणाहरू सबै किसिमका बन्दीगृहहरूका लागि लागू हुने भए पनि, मनोचिकित्सा संस्थान बाल थुनास्थल वा विदेशीहरूलाई थुनामा राखिने स्थलका लागि भने विशिष्ट पद्धति आवश्यक हुन्छ ।

महिला, बालबालिका, अल्पसंख्यक तथा विदेशी आप्रवासीहरू जस्ता विशेष प्रकृतिका थुनुवाहरूका लागि यस निर्देशिकामा छुट्टै परिच्छेद नभए पनि, यी विषयहरूलाई सम्भव भएसम्म बेग्लै शीर्षकअन्तर्गत चर्चा गरिएको छ ।

निर्देशिकाको आन्तरिक संरचनाः पहिलो अध्यायले बन्दीगृहहरूको अनुगमनको महत्त्वबारे साधारण परिचय दिनेछ । दोस्रो अध्यायले विद्यमान अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संयन्त्रहरूको बारेमा चर्चा गर्दै ऐच्छिक आलेखमा व्यवस्था भएका राष्ट्रिय संयन्त्रहरूका विशेषताहरूबारे विशेष उल्लेख गरेको छ । तेस्रो अध्यायले भ्रमणलाई सम्पूर्णतामा कसरी सम्पन्न गर्ने भन्ने विषयमा वर्णन गरेको हुनाले यो अध्याय बढी कार्यात्मक प्रकृतिको रहेको छ । अन्तिम अध्यायले भ्रमणका दौरानमा विचार पुऱ्याइनु पर्ने विभिन्न पक्षहरूबारे चर्चा गर्दै सोसम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थहरू बारे टिप्पणी समेत गरेको छ ।

### *मुख्य शब्दहरूको परिभाषा*

#### थुनास्थल अनुगमन

थुनास्थल अनुगमन भन्नाले थुनास्थलका सम्पूर्ण पक्षहरूको नियमित रूपमा लामो समयसम्म गरिने मूल्याङ्कन प्रक्रियालाई जनाउँछ । यो मूल्याङ्कन परीक्षणमा एक थुनास्थलमा वा धेरै थुनास्थलमा (तल हेर्नुहोस्) राखिएका सबै वा निश्चित वर्गका थुनुवाहरूको (तल हेर्नुहोस्) अनुगमन पर्दछ । अनुगमनअन्तर्गत सम्बन्धित निकाय तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संरक्षणका लागि संलग्न अन्य

निकायहरूलाई मूल्याङ्कन परीक्षणको नतीजाका साथै सुझावहरू लिखित तथा मौखिक रूपमा प्रवाहित गर्ने कार्य समेत पर्दछ ।

**बन्दी**

बन्दी भन्ने शब्द विभिन्न देशहरूमा र अन्तर्राष्ट्रिय आलेखहरूमा भिन्ना भिन्नै किसिमले प्रयोग भएको पाइन्छ । दोषी सावित नभैसकेका तर पूर्पक्षका लागि थुनिएका वा प्रशासनिक थुनामा रहेका व्यक्तिहरूलाई जनाउन यो शब्द प्रयोग भएको पाइन्छ । यस निर्देशिकामा यो शब्दलाई गिरफ्तारी, प्रशासकीय थुना, पूर्पक्ष अघिको थुना वा कसूर ठहर भई थुनामा राखिएका कारण स्वतन्त्रता गुमाएका जो कोही व्यक्तिहरूलाई जनाउने गरी व्यापक अर्थमा प्रयोग गरिएको छ (तल हेर्नुहोस्) ।

**थुनास्थल**

यो शब्दलाई पनि यहाँ व्यापक अर्थमा प्रयोग गरिएको छ । कारागार, प्रहरी थाना, विदेशी वा शरण खोज्ने व्यक्तिहरूलाई नियन्त्रणमा राख्ने ठाउँ, बाल बन्दीगृह, सामाजिक हेरविचार केन्द्रहरू, मनोरोगी राखिने ठाउँ, कारागार तथा अन्य कुनै पनि थुनास्थल तथा सैनिक कारागार जुनसुकै ठाउँमा होस् स्वतन्त्रताबाट वञ्चित गर्ने उद्देश्यले व्यक्तिहरूलाई राखिने ठाउँलाई थुनास्थल भनिएको छ ।

**राष्ट्रिय भ्रमण टोली**

यो शब्दले आन्तरिक तहमा (राष्ट्रिय, स्थानीय वा सामुदायिक) गरिएका सम्पूर्ण व्यवस्थाहरूलाई जनाउँछ, जसअन्तर्गत विभिन्न प्रकारका स्वतन्त्र निकायहरूले (राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान गर्ने सार्वजनिक निकाय, विशेष भ्रमण निकायहरू, गैरसरकारी संस्था, नागरिक समूह वा नागरिक समाज समूह) थुनास्थल अनुगमन गर्दछन् ।

**राष्ट्रिय संयन्त्र**

यसले यातना महासन्धिको ऐच्छिक आलेख अनुरूप पक्षराष्ट्रले गठन गरेको राष्ट्रिय संयन्त्रलाई जनाउँछ ।

**भ्रमण**

यो शब्दलाई पनि बन्दीगृहको वास्तविक भ्रमणलाई मात्र नभई सो को तयारी र फलोअप समेतलाई जनाउने गरी व्यापक अर्थमा प्रयोग गरिएको छ । यसले समग्र थुनास्थलको भ्रमणका साथसाथै कुनै खास बन्दीहरू, खास समस्या, ठोस विषय वा घटनालाई मध्यनजर गरी गरिने भ्रमणलाई पनि जनाउँछ ।

# खण्ड - एक

## थुनास्थल अनुगमनको सन्दर्भ

# १. स्वतन्त्रता हरणमा परेका व्यक्तिहरूको सुरक्षा

## *१.१. स्वतन्त्रता हरण*

स्वाधीनताको अधिकार र हिँड्डुलको स्वतन्त्रता आधारभूत मानवअधिकार हुन् । तर यो स्वतन्त्रता निरपेक्ष भने होइन । हिरासत, थुना, नजरबन्द वा अन्य यस्तै स्थानबाट राष्ट्रले व्यक्तिको स्वतन्त्रता हरण गर्ने सम्भावना रहन्छ । तर यस्तो स्वतन्त्रता हरणको अभिप्राय र यसको प्रक्रिया कानूनले स्पष्ट रूपमा तोकेको हुन्छ । स्वेच्छाचारी थुना वा हिरासतलाई अन्तर्राष्ट्रिय कानूनले बर्जित गरेको छ ।

स्वतन्त्रताको हरण भन्नाले न्यायीक, प्रशासनिक वा अन्य निकायको आदेशअनुसार कुनै व्यक्तिलाई आफूखुसी स्थान छोड्न नपाउने गरी सार्वजनिक वा निजी स्थलमा राखिने कार्यलाई जनाउँछ ।

**स्वतन्त्रता हरणका उदाहरणहरू**

- गिरफ्तारी
- अभियोगपूर्वको थुना (प्रहरी हिरासत)
- अभियोग लगाई पूर्पक्षका लागि थुना
- कारबासको कैद (दोषी प्रमाणित भैसकेपछि तोकिएको काराबास समय बिताउन गरिने कैद)
- प्रशासकीय थुना
- अल्प वयस्कहरूको थुना
- मानसिक नियन्त्रण
- अनुशासनात्मक सजायस्वरूप गरिने सैनिक हिरासत

अन्तर्राष्ट्रिय मापदण्डहरूले राज्यलाई स्वतन्त्रता हरणको कार्य सकेसम्म सीमित गर्न प्रोत्साहित गर्दछन् । पूर्पक्षपूर्व थुनामा राख्ने कार्य नियमित रूपमा प्रयोग गर्नु हुँदैन, बरु समाज तथा पीडितको सुरक्षाका लागि तथा आरोपित कसूरको अनुसन्धानलाई मध्यनजर गरी यसको प्रयोग गर्नु पर्दछ ।[२] यी मापदण्डहरूले समुदायको सेवा जस्ता गैर हिरासत वा थुनाका वैकल्पिक उपायहरूको प्रयोगमा जोड दिन्छन् ।

[२] दफा ६, संयुक्त राष्ट्रसंघको गैर थुना कदमसम्बन्धी न्यूनतम नियमहरू (टोकियो नियमहरू), १४ डिसेम्बर १९९० मा साधारण सभाबाट पारित निर्णय नम्बर ४५/११० ।

अन्तर्राष्ट्रिय मापदण्डहरूले खासगरी बाल अपराधका अभियुक्तहरूलाई पूर्पक्षपूर्व थुनामा नराख्न प्रोत्साहित गर्दछन् ।

थुनामा रहँदा बन्दीहरूले स्वतन्त्रतापूर्वक हिँड्डुल गर्ने आफ्नो अधिकार गुमाउँछन् । तर उनीहरूले आफ्ना अन्य मानवअधिकारहरू उपभोग गर्न पाउनु पर्दछ । खासगरी, उनीहरूलाई मानव मर्यादाको सम्मान हुने ढंगले व्यवहार गरिनु पर्दछ ।

## १.२. स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको संरक्षण

स्वतन्त्रता हरणमा परेका व्यक्तिहरू जोखिममा हुन्छन् र खासगरी उनीहरू मानवअधिकार उल्लंघनको जोखिममा हुन्छन् । तिनीहरूको सुरक्षा तथा रेखदेखको जिम्मा थुनामा राख्ने निकायको हुन्छ, जसले थुनास्थलमा मानवअधिकार तथा मानवीय मर्यादाको सम्मान गर्ने वातावरण सुनिश्चित गर्नु पर्दछ । अतः थुना अवस्थाको अनुगमन कार्य स्वतन्त्रता हरणमा परेका व्यक्तिहरूको संरक्षण प्रणालीको अभिन्न अङ्ग हुन जान्छ । स्वतन्त्र निकायबाट थुनास्थलमा विना सूचना गरिने नियमित भ्रमण तथा सम्बन्धित निकाय समक्ष प्रस्तुत गरिने प्रतिवेदन र सुझावहरू तथा ती सुझावहरू कार्यान्वयन भए नभएको लेखाजोखा थुनास्थल अनुगमन प्रणालीका अत्यावश्यक तत्त्व हुन् । मानवअधिकार प्रतिको सम्मान सुनिश्चित गर्न चिन्तित रहेको राष्ट्रमा या त यो प्रणाली विद्यमान रहनु पर्दछ या त्यस्तो प्रणाली स्थापना गरिनु पर्दछ । रक्षा गर्ने जुनसुकै राष्ट्रले आफूसँग यस प्रकारको व्यवस्था भएको र सो लागू गरेको प्रत्याभूति दिन सक्नु पर्दछ ।

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको निम्ति प्रभावकारी राष्ट्रिय संरक्षण प्रणालीमा देहाय बमोजिमका व्यवस्था समावेश हुन्छन् भन्ने कुरा अनुभवबाट देखिएको छः

१. अन्तर्राष्ट्रिय कानूनद्वारा स्थापित संरक्षण मापदण्डलाई अङ्गिकार गरेको **राष्ट्रिय कानुनी संरचनाः** यसको अर्थ, अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने खालका राष्ट्रिय नियम तथा कानूनको निर्माण गर्नु हो जसले सरकारी नीति तथा निर्देशनका लागि खाका प्रदान गरोस् ।

२. कानून व्यवस्था बनाईराख्ने कार्यमा, कानुनी अभ्यासमा, संगठन तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूसँग गरिने व्यवहारमा यस्तो कानुनी संरचनाको **प्रभावकारी कार्यान्वयन**। यसभित्र निम्न कुराहरू पर्दछन्:

- कानुनी संरचना कार्यान्वयन गर्न स्पष्ट रूपले किटान गरिएको र व्यापक प्रचारप्रसार गरिएको राजनीतिक प्रतिबद्धता,
- व्यावसायिक मर्यादा सुहाउँदो आचारसंहिता पालन गर्ने तालिम प्राप्त जनशक्ति,
- आर्थिक तथा भौतिक स्रोतको व्यवस्था

३. देहायका निकायबाट गरिने कानुनी संरचना कार्यान्वयनको प्रभावकारिता अनुगमनः

- आन्तरिक निरीक्षण सेवा
- न्यायाधीश, सरकारी वकिलद्वारा न्यायीक नियन्त्रण
- वकिल तथा बार संगठन,
- राष्ट्रिय मानवअधिकार तथा अख्तियार दुरुपयोग अनुसन्धानसम्बन्धी निकाय,
- स्वतन्त्र राष्ट्रिय भ्रमण टोली,
- गैरसरकारी संस्था,
- अन्तर्राष्ट्रिय संयन्त्रहरू (रेडक्रसको अन्तर्राष्ट्रिय समिति, सिपिटि, भविष्यमा बन्ने राष्ट्रसंघीय यातना उप-समिति)

समग्रमा यस्तो अनुगमनले राष्ट्रिय संघसंस्थाहरूबाट गरिने कार्यको सामान्य जानकारी गराउँछ। यसबाट व्यवहारिक वा कानुनी तहमा आवश्यक उपायहरू प्रस्ताव गर्न सकिन्छ। असल अभ्यासहरू पहिचान गरी तिनीहरूलाई अनुसरण गर्न सकिन्छ।

## २. भ्रमणको माध्यमबाट थुनास्थलको अनुगमन

### *२.१. थुनाकेन्द्रको अनुगमन भन्नाले के बुझिन्छ ?*

अनुगमन भन्नाले थुनाका सम्पूर्ण पक्षहरूबारेमा परीक्षण गर्ने लामो समयसम्म चल्ने एउटा प्रक्रिया हो । यसमा कुनै एक वा सोभन्दा बढी थुनास्थलमा राखिएका स्वतन्त्रताबाट विमुख गराइएका सबै वा कुनै खास प्रकारका व्यक्तिहरू समेटिन्छन् ।

थुनाका सम्पूर्ण पक्षहरू एक अर्कामा अन्तर्सम्बन्धित हुनाले तिनीहरूलाई एक अर्काका साथमा परीक्षण गरिनु पर्दछ (अध्याय ४ हेर्नुहोस्) ।

- थुनुवाको शारीरिक तथा मानसिक अखण्डताको प्रत्याभूति गर्दै निजको संरक्षण गर्ने ध्येयले निश्चित गरिएका र थुना केन्द्रहरूमा लागू गरिएका कानुनी तथा प्रशासनिक उपायहरू
- थुनामा रहँदाका बखतको अवस्था
- थुनाको परिवेश (उसले गर्न पाउने गतिविधि र बाह्य संसारसँग उसको सम्पर्क),
- स्वास्थ्य सेवामा उसको पहुँच,
- थुनुवा र कर्मचारीहरूको संगठन र व्यवस्थापन तथा थुनुवा र थुनामा राख्ने निकाय बीचको सम्बन्ध

अनुगमनभित्र परीक्षणको नतीजाबारे सम्बन्धित निकाय र केही अवस्थाहरूमा स्वतन्त्रताबाट वञ्चित गराइएका व्यक्तिको संरक्षणमा संलग्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका संगठन तथा व्यक्तिहरूलाई र सञ्चार क्षेत्रलाई मौखिक तथा लिखित जानकारी दिने कार्य समेत पर्दछ ।

### *२.२. अनुगमनको महत्त्व*

थुनाको अवस्थाको अनुगमन विभिन्न कारणले गर्दा नितान्त आवश्यक छः

- स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य राज्यले बलपूर्वक गर्ने मानवअधिकार उल्लंघनको जोखिम निहित गम्भीर कार्य हो ।
- स्वतन्त्रता गुमाएका कारणले गर्दा थुनुवा आफ्नो संरक्षण, अधिकार तथा अस्तित्वका लागि पूर्ण रूपमा थुनामा राख्ने निकाय वा सार्वजनिक अधिकारीमा निर्भर रहन्छ,

- थुनुवासँग आफ्नो भाग्य अवस्थालाई प्रभाव पार्ने सम्भावना हुँदै नहुने नभए पनि यो सम्भावना सीमित हुन्छ ।
- परिभाषित रूपमा थुनास्थलहरू बन्द हुन्छन् र थुनुवाहरूलाई समाजको नजरबाट बाहिर राखिन्छ ।

सधैँ र सबै अवस्थाहरूमा स्वतन्त्रताबाट वञ्चितहरू जोखिममा हुन्छन् र तिनीहरू दुर्व्यवहार र यातनाको जोखिममा रहन्छन् । यसको अर्थ थुनाको अवस्था अनुगमन गरी थुनुवालाई उन्नत संरक्षण प्रदान गरिनुपर्छ भन्ने हो ।

उल्लेख्य यो छ कि स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको स्थायी संरक्षण प्रणालीभित्र अनुगमन संयन्त्रलाई समावेश गरिएको तथ्य आफैँले थुनास्थलमा गम्भीर समस्या वा खटिएका अधिकारीहरूमा विश्वासको कमी रहेको भन्ने जनाउँदैन ।

यो त थुनुवा र थुनामा राख्ने निकायबीचको विशाल शक्तिको खाडललाई यस्तो शक्तिको दुरुपयोग भएको अवस्थामा सो सम्बन्धमा हस्तक्षेप गर्न अधिकारप्राप्त निकायद्वारा जाँच गरिनुपर्ने विषयवस्तु हो । यस्ता नियन्त्रण संयन्त्रहरूले मानवअधिकारको रक्षा गर्दछन्, र थुनामा परेका व्यक्तिप्रति ज्यादती हुन नदिने र उनीहरूप्रति हुन सक्ने दुर्व्यवहारलाई सीमित गर्न मद्दत पुऱ्याउँछन् ।

यी कार्यले स्वतन्त्रताबाट वञ्चित गराएर राखिने स्थानहरूको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न मद्दत गर्दछन् र बन्दीगृहहरूको व्यवस्थापनको वैधता र ती निकायप्रति आम जनसमुदायको विश्वास बढाउन सहयोग गर्दछन् ।

### *२.३ थुनास्थल भ्रमणः अनुगमनको प्रमुख साधन*

व्यक्तिहरूलाई राखिएका थुनास्थलको भ्रमण गरी थुनास्थलहरूको अनुगमन गरिन्छ ।[३] यस्ता भ्रमणका विविध कार्य हुन्छन् ।

---

[३] बन्दीगृहमा सीधा पहुँच हुन नसक्ने स्थितिमा बाहिरबाट प्राप्त सूचनाका आधारमा पनि हस्तक्षेपकारी कदम चाल्न सकिन्छ । तर स्थलगत भ्रमणमा प्राप्त सूचनाका अनुपातमा यस्ता सूचना र तिनमा आधारित हस्तक्षेपकारी कदमहरू भने विश्वसनीयता तथा वैधताका दृष्टिकोणले बढी विवादास्पद हुन सक्छन् ।

- **निरोधक कार्य:** बाहिरको कोही व्यक्तिले थुनास्थलको नियमित भ्रमण गर्ने सरल तथ्यले मात्रै पनि बन्दीहरूको संरक्षणमा योगदान पुऱ्याउँछ ।
- **प्रत्यक्ष संरक्षण:** थुनामा राख्ने पदाधिकारीले सम्बोधन नगरेका समस्याहरूलाई स्थलगत भ्रमणले तत्काल सम्बोधन गर्न सम्भव तुल्याउँछ ।
- **अभिलेखीकरण**ः भ्रमणले थुनामा राख्ने कार्यका विभिन्न पक्षहरूको छानबीन गर्न र तीनको सही सम्बोधन भए नभएको जानकारी लिन सक्दछ । यसरी संकलित सूचना तथा जानकारीबाट थुनास्थल व्यवस्थापनको मूल्याङ्कन गर्न र यसको अभिलेख राख्न सकिन्छ । यस्ता अभिलेखका आधारमा थुनाको स्थितिको मूल्याङ्कन गर्न र आवश्यक सुधारका निम्ति के कस्ता कदम चाल्नु पर्दछ, सोको पहिचान गर्न सकिन्छ । यस्ता अभिलेखले थुनाका विभिन्न पक्षहरूको विषयगत अध्ययन गर्न र तदनुरूप सुधारका लागि सुझाव दिने आधार प्रदान गर्दछन् ।
- **थुनामा राख्ने अधिकारीहरूसँग वार्ता गर्ने आधार**ः थुनास्थल सञ्चालनको जिम्मा पाएका निकाय तथा पदाधिकारीहरूसँग सीधा सम्पर्क गर्न यस्ता भ्रमणले अवसर प्रदान गर्दछन् । आपसी विश्वास र सद्भावका आधारमा हुने यस्ता वार्तालापले यी पदाधिकारीहरूले काम गर्ने वातावरण र उनीहरूले पहिचान गरेका समस्या समाधानबारे उनीहरूका धारणा बुझ्न मद्दत पुग्दछ र अनुगमनकर्ता तथा थुनामा राख्ने अधिकारीलाई यी दुईबीच रचनात्मक सम्बन्ध स्थापना गर्न मद्दत पुग्दछ ।

यसका अलावा, स्वतन्त्रताबाट वञ्चित व्यक्तिका निम्ति आफ्नो अवस्थाको जानकारी लिने र संरक्षणमा चासो राख्ने बाहिरी व्यक्तिहरूसँगको सम्पर्कले नै पनि उनीहरूलाई नैतिक समर्थन मिल्दछ र तिनीहरूको संरक्षणमा सहयोग पुग्दछ ।

## ३. थुनास्थल अनुगमनका आधारभूत सिद्धान्त

भ्रमणमार्फत बन्दीगृहको अनुगमन गर्ने काम सावधानीपूर्वक गर्नुपर्ने तथा संवेदनशील हुन्छ । नैतिकता र प्रभावकारिताका दृष्टिकोणले थुनास्थल भ्रमण गर्ने जो कोहीले पनि केही आधारभूत सिद्धान्तहरूको ख्याल गरी ती सिद्दान्तप्रति सम्मान राख्न महत्त्वपूर्ण हुन्छ ।

देहायका सिद्धान्तहरू मुख्य रूपमा संयुक्त राष्ट्रसंघको मानवअधिकार अनुगमनसम्बन्धी प्रशिक्षण निर्देशिकाले पहिचान गरेका अठार बुँदामा आधारित छन् ।[४] थुनास्थल अनुगमनका विशेषताहरूलाई केन्द्रविन्दु मानेर यी बुँदाहरूमा आवश्यक संशोधन गरी यहाँ समायोजन गरिएको छ ।

अनुगमन संयन्त्रहरूले यी मुख्य विशेषताहरू संरक्षण हुने गरी कर्मचारी नियुक्ती गर्ने विधि, काम गर्ने तरिका र प्रशिक्षण कार्यहरूको विकास गर्नुपर्ने हुन्छ । यी सिद्धान्तहरूको अनुसरण होस् भन्नका लागि समकक्षीद्वारा गरिने अनुगमन कार्यको मूल्याङ्कन महत्त्वपूर्ण सावित भएका छन् ।

**१. कुनै नोक्सानी नपुऱ्याउ**

थुनामा रहेका व्यक्ति निःसहाय हुन्छन् र थुनास्थल भ्रमण गर्ने व्यक्तिले उनीहरूको सुरक्षाको ख्याल गर्नु पर्दछ । अतः भ्रमण गर्नेले कुनै व्यक्ति वा समूहलाई खतरा पुऱ्याउन सक्ने कुनै पनि गतिविधि वा कार्य गर्नु हुँदैन । खासगरी यातना वा दुर्व्यवहार भएको सुन्नमा आएको छ भने त अझ गोपनीयता, सुरक्षा तथा संवेदनशीलताका विषयमा बढी सजग हुनु पर्दछ । पूरा तयारी वा योजना विना गरिएका भ्रमण, अव्यवस्थित वा आधारभूत सिद्धान्त नअपनाई गरिएका भ्रमणले वास्तवमा सहयोग होइन बरु हानी पुऱ्याउँछन् ।

**२. सही निर्णय गर**

अनुगमन गर्ने व्यक्तिले अनुगमन गर्ने मापदण्ड तथा नियमहरूको राम्रो जानकारी राख्नु पर्दछ । तर यस्ता नियमहरूको जस्तो सुकै संख्या, सान्दर्भिकता तथा प्रस्टता भए पनि, कुशल व्यक्तिगत निर्णय तथा सुझबुझको विकल्प भने यी हुन सक्दैनन् । अतः सबै परिस्थितिमा अनुगमन गर्ने व्यक्तिमा यस्तो निर्णय क्षमता हुनु पर्दछ र उनीहरूले उक्त क्षमताको प्रयोग गर्नु पर्दछ ।

[४] परिच्छेद ५, पृष्ठ ८७-९३, मानवअधिकार अनुगमनबारे प्रशिक्षण निर्देशिका, व्यवसायिक प्रशिक्षण क्रम नम्बर ७, मानवअधिकार उच्चायोगको कार्यालय, संयुक्त राष्ट्रसंघ, न्यूयोर्क, जेनेभा, २००१ ।

## ३. सम्बन्धित अधिकारीहरू र कर्मचारीहरूको आदर गर

कर्मचारी र भ्रमण टोलीबीच न्यूनतम समझदारी नभएसम्म बन्दीगृहहरूको अनुगमन कार्य अवरुद्ध हुनसक्छ । भ्रमण गर्ने व्यक्तिहरूमा थुनामा राख्ने निकायको कार्यप्रति आदर तथा कर्मचारीहरूको तह र उनीहरूको जिम्मेवारीको जानकारी हुनु पर्दछ । यसो भएमा मात्र सही तहमा कुरा राखी समस्याहरूलाई सम्बोधन गर्न सकिन्छ । कर्मचारीहरू मध्ये कुनै व्यक्ति विशेषका व्यावहार अनुचित पाइए पनि, व्यक्ति विशेषका कारणले भन्दा अनुचित व्यवहार विकास हुन दिने खालको स्वतन्त्रताबाट वञ्चित गराउने परिपाटीका कारण नै अधिकांश समस्या देखा पर्ने गर्दछन् । बन्दीगृहमा कार्यरत कर्मचारीहरूको कार्यभार कठिन हुन्छ । प्रायः समाजमा तिनीहरूको कामको समुचित मूल्याङ्कन भएको पाइँदैन । अधिकांश विकासोन्मुख देशहरूमा त न्यून पारिश्रमिकमा काम गर्नु पर्दछ । यी कुराको जानकारी भ्रमण गर्ने व्यक्तिले राख्नु पर्दछ ।

## ४. स्वतन्त्रता हरणमा परेका व्यक्तिसँग शिष्ट व्यवहार गर

जुनसुकै कारणले स्वतन्त्रता गुमाएका भए पनि, बन्दीहरूसँग शिष्ट व्यवहार गर्नु पर्दछ । भ्रमण कर्ताले आफ्नो सही परिचय दिनु पर्दछ ।

## ५. विश्वाशिलो बन

भ्रमणकर्ताले सम्बन्धित कर्मचारी तथा बन्दी दुवैलाई अनुगमन कार्यका लक्ष्य र सीमितताहरूबारे स्पष्ट जानकारी गराउनु पर्दछ । आफूले पूरा गर्न नसक्ने वचन वा आश्वासन दिनु हुँदैन र आफूले गर्न नसक्ने कार्य गर्ने वचन पनि दिनु हुँदैन ।

## ६. गोपनीयताको पालना गर

एकान्तमा लिइएका अन्तर्वार्ताबाट प्राप्त सूचना तथा जानकारीको गोपनीयता अत्यावश्यक छ । सम्बन्धित व्यक्तिले प्रस्ट अनुमति विना भ्रमणकर्ताले उक्त व्यक्तिको नाम उल्लेख गरी निजको प्रतिनिधित्व गर्नु हुँदैन । निजका तर्फबाट चालिने कुनै पनि कदमले बन्दीलाई पुग्न सक्ने लाभ, हानी वा सकारात्मक एवं नकारात्मक प्रभाव दुवै कुराको राम्रो

जानकारी निजले पाएको छ भन्ने कुरा भ्रमणकर्ताले सुनिश्चित गर्नु पर्दछ । भ्रमणकर्ता, स्वास्थ्य सेवी तथा अनुवादक सबै जना गोपनीयता कायम गर्न बाध्य हुन्छन् ।

## ७. सुरक्षाको सम्मान गर

यहाँ सुरक्षा भन्नाले भ्रमणकर्ताको व्यक्तिगत सुरक्षा, तीनको सम्पर्कमा आउने बन्दीको सुरक्षा, तथा थुनास्थलको सुरक्षा सबै बुझ्नु पर्दछ । भ्रमण गरिने स्थलका आन्तरिक नियमको पालना गर्नु र खटिएका कर्मचारीहरूबाट सल्लाह तथा विशेष अनुमति प्राप्त गर्नु महत्त्वपूर्ण हुन्छ ।

प्रायः सुरक्षाका कारण भन्दै अधिकारीहरूले खास ठाउँका भ्रमणमा प्रतिबन्ध लगाउन वा खास बन्दीहरूको अन्तर्वार्ता लिने काममा सर्तहरू राख्ने गर्दछन् । अधिकारीहरूले दिएका सल्लाह वा निजले राखेका सर्त मान्ने नमान्ने अन्तिम निर्णय स्वयं भ्रमण टोलीले गर्नु पर्दछ ।

अधिकारीहरूको पूर्व स्वीकृति विना भ्रमणकर्ताले कुनै वस्तु राख्नु वा हटाउनु हुँदैन । भ्रमणकर्ताले परिचय-पत्र झुण्डयाएर वा अन्य कुनै तरिकाले आफ्नो परिचय स्पष्टसँग पेश गर्नु पर्दछ ।

भेट गरिएका बन्दीको सुरक्षाका सम्बन्धमा, भ्रमणकर्ताले प्राप्त गरेका जानकारी एवं सूचनाहरू बन्दीलाई जोखिम नहुने गरी मात्र प्रयोग गर्नु पर्दछ । सूचना उपलब्ध गराएका बन्दीहरूप्रति कसैले प्रतिशोधपूर्ण कारवाही गरे नगरेको निश्चित गर्न यस्ता बन्दीहरूसँग दोहोऱ्याएर भेट गर्नु पर्दछ ।

## ८. अविचलित, दृढ र धैर्य होऊ

कालान्तरमा फलदायी, निरन्तर र सङ्गतपूर्ण कार्यको परिणामबाट नै भ्रमण संयन्त्रहरूको वैधता स्थापित हुन्छ । चुस्त, नियमित र निरन्तर भएमा मात्र थुनास्थल अनुगमन कार्य प्रभावकारी हुन्छ । अर्थात त्यही स्थानको पटकपटक भ्रमण गर्नु पर्दछ, वस्तुगत आधारमा निष्कर्ष निकाल्नु

पर्दछ, उपयुक्त सुझाव प्रस्तुत गर्नु पर्दछ र मात्र अनुगमन कार्य प्रभावकारी हुन्छ । त्यसपछि पनि निरन्तर फलोअप जारी राख्नु पर्दछ ।

**९. सत्यतथ्य सुनिश्चित गर**

व्यवस्थित अभिलेख तयार गर्न र त्यसका आधारमा सुझावहरू प्रस्तुत गर्न स्थलगत भ्रमणबाट विश्वसनीय र ठोस सूचना संकलन गर्नु पर्दछ ।

**१०. संवेदनशील होऊ**

खासगरी बन्दीको अन्तर्वार्ता लिने समयमा भ्रमणकर्ता तिनीहरूको अवस्था, तत्परता, आवश्यकता र सुरक्षाका लागि आवश्यक कदमबारे संवेदनशील रहनुपर्दछ । यातना पाएको वा दुर्व्यवहार गरिएको भनिएको अवस्थामा पुराना कुरा कोटचाउँदा पर्न सक्ने मानसिक आघातका विषयमा अन्तर्वार्ताकार सचेत रहनु पर्दछ (हेर्नुहोस् परिच्छेद ४: यातना र दुर्व्यवहार) ।

**११. वस्तुनिष्ठ होऊ**

भ्रमणकर्ताले वास्तविक तथ्य संकलन गर्न प्रयत्न गर्नु पर्दछ र कर्मचारी तथा बन्दी दुवैसँग गरिने व्यवहार आफ्ना पूर्व धारणाका आधारमा हुन सक्ने आग्रह वा पूर्वाग्रहबाट प्रभावित हुनु हुँदैन ।

**१२. मर्यादित रूपमा प्रस्तुत होऊ**

कर्मचारी, अधिकारी, बन्दी तथा आफ्ना सहयोगी सबैसँग शिष्ट र मर्यादित रूपमा प्रस्तुत हुनु पर्दछ । आफ्नो निजी स्वार्थबाट प्रभावित हुनु हुँदैन, कर्तव्यनिष्ठ एवं इमानदार हुनु पर्दछ । आफूले पालना गर्न कबुल गरेका अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्य मान्यता अनुरूप सबैसँग व्यवहार गर्नु पर्दछ ।

**१३. प्रत्यक्ष होऊ**

भ्रमणकर्ताले थुनास्थल भ्रमणका सम्बन्धमा अपनाइने विधि, त्यसका सीमा, तथा भ्रमण टोलीको कार्याधिकार र तिनीहरूलाई कसरी भेट्न सकिन्छ भन्ने बारे कर्मचारी तथा बन्दी दुवै थरीलाई जानकारी गराउनु

पर्दछ । भ्रमणकर्ताले आफ्नो परिचय दिने खालको बिल्ला वा अन्य प्रमाण देखिने गरी लगाउनु पर्दछ । थुनास्थल बाहिर भ्रमण संयन्त्रबारे लिखित प्रतिवेदनबाट र सावधानीपूर्वक छनोट गरिएका सञ्चारमाध्यमको उपयोग गरेर जानकारी गराउनु पर्दछ (हेर्नुहोस् परिच्छेद ३ः भ्रमणको पुनरावलोकन) ।

## सन्दर्भ सामग्री

United Nation, Office of the High Commisioner for Human Rights, *Professional Traning Series no 7, Training Manual on Human Rights Monitoring,* New York, Geneva, 2001.

Helsinki Foundation for Human Rights, *Human Rights Monitoring,* Warsaw, 2001.

# खण्ड - दुई

## थुनास्थल अनुगमन निकाय

लामो समयसम्म राष्ट्रिय स्तरमा गरिने थुनास्थल अनुगमन कार्य आन्तरिक प्रशासनिक निकायबाट गरिने निरीक्षणमै आधारित थिए । तर स्वतन्त्रतामा बन्देज लगाई नियन्त्रणमा लिइएका व्यक्तिहरू राख्ने स्थानहरूको सार्वजनिक अङ्गहरूबाट छानबीन हुनु पर्दछ भन्ने मान्यता स्थापित हुन थालेपछि थुनामा राख्ने अधिकारीहरू भन्दा बेग्लै स्वतन्त्र राष्ट्रिय अनुगमन निकाय देखा पर्न थाले । यस सँगसँगै अन्तर्राष्ट्रिय नियन्त्रणका धारणाहरूको विकास हुन थाल्यो र अन्तर्राष्ट्रिय अङ्गहरूबाट पनि थुनास्थल अनुगमन कार्य बिस्तारै स्थापित हुन पुग्यो ।

यातना महासन्धिको ऐच्छिक आलेखको ग्रहणसँगै निरोधात्मक भ्रमणमा आधारित भई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संयन्त्रहरूबाट थुनास्थल अनुगमन हुन थालेपछि यो कार्य नयाँ चरणमा प्रवेश गऱ्यो र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूबीच समन्वय गरी एक अर्काका परिपूरक हुने विश्वव्यापी परिपाटी स्थापित हुन पुग्यो ।

उल्लेख्य छ कि ऐच्छिक आलेख लागू भएपछि राष्ट्रिय भ्रमण संयन्त्रहरूको प्रभावकारी सञ्चालनका निम्ति आवश्यक मापदण्डहरू र सुरक्षाकवचहरूको व्यवस्था पहिलो पटक अन्तर्राष्ट्रिय दस्तावेजका लागि गरिए ।

यो परिच्छेदका खण्ड १ र २ मा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संयन्त्रहरूका विषयमा साधारण जानकारी उपलब्ध गराइएको छ । खण्ड ३ मा ऐच्छिक आलेखले सुझाएका भ्रमण संयन्त्रहरू र खासगरी राष्ट्रिय रोकथाम संयन्त्रहरूका बारेमा चर्चा गरिएको छ । अन्त्यमा, खण्ड ४ विभिन्न राष्ट्रिय भ्रमण संयन्त्रहरूबीच र अन्तर्राष्ट्रिय संयन्त्रहरूसँग कसरी समन्वय कायम गर्ने भन्ने विषयमा केन्द्रित रहेको छ ।

## १. राष्ट्रिय स्तरका भ्रमण

थुना अवस्थाको अनुगमन गर्ने कार्य मुख्य रूपमा थुनामा राख्ने राष्ट्रिय निकायहरूकै दायित्व हो ।

"थुनास्थलसँग सम्बन्धित कानून र नियमको सही रूपमा पालना भएको छ छैन सोको सुपरिवेक्षण गर्नका निम्ति थुनास्थल वा कैदको प्रशासनको जिम्मा पाएका निकायभन्दा भिन्नै सक्षम निकायद्वारा नियुक्त र ती निकायप्रति उत्तरदायी योग्य र अनुभवी व्यक्तिहरूबाट

नियमितरूपमा थुनस्थलको भ्रमण गरिनेछ" *(सिद्धान्त नं. २९, हरफ नं. १, जुनसुकै रूपमा भए पनि थुना वा कैदमा रहेका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघका समग्र सिद्धान्तहरू)* ।

धेरैजसो देशहरूले आफ्नै आन्तरिक निरीक्षण संयन्त्रहरू बनाइसकेका छन् र यी संयन्त्रहरूमा कहिलेकाहीँ थप न्यायीक नियन्त्रण समेत रहने गरेको छ । तथापि, यस्ता संयन्त्रहरू स्वतन्त्र बाह्य अनुगमन संयन्त्रहरू निर्माण गर्ने कार्यमा सुस्त रहेका छन् ।

### *१.१. आन्तरिक निरीक्षण*

धेरै देशहरूले ठूलो सरकारी कर्मचारी संयन्त्रको एक अङ्गका रूपमा थुनास्थल भ्रमणका लागि आन्तरिक प्रशासनिक निरीक्षण निकायहरू गठन गरेका हुन्छन् । यस्ता प्रशासनिक निकायहरूको कार्य कर्मचारीहरूले थुनास्थल सञ्चालनमा प्रशासनिक नीति नियम तथा निर्देशनको पालना गरे नगरेसम्बन्धी नियन्त्रणमा सीमित हुन्छ । यस्ता निकायहरूले स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको मानवअधिकार र मानवीय मूल्यहरूको सम्मान भए नभएको भन्ने व्यापक विषयलाई समेटेको विरलै पाइन्छ । अतः यस्ता निरीक्षणबाट मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डको पालना भएको विषयमा छानबीन गरेको कमै देखिन्छ । यही कारणले नै आन्तरिक अनुगमन कार्य पर्याप्त हुँदैन, यसलाई पूर्णता दिन बाह्य स्वतन्त्र अनुगमन आवश्यक हुन्छ ।

### *१.२. न्यायीक निरीक्षण*

आफ्नो जिम्मेवारीको एउटा अंशकै रूपमा बन्दीगृहको नियमित निरीक्षण गरी उनीहरूको अवस्थाको जानकारी लिने दायित्व न्यायाधीश तथा सरकारी वकिलहरूको रहन्छ । केही राष्ट्रहरूमा सुपरिवेक्षक न्यायाधीशले सजाय तोकिएका अपराधीहरूलाई राख्ने कारागारहरूको भ्रमण गरी दण्ड कार्यान्वयनसम्बन्धी विषयमा निर्णय गर्ने गर्दछन् । न्यायीक निरीक्षणको स्तर र बारम्बारतामा समानता पाइँदैन । कारागार व्यवस्थापन विषयमा त्यस्ता न्यायाधीशले दिएको आदेश बाध्यात्मक भएको खण्डमा यस्ता निरीक्षण प्रभावकारी हुने गर्दछन् ।

### *१.३ स्वतन्त्र बाह्य अनुगमन*

हाल आएर थुनास्थलहरू पारदर्शी हुनु पर्दछ भन्ने मान्यताहरू स्थापित हुँदैछन् । यसले गर्दा राष्ट्रिय स्वतन्त्र अनुगमन संयन्त्रहरू स्थापना हुन थालेका छन् । यस्ता संयन्त्रहरू

निरन्तर सुधार हुँदै व्यावसायिक र प्रभावकारी भैरहेका छन्। यस्ता बाह्य संयन्त्रहरू विभिन्न किसिमका हुन सक्दछन्। विधायीकाद्वारा स्थापित आधिकारिक निकाय, निश्चित मन्त्रालयसँग आबद्ध निकायहरू वा नागरिक समाजका समूहहरू वा यिनीहरूका संयुक्त समितिहरू।

विधायीकाद्वारा स्थापित बाह्य संयन्त्रहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता निकायहरू पर्दछन्। मानवअधिकार प्रवर्द्धनका लागि यस्ता आयोगहरूले आफूलाई प्राप्त अधिकार प्रयोग गरी थुनास्थलहरूको छानबीन गर्न, निरीक्षण तथा अनुगमन गर्न सक्दछन्। तर यिनीहरूले गर्ने भ्रमण कति नियमित हुन्छन् र कति गहिराइसम्म पुग्न सक्छन् भन्ने निश्चित हुँदैन। साथै यस्ता भ्रमणहरू प्रायः खास अभियोग वा व्यक्तिगत उजुरीको छानबीन गर्नमा केन्द्रित रहन्छन्, बन्दीगृहका सबै पक्षको अनुगमन गरी भावी समस्याहरूको पहिचान गर्ने र समयमै तिनका समाधानका उपायहरू अपनाउने लक्ष्य भने यिनीहरूको रहेको पाइँदैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता निकायहरूले आफ्ना निष्कर्ष तथा प्रतिवेदन सार्वजनिक रूपमा विधायीकामा पेश गर्ने हुनाले यिनीहरूका निष्कर्ष तथा प्रतिवेदन आधिकारिक हुने गर्दछन्।

केही देशहरूमा निश्चित मन्त्रालयअन्तर्गत विशेष अनुगमन निकाय गठन गरिएका हुन्छन्। यस्ता निकायहरूलाई दुई किसिमको अख्तियार प्राप्त भएको पाइन्छ, मन्त्रालयअन्तर्गतका थुनामा राख्ने स्थानहरूको अवस्थाको नियन्त्रण गर्ने र आवश्यक सुधारका निम्ति मन्त्रालयलाई सुझाव दिने। यस्ता निकायहरूमा सरकारी अधिकारी र वा नागरिक समाज एवं गैरसरकारी संस्थाका प्रतिनिधिहरू रहेका हुन्छन्। यस्ता निकायहरूले सरोकारवालासँग सुझाव एवं प्रस्तावहरू आह्वान गर्ने गर्दछन्। कहिलेकाहीँ यी प्रस्तावहरू आफ्ना प्रतिवेदनका रूपमा सार्वजनिक गर्ने समेत गर्दछन्।

अन्त्यमा, केही देशहरूमा, मानवअधिकारसम्बन्धी राष्ट्रिय गैरसरकारी संस्था र नागरिक समाजका संघसंस्थाहरूले सरकारसँग अनुमति लिएर बन्दीगृहहरूको नियमित रूपमा अनुगमन गर्ने गर्दछन्। नागरिक समाजले गर्ने अनुगमन प्रायः सरकारी प्रभावबाट मुक्त रहेको मानिन्छ। यिनीहरूले आफ्ना निष्कर्ष तथा प्रतिवेदनहरू प्रायः सार्वजनिक गर्दछन्। यही आधारमा यिनीहरू स्वतन्त्र र यीनका प्रतिवेदनहरू निश्छल हुने आम विश्वास

रहेको पाइन्छ । तर यिनीहरूले गर्ने अनुगमनको कानुनी आधार भने कमजोर हुन्छ । विभिन्न मन्त्रालय वा मन्त्रीहरूबाट लिखित स्वीकृति प्राप्त गर्नुपर्ने हुँदा, यिनीहरूले गर्ने अनुगमनको निष्कर्षमा अनुगमन गर्न स्वीकृति दिने अधिकारीको राजनीतिक इच्छाको प्रभाव रहन सक्ने सम्भावना रहन्छ । कतिपय देशमा आर्थिक स्रोतका अभावका कारण भ्रमणका निम्ति आवश्यक यातायात खर्चको व्यवस्था गर्न समेत कठिन हुने गर्दछ र यस्तो स्थितिमा रहेका स्वतन्त्र समूहबाट गरिने अनुगमन निष्कर्ष सङ्गतीपूर्ण हुन प्रायः असम्भव हुन्छ ।

## २. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका भ्रमण संयन्त्र

अन्तर्राष्ट्रिय संघसंस्थाबाट बन्दीगृहको भ्रमण गर्ने परिपाटी तुलनात्मक रूपले नयाँ नै भन्नु पर्दछ । सशस्त्र संघर्षको अवधिमा बन्दीहरूसँग भेट गर्ने अधिकार सम्पन्न पहिलो अन्तर्राष्ट्रिय संस्था रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) नै हो । पछि आएर यसको अधिकार विस्तार भई सम्बन्धित सरकारको सहमतिमा आन्तरिक विग्रहको समयमा थुनामा परेका बन्दीहरूलाई समेत भेट गर्न पाउने भएको हो । साधारण कानूनअन्तर्गत थुनामा परेका बन्दीहरूका प्रसङ्गमा समेत आईसीआरसीका सुझावहरू लागू हुन सक्दछन् ।

थुनास्थल निरीक्षण गर्ने लक्ष्यले स्थापित अधिकांश विद्यमान अन्तर्राष्ट्रिय संयन्त्रहरू आधारभूत रूपमा प्रतिक्रियात्मक रूपले काम गर्दछन्, यातना वा दुर्व्यवहारको सूचना पाएपछि स्थलगत भ्रमण गर्ने गर्दछन् (जस्तै, राष्ट्रसंघीय यातना विषयका विशेष प्रतिवेदक) । थोरै निकायहरूलाई मात्र नियमित, निरन्तर र सक्रिय रूपले भ्रमण गर्ने कार्यादेश प्राप्त छ (जस्तै, अफ्रिकाको लागि थुनास्थल र कारागारको अवस्था विषयका संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक) । यस्ता संयन्त्रहरूले सम्बन्धित राष्ट्रको अनुमति लिएर मात्र स्थलगत भ्रमण गर्न सक्दछन् ।

दुईओटा अन्तर्राष्ट्रिय अङ्गहरूले भने नितान्त भिन्नै किसिमले काम गर्दछन् । सन् १९८७ मा स्थापित युरोपीयन यातना निरोध समिति (कमिटि फर प्रिभेन्सन अफ टर्चर) थुनास्थलहरूको निरोधात्मक भ्रमण गर्ने खास लक्ष्यले स्थापना गरिएको संस्था हो । विधायीकाद्वारा सम्झौता पत्र अनुमोदन गरिएपछि जुनसुकै बेला पनि स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई हिरासतमा राख्ने स्थलहरूको निर्वाध भ्रमण गर्न यो संस्थालाई अनुमति प्राप्त हुन्छ ।

ऐच्छिक आलेखअन्तर्गत यातना निराकरण गर्न गठन गरिने उप-समितिहरूले पनि विना कुनै उजुरी सम्बन्धित राष्ट्रहरूको पूर्व अनुमति विना पनि बन्दीहरूको निरीक्षण गर्न सक्दछन् ।

**तालिका १ : अन्तर्राष्ट्रिय तथा क्षेत्रीय भ्रमण संयन्त्रहरू**

| **किसिम** | **कानुनी आधार** | **विशेषताहरू** |
|---|---|---|
| | **अन्तर्राष्ट्रिय संयन्त्रहरू** | |
| **राष्ट्रसंघबाट स्थापित विषयगत प्रक्रिया**<br>● यातना वा अन्य क्रुर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजाय विषयका विशेष प्रतिवेदक<br>● गैरन्यायीक, स्वेच्छाचारी वा प्रक्रिया पूरा नगरी हतारमा निर्णय गरी दिइने मृत्यु दण्डको विषय हेर्ने विशेष प्रतिवेदक,<br>● अस्वेच्छिक वा जबर्जस्ती बेपत्ता पारिएका नागरिकहरूबारे जानकारी खोज्ने कार्य दल<br>● स्वेच्छाचारी हिरासतको खोजबीन गर्ने कार्य समूह | राष्ट्रसंघीय मानवअधिकार आयोगका प्रस्तावहरू | ● सम्बन्धित राष्ट्रको पूर्व सहमति<br>● आफ्नो कार्यादेश बमोजिम राष्ट्रको राष्ट्रिय अवस्था मूल्याङ्कन गर्न बन्दी गृहहरूको पटकपटक गरिने भ्रमण<br>● विशेष प्रतिवेदकलाई प्राप्त सूचना र त्यसको विश्वसनीयताका आधारमा वा तत्पश्चात् सम्बन्धित देशमा गरिने भ्रमणका आधारमा जारि गरिने सुझाव<br>● बाध्यात्मक नहुने सुझावहरू<br>● राष्ट्रसंघका मानवअधिकार आयोग समक्ष प्रस्तुत गरिने सार्वजनिक प्रतिवेदनहरू |
| **यातना विरोधी समिति** | संयुक्त राष्ट्रसंघीय महासन्धि १९८४ को धारा २०, | ● महासन्धिका[५] पक्ष राष्ट्रहरूको मात्र भ्रमण गर्न सक्ने,<br>● नियमित यातना भएमा मात्र भ्रमण गर्न सकिने,<br>● सम्बन्धित राष्ट्रको अनुमति चाहिने,<br>● गोपनीय कार्यविधि |
| **यातना विरुद्धको समितिको उप-समिति**[६] | यातना महासन्धिको ऐच्छिक आलेख (२००२) | ● आलेखका पक्ष राष्ट्रहरूमा भ्रमण<br>● निरोधक भ्रमणका लागि स्थापना गरिने,<br>● ऐच्छिक आलेखको अनुमोदन वा सम्मिलनका आधारमा स्वीकारिने भ्रमण |

५ राज्यले धारा २० अन्तर्गतको घोषणा नगरेको अवस्थामा ।

६ बीसौं अनुमोदनपछि लागू हुने ऐच्छिक आलेख क्रियाशील भएको ६ महिनापछि उप-समिति गठन हुनेछ ।

| **किसिम** | **कानुनी आधार** | **विशेषताहरू** |
|---|---|---|
| | | ● यातना निरोधका लागि गरिने आवधिक भ्रमण तथा सम्भावित थप एक फलोअप भ्रमण<br>● स्वतन्त्रताबाट वञ्चित भएकाहरू सम्मको निर्वाध पहुँच<br>● गोप्य प्रतिवेदनः सम्बन्धित पक्षको सहमतिमा सार्वजनिक गर्न सकिने वा सो सहमति नभएमा पनि समितिले सार्वजनिक गर्न सक्ने सम्भावना रहने,<br>● यातना समिति समक्ष प्रस्तुत गरिने वार्षिक प्रतिवेदन<br>● राष्ट्रिय रोकथाम संयन्त्रहरूसँग सीधा सम्पर्क |
| **रेडक्रसको अन्तर्राष्ट्रिय समिति** | द्वन्द्वको स्थितिमा सक्रिय रहने जेनेभा महासन्धि १९४९ को आधारमा, सम्बन्धित राष्ट्रको सहमतिमा | ● आन्तरिक विग्रह वा द्वन्द्वका प्रसङ्गमा गिरफ्तार भई थुनामा रहेकाहरूको अवस्थाको अनुगमन । खास अवस्थामा यो अनुगमन कार्य अन्य कारणले थुनामा रहेकाहरूको लागि समेत लागू हुन सक्दछ ।<br>● अन्तर्राष्ट्रिय द्वन्द्वको अवस्थामा सम्वद्ध राष्ट्रहरूले सैनिक हिरासत र द्वन्द्वमा संलग्न अन्य राष्ट्रका नागरिकहरूलाई राखिएको थुनास्थल भ्रमण गर्ने स्वीकृति दिन अनिवार्य हुन्छ,<br>● अन्य अवस्थामा भ्रमणका लागि सम्वन्धित राष्ट्रको स्वीकृति लिन आवश्यक हुन्छ,<br>● विग्रह वा द्वन्द्वको अवस्थामा वा यसको प्रत्यक्ष परिणामका कारण गरिने उद्धारा वा पुनर्स्थापना कार्यका लागि सम्वन्धित पक्षको सहमति आवश्यक हुन्छ,<br>● पारिवारिक सम्पर्क पुनर्स्थापना गर्न सहयोग,<br>● गोप्य कार्यविधि तथा प्रतिवेदन |

| किसिम | कानुनी आधार | विशेषताहरू |
|---|---|---|
| | **क्षेत्रीय संयन्त्रहरू** | |
| **अन्तर-अमेरिकी मानवअधिकार आयोग** | अमेरिकी मानवअधिकार महासन्धि, १९७८, व्यक्तिको अधिकार र कर्तव्यबारे अमेरिकी घोषणापत्र, १९४८[७] | • महासन्धि वा घोषणा-पत्रमा हस्ताक्षर गर्ने राष्ट्र र त्यहाँका बन्दीगृहको भ्रमण,<br>• प्रत्येक भ्रमणका लागि सहमति जुटाउन सम्बन्धित राष्ट्रसँग वार्ता,<br>• देशको स्थितिबारे गरिने भ्रमणको प्रतिवेदन सार्वजनिक गरिने<br>• फ्रिकी कारागार तथा थुनास्थल अवस्थासम्बन्धी विशेष प्रतिवेदक कम्पाला घोषणा-पत्रका आधारमा अफ्रिकी मानवअधिकार आयोगको संकल्पद्वारा स्थापित, १९९६<br>• मानवअधिकार एवं जनअधिकार सम्बन्धी अफ्रिकन बडापत्रका पक्षधर देशहरूको भ्रमण,<br>• सम्बन्धित राष्ट्रको सहमतिमा मात्र भ्रमण गर्ने,<br>• हिरासतको अवस्था र थुनुवाप्रतिको व्यवहारको मूल्याङ्कन,<br>• सम्बन्धित देशका अधिकारीहरूबाट अध्ययन तथा निजहरूबाट प्राप्त प्रतिक्रिया समेत समावेश गरी प्रतिवेदनहरू सार्वजनिक गर्ने । |
| **यातना निरोधक युरोपीयन समिति** | यातना विरुद्ध युरोपीयन महासन्धि, १९८७ | • महासन्धि पक्षधर देशको भ्रमण,<br>• निरोधक भ्रमण गर्ने लक्ष्यले स्थापित,<br>• स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू सम्मको जुनसुकै स्थान र जुनसुकै समयमा असीमित पहुँचः,<br>• आवधिक तथा ं तदर्थ भ्रमण ( परिस्थिति अनुसार आवश्यक भए बमोजिम) |

७ आईएसिएचआरले महासन्धिका पक्ष नरहेका सदस्य राष्ट्रहरूको हकमा घोषणापत्र व्यवस्था लागू गर्दछ ।

## ३. संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख

संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमणहरू एक अर्काका परिपूरक हुन भन्ने मान्यतामा आधारित छ :

स्वतन्त्रता वञ्चित भएका बन्दीहरूप्रति हुनसक्ने यातना जस्ता क्रुर वा अन्य अमानवीय तथा अपमानजनक व्यवहार रोक्नका लागि राष्ट्रिय तथा अन्तर्राट्रिष्य निकायबाट थुनास्थलको भ्रमण गर्ने नियमित परिपाटी स्थापना गर्ने लक्ष्य यो आलेखको रहेको छ (ऐच्छिक आलेखको दफा १)।

### *३.१. यातना विरुद्धको उप-समिति*

आलेखले यातना विरोधी उप-समिति गठन गर्ने प्रावधान राखेको छ। यो निकायमा आलेखका पक्ष रहेका राष्ट्रबाट प्रस्तावित भई निर्वाचित भएका दश स्वतन्त्र,[८] उचित व्यावसायिक अनुभव भएका र विभिन्न भौगोलिक क्षेत्र तथा कानुनी प्रणालीलाई प्रतिनिधित्व गर्ने अनुभवी सदस्य रहन्छन्। आफ्नो कार्यमा यो उप-समितिले गोपनीयताको ख्याल गरी निष्पक्ष, वस्तुनिष्ठ तथा विना पूर्वाग्रह काम गर्ने सिद्धान्तबाट निर्देशित हुनु पर्दछ (दफा २)।

उप-समितिको कार्यादेशमा स्वतन्त्रताबाट वञ्चित भएका व्यक्ति राखिने थुनास्थलहरूको भ्रमण पर्दछ। यसलाई कारागार, प्रहरी चौकीको मात्र होइन शरणार्थी शिविर, सैनिक क्याम्प, बाल बन्दीगृह, मानसिक अस्पताल र अन्तर्राष्ट्रिय विमानस्थलका ट्रान्जिट कक्ष[९] लगायत कुनै पनि थुनास्थलसम्मको पहुँच उपलब्ध हुनेछ।

उप-समितिले नियमित भ्रमण गर्न मात्र सक्नेछ। साथै यस्ता भ्रमणको कार्यक्रम बनाएर राज्य पक्षलाई जानकारी गराउनु पर्नेछ। यस अलावा उप-समितिले छोटो फलोअप भ्रमण समेत गर्न सक्नेछ।

---

[८] ५० औं अनुमोदनपछि यो संख्या बढाइ २५ पुऱ्याइने छ।

[९] राष्ट्रिय भ्रमण संयन्त्रहरूलाई पहुँच हुने स्थलहरू।

**भ्रमणसम्बन्धी कार्यादेश र अधिकार**

- स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिको संख्या, हिरासतको स्थिति र तिनीहरूप्रति गरिने व्यवहार बारेको जानकारीमा पहुँच,
- सबै थुनास्थलमा पहुँच । अपवादका परिस्थितिहरूमा राष्ट्रिय सुरक्षा, जनधनको सुरक्षा, राष्ट्रिय विपत्ती वा गम्भीर अस्तव्यस्तताका कारण सीमित अवधिका लागि राज्यले यस्ता स्थानको भ्रमणमा अस्थायी रूपमा बन्देज लगाउन सक्नेछ,
- एकान्तमा अन्तर्वार्ता लिने अवसर,
- भ्रमणस्थल र अन्तर्वार्ता लिइने व्यक्तिको छनोटको स्वतन्त्रता,
- यसका अतिरिक्त, उप-समिति वा राष्ट्रिय संयन्त्रहरूको सम्पर्कमा आएका व्यक्तिहरूप्रति हुनसक्ने प्रतिशोध र नाकाबन्दीबाट उनीहरूलाई रक्षा गर्नुपर्ने व्यवस्था रहेको छ (धारा १५) ।

भ्रमणपश्चात् उप-समितिले सुझाव सहितको गोप्य प्रतिवेदन पेश गर्नेछ, यो प्रतिवेदन राज्य पक्षलाई उपलब्ध गराइने छ र उपयुक्त ठहर गरिएमा राष्ट्रिय निरोधक संयन्त्रलाई पनि सम्प्रेषण गरिने छ । प्रतिवेदन गोप्य रहने छ तर चाहेको खण्डमा राज्य पक्षले सार्वजनिक गर्न सक्नेछ । सुझावहरू बाध्यात्मक हुने छैनन्, तर राज्य पक्षले तिनीहरूको अध्ययन गरी कार्यान्वयनका लागि चालिनु पर्ने उपयुक्त कदम सम्बन्धमा संवाद गर्नुपर्नेछ । ऐच्छिक आलेखले सुझावहरू कार्यान्वयनमा सहयोग पुऱ्याउने लक्ष्यले विशेष स्वयंसेवी कोषको स्थापना गर्ने प्रावधान राखेको छ ।

राज्यपक्षले सहयोग गर्न इन्कार गरेमा उप-समितिले राष्ट्रसंघको यातना समितिलाई सार्वजनिक वक्तव्य दिन अथवा प्रतिवेदन सार्वजनिक गर्ने प्रस्ताव गर्न सक्नेछ ।

### ३.२. *ऐच्छिक आलेख अन्तर्गतका राष्ट्रिय रोकथाम संयन्त्र*

राष्ट्रिय निरोधक संयन्त्र भनी तोक्न सकिने राष्ट्रिय भ्रमण संयन्त्रहरूका लागि ओपिक्याट अन्तर्गतका स्तर तथा मापदण्डहरूले खास महत्त्व राख्दछन् । राष्ट्रिय भ्रमण संयन्त्रहरूको प्रभावकारिता सुनिश्चित गर्न आवश्यक नवीनतम अवधारणाको प्रतिनिधित्व गर्ने हुनाले यी संयन्त्रहरू चासोका विषय हुन्छन् ।

### ३.२.१ राष्ट्रिय संयन्त्रको स्थापना वा नियुक्ति

राष्ट्रिय स्तरमा यातना विरोधी एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको नियुक्ति वा स्थापना, सञ्चालन गर्ने अभिभारा राज्य पक्षको हो (धारा १७)।[१०] यो व्यवस्था बमोजिम केही देशहरूले नयाँ संगठनहरू स्थापना गर्नुपर्ने हुन्छ भने यस्ता संयन्त्रहरू पहिलेदेखि नै अस्तित्वमा रहेका देशहरूले भने यी संयन्त्रहरूले ऐच्छिक आलेखमा व्यवस्था भएका सर्तहरू पूर्णरूपले पालना गर्छन् वा गर्दैनन् सो कुराको निक्यौंल गर्नु पर्दछ।

राज्य पक्षलाई प्रभावकारी राष्ट्रिय संयन्त्रहरू स्थापना गर्न उप-समितिले परामर्श एवं सहयोग प्रदान गर्न सक्ने हुनाले यसलाई राज्य पक्षलाई सहयोग गर्ने अख्तियारी प्राप्त हुन्छ। उप-समितिले यस्ता राष्ट्रिय संयन्त्रहरूलाई तालिम वा अन्य प्रत्यक्ष सहयोग पनि दिन सक्दछ।

कुनै राज्यले विद्यमान निकायलाई नै ऐच्छिक आलेख अनुरूपको राष्ट्रिय संयन्त्रको रूपमा मान्यता दिएमा यसले ऐच्छिक आलेखले निर्धारण गरेका मापदण्डहरू, खासगरी यसको कार्य सञ्चालनको स्वतन्त्र, मूल्याङ्कन गर्नु पर्दछ। राष्ट्रिय रोकथाम संयन्त्रकाको कार्य प्रभावकारी भए नभएको उप-समितिले निगरानी गर्न सक्दछ। साथै उप-समितिले राष्ट्रिय संयन्त्रहरूलाई यातना एवं दुर्व्यवहार रोक्न सक्ने अधिकार र क्षमताको अभिवृद्धि गर्न राज्य पक्षलाई सुझाव दिन सक्दछ।

यस कुरामा ध्यान दिनु आवश्यक छ कि राष्ट्रिय निरोधात्मक संयन्त्रको स्थापना हुँदा वा सो कामको जिम्मेवारी कुनै विद्यमान संस्थालाई सुम्पिँदा देशभित्र रहेका अन्य निकायको, खासगरी गैरसरकारी संस्थाहरूको, कार्यक्षेत्र सङ्कुचित पार्ने कार्य राज्य पक्षले गर्नु हुँदैन। यातना निरोधको लक्ष्य प्राप्तिका लागि विभिन्न निकायहरूले सम्पादन गर्ने अनुगमन कार्य एक अर्काका परिपूरक हुन्छन्।

---

[१०] ऐच्छिक आलेखलाई अनुमोदन गरी आलेख लागू भएको एक वर्षभित्रमा पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्र स्थापना गर्नु पर्ने हुन्छ। तर अनुमोदन पश्चात् धारा २४ अन्तर्गतको घोषणा गरी पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्र स्थापना गर्ने दायित्वलाई अस्थायी रूपमा बढीमा छ वर्षका लागि स्थगित गर्न सक्नेछन्।

### ३.२.२ राष्ट्रिय संयन्त्रको रूप

राष्ट्रिय निरोधात्मक संयन्त्रको प्रारूप यस्तै हुनु पर्दछ भनी ऐच्छिक आलेखले किटान गरेको छैन । यसको प्रारूप कस्तो हुनु पर्दछ भन्ने कुराको निर्णय राज्य पक्षले नै गर्नु पर्दछ । राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संसदीय समिति, गैरसरकारी संस्था, स्वतन्त्र नागरिक समूह वा थुनास्थल अनुगमन गर्ने लक्ष्य लिएर स्थापित भएका अन्य कुनै पनि संस्था राष्ट्रिय संयन्त्र हुन सक्दछ ।

राज्य पक्षले राज्य संरचना (जस्तै संघीयता) वा विषयगत आधारमा एक भन्दा बढी राष्ट्रिय निरोधात्मक संयन्त्रहरू क्रियाशील गराउन सक्दछ । क्षेत्रीय वा विषयगत भिन्नाभिन्नै राष्ट्रिय निरोधात्मक संयन्त्रहरू छन् भने तिनीहरूबीच आपसी सहयोग कायम गर्न, तिनीहरूका कार्यमा समन्वय तथा एकरूपता ल्याउन राज्य पक्षले राष्ट्रिय स्तरको एक संयोजक संस्था बनाउन उचित हुनेछ ।

### ३.२.३ राष्ट्रिय निरोधात्मक संयन्त्रको कार्यादेश

थुनास्थल भ्रमणको निरोधक प्रभाव यस्ता भ्रमणको नियमितता र ती भ्रमणको अनुगमन कार्यमा निर्भर रहन्छ । अतः राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई स्वतन्त्रताबाट वञ्चित गरी थुनामा राखिने स्थलहरूको नियमित भ्रमण गर्ने र सुझाव दिने कार्यादेश प्राप्त हुन्छ ।

**कार्यादेशको दायरा (धारा १९)**

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई कम्तिमा देहायका कार्य गर्ने अधिकार प्राप्त हुनु पर्दछ :

- स्वतन्त्रताबाट वञ्चित गरी राखिने स्थलहरूमा बन्दीहरूप्रति गरिने व्यवहारको नियमित परीक्षण गर्ने,
- सुधारका लागि सम्बन्धित अधिकारीहरूलाई सुझाव दिने,
- विद्यमान मस्यौदा विधेयकहरूको अध्ययन र त्यस सम्बन्धमा सुझाव दिने,

**थुनामा राखिने स्थलको परिभाषा**

- प्रहरी थाना,
- सुरक्षाफौज शिविर
- अभियोग दायर गर्नु पूर्व अभियुक्तहरूलाई थुनामा राखिने स्थानहरू

- अनुसन्धानका लागि म्याद थप भएपश्चात् राखिने थुनास्थल
- सजाय तोकिएका व्यक्तिहरू राखिने कारागार
- बाल बन्दीगृह
- आप्रवासी राखिने स्थल
- अन्तर्राष्ट्रिय विमानस्थलका ट्रान्जिट क्षेत्र
- शरण आवेदकहरू रहने शिविर
- मानोचिकित्सा अस्पताल
- प्रशासनिक हिरासत स्थल
- अन्य स्थान जहाँ व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरेर राखिन्छ

### ३.२.४. राष्ट्रिय संयन्त्रहरूलाई प्राप्त हुने प्रत्याभूति

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूको काममा राज्य पक्षबाट कुनै किसिमको हस्तक्षेप नहोस् र ती संयन्त्रहरू स्वतन्त्र रहुन भन्नका लागि ऐच्छिक आलेखले विशिष्ट प्रत्याभूति तथा मापदण्डहरू तोकेको छ। यी व्यवस्थाहरूबीच अन्तर्सम्बन्ध छ र यस्ता निकायको स्वतन्त्रता सुनिश्चित गर्न यी व्यवस्थाहरूलाई एकसाथ ग्रहण गरिनु पर्दछ।

ऐच्छिक आलेखले राज्य पक्षलाई मानवअधिकार प्रवर्द्धन एवं संरक्षणका निम्ति राष्ट्रिय संस्थाहरूका हैसियत तथा कार्यसम्पादन सम्बन्धी सिद्धान्त (पेरिस सिद्धान्त)[११] लाई मार्ग दर्शनका रूपमा लिन आग्रह गर्दछ।

**राष्ट्रिय निरोधात्मक संयन्त्रहरूका निम्ति प्रत्याभूति र मापदण्ड (धारा १८)**

ऐच्छिक आलेखको दफा १८ अनुसार राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई देहाय बमोजिमको प्रत्याभूति प्रदान गरिनु पर्दछ :

- कार्यगत स्वतन्त्रता
- आवश्यक क्षमता र पेशागत अनुभव
- उचित स्रोत

[११] संयुक्त राष्ट्रसंघको मानवअधिकार केन्द्रद्वारा अक्टोबर १९९१ मा पेरिसमा सञ्चालित कार्यशालाद्वारा प्रतिपादित सिद्धान्त। मानवअधिकार आयोगले यी सुझावहरू १९९२ मा अनुमोदन गरेको थियो।

## कार्यगत स्वतन्त्रता

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूका निम्ति बन्दीहरू उपर हुने यातना तथा अन्य दुर्व्यवहार रोक्ने कार्यमा यिनीहरूले प्रभावकारी भूमिका खेल्नका लागि कार्यगत स्वतन्त्रता अनिवार्य हुन्छ। व्यवहारमा यसको अर्थ हो, राष्ट्रिय निरोधात्मक संयन्त्रहरू आफ्ना कार्यक्रम सञ्चालन गर्न राज्यका पदाधिकारीबाट स्वतन्त्र भई काम गर्न सक्ने हुनु पर्दछ। यस्तो स्वतन्त्रता छ भन्ने प्रत्यक्ष रूपमा देखिनु पनि पर्दछ।

**राष्ट्रिय निरोधात्मक संयन्त्रहरूको कार्यगत स्वतन्त्रता देहाय बमोजिम प्राप्त गर्न सकिन्छ**

- **गठन प्रक्रियामा स्वतन्त्रता**

बलियो कानुनी आधारमा गठन भई दीर्घकालसम्म आफ्नो कार्य सुचारु राख्नका लागि राष्ट्रिय निरोधात्मक संयन्त्रहरू संविधान वा संसदले पारित गरेको कानूनका आधारमा गठन भएको हुनु पर्दछ।

- **आफ्नो नियम तथा कार्यविधि तोक्ने क्षमता**

नियम तथा कार्यविधिहरू बाहिरी अधिकारीहरूले परिवर्तन गर्न सक्ने हुनु हुँदैन,

- **कार्यकारी तथा न्यायीक अधिकारको पृथकीकरण**

प्रभावकारिता सुनिश्चित गर्न तथा कार्यकारी स्वतन्त्रताको प्रत्याभूति दिलाउनका लागि राष्ट्रिय निरोधात्मक संयन्त्र कुनै मन्त्रालय वा न्यायीक अङ्गअन्तर्गत रहनु हुँदैन।

- **स्वतन्त्र तथा पारदर्शी नियुक्ति प्रक्रिया**

नियुक्ति कार्यविधिले नियुक्तिलगायत कार्यकाल, सेवा सुविधा एवं दायित्व, पदमुक्त गर्न सकिने आधार एवं त्यस उपर पुनरावेदन गर्ने व्यवस्था सम्बन्धमा निश्चित व्यवस्था गर्नु पर्दछ। पेरिस सिद्धान्तले यस्ता निकायका सदस्यहरूले निर्धक्कसँग आफ्नो काम गर्न आवश्यक पर्ने कार्यादेश सुनिश्चित गर्न निश्चित कार्यकालको व्यवस्था औपचारिक रूपमा कानूनले नै तोकिदिएको हुनु पर्दछ (...) सिद्धान्त ३। यो नियुक्ति प्रक्रियामा नागरिक समाजको परामर्श समेत रहनु पर्दछ।

- **आर्थिक स्वतन्त्रता**

आर्थिक स्वायत्तता आधारभूत मान्यता हो । पर्याप्त कोषको व्यवस्था (तल चर्चा गरिएको छ), यसको विनियोजन र सञ्चालन गर्ने स्वतन्त्रता आर्थिक स्वतन्त्रताको आधारभूत कडी हो ।

- **पारदर्शी क्रियाकलाप र सार्वजनिक प्रतिवेदन**

आफ्ना काम कारवाही र काम गर्ने तरिकाबारे सार्वजनिक प्रक्रियामार्फत, राष्ट्रिय निरोधात्मक संयन्त्रहरूले आफ्नो स्वतन्त्रता उपयोग गर्न र त्यसलाई बलियो बनाउन सक्दछन् ।

**उपयुक्त दक्षता तथा ज्ञान**

विशेषज्ञ सदस्यहरूसँग मानवअधिकार तथा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूसम्बन्धी पर्याप्त आवश्यक क्षमता र पेशागत ज्ञान रहेको सुनिश्चित गर्न राज्य पक्षले आवश्यक प्रबन्ध मिलाउने छ । ऐच्छिक आलेखले राष्ट्रिय निरोधात्मक संयन्त्रहरूमा लैङ्गिक सन्तुलन तथा अल्पसंख्यक समूहको प्रतिनिधित्व होस् भन्ने धारणा राखेको छ ।[१२]

**उपयुक्त बनावट**

थुनास्थल भ्रमण संयन्त्रहरूका लागि बहुपक्षीय बनावट सबभन्दा बढी उपयोगी हुन्छ

- वकील
- नर्स
- विधि विज्ञान विशेषज्ञ सहितका चिकित्सक
- मानसिक रोग विशेषज्ञ तथा मनोविज्ञान विशेषज्ञ
- नागरिक समाज तथा गैरसरकारी संस्थाका प्रतिनिधि
- मानवअधिकार, मानवीय कानून सुधारक काराबाससम्बन्धी विशेषज्ञ तथा प्रहरी

[१२] यो व्यवस्था राष्ट्रिय संयन्त्रहरू सर्वपक्षीय होस् भन्ने कुरालाई जोड दिने पेरिस सिद्धान्त अनुरूप छ ।

### पर्याप्त स्रोत

आर्थिक स्वायत्तता आधारभूत सर्त हो । यो विना राष्ट्रिय निरोधात्मक संयन्त्रहरूले आफ्नो स्वतन्त्रताको उपयोग गर्न र निर्णय क्षमता कार्यान्वयन गर्न सक्दैनन् । यी संयन्त्रहरू आर्थिक तथा स्वतन्त्रतापूर्वक आफ्ना आधारभूत कार्य सम्पादन गर्न सक्षम हुनुपर्दछ । राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई कार्यालय तथा कर्मचारी राख्न सक्ने बनाउन पर्याप्त आर्थिक स्रोतको व्यवस्था गर्नु पर्दछ भन्ने कुरालाई पेरिस सिद्धान्तले जोड दिएको छ (सिद्धान्त २) ।

### ३.२.५. स्वतन्त्रताबाट वञ्चितहरूलाई राखिने स्थलमा पहुँच

ऐच्छिक आलेखअन्तर्गत, राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई स्वतन्त्रताबाट वञ्चित भएकाहरूलाई राखिने स्थलमा पहुँच हुनु अनिवार्य छ । राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई प्रभावकारी बनाउन केही प्रत्याभूति प्रदान गरिनु पर्दछ ।

**राष्ट्रिय निरोधात्मक संयन्त्रहरूलाई उपलब्ध हुनुपर्ने पहुँचहरू**

- आफूले रोजेको थुनास्थलमा र तिनीहरूमा उपलब्ध सुविधा तथा अन्य व्यवस्थामा पहुँच,
- स्वतन्त्रताबाट वञ्चित गरिएकाहरूको संख्या तथा तिनीहरूसम्बन्धी सबै प्रकारका सूचनामा पहुँच,
- बन्दी बनाइएकाहरू प्रतिको व्यवहार तथा बन्दीहरूको अवस्थासम्बन्धी सबै प्रकारका सूचना तथा जानकारी,
- स्वतन्त्रता हरणमा परेका व्यक्तिहरूसँग उनीहरूको सहमतिमा एकान्तमा वा निजहरूले चाहेका व्यक्तिका साथ, अन्य साक्षी विना अन्तर्वार्ता लिने कार्य । अधिकारीहरूले भ्रमण टोलीसँग सम्पर्कमा आएका व्यक्तिहरूलाई प्रतिशोध लिनका लगि कुनै किसिमको दबाब, धम्की वा दुर्व्यवहार हुने छैन भन्ने कुराको विश्वास वा प्रत्याभूति गर्नु पर्दछ ।

**राष्ट्रिय निरोधात्मक संयन्त्रको कार्यगत स्वतन्त्रता सुनिश्चित गर्न देहाय बमोजिम व्यवस्था हुनु पर्दछ**

थुनामा राख्ने निकायलाई पूर्व सूचना नदिई भ्रमण गर्न सक्ने, जुनसुकै बन्दीका सन्दर्भमा, जुनसुकै परिस्थितिमा सम्भव भएसम्म छिटो पहुँच प्रदान गरिनु पर्ने,

### *३.३. ऐच्छिक आलेखअन्तर्गत भ्रमणको फलोअप*

### ३.३.१. प्रतिवेदन तथा सुझाव

राष्ट्रिय निरोधात्मक संयन्त्रले ऐच्छिक आलेखका पक्ष राष्ट्रले प्रकाशित गर्नुपर्ने वार्षिक प्रतिवेदन तयार गर्नेछ । प्रतिवेदनको विषयवस्तु राष्ट्रिय निरोधात्मक संयन्त्रले नै तय गर्नु पर्दछ, तर भ्रमण प्रतिवेदनका अधिकांश सूचना यसमा राख्नका लागि कुनै बन्देज रहने छैन । जुनसुकै अवस्थामा पनि, अधिकारीहरूलाई सुझाइएका विषयवस्तु यो प्रतिवेदनमा रहनु पर्दछ । राज्य पक्षले राष्ट्रिय निरोधात्मक संयन्त्रलाई आफ्ना भ्रमण प्रतिवेदनहरू सार्वजनिक गर्न स्वीकृति दिन सक्नेछन्, तर यस्तो स्वीकृति दिनु पर्ने व्यवस्था बाध्यात्मक भने होइन ।

आवश्यक भएमा राष्ट्रिय निरोधात्मक संयन्त्रले राष्ट्रसंघको उप-समितिलाई गोप्य रूपमा प्रतिवेदन प्रस्तुत गर्न सक्नेछ ।

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूले गोप्य सूचना सुरक्षित राख्नु पर्दछ र कुनै पनि व्यक्तिका निजी आँकडा तथा सूचना निजको अनुमति विना सार्वजनिक गर्नु हुँदैन ।

### ३.३.२. पूरक निरोधक कार्य

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूले थुनामा रहेकाहरूको अवस्थामा सुधार ल्याउने तथा तिनीहरूप्रति हुन सक्ने दुर्व्यवहार रोक्ने खालका अन्य क्रियाकलापहरूबाट पनि आफ्नो भ्रमण तथा सुझाव दिने कार्यहरूका पूरकका रूपमा प्रयोग गर्न सनेछन् । जस्तै,

- स्वतन्त्रताबाट वञ्चित भएकाहरूका बारेमा चासो राख्ने तथा तिनीहरूको थुनामा राख्ने कार्यमा खटिएका व्यक्तिहरूलाई तालिम, सेमिनारको व्यवस्था,
- जनचेतना फैलाउने गतिविधि,
- विद्यमान वा विचाराधिन मस्यौदा कानूनसँग सम्बन्धित आफ्ना अध्ययन, सुझावहरू प्रस्तुत गर्नु (धारा १९ (ग) बमोजिम)

### ३.३.३. उप-समितिसँग प्रत्यक्ष सम्पर्क

माथि उल्लेख गरे अनुसार, ऐच्छिक आलेखले यातनाको रोकथाम गर्न अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रयासहरू एक अर्काका परिपूरक हुन्छन् भन्ने नविन परिकल्पना गरेको छ । यसले

राष्ट्रिय निरोधात्मक संयन्त्रहरूले उप-समितिसँग सम्पर्क जारी राख्नु पर्दछ भन्ने मान्यता राखेको छ । सोबाहेक यस्ता सम्पर्कका लगि व्यवस्था मिलाई दिन प्रोत्साहित गर्ने राज्य पक्षको दायित्व पनि हो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूले यातनाको रोकथाम गर्ने उपाय तथा रणनीतिबारे आपसमा यथेष्ठ विचार आदान प्रदान गर्न सक्दछन् । अतः उप-समिति र राष्ट्रिय यातना निरोधक संयन्त्रहरूबीच आवश्यकताअनुसार गोपनीयताको ख्याल गरी बैठक गर्न र सूचना आदान प्रदान गर्न सक्दछन् । राष्ट्रिय यातना निरोधक संयन्त्रहरूले आफ्ना प्रतिवेदन तथा अन्य सूचना अन्तर्राष्ट्रिय यातना निरोधक संयन्त्रहरूलाई उपलब्ध गराउन सक्नेछन् ।

उप-समितिले राष्ट्रिय यातना निरोधक संयन्त्रहरूको क्षमता वृद्धि गर्ने लक्ष्यले तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ । सो बाहेक उप-समितिले स्वतन्त्रता वञ्चित भएका व्यक्तिहरूको संरक्षण कार्यमा सुधार गर्ने उपायहरूबारे सल्लाह एवं सहयोग उपलब्ध गराउन पनि सक्नेछन् ।

## ४. विभिन्न भ्रमण निकायबीच समन्वय

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका भ्रमण संयन्त्रहरूको संख्यामा भएको वृद्धिले यिनीहरूका क्रियाकलापमा देखिन सक्ने द्विविधा हटाउन र उच्चतम उपलब्धि हासिल गर्न यस्ता संस्थाहरूबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ भन्ने देखाउँछ ।

### *४.१. आन्तरिक भ्रमण संयन्त्रहरूबीच समन्वय*

एउटै देशमा विभिन्न राष्ट्रिय भ्रमण संयन्त्रहरू भएमा (जस्तै, राष्ट्रिय गैससहरू एवं अधिकार दुरुपयोग अनुसन्धान निकाय) तिनीहरूले गर्ने अनुगमन कार्यबीच समन्वयका उपायहरू अपनाउन आवश्यक हुन्छ । समन्वयका विभिन्न रूप हुन् सक्छन्, अनुगमन सम्बन्धमा सूचना आदान प्रदान, पूरक क्रियाकलाप, खास विषयमा सहयोग वा साझेदारी आदि ।

एक वा धेरै यस्ता अन्तर्देशीय अङ्गहरूलाई नै ऐच्छिक आलेख अनुरूपको राष्ट्रिय संयन्त्र तोकिएको अवस्थामा पनि यस्तो समन्वय आवश्यक हुन्छ । आलेखको लक्ष्य अनुगमन

निकायको संख्या सीमित गर्नु होइन, बरु तिनीहरूको कार्य प्रभावकारी बनाउन सहयोग गर्नु हो ।

समन्वयले अनुगमन कार्यक्रमको प्रभावकारिता बढाउँछ र अधिकारीहरूका दृष्टिमा पनि यो प्रभावकारिताको पुष्टचाइँ हुन्छ ।

अन्तर्राष्ट्रिय संस्थाका स्थानीय कार्यालय (संयुक्त राष्ट्रसंघको मानवअधिकार स्थानीय कार्यालय, सुरक्षा तथा सहयोगका लागि युरोपीयन संस्था) सँग पनि समन्वयको प्रयास गर्नु पर्दछ। रेडक्रसको अन्तर्राष्ट्रिय समितिसँग पनि समन्वयको प्रयास गर्नु पर्दछ। प्राविधिक रूपले अन्तर्राष्ट्रिय संस्था भए पनि जुन देशमा यसको उपस्थिति छ त्यहाँ बन्दीका सम्बन्धमा यसका क्रियाकलापहरू अन्तर्राष्ट्रियभन्दा पनि आन्तरिक गतिविधिसँग मिल्दाजुल्दा हुन्छन् ।

### ४.२. *अन्तर्राष्ट्रिय तथा अन्तर्देशीय भ्रमण संयन्त्रहरूबीच समन्वय*

माथि उल्लेख भएबाट नै स्पष्ट हुन्छ कि ऐच्छिक आलेखले राष्ट्रिय निरोधक संयन्त्र र उप-समितिबीच सीधा सम्पर्कमा जोड दिने गर्दछ। यी निकायहरूको कार्य एक आपसमा सहयोगी हुन पनि यो आवश्यक हुन्छ। तोकिएका राष्ट्रिय निरोधक संयन्त्रहरू र उप-समितिबीच सीधा सम्पर्क होस् भन्ने आलेखको स्पष्ट उद्देश्य रहे तापनि अन्य आन्तरिक संस्थाहरूले आफ्ना प्रतिवेदन तथा सूचनाहरू उप-समितिलाई उपलब्ध गराएमा यस्ता निकायहरूको कार्य अझ बढी प्रभावकारी हुन्छ।

अन्तर्देशीय भ्रमण निकायहरूको सूचना तथा प्रतिवेदन राष्ट्रसंघका सम्बन्धित अन्य निकायहरू र क्षेत्रीय मानवअधिकार संयन्त्रहरूलाई पनि उपलब्ध गराउन सकिन्छ।

**संयुक्त राष्ट्रसंघीय निकायहरू**

**राष्ट्रसंघीय मानवअधिकार आयोग अन्तर्गतका निश्चित कार्यविधिहरू**

- यातनासम्बन्धी विशेष प्रतिवेदक
- न्यायीक स्वतन्त्रतासम्बन्धी विशेष प्रतिवेदक
- गैरन्यायीक हत्या विषयका विशेष प्रतिवेदक
- मानवअधिकार रक्षक विषयका विशेष प्रतिनिधि

- स्वेच्छाचारी थुनासम्बन्धी कार्यदल

**राष्ट्रसंघीय सन्धि निकायहरू**

- मानवअधिकार समिति
- यातना विरोधी समिति
- बालअधिकार समिति
- महिला विरुद्धको भेदभाव उन्मूलन समिति
- अन्य विषयगत अङ्गहरू (जस्तै, सबै किसिमका जातीय विभेद उन्मूलनसम्बन्धी समिति)

**राष्ट्रसंघका विशिष्टिकृत संस्थाहरू**

- राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्त (विशेषगरी शरणार्थी तथा अन्तर्राष्ट्रिय विस्थापितहरूको संरक्षण कार्यक्रम)
- राष्ट्रसंघीय विकास कार्यक्रम (खासगरी न्यायीक सुधार कार्यक्रम)
- युनिसेफ (खासगरी थुनामा रहेका महिला तथा बालबालिकासम्बन्धी कार्यक्रम)

**क्षेत्रीय संगठनहरू**

*अमेरिकामा,*

- अन्तर-अमेरिकी मानवअधिकार आयोग

*अफ्रिकामा,*

- अफ्रिकी मानव एवं नागरिक अधिकार आयोग (खासगरी कारागार तथा थुनास्थलको अवस्था विषयका विशेष प्रतिवेदक)

*युरोपमा,*

- युरोप परिषद् (खासगरी यातना रोकथामका लागि युरोपेली समिति)
- लोकतान्त्रिक संस्था तथा मानवअधिकार कार्यालय (ओडिआईएचआर)

### *४.३. अन्तर्राष्ट्रिय भ्रमण निकायहरूबीच समन्वय*

अन्तर्राष्ट्रिय भ्रमण निकायहरू गोपनीयतासम्बन्धी कडा नियमहरूले बाँधिएका हुन्छन्, जसले गर्दा यिनीहरूको समन्वय कार्य सीमित हुन्छ । तर यिनीहरूले आपसमा परामर्श

भने गरिरहनु पर्दछ । ओपिक्याटमा उप-समिति र विद्यमान क्षेत्रीय भ्रमण संयन्त्रहरूबीचको समन्वय दफा ३१ ले प्रत्याभूत गरेको छ । कार्यक्रमहरू नदोहोरिउन भनेर परामर्श र सहयोग गर्न यो दफाले प्रोत्साहित गर्दछ ।

यातना विरोधी युरोपीयन समितिले यातना महासन्धिको ऐच्छिक आलेख तथा इसिपिटि दुवैका पक्षधर राष्ट्रहरूलाई आ-आफ्ना देशका सम्बन्धमा सिपिटिले तयार पारेका भ्रमण प्रतिवेदन र ती राष्ट्रहरूको प्रतिक्रिया नियमित रूपमा उप-समितिलाई गोप्य रूपमा पेश गर्नु पर्दछ । यस किसिमले सम्पूर्ण सम्बद्ध तथ्यका आधारमा परामर्श गर्न सकिनेछ[१३] भन्ने विषयमा सहमत हुन प्रस्ताव गरेको छ ।

अन्तर-अमेरिकी मानवअधिकार आयोगले विभिन्न राष्ट्रहरूबारे तयार गरेको प्रतिवेदन र अफ्रिकी कारागार तथा थुनास्थलको अवस्थासम्बन्धी विशेष प्रतिवेदकले प्रस्तुत गरेको जस्तै प्रतिवेदन सार्वजनिक गरिएमा उप-समितिसँग परामर्श तथा सहकार्य गर्न सरल हुने गर्दछ ।

ऐच्छिक आलेखले "आलेखका व्यवस्थाले जेनेभा महासन्धिअन्तर्गत पक्ष राष्ट्रहरूले पूरा गर्नुपर्ने दायित्वमा अथवा अन्तर्राष्ट्रिय मानवीय कानूनले नसमेटेको अवस्थामा थुनास्थल भ्रमण गर्न राज्य पक्षले रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई प्रदान गर्न सक्ने अवसरमा कुनै प्रभाव पार्दैनन्" भन्ने व्यवस्था गरेको छ । रेडक्रसको अन्तर्राष्ट्रिय समिति र युरोपेली यातना समितिले युरोपमा गर्दै आए जस्तै भावी उप-समिति र आईसीआरसीले सम्पर्क स्थापना गर्ने उपायहरूको खोजी गर्नुपर्ने छ ।

**सन्दर्भ सामग्री**

Association for the Prevention of Torture, *Visiting Places of Detention: Practices and Lessons Learned by Selected Domestic Institution, Seminar report*, Geneva, 2004.

[१३] १ जनवरी २००२ देखि ३१ जुलाई २००३ सम्मको अवधिका सिपिटिका गतिविधि समेटिने १३ औँ साधारण प्रतिवेदन, सिपिट/आईएनएफ (२००३) ३५, २२ ।

Association for the Prevention of Torture, *The Impact of External Visiting of Police Stations on Prevention of Torture and Ill-Treatment, Study*, Geneva, 1999

Association for the Prevention of Torture*, Standard Operating Procedures of International Mechanisms Carrying out Visits to Places of Detention, Seminar report*, Geneva, 1997.

**On OPCAT**

Association for the Prevention of Torture, *The Optional Protocol to the UN Convention against Torture and other Cruel, Inhuman or Degrading Treatment or Punishment: A Manual for the Prevention*, Geneva, 2004.

Association for the Prevention of Torture, *Implementation of the Optional Protocol to the UN Convention against Torture, The Establishment and Designation of National Preventive Mechanisms,* Geneva, April 2003.

**On CPT**

Malcolm D. Evans and Rod Morgan, *Preventing Torture - A Study of the European Convention for the Prevention of Torture and Inhuman or Degrading Treatment or Punishment*, Clarendon Press, Oxford, 1998.

Malcolm D. Evans, Rod Morgan, *Combating Torture in Europe*, Council of Europe Publishing, 2001.

APT Series on Prevention of Torture in Europe (In French and English), in particular

Brochure no. 3 – Barbara Bernath, *CPT History, Mandate, Composition,* Geneva, December, 1999.

Brochure no. 4 – Ursula Kriebaum, *CPT Modus Operandi*, Geneva, May 2002.

APT/Council of Europe, *A visit by the CPT- What's it all about? 15 questions and answers for the police,* May 1999.

**On the ICRC**

International Committee of Red Cross, *Deprived of Freedom*, Geneva, 2002.

## भ्रमणका चरण

| कहिले ? | के ? |
| --- | --- |
| भ्रमणको तयारी (खण्ड २ र ३) | • उपलब्ध जानकारी संकलन<br>• भ्रमणको उद्देश्य निर्धारण<br>• भ्रमण टोलीको गठन |
| भ्रमण (खण्ड ४) | • थुनास्थल/कारागार निर्देशकसँग प्रारम्भिक कुराकानी<br>• स्थानको भ्रमण<br>• अभिलेख पुस्तिका अध्ययन<br>• बन्दीहरूसँग गोप्य अन्तर्वार्ता<br>• अन्य कारागार अधिकृतहरूसँग छलफल<br>• थुनास्थल निर्देशकसँग अन्तिम छलफल |
| फलोअप भ्रमण (खण्ड ५) | • भ्रमण सम्बन्धमा आन्तरिक लेखापढी<br>• भ्रमण प्रतिवेदन<br>• फलोअप भ्रमण<br>• अन्तर्राष्ट्रिय प्रतिवेदन<br>• फलोअप क्रियाकलाप<br>• वार्षिक प्रतिवेदन |

# खण्ड - तीन

## थुनास्थलको अनुगमन कसरी गर्ने ?

## १. अनुगमनको खाका (संरचना)

थुनास्थलको अवस्था अनुगमनअन्तर्गत विद्यमान अवस्था राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड मुताविक छन् छैनन् र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई मानव मूल्य प्रदान गरिएको छ छैन र मानवीय मर्यादा अनुरूप व्यवहार गरिएको छ छैन भनि जाँच गर्ने कार्य समावेश हुन्छ । स्वतन्त्रता हरणसम्बन्धी सामान्य मापदण्डहरू प्रायःसम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेज र राष्ट्रिय कानूनमा व्यवस्था गरिएका हुन्छन् (भाग ४ हेर्नुहोस्) ।

थुनुवाहरूप्रति गरिनु पर्ने व्यवहारसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तले स्वतन्त्रताबाट वञ्चित गराउने कार्यसम्बन्धी खाका तयार पार्दै यससम्बन्धी सामान्य मापदण्डहरूको व्यवस्था गरेको छ । ती सिद्धान्तहरू स्वतन्त्रताबाट वञ्चित गरिएको जो कोही व्यक्तिलाई र तिनीहरूलाई भेटने निकायहरूका लागि महत्त्वपूर्ण र उपयोगी हुन्छन् ।

**थुनुवा बन्दीप्रति गरिने व्यवहारका आधारभूत सिद्धान्तहरू**

*(संयुक्त राष्ट्रसंघको साधारण सभाको १४ डिसेम्बर १९९० को निर्णय नम्बर ४५/१११ बाट प्रतिपादित)*

१. सबै बन्दीहरूलाई मानव जातिमा अन्तर्निहित मर्यादा र मूल्य बमोजिम सम्मानजनक व्यवहार गरिनेछ ।

२. जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य आस्था, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव गरिने छैन ।

३. तथापि, स्थानीय परिस्थितिमा आवश्यक भएको खण्डमा भने तिनीहरूको धार्मिक आस्था र सांस्कृतिक नियम र विधिको सम्मान गरिनु वाञ्छनीय हुनेछ ।

४. राज्यको अन्य सामाजिक उद्देश्यहरू र समाजका सम्पूर्ण सदस्यहरूको हित र विकासलाई प्रोत्साहित गर्नुपर्ने यसको आधारभूत दायित्वलाई ध्यानमा राखि कारागारमा बन्दीहरूलाई थुनामा राख्ने तथा समाजलाई अपराधबाट जोगाउने कार्य गरिनेछ ।

५. थुनामा राखिएकै कारणले आवश्यक पर्ने बन्देजहरू बाहेक सबै बन्दी थुनुवाहरूले मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र तथा सम्बन्धित

राज्य पक्ष रहेका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध र तिनीहरूका ऐच्छिक आलेखलगायत यस्तै अन्य राष्ट्रसंघीय अनुवन्धहरूमा उल्लिखित मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरू प्राप्त गर्नेछन् ।

६. सांस्कृतिक तथा मानव व्यक्तित्वको पूर्ण विकासमा लक्षित शैक्षिक गतिविधिमा भाग लिन पाउनु सम्पूर्ण बन्दीहरूको हक हुनेछ ।

७. सजाय स्वरूप गोलघरमा राख्ने कार्यको उन्मूलन गर्न गरिएका प्रयत्नहरू तथा गोलघरको प्रयोगमा लगाइएका बन्देजहरूलाई प्रोत्साहित गरिनेछ ।

८. राष्ट्रिय श्रम बजारमा सामेल हुन र आफ्नो तथा आफ्नो परिवारको आर्थिक अवस्थामा टेवा पुऱ्याउन बन्दीहरूलाई सक्षम बनाउनका लागि उनीहरूलाई अर्थपूर्ण पारिश्रमिक सहितको रोजगारी पाउने वातावरण सिर्जना गरिनेछ ।

९. बन्दीको कानुनी स्थितिको आधारमा कुनै भेदभाव नगरी तिनीहरूलाई राज्यमा उपलब्ध स्वास्थ्य सेवामा पहुँच हुनेछ ।

१०. सामुदायिक र सामाजिक संघसंस्थाहरूको सहयोग र सहभागितामा पीडित पक्षको हितप्रति उचित ध्यान दिँदै पूर्व कैदीहरूलाई समाजमा पुर्नसमायोजनका लागि अनुकूल वातावरण सिर्जना गरिनेछ ।

११. माथि उल्लिखित सिद्धान्तहरू निष्पक्ष तवरले लागू गरिने छन् ।

---

यसर्थ अनुगमन निम्न लिखित चार तहको प्रक्रियामा आधारित हुन्छः

क) थुनास्थलको अवस्थाको वस्तुगत तथा व्यावसायिक अभिलेखीकरण ।

ख) राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डसँग ती अवस्थाहरू मेल खान्छन् खाँदैनन भन्ने विश्लेषण ।

ग) सिफारिश निर्धारण ।

घ) सिफारिशहरूको कार्यान्वयन सम्बन्धमा फलोअप ।

क) भ्रमण निकायले थुनास्थलको अवस्थासम्बन्धी राजकाज अर्थात निम्त लिखित कुराहरूमा प्रभाव पार्दछ :

- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको हेरविचार गर्ने सरोकारवाला निकाय, कर्मचारी र विभिन्न व्यावसायिक व्यक्तिहरूको धारणा ।
- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको धारणा
- अन्य उपलब्ध सरोकारवाला (वकिल, बन्दीका परिवार, गैरसरकारी संस्था) का धारणा
- भ्रमण टोलीका सदस्यले थुनास्थलमा देखेका तथ्यहरू

उजुरीहरू माथिल्लो निकायमा प्रेसित गर्नु पूर्व र निष्कर्ष निकाल्नु पूर्व भ्रमण दलका सदस्यहरूले सबै सूचनाका स्रोतहरूको लेखाजोखा गर्नु महत्त्वपूर्ण हुन्छ । भ्रमण दलसँग सम्बन्धित निकायले बन्दीगृहको अवस्थाको विस्तृत विश्लेषण गरी अर्थपूर्ण सिफारिश गर्नु पर्दा यो आवश्यक हुन्छ । गम्भीर दुर्व्यवहार र यातनाको आरोप भने तत्कालै सम्बन्धित निकायमा पुऱ्याउनु पर्दछ र यसो गर्दा यस्ता आरोपहरूले सम्बन्धित व्यक्तिलाई खतरा नपुग्ने गरी गर्नु पर्दछ (हेर्नुहोस् भाग ४, यातना र दुर्व्यवहार) ।

ख) राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डबीचको एकरूपता

दोस्रो चरणमा भ्रमण संयन्त्रले थुनास्थलको अवस्था सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने नखाने सम्बन्धमा विश्लेषण गर्दछ ।

भ्रमण संयन्त्रले आफूले जाँच गरेका पक्षहरू त्यससम्बन्धी मापदण्डसँग मेल खान्छन् खाँदैनन् (हेर्दा वास्तविकता के पाइयो र के हुनु पर्दथ्यो) भन्नेमा मात्र आफूलाई सीमित नगरी ती मापदण्डमा किन विचलन आयो भन्ने कारणको व्याख्या गर्ने प्रयत्न गर्नु पर्दछ । सामान्यतः विभिन्न पक्षहरूको सम्मिश्रणको कारणले यस्तो विचलन आउँछ, जस्तैः

- राष्ट्रिय कानून अन्तर्राष्ट्रिय मापदण्डसँग मेल नखानु
- मापदण्डहरू केही हदसम्म मात्र लागू हुने अथवा लागू नै नहुने, यसका उदाहरण यस्ता हुन सक्छन्:
  - थुनास्थलमा खटिएका कर्मचारीको लागि उनीहरूले गर्नुपर्ने कार्यसम्बन्धी खाका प्रदान गर्ने गरी पर्याप्त मात्रामा मापदण्डहरू सारभूतरूपमा विकसित नहुनु,
  - कर्मचारीलाई दिइने तालिममा उनीहरूले सम्पादन गर्नुपर्ने कामका कतिपय पक्षमा दोषपूर्ण हुनु र परिणामतः मापदण्ड र कर्मचारीहरूको व्यावसायिक संस्कारमा अन्तर देखिनु
  - मानवीय र भौतिक शंसाधनका मापदण्डहरू प्रयोग गर्नका लागि अपर्याप्त हुनु ।

ग) सिफारिश निर्धारण

मापदण्डहरूको पुनरउल्लेख गर्नुभन्दा माथि उल्लिखित विश्लेषणलाई सारभूत र व्यवहारिक सिफारिशको निर्माण गर्नमा प्रयोग गर्न सकिन्छ ।

अझ, समस्याहरू र तिनका कारणलाई बुझ्नुको अर्थ जो सुकैले निम्न कार्य गर्न सक्दछन् भन्ने हो :

- संवेदनशील क्षेत्र अर्थात मुख्य समस्या पहिचान गर्न,
- सिफारिशमा समय पक्षलाई समावेश गर्न (यसको अर्थ, अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रूपमा के गर्न सकिन्छ भन्ने हो) ।
- निश्चित समस्याहरूलाई मौलिक समाधान प्रस्ताव गर्न ।
- मापदण्ड विकास गर्न योगदान गर्न

घ) सुझाव कार्यान्वयन सम्बन्धमा गरिने फलोअप

थुनास्थल अनुगमनको अन्तिम लक्ष्य र उद्देश्य आधिकारिक निकायहरूलाई बन्दीप्रति गरिने व्यवहारमा र कारागारको स्थितिमा सुधार गर्न प्रोत्साहित गर्नु हो । थुनास्थल भ्रमण गर्नु र त्यसबाट प्राप्त तथ्यहरूलाई पेश गर्नु मात्रै यो उद्देश्य प्राप्तिको माध्यम हो । यसैगरी सिफारिशहरूको कार्यान्वयन सम्बन्धमा गरिने फलोअप सम्भवतः अनुगमन कार्यको महत्त्वपूर्ण चरण हो । कुनै सुधार हुन्छ भने त्यसलाई स्वागत गर्नु पर्दछ । कुनै पनि मापदण्ड लागू नगरिएमा भने अनुगमन संयन्त्रले सो लागू गराउनका लागि अन्य दबाबका उपायहरू खोज्नु पर्दछ ।

## २. अनुगमन कार्यक्रमको स्थापना

### *२.१. भ्रमण कार्यक्रमको स्थापना*

भ्रमण कार्यक्रममा निम्न बुँदाहरू समावेश हुनु पर्दछः

- राष्ट्रिय भ्रमण निकायले भ्रमण गर्ने लक्ष्य राखेका स्वतन्त्रताबाट वञ्चित विभिन्न प्रकारका व्यक्तिहरूलाई राखिएका स्थानहरूको सूची
- भ्रमण कार्य घोषित हुनु पर्दछ या पर्दैन सो बारे जानकारी
- विभिन्न ठाउँहरूमा भ्रमण गर्ने अनुक्रम तथा प्रत्येक भ्रमणको लक्षित समयावधि
- भ्रमणको बारम्बारता

### २.२. *भ्रमण स्थलको पहिचान*

परिस्थितिअनुसार भ्रमण निकायले सबै थुनास्थानमा अर्थात छनोट गरिएका स्थानमा भ्रमण गर्ने सम्बन्धमा निर्णय लिनेछ ।

भ्रमण गर्ने स्थान छनोट गर्न र तिनीहरूको प्राथमिकता तय गर्न एकल वा संयुक्त रूपमा विभिन्न आधारहरू अपनाउन सकिन्छ ।

**स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई पर्ने सम्भावित वा वास्तविक जोखिम**

- केरकार स्थल
- विशेष जोखिममा रहेका महिला, बालबालिक, विदेशी तथा अल्पसंख्यकहरू
- उच्च जोखिम क्षेत्र, सहर वा जिल्लाहरू

**उपलब्ध सूचनाः** उजुरीहरूको संख्या (कुनै पनि उजुरी नहुनु वा धेरै उजुरीहरू हुनु पनि समस्याको संकेत हुन सक्दछ), थुनुवाहरूको संख्या, थुनास्थलहरूको क्षमता र थुनुवाहरू खचाखच भएको स्तर राष्ट्रिय वा अन्तर्राष्ट्रिय भ्रमण निकाय जस्ता अन्य स्रोतहरूबाट प्राप्त जानकारीहरू ।

**नमूना**

- देशमा विद्यमान परिस्थितिलाई उचित प्रतिनिधित्व गर्ने स्थल
- बारम्बार भ्रमण नगरिने स्थलहरू (अक्सर सहरी क्षेत्रबाट धेरै टाढाका स्थलहरू)
- विभिन्न वर्गका मानिस वा थुनास्थल समेटने गरी गरिएका छनोट

### २.३. *भ्रमणको समयावधि*

भ्रमण व्यावसायिक कार्यका लागि आवश्यक पर्ने जति लामो हुनु पर्दछ । भ्रमण टोलीले बन्दी स्थलको मुख्य व्यक्ति, तिनीहरूका सहायक कर्मचारी, त्यहाँ भएका बन्दीहरूको प्रतिनिधित्व गर्ने व्यक्तिसँग कुराकानी गर्न समर्थ हुने र समग्र थुनास्थल एवं थुनुवाहरूको बसाई अवस्थाको जाँच गर्न पर्याप्त हुने गरी भ्रमण अवधि तय गर्नु पर्दछ ।

भ्रमणको अवधि तय गर्दा थुनास्थलमा खटिएका अधिकारीहरूको नियमित कार्यमा बाधा अड्चन नपुग्ने कुरामा ध्यान दिनु पर्दछ । यस्ता भ्रमण तय गर्दा प्रभावकारी अनुगमन र भ्रमणका कारण हुन सक्ने बाधा अड्चनबीच सन्तुलन मिलाउनु पर्दछ ।

**निम्न कुरालाई मध्यनजर गरी भ्रमण अवधि निर्धारण गर्न सकिन्छ** :

- भ्रमण टोलीको आकार
- भ्रमण गर्नुपर्ने स्थानको बारेमा पहिल्यै के कति जानकारी छ :
  - संयन्त्रले पहिल्यै भ्रमण गरिसकेको छ ?
  - भ्रमणको लागि आवश्यक पर्ने समय निर्धारण गर्न सहयोग पुग्ने गरी कुनै तेस्रो पक्षबाट सूचना प्राप्त भएको छ ?
- थुनास्थलको क्षमता र त्यहाँ रहेका बन्दीहरूको संख्या
- थुनास्थलका किसिम :
  - यहाँको सुरक्षा व्यवस्था (जति उच्च सुरक्षा भयो, थुनास्थल अवलोकनमा त्यती नै बढी समय लाग्दछ)
  - एकै स्थानमा स्वतन्त्रताबाट वञ्चित विभिन्न खाले व्यक्तिहरू भिन्न भिन्न थुना प्रावधानअन्तर्गत रहेका छन् कि ? यसको अर्थ भिन्न भिन्न थुन अवस्थाहरूको जाँच गर्न धेरै समय लाग्दछ भन्ने हो;
- कर्मचारी वा संस्थाको स्थिति र अवस्था,
- बन्दीहरूले बोल्ने भाषा र त्यसको लागि आवश्यक पर्न सक्ने सम्भावित अनुवाद,
- तथ्याङ्क संकलन गर्न आवश्यक पर्ने कार्य जो भ्रमणको अन्त्यमा यथाशक्य चाँडो गर्नुपर्ने हुन्छ,
- विभिन्न थुनास्थलबीच यात्रा गर्न लाग्ने समय

### *२.४. भ्रमणको बारम्बारता*

यातना वा दुर्व्यवहार रोक्न र दिगो सुधारका निम्ति नियमित भ्रमण बढी प्रभावकारी हुन्छ भन्ने कुरा अनुभवले देखाउँछ । कुनै थुनास्थलमा के कति भ्रमण गर्न आवश्यक हुन्छ भन्ने कुरा धेरै पक्षहरूमा निर्भर रहन्छ ।

भ्रमणको बारम्बारता निम्न लिखित आधारमा निर्धारण गर्न सकिन्छः

- थुनास्थलको प्रकृति
- कसूरदार ठहर भएकालाई राखिने कारागारभन्दा पूर्पक्षका लागि थुनामा राखिने प्रहरी चौकी जस्ता स्थलहरूको भ्रमण सामान्यतः बढी गरिनु पर्दछ, किनकिः
  - त्यहाँ बयान लिने काम हुन्छ
  - थुनुवाहरूको बाह्य संसारसँगको सम्पर्क सीमित हुन्छ
  - त्यहाँ बन्दीहरूको चाँडो अदलबदल हुन्छ
- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूले व्यहोर्नु पर्ने जानकारीमा आएका वा अनुमान गरिएका जोखिम वा अन्य संरक्षणसम्बन्धी जानकारीमा आएका समस्याहरू
- भ्रमण गर्ने निकायको आवश्यकता र थुनास्थलका अधिकारीका आवश्यकताबीच कालान्तरमा स्थापित हुने सन्तुलन । बारम्बार दोहोरिने नियमित भ्रमणहरूले थुनास्थलका कर्मचारीका कार्यमा कुनै कारण विना बाधा पुऱ्याएमा त्यस्ता भ्रमणहरू थुनास्थलका कर्मचारीका लागि प्रत्यूत्पादक हुन सक्छन् ।

भ्रमणको बारम्बारता संरक्षण सम्बन्धमा भ्रेल्नुपरेका समस्याहरूका गम्भीरतामा समेत आधारित हुन्छन् । भ्रमण संयन्त्रले कुनै बन्दीसँग गरेको कुराकानीले त्यो बन्दीविरुद्ध प्रतिशोध हुनसक्ने बखतमा बिलम्ब नगरिकन त्यो पहिले भेटेका बन्दीहरूको फलोअप भ्रमण गर्न नितान्त आवश्यक हुन्छ ।

## २.५. *भ्रमण टोली*

### २.५.१ बनोट

बन्दीहरूको स्थिति अनुमगन गर्न कानुनी र स्वास्थ्य क्षेत्रमा विशेष दखल भएका व्यक्तिहरूको आवश्यकता पर्दछ । भ्रमण दलमा कम्तिमा पनि एक जना कानुनी र एक जना चिकित्सा क्षेत्रको पृष्ठभूमि भएको व्यक्ति रहने कुरामा प्राथमिकता दिनु पर्दछ । यातना र दुर्व्यवहारको समस्या भएमा चिकित्सकको उपस्थिति भएको टोलीको विशेष महत्त्व हुन्छ । यसले चिकित्सकीय गोपनीयतालाई सम्मान गर्दै अनुभव आदान प्रदान गर्ने

चिकित्सकसँगको सम्पर्क समेत सहज बनाउँछ । शिक्षाविद्, मनोवैज्ञानिक, इन्जिनियर जस्ता अन्य व्यावसायिक व्यक्तित्वहरू पनि अत्यन्त उपयोगी हुन सक्दछन् ।

अन्य व्यावसायिक क्षमताको अलावा मानवीय मर्यादाको सम्मान गर्ने संवेदनशील तवरले मानिसहरूसँग अन्तर्क्रिया गर्ने विशेष शीप र क्षमता भएका व्यक्तित्वहरू समेत आवश्यक हुन्छन् ।

कुनै पनि भ्रमण दलमा महिला र पुरुष सदस्य संख्याबीच सन्तुलन हुनु अत्यन्त फाइदाजनक हुने कुरा अनुभवले देखाएको छ । धेरैजसो अवस्थामा बन्दी र कर्मचारीसँगको विश्वासयोग्य सम्बन्ध स्थापित गर्न महिला र पुरुषहरूसँग विभिन्न अवसरहरू हुन्छन् । खास खास विषयका आधारमा बन्दी तथा कर्मचारीले पुरुष वा महिलासँग कुराकानी गर्न बढी मन पराउँछन् । पुरुषप्रधान संस्कृतिमा बन्दीहरूलाई एउटा महिला भ्रमणकर्ताको सामु कम डर र त्रासको अनुभूति हुन्छ । तसर्थ लैङ्गिक सन्तुलन भएको भ्रमण टोलीले बन्दीहरूको स्थितिको पूर्ण चित्राङ्कन गर्ने सम्भावना बढी हुन्छ ।

विभिन्न खाले जातीय वा क्षेत्रीय पृष्ठभूमि भएका मानिसहरूलाई राखिएका थुनास्थलमा भ्रमण गर्नका लागि भ्रमण दलमा ती जाति र क्षेत्रका मानिसहरूको समेत संलग्नता हुनु बढी फाइदाजनक हुन्छ । भाषिक शीप पनि मनन गर्नुपर्ने थप पक्ष हुन् ।

### २.५.२. आकार

भ्रमण टोलीको आकार विभिन्न कुराहरूमा निर्भर रहन्छ । उदाहरणको लागिः

- भ्रमणको उद्देश्य
- थुनास्थल र त्यसमा भएका समस्याहरूको बारेमा पहिला नै के कति थाहा छ
- थुनामा राखिएका मानिसहरूको संख्या र थुनास्थलको क्षमता
- थुनास्थलका अधिकारीहरूले आंशिक वा पूर्ण रूपमा खडा गर्न सक्ने कुनै बाधा अड्चन

भ्रमण दलमा दुईदेखि आठ जनासम्मको सदस्य संख्यालाई आदर्श संख्याको रूपमा लिइन्छ ।

### २.५.३. तालिम

बन्दीगृहको अनुगमन अप्ठ्यारो र संवेदनशील कार्य हो। त्यसैले भ्रमण संयन्त्रका सदस्यहरूका लागि सैद्धान्तिक र व्यावहारिक दुवै प्रकृतिका प्रशस्त तालिमहरू विशेष महत्त्वपूर्ण हुन्छन्। कार्यकाल भरिनै निरन्तर रूपमा तालिम दिइरहनु पर्दछ।

**सैद्धान्तिक तालिममा निम्न कुराहरू पर्दछन्**

- अनुगमनका आधारभूत सिद्धान्तहरू, खासगरी गोपनीयता तथा थुनुवाहरूको सुरक्षा प्रतिको विचार
- कानुनी संरचना (विशेष रूपले सम्बन्धित राष्ट्रिय कानून र नियमावली तथा अन्तर्राष्ट्रिय स्तरका मापदण्डहरू)
- स्वतन्त्रताबाट वञ्चित गर्ने कार्यसम्बन्धी मुख्य प्रश्न र समस्याहरू

**व्यवहारिक तालिममा निम्न कुराहरू समावेश हुनुपर्दछ**

- भ्रमण विधि,
- स्वतन्त्रताबाट वञ्चित मानिसहरूसँग के कसरी निजी अन्तर्वार्ता लिने भन्ने कुरा,
- सम्बन्धित निकाय, कर्मचारी वर्ग र बन्दीहरूसँग गर्नुपर्ने व्यवहार
- भ्रमण अवधिमा पालना गर्नुपर्ने आधाभूत सुरक्षा नियमहरू
- प्रतिवेदन लेखन
- आफ्नै संयन्त्रभित्र अवलम्बन गरिनु पर्ने समन्वय र सञ्चार संयन्त्र

## ३. भ्रमणको तयारी

### *३.१. तयारी कार्य*

सम्भव भएसम्म राम्रो अवस्थामा भ्रमण कार्य सम्पन्न गर्नका लागि पूर्व तयारी राम्रो हुनु अति आवश्यक छ।

भ्रमण गर्नुपर्ने स्थालका बारेमा उपलब्ध जानकारीलाई संक्षेपीकरण गर्नका लागि भ्रमण संयन्त्रले आवश्यक समय छुटचाउनु पर्दछ।

- विगतका भ्रमणहरू वा अन्य भ्रमण निकाय, गैरसरकारी संस्था, छापा, रिहा भैसकेका बन्दीहरू, बन्दीका परिवार, वकिल, परोपकार

र सहायता उपलब्ध गराउने संस्था, बन्दीगृहमा काम गर्ने स्वयंसेवक आदि अन्य स्रोतबाट प्राप्त हुन सक्ने सूचना एवं जानकारीको सार ।
- प्रत्यक्ष रूपमा जिम्मेवार निकाय र त्योभन्दा माथिल्लो निकाय ।
- थुनास्थलको क्षमता, बन्दीहरूको अवस्था र संख्या
- कुनै पनि ज्ञात वा आरोपित समस्याहरू

उपरोक्त सूचनाहरूको आधारमा मुख्य विषयहरूको सूची तयार गर्न सकिन्छ ।

**भ्रमणको विशिष्ट उद्देश्यहरूको पहिचान**
- थुनास्थलको स्थिति र अवस्थाको साधारण मूल्याङ्कन
- थुनाका विभिन्न पक्ष, पहिले दिइएका सुझावहरूको कार्यान्वयनको स्थिति बारे जाँच पड्ताल गर्ने लक्ष्यले गरिने फलोअप भ्रमण
- अन्य

**भ्रमण दलको कार्य व्यवस्थापन**
- बन्दीको अवस्थाको सम्बन्धमा तोकिएका मापदण्ड अनुरूपका सूचना संकलन गर्न फारम, प्रश्नपत्र वा चेकलिस्ट[१४]को तयारी गर्नु,
- भ्रमण दलमा समन्वय गर्ने गराउने जिम्मेवारी सहित एउटा मुख्य व्यक्तिको पहिचान गर्नु,
- भ्रमण टोलीका सबै सदस्यहरूमा भ्रमण स्थल, भ्रमण उद्देश्य, र भ्रमण ढाँचा बारे एकै किसिमको जानकारी रहेको सुनिश्चित गर्नु,
- भ्रमण दलका सदस्यका क्षमता र दख्खल, भ्रमण गर्नुपर्ने स्थलको आकार, प्रकृति र निर्धारित भ्रमण अवधिअनुसार विभिन्न कामहरू भ्रमण दलका सदस्यबीच बाँडफाँट गर्नु ।

**थुनास्थलमा भ्रमणपूर्व गर्नुपर्ने सम्पर्कको योजना**
- भ्रमणको घोषणाः भ्रमण दलले अघोषित रूपमा भ्रमण गर्न समर्थ हुनु पर्दछ तर दूरी, स्थलको आकार जस्ता व्यवहारिक कारणहरूले कुनै विशेष भ्रमण घोषित रूपमा पनि गर्न सकिन्छ ।

[१४] यस्तो चेकलिस्टको उदाहरणका लागि अनुसूची १ हेर्नुहोस् ।

- क्यामेरा, रेकर्डर जस्ता उपकरण लैजान निषेध गरिएको अवस्थामा लैजाने अनुमतिका लागि अनुरोध गर्नु तथा लैजानु पर्ने औचित्य प्रस्तुत गर्नु ।

**थुनास्थल बाहिर गर्नुपर्ने सम्पर्कको लागि योजना**

- राजनीतिक तथा प्रशासनिक निकाय
- न्यायीक निकाय
- चिकित्सा, सामाजिक सेवा, शिक्षा जस्ता थुनास्थलमा काम गरिरहेका राज्यका सेवाहरू
- थुनास्थलमा काम गरिरहेका कुनै अन्य पात्रहरू
- अन्य

### *३.२. भ्रमणको उद्देश्य निर्धारण*

भ्रमण टोलीले प्रत्येक भ्रमणमा (केही वर्षको फरकमा बाहेक) व्यवस्थित तवरले बन्दीगृहका सम्पूर्ण पक्षहरूको जाँच गर्नु न्यायसङ्गत वा सम्भव हुँदैन । भ्रमणको तयारीको क्रममा संकलित सूचनाहरूलाई विश्लेषण गर्नु पर्दछ, विशेष रूपले बन्दीहरू, पूर्व बन्दीहरू र अन्य विश्वसनीय पात्रहरूबाट प्राप्त जानकारीका आधारमा उद्देश्यहरू परिभाषित गर्नु र ती उद्देश्यहरूका प्राथमिकता निर्धारण गर्नु पर्दछ ।

कुनै थुनास्थलमा धेरै भ्रमणहरू तर्जुमा गरिएको भए प्रत्येक भ्रमणका लागि बेग्लै उद्देश्य निर्धारण गर्न सकिन्छ । उदाहरणको लागि पहिलो भ्रमणमा राज्यको भौतिक पूर्वाधार (जस्तैः घर, कोठा वा सामान्य सुविधा) मा केन्द्रित हुन सकिन्छ । यी सुविधा (भौतिक पूर्वाधार) स्थापित भैसकेपछि भ्रमणकर्ताहरूले तल उल्लिखित पक्षहरूमा बढी ध्यान दिनु पर्दछः

- थुनास्थलभित्र शिकायत गर्ने प्रणालीहरू
- अनुशासनको कारवाहीसम्बन्धी व्यवस्थापन
- बाह्य संसारसँगको सम्पर्क
- चिकित्सकीय सेवा
- व्यवस्थापन/कर्मचारी र बन्दीहरूबीचको सम्बन्ध

यस निर्देशिकाको भाग ४ ले भ्रमण संयन्त्रहरूलाई भ्रमण कालमा ध्यान दिनु पर्ने थुनाका विभिन्न पक्ष र निर्देशनबारे जानकारी प्रदान गर्दछ। सम्बन्धित समस्याको छोटकरी विवरण अनुसूची १ को चेकलिस्टमा दिइएको छ।

## ४. भ्रमण

### *४.१. थुनास्थल प्रमुखसँगको प्रारम्भिक कुराकानी*

थुनास्थलको पहिलो भ्रमणमा भ्रमण दल र थुनास्थल प्रमुख वा उप-प्रमुखसँगको कुराकानीबाट काम सुरु गर्नु पर्दछ। यी अधिकारीहरूसँगको पहिलो चरणको कुराकानीले निम्न लिखित कुराहरू स्थापित गर्न टेवा पुऱ्याउँछः

- भ्रमण संयन्त्र र भ्रमण दलको बारेमा परिचय
- भ्रमणको उद्देश्य र अर्थको व्याख्या
- कार्यविधिको व्याख्या, विशेषतः स्वतन्त्रताबाट वञ्चित भएका मानिसहरू र सम्भव भए तिनीहरूको हेरविचार गर्ने कर्मचारी वर्गसँग समेत पूर्ण रूपले गर्नुपर्ने निजी कुराकानी,
- संकलित सूचनाको प्रयोगसम्बन्धी व्याख्या,
- भ्रमण अवधिमा नियम र सुरक्षाको पूर्ण सम्मान गर्नेबारे भ्रमण दलका सदस्यहरूले थुनास्थलका प्रमुखको विश्वास जित्नु
- भ्रमण के कति समयमा सम्पन्न हुन्छ र के कति लम्बिन सक्छ भन्नेबारे व्याख्या,
- बहिरा कैदी, अन्य दुर्वल र असमर्थ विशेष समूहका बन्दीहरू, विगतका भ्रमणपश्चात् कुनै हिंसा, मृत्यु वा अन्य आकस्मिक घटनाहरू जस्ता विशेष उल्लेखनीय घटनाहरू लगायतका थुनास्थलका बारेका प्राप्त हुन सक्ने सबै जानकारी सम्बन्धमा अनुरोध,
- बन्दीगृहका प्रमुखसँग निम्न विषयमा धारणा माग गर्ने :
  - थुनास्थल र बन्दीहरूको अवस्था
  - कुनै समस्याग्रस्त पक्ष भए तिनीहरूको अवस्था एवं त्यसका कारणहरू
  - सुधारका लागि प्रमुखका सुझावहरू
- भ्रमणको उपलब्धि र परिणामको बारेमा कुराकानी गर्न बैठक तय गर्नु।

भ्रमण संयन्त्र परिचालित गरी एकै स्थलमा धेरैचोटी भ्रमण गरिँदा बन्दीहरूको स्थितिको बारेमा कुनै पनि विशेष समस्याहरू वा गम्भीर अप्ठ्याराहरू फेला नपरेमा भ्रमणको सुरुको कुराकानीलाई औपचारिक सम्बन्धको पक्षहरूमा सीमित गर्न सकिन्छ ।

### ४.२. *अभिलेख पुस्तिका र अन्य दस्तावेजहरूको अध्ययन*

यस दफामा रजिस्टरलाई स्वतन्त्रताबाट वञ्चित भएका मानिसहरूको बारेमा र तिनीहरूको बसाइँ अवस्थाको बारेमा सूचनाको स्रोतको रूपमा मात्र बुझिएको छ । यदि भ्रमण धेरै लामो हुने भएमा सुरुमा रजिस्टरबाट जानकारी लिनु उपयोगी हुन्छ । आवश्यक भएमा भ्रमण अवधिमा रजिस्टरबाट प्राप्त सूचनाहरूको जाँच गरी प्रमाणित गर्न सकिन्छ ।

थुनास्थलका प्रकृतिको आधारमा धेरै किसिमका रजिस्टरहरू हुन सक्दछन् । ती मध्ये मूलतः निम्न तीन प्रकृतिका रजिस्टरहरू हुन सक्दछन् :

**स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूसँग सम्बन्धित रजिस्टर**

- बन्दीहरूको प्रकृति अनुरूप खडा गरिएको
- दर्ता र चलानी रजिस्टर
- अनुशासन मापनसम्बन्धी रजिस्टर
- चिकित्सासम्बन्धी रजिस्टर[१५]
- अन्य

**स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई उपलब्ध गराइने सामग्रीसम्बन्धी अभिलेख पुस्तिका**

- खाना, सरसफाई, कपडा, विछ्यौना र शैय्या आदि
- औषधि र औषधिसम्बन्धी सामग्री
- शैक्षिक, खेलकुद र फुर्सदको समयमा उपयोग गर्ने सामग्री
- अन्य

[१५] चिकित्सकीय गोपनीयताको नियमले गर्दा भ्रमण दलमा रहेका योग्य चिकित्सा कर्मीले मात्रै कुनै व्यक्तिको स्वास्थसम्बन्धी फाइलहरूको जाँच गर्न सक्दछन् ।

**बन्दीको दैनिकी सम्बन्धी सुविधा र घटना अभिलेख पुस्तिका**

- बल वा हतियारको प्रयोग
- खाना, काम, व्यायाम, शैक्षिक गतिविधि आदि जीवनपद्धतिसँग सम्बन्धित अभिलेख पुस्तिका
- घटनाहरूको अभिलेख पुस्तिका

परिस्थितिको पुनः संरचनाको लागि र बन्दीप्रति हुने दुर्व्यवहारपूर्ण आचरणको जिम्मेवारीको लागि माथि उल्लिखित अन्त्यका तीनओटा अभिलेख पुस्तिकाहरू विशेष रूपले महत्त्वपूर्ण हुन सक्दछन् । तैपनि आधिकारिक निकायले अक्सर गरेर भ्रमणकर्ताहरूलाई राम्रोसँग यी रजिस्टरहरू हेर्न र अध्ययन गर्न दिन अस्वीकार गर्दछन् ।

भ्रमणकर्ताहरूले कार्य सञ्चालन भैराखेको स्थलको राम्रो जानकारीका लागि निम्न लिखित महत्त्वपूर्ण अन्य दस्तावेजहरूको सहयोग लिन अनुरोध गर्नु पर्दछ ।

- आन्तरिक नियम
- कर्मचारी सूची
- कर्मचारीको कार्यतालिका र कार्यसूची

### *४.३. थुनास्थलको भ्रमण*

बन्दीगृहको पहिलो भ्रमण अवधिमा बन्दीहरूले प्रयोग गरेका र बन्दीहरूका लागि तयार पारिएका सम्पूर्ण क्षेत्रहरूको अवलोकन गर्नु विशेषतः महत्त्वपूर्ण हुन्छ । भ्रमण टोलीका सबै सदस्यहरू र बन्दीगृहका प्रमुख वा त्यस स्थलको निर्माण खाका र सेवा सञ्चालनको बारेमा उपयोगी सूचना दिनसक्ने अधिकारी भई संयुक्त रूपमा सम्पूर्ण सुविधाको सामान्य अवलोकन गर्नु पर्दछ । त्यस्तो सामान्य भ्रमण वा त्यसपछि गरिने भ्रमणपश्चात् प्रत्येकको आ-आफ्नै क्षेत्रको जिम्मेवारीको आधारमा भ्रमण टोलीलाई स-साना समूहमा विभाजन गरिन्छ ।

**थुनास्थलको भ्रमणले निम्न कुराहरू सम्भव बनाउँछ**

- थुनास्थलको दृश्यावलोकन गर्न र तिनीहरूको खाका बुझ्न । यो बुँदाको महत्त्वलाई उपेक्षा गर्नु हुँदैन । थुनास्थल निर्माण र पर्खाल जस्ता भौतिक सुरक्षा व्यवस्थाहरूले कैदीहरूको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्दछन् ।

- सानो कोठा, सुत्ने ठूलो कोठा, सामूहिक भोजनकक्ष, अध्ययन गर्ने र फुर्सदको समय बिताउने क्षेत्र, खेलकुद कक्ष, कार्यशाला, भ्रमणकर्ता भेट्ने कोठा जस्ता बन्दीको निवास स्थान तथा भान्छा कोठा, सफाई गर्ने र कपडा धुने ठाउँ जस्ता बन्दीहरूका लागि स्थापित विभिन्न सेवा सुविधाहरूको पहिचान गर्न ।
- थुनास्थलको परिस्थितिबाट पहिलो धारणा र मत प्राप्त गर्नु ।

सबै स्थलहरूको भ्रमण गर्नु आवश्यक भए पनि, कुनै स्थलको भ्रमणलाई प्राथमिकता दिनु पर्दछ । ती स्थलको भ्रमणले बन्दीप्रति गरिने सम्मानित व्यवहारको स्तर निर्धारण गर्न सकिन्छ । यिनीहरू निम्न अनुसार छन्:

- बन्दीलाई पहिले ल्याइने र त्यसपछि लगिने स्थान
- एकल कक्ष, अनुशासन कक्ष
- सरसफाईको सुविधा
- कोठा र शयन कक्षहरू

भ्रमण टोलीले बन्दीहरूले कस्तो स्थानलाई निकृष्ट स्थान मान्दछन् भन्ने कुरा सोधेर त्यस्ता स्थानहरूको भ्रमण गर्न सक्नेछ ।

केही थुना कक्ष वा क्षेत्रहरू भ्रमण टोलीको नजर पुग्न नसक्ने गरिरहेका हुन सक्छन् भन्ने तर्फ भ्रमण टोली सतर्क हुनु पर्दछ । टोलीले निजी कुराकानीका क्रममा त्यस्तो सूचनाको छड्के जाँच गर्नु पर्दछ । पूर्व कैदी वा विगतका भ्रमणकर्तासँग परामर्श लिन उपयोगी हुन्छ ।

आफ्नो भ्रमणको उद्देश्यमा नगर्ने भनी किटान गरिएमा बाहेक कर्मचारीहरूलाई उपलब्ध सुविधाहरूको सम्बन्धमा पनि भ्रमण कार्यले ध्यान दिनु पर्दछ ।

## ४.४. *स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूसँगको अन्तर्वार्ता*

### ४.४.१. सामान्य धारणा

स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूसँगको कुराकानीले थुना स्थितिबारे अभिलेख तयार गर्न आधार प्रदान गर्दछ । यो अत्यन्त संवेदनशील कार्य हो ।

प्रत्येक कुराकानीको सुरुमा भ्रमण टोलीका व्यक्तिहरूले व्यक्तिगत रूपमा वा समूहमा आफूलाई बन्दीहरू माझ परिचय गराउने र आफ्नो भ्रमण संयन्त्रबारे जानकारी दिई बन्दीहरूको विश्वास जित्न कोसिस गर्नु पर्दछ । भ्रमण टोलीले आफू किन त्यहाँ आएको हो, टोलीले के गर्न सक्दछ, के गर्न सक्दैन भन्ने जानकारी गराउनुका साथै बन्दीसँग भएको कुराकानी गोप्य रहने बताउनु पर्दछ ।

सम्पूर्ण महत्त्वपूर्ण तथ्यहरूलाई समावेश गरी तयार पारिएको तालिका वा प्रश्नावली सामूहिक एवं व्यक्तिगत कुराकानीको लागि अत्यन्त उपयोगी साधन हुन्छ (हेर्नुहोस् अनुसूची १ को चेकलिस्ट) । यति भएर पनि भ्रमणकर्ताले अन्तर्वार्तामा बन्दीहरूलाई सजिलो तवरले स्वेच्छिक विचारहरू व्यक्त गर्न समर्थ हुने गरी प्रशस्त मौका र स्थान दिनु पर्दछ ।

अति कठोर तवरले प्रयोग गरिएमा, प्रश्नावलीले उही बयानकै रूप लिने सम्भावना रहन्छ । वास्तवमा यस्ता तरिकाबाट मुक्त हुन सक्नु पर्दछ ।

भ्रमणकर्ताले आफ्ना कुरा स्पष्ट, सरल र बुझ्न सकिने तरिकाले व्यक्त गर्न सक्नु पर्दछ । आफ्ना व्यक्त धारणा वा प्रश्नले सम्बन्धित व्यक्तिले उपलब्ध गराउने जानकारीमा प्रभाव पार्ने किसिमको हुनु हुँदैन । भ्रमणकर्ताले पूर्व निश्चित उत्तर पाउने हिसाबले प्रश्नहरू गर्नु भन्दा खुला प्रकृतिका प्रश्न गर्नु पर्दछ ।

बन्दीहरूले बोल्ने भाषाको आधारमा भ्रमण दलमा एकजना भाषा अनुवादक लैजानु पर्ने हुन सक्दछ । अनुवादकको कामसँग भ्रमण दल शतर्क हुनुपर्दछ र त्यस्तो कार्यमा बिल्कुलै आवश्यक नभएसम्म स्थानीय व्यक्ति, बन्दीका सहपाठी वा परिवारका सदस्यहरू प्रयोग नगरी व्यावसायिक व्यक्तिको सहयोग लिनु पर्दछ । अनुवादकलाई गोपनीयताको सम्मान गर्न स्मरण गराउनु पर्दछ । निश्चित शब्दहरूको शब्दकोष अगाडि नै उपलब्ध गराइएमा भाषा अनुवादकलाई सजिलो हुन्छ । निजी अन्तर्वार्ताको लागि भ्रमण दलमा महिला र पुरुष दुवैको उपस्थिति विशेष महत्त्वपूर्ण हुन्छ । बलात्कार, यौन दुर्व्यवहार वा अन्य हिंसाको शिकार भएका पीडित महिला वा पुरुषले अभियोगका सम्बन्धमा आफ्नै लिङ्गका मानिससँग कुराकानी गर्न र प्रत्युत्तर दिन चाहन्छन् (खण्ड ४ को यातना र दुर्व्यवहार हेर्नुहोस्) ।

कतिपय परिस्थितिमा भ्रमणकर्ताले कुराकानी गर्न सीमित व्यक्तिहरूको चयन गर्नुपर्दछ। ती व्यक्तिहरूमा सम्भव भएसम्म विभिन्न किसिमका प्रतिनिधिहरू हुनुपर्दछ।

कर्मचारीले प्रस्तावित गरेका वा सम्पर्क गर्न खोज्ने बन्दीसँग मात्र कुराकानी गर्न नहुने कुरामा भ्रमणकर्ताहरू होशियार रहनु पर्दछ।

भरपर्दा सूचना संकलन गर्नका लागि बन्दीहरू र कर्मचारीहरूबीच चल्ने कुराकानीलाई पनि महत्त्व दिन आवश्यक हुन्छ।

### ४.४.२. सामूहिक कुराकानी

सामूहिक कुराकानीले भ्रमण दललाई धेरै बन्दीहरूसँग सम्पर्कमा रहन मद्दत गर्दछ। तर यसले अधिकांश संवेदनशील घटना र तथ्यहरू समेटने सम्भावना भने कम रहन्छ। सामूहिक कुराकानी गर्दा साझा समस्या पहिचान गर्न, बन्दीका अनौपचारिक नेताको पहिचान गर्नका साथै उनीहरूको मनस्थिति तथा संस्कारको बारेमा ज्ञान लिई कुन बन्दीलाई छुट्टै अन्तर्वार्ता लिनुपर्ने हो सो पहिचान गर्न सजिलो हुन्छ।

सामूहिक छलफल एवं कुराकानी कति लामो हुने भन्ने बारेमा पहिल्यै निश्चिय गर्नुपर्दछ। खुला प्रश्नबाट छलफल सुरु गर्नु उपयुक्त हुन्छ ता कि उपस्थित व्यक्तिका भनाइले उनीहरूले के कुरालाई मुख्य समस्या मानेका छन् भन्ने संकेत गर्दछन् (अर्थात साहसिक भई आफ्ना कुरा राख्नेले निजका वास्तविक धारणा व्यक्त गर्दछन्)।

प्रथम भ्रमणपछि गरिने भ्रमणहरूमा, पहिचान भएका मुख्य बुँदाहरूबारे सूचना प्राप्त गर्ने उद्देश्यले कुराकानी बढी निर्देशित हुनुपर्दछ। शंकास्पद वा विरोधाभाषपूर्ण सूचनाहरू प्राप्त भएमा त्यसलाई अन्य स्रोतबाट उपलब्ध सूचनासँग तुलना गरेर र आफ्नै वस्तुगत अवलोकनबाट वास्तविकताको निर्क्यौल गर्न सकिन्छ।

### ४.४.३. व्यक्तिगत कुराकानी

प्रथमतः व्यक्तिगत कुराकानी भन्नु स्वतन्त्रताबाट वञ्चित भई असाधारण अवस्थामा (बाह्य समाजको मूल्य बाहिर) रहेको व्यक्तिसँग भेट्नु हो। उक्त व्यक्तिसँग यस्तो जीवन कथा हुन्छ जसलाई किन ऊ बन्दी भयो भन्ने कुराहरूमा मात्र सीमित गर्न सकिँदैन।

यो स्वभाविक तथ्य अक्सर गरेर आधिकारिक निकायहरू र कहिलेकाहीँ बाह्य पात्रहरू दुवैबाट उपेक्षित हुन्छ ।

कुराकानीको स्थलले यसले स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको भावनामा प्रभाव पार्ने हुनाले यस्तो स्थलको छनोट महत्त्वपूर्ण हुन्छ । बन्दीको नजरमा भ्रमणकर्ता र कर्मचारीबीच भिन्नता नदेखिने स्थान (जस्तै प्रशासनिक कार्यालय) छान्नु हुँदैन । अधिकारीले छनोट गरेको र तोकेको स्थानमा अन्तर्वार्ता लिन भ्रमण टोलीलाई बाध्य पारिनु हुँदैन । यसका लागि बन्दीहरूको बासस्थान (सानो कोठा, सुत्ने ठूलो कोठा, भ्रमणकर्ता भेट्ने कोठा, आँगन कक्ष, पुस्तकालय) सम्भावित स्थान हुनसक्छन् । भ्रमणकर्ताहरूले गोप्य कुराकानी गर्न बढी सुरक्षित ठान्ने स्थानको पहिचान गर्न कोसिस गर्नुपर्दछ । जोसँग कुराकानी गरिनु पर्ने हो उसको विचारलाई समेत मनन् गर्नु पर्दछ ।

प्रहरी चौकीमा भने स्थानको छनोट सीमित हुन सक्दछ । निजी कुराकानी गर्दा कर्मचारीले नसुन्ने गरी गर्नै पर्दछ, तर सधैं ती अधिकारीहरूको नजरबाट टाढा रहन भने सम्भव नहुन पनि सक्दछ । भ्रमणकर्ताले तिनीहरूको विवेक प्रयोग गर्नु पर्दछ ।

### सुरक्षाको सोच

भ्रमणकर्ताको व्यक्तिगत सुरक्षाका लागि कर्मचारीले प्रस्ताव गरेका प्रतिबन्धलाई सावधानीपूर्वक मनन् गर्नु पर्दछ तर त्यस्तो प्रभावलाई अनुसरण गर्ने वा नगर्ने निर्णय गर्ने अन्तिम जिम्मेवारी भ्रमण दलमा नै निहित हुन्छ । भ्रमण संयन्त्रले यस्तो प्रणालीबारे पहिले नै समझदारी बनाउनु पर्दछ ।

### अन्तर्वार्ता सञ्चालन

एउटाले छलफल र वार्तालाप गर्ने र अर्कोले टिपोट गर्ने गरी एक वा दुई भ्रमणकर्ताले कुराकानीमा भाग लिन सक्दछन् । जब स्वतन्त्रताबाट वञ्चित व्यक्तिको जित भएको भान उनीहरूलाई हुन्छ, यसले कुराकानी गर्ने प्रमुख व्यक्तिलाई कुराकानीमा झन् बढी केन्दित हुन सहयोग गर्दछ, तथापि, यो कुरा बन्दीसँग स्पष्ट पारिनु पर्दछ ।

बन्दीको विश्वास जित्नु महत्त्वपूर्ण हुन्छ । अन्तर्वार्ताको सुरुआतमा भ्रमणकर्ताले आफ्नो परिचय दिनु पर्दछ, भ्रमण टोली किन उपस्थित भएको हो भन्ने साथै टोलीले गर्न सक्ने

नसक्ने कुराहरू र टोलीसँग भएको कुराकानी गोप्य रहने आदि बारेमा स्पष्ट व्याख्या गर्नुपर्दछ ।

भ्रमणकर्ताले धैर्य धारण गर्न पनि तयार रहनु पर्दछ । लामो समयसम्म थुनामा रहेका कारण समय गणना बिर्सेका, दिग्भ्रमित अवस्थामा रहेका वा भावुक अवस्थामा रहेका जस्ता कारण बन्दीका कथनहरू अलमल पार्ने खालका अस्पष्ट हुन सक्छन् ।

निजी कुराकानीलाई आवश्यक सूचना प्राप्त गर्ने, बन्दीको आवश्यकताको सम्मान गर्ने र उपलब्ध समयको सदुपयोग गर्ने गरी भ्रमण व्यवस्थित गर्नु पर्दछ ।

**निम्न लिखित विषयबीच सन्तुलन स्थापना गर्ने कुरा महत्त्वपूर्ण हुन्छ**

- बन्दीगृहको अवस्थाबारे सूचना संकलन गर्नुपर्ने भ्रमणकर्ताको आवश्यकता र आफ्ना धारणा व्यक्त गर्ने बन्दीहरूका आवश्यकता । बयान लिए जस्तो लाग्ने सबै किसिमका प्रश्नहरूबाट मुक्त हुनु पर्दछ ।
- बन्दीप्रति राख्नु पर्ने सद्भाव र भ्रमण सफल पार्न भ्रमणकर्ताले राख्नु पर्ने आवश्यक भावनात्मक दूरी । यी दुईबीचको सन्तुलन स्वतन्त्रताबाट वञ्चित व्यक्तिको भावनात्मक अवस्थामा पनि निर्भर गर्दछ ।
- पहिले नै निर्धारित समयावधिको आधारमा बन्दीले आफ्नो कुरा राख्नु पर्ने आवश्यकताका लागि आवश्यक पर्ने तथा भ्रमण टोलीले सूचना प्राप्त गर्न आवश्यक समयबीचको बाँडफाँट ।

**यातना दिइएको बताउने व्यक्तिसँग लिइने अन्तर्वार्ता** अत्यान्तै नाजुक प्रक्रिया हो । थुनामा रहेका त्यस्ता व्यक्तिसँग वार्तालाप गर्दा विशेष सावधानीको आवश्यकता पर्दछ । त्यस विषयमा खास अध्ययन सामग्रीहरू उपलब्ध छन् जसको अध्ययन भ्रमणकर्ताले गर्न सक्नेछन् र ती सामग्रीहरूलाई तालिमका लागि समेत प्रयोग गन सकिन्छ ।

- Giffard, Camille, *The Torture Reporting Handbook - How to document and respond to allegations of torture within the*

*international system for the protection of human rights,* Human Rights Centre, University of Essex, United Kingdom, 2000, Part II - Documenting allegations, pp. 29-51;

- संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालय, व्यावसायिक तालिम शृङ्खला नम्बर ८, यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी प्रभावकारी अनुसन्धान र अभिलेखीकरण सम्बन्धी इस्तानबुल आलेखमा आधारित हाते पुस्तिकाको अध्याय ४, अन्तर्वार्तासम्बन्धी अवधारणा, न्यूयोर्क, जेनेभा, २००१ ।

उपरोक्त प्रकाशनहरू के कसरी प्राप्त गर्ने र उपलब्ध भएका भाषाहरू के के छन् भन्नेबारे अनुसूची छ हेर्नुहोस् ।

### ४.४.४. स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई थुनामा राख्ने जिम्मा पाएका अधिकारीसँगको कुराकानी

कर्मचारीहरूलाई दुई समूहमा विभाजन गर्न सकिन्छ, बन्दीहरूको क्रियाकलापमा निगरानी राख्ने कर्मचारी र बन्दीहरूको खाना, औषधि वा सामाजिक रेखदेख, शिक्षा, काम आदि सेवाहरू पुऱ्याउने जिम्मेवारी तोकिएका कर्मचारी । दोस्रो समूहका कर्मचारीहरूसँग बन्दी अवस्थाको परीक्षण गर्ने शिलशिलामा नै कुराकानी गर्न सकिन्छ ।

निगरानी राख्ने कर्मचारीहरूसँग संस्थागत संरचना र तिनीहरूले सम्पादन गर्ने कार्य प्रकृतिको कारणले गर्दा कुराकानी गर्न अक्सर कठिन हुने गर्दछ ।

तथापि, त्यस्ता निगरानी राख्ने कर्मचारीहरू स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको जीवनको एउटा महत्त्वपूर्ण अङ्ग हुन्छन् । तसर्थ भ्रमण दलले तिनीहरूसँग कुराकानीको लागि व्यवस्था गर्नु पर्दछ र तिनीहरू समक्ष कारणसहित आफ्नो कार्यादेश व्याख्या गर्ने, तिनीहरूको विचार सुन्ने र तिनीहरूले उठाएका प्रश्नहरूलाई सम्बोधन गर्नु महत्त्वपूर्ण हुन्छ । यसो गर्नाले भ्रमण संयन्त्रलाई आफूले पछि गर्ने कार्यको लागि राम्रो आधार खडा गर्नेछ ।

कर्मचारीहरूले गोप्य कुराकानीको लागि अनुरोध गरेमा अन्य व्यक्तिहरूले नसुन्ने तथा नदेख्ने गरी भ्रमण दलले उनीहरूसँग निजी र व्यक्तिगत कुराकानी आयोजना गर्न सक्नेछन् ।

### *४.५. निर्देशकसँगको अन्तिम कुराकानी*

संस्थाको प्रमुखसँग कुराकानी गरी औपचारिक रूपमा भ्रमणको अन्त्य गर्नु महत्त्वपूर्ण हुन्छ । यस्तो कुराकानीको तयारी गरिनु पर्दछ र सम्पूर्ण भ्रमण दलका सदस्यहरू पहिले नै आपसमा भेटेर, कुन कुन सूचना प्रवाह गर्ने हो सो विषयमा तय गर्नु पर्दछ । भ्रमणको अन्त्यमा सूचनाका मुख्य बुँदाहरू बारे अधिकारीहरूसँग छलफल गर्नु पर्दछ ।

भ्रमणस्थलमा खटिएका कर्मचारीसँग रचनात्मक र तार्किक संवाद स्थापना गर्नु महत्त्वपूर्ण हुन्छ ता कि ती अधिकारीहरू भ्रमणको परिणामबारे शीघ्र रूपमा सूचित हुन सकुन । पहिचान भएका विशेष कुराहरू र तथ्यहरूको सारलाई संवाहन गर्नु नै अन्तिम चरणको कुराकानीको उद्देश्य हुन्छ । यातनाको रोकथाम वा अन्य किसिमका दुर्व्यवहार जस्ता अति आवश्यक कुराहरू तत्कालै उठाउनु पर्दछ । गम्भीर उल्लंघनहरू पाइएका अवस्थामा, सूचना प्रदान गर्ने व्यक्तिहरू प्रतिशोधको जोखिममा नपरुन् भन्नका लागि माथिल्ला निकायहरूमा यी विषयहरू सूचीत गरिनु पर्दछ । अनावश्यक रूपमा खटिएका कर्मचारीसँगको कार्यगत सम्बन्ध नबिग्रने गरी गम्भीर प्रकृतिका घटनाको हकमा मात्रै यो रणनीति अख्तियार गर्नुपर्दछ ।

कुनै विशिष्ट समस्याहरू सामना गर्नु नपरेमा निर्देशकसँगको अन्तिम चरणको कुराकानी बढी औपचारिक वा सामान्य प्रकृतिको हुन्छ ।

## ५. फलोअप भ्रमण

भ्रमण आफैँमा अन्तिम हुँदैन । यो त केवल स्वतन्त्रताबाट वञ्चित बन्दीहरूको स्थिति र तिनीहरूप्रति गरिने व्यवहारमा सुधार गर्ने उद्देश्यले लक्षित प्रक्रियाको थालनी मात्रै हो । यदि अन्य थप भ्रमण छैनन् भने फलोअप भ्रमणको चरण महत्त्वपूर्ण हुन्छ । भ्रमण लगत्तै बन्दीगृहको अवस्थामा सुधार गर्न सिफारिशहरू सहित प्रमुख अधिकारीलाई सम्बोधन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । यी सिफारिशहरूको कार्यान्वयनलाई समेत नजिकबाट अनुगमन गर्नु पर्दछ ।

### *५.१. आन्तरिक फलोअप कार्य*

नियमित रूपमा भ्रमण गरिने थुनास्थलको स्थितिमा समयानुकूल परिवर्तनको अनुगमन गर्न सक्षम हुनका लागि भ्रमण संयन्त्रले सन्दर्भ बुँदा वा सूचकहरू पहिचान गर्न सक्षम

हुनुपर्दछ । यसको अर्थ भ्रमण दलले संकलन गरेका सूचनाहरूलाई आवश्यक परेको बखत प्रभावकारी र छरितो ढंगले विश्लेषण, व्यवस्थापन र दाखिला गर्नुपर्दछ । विश्लेषण वा दाखिला नगरिएका सूचनाहरू नष्ट भए सरह हुन्छन् ।

अनुसूची २ मा उल्लिखित ढाँचामा भ्रमण दलले भ्रमणसम्बन्धी आन्तरिक टिपोट तयार गर्न सिफारिश गरिन्छ । यी टिपोटहरूमा भ्रमणबारे लिखित चित्रण रहेको हुन्छ जसले भ्रमण गर्ने निकायको संस्थागत सम्झनाको लागि योगदान गर्दछ । साथै आगामी भ्रमणको तयारीको लागि पनि तिनीहरू अत्यावश्यक हुन्छन् ।

**यी आन्तरिक टिपोटमा समावेश हुन सक्ने कुराहरू**

- भ्रमणस्थल र भ्रमणको प्रकृतिको बारेमा सामान्य जानकारी
- संरचनासम्बन्धी तथ्याङ्क
- भ्रमण अवधिमा प्राप्त मुख्य सूचनाहरू, पहिचान भएका मुख्य समस्याहरू, गरिनु पर्ने कार्यहरू, अर्को भ्रमणमा जाँच गर्नुपर्ने बुँदाहरू

निम्न कुराहरूका आधारमा भ्रमण संयन्त्रले भ्रमण अवधिमा प्राप्त सूचनाहरू जाँच गर्न तथा त्यस्ता सूचनाहरूलाई पूर्णता दिन पनि सक्नेछन्:

- माथिल्ला निकायहरू
- बन्दीगृहको जिम्मेवारी तोकिएका बाहेक राज्यका अन्य सेवाहरू (जस्तै, स्वास्थ्य मन्त्रालय)
- वकिल र बन्दी स्थलभित्र वा सँगैका नागरिक सामाजिक संस्थाहरू जस्ता अन्य पात्रहरू
- अन्य भ्रमण संयन्त्रका प्रतिवेदनहरू
- रिहा भैसकेका बन्दीहरू र स्वतन्त्रताबाट वञ्चित व्यक्तिका परिवारहरू
- अन्य बन्दीगृहमा भेटिएका स्थानान्तरित बन्दीहरू

### *५.२. थुनास्थलको अवस्था अनुगमनसम्बन्धी प्रतिवेदन लेखन*

बन्दीहरूको संरक्षण गर्न तिनीहरूको स्थितिमा सुधार ल्याउन भ्रमण निकायका लागि उपलब्ध साधनहरूमध्ये सायद प्रतिवेदन सबभन्दा महत्त्वपूर्ण हो । तसर्थ, भ्रमण निकायलाई आधार प्रदान गर्ने विभिन्न कानुनी दस्तावेज वा सम्झौताहरूले स्पष्ट रूपमा भ्रमण

निकायलाई प्रतिवेदन बनाउने, सुधारका लागि उपायहरू सुझाउने तथा थुनामा राख्ने अधिकारीहरूलाई सुझाव उपर विचार गराउने र उनीहरूसँग वार्ता गर्ने भ्रमण टोलीको अधिकारबारे उल्लेख गरेका हुन्छन् ।

विभिन्न उद्देश्य र वार्ताकार हेरी भिन्ना भिन्नै किसिमका प्रतिवेदनहरू तयार गरिएका हुन्छन् । भ्रमण टोलीले प्रतिवेदन र फलोअपका लागि आ-आफ्नै रणनीति तय गर्नु पर्दछ । भ्रमण टोलीले प्रत्येक भ्रमणको बेग्लै प्रतिवेदन तयार गर्ने वा विभिन्न भ्रमणहरूको समष्टिगत प्रतिवेदन तयार गर्ने भन्ने निर्णय पनि गर्न सक्दछन् ।

### ५.२.१. भ्रमण प्रतिवेदन लेखन

थुनास्थल भ्रमण नतिजासम्बन्धी जानकारी भ्रमण संयन्त्रले थुनाको जिम्मा लिएका निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्दछ । सो जानकारी लिखित रूपमा उपलब्ध गराउन जोडदार सिफारिश गरिन्छ । मौखिक जनकारी दिने कार्यलाई भ्रमण संयन्त्रहरूले सम्बन्धित निकायहरूसँग कायम गर्ने आवधिक सम्पर्कहरूमा मात्र सीमित गर्नु पर्दछ ।

एक थुनास्थलमा गरिएको एउटा भ्रमणको प्रतिवेदनले भ्रमणमा उठेका मुख्य विषय र तथ्यहरू तथा निर्देशकसँग भएको अन्तिम चरणको कुराकानीमा उठेका विषय वस्तुलाई समेट्नु पर्दछ । त्यस्ता भ्रमण प्रतिवेदन तुलनात्मक रूपले छोटा हुन सक्दछन् र भ्रमण लगत्तै ती प्रतिवेदनहरू उपलब्ध गराउनु पर्दछ । त्यस्ता प्रतिवेदनमा सीधै भ्रमण गरिएका निकायलाई सम्बोधन गर्नु पर्दछ, किनकी ती निकाय नै समस्याको समाधान खोज्न र सिफारिशहरू कार्यान्वयन गर्न जिम्मेवार हुन्छन् । यसो गर्नाले औपचारिक लिखित पृष्ठपोषण सहित ती निकायहरूलाई पुनर्वल प्रदान गर्दछ ।

प्रत्येक भ्रमणको लिखित प्रतिवेदन तत्कालै सम्बन्धित निकायमा दिन आवश्यक छैन भन्ने सम्बन्धमा भ्रमण संयन्त्रले विचार गर्न सक्दछन् । भ्रमण टोलीले टिपोट गरेका समस्याहरू महत्त्वका आधारमा घटनाको परिस्थिति हेरी प्रतिवेदनहरू मार्फत अधिकार सम्पन्न निकायलाई उपलब्ध गराउनु पर्दछ ।

**भ्रमण प्रतिवेदनमा निम्न सूचनाहरू रहनु पर्दछ**

- भ्रमण दलको बनावट र भ्रमण मिति एवं समय
- भ्रमण गर्नुका निश्चित उद्देश्य
- सूचना संकलन तथा जाँच गर्ने तरिका

**थुनास्थल अवस्थाको प्रस्तुति**

खण्ड ४ मा तोकिएका निम्न लिखित विषयहरूका आधारमा प्रतिवेदनले प्राथमिक चासो प्रस्तुत गर्नु पर्दछ :

- व्यवहार
- संरक्षणको तरिका
- भौतिक अवस्था
- कार्यसम्पादन शैली र गतिविधि
- स्वास्थ्य सेवा
- कर्मचारी

सकारात्मक पक्षहरूलाई उल्लेख गर्न उचित भए पनि थुनामा पर्याप्त रूपमा रहेका थुनाअवस्थाका पक्षहरूमा विस्तारमा चर्चा गर्न आवश्यक छैन ।

समस्याका आधारमा प्राथमिकता निर्धारण भने गर्नु पर्दछ :

- अति गम्भीर समस्याहरूमा जोड
- अन्य समस्याहरू जन्माउने मुख्य समस्याहरूमा जोड

यातना, दुर्व्यवहार वा भ्रमणकर्ताले नदेखेका अन्य अवस्थाहरूबारे प्रतिवेदन गर्नुपर्दा धेरै सावधानी अपनाउनु पर्दछ । प्रयोग गरिएका शब्दावलीले 'कथित' वा 'भनिएको' र 'हो/छ' भन्ने शब्दावली बीचको अन्तर छुटयाउन सक्ने हुनुपर्दछ । यस्तो प्रतिवेदनको उद्देश्य भनेको अधिकार सम्पन्न निकायलाई अनुन्धान गर्न र प्रतिक्रिया जनाउन भन्नु हो ।

बन्दीहरूको व्यक्तिगत विवरणहरूलाई निजहरूको मञ्जुरीमा मात्रै व्यक्त गर्ने एवं भ्रमण गर्ने निकायको प्रतिवेदनले त्यस्ता व्यक्तिलाई कुनै पनि किसिमको खतरा नपर्ने अवस्था अनिवार्य रूपमा सुनिश्चित गर्नु पर्दछ ।

**सुझाव**

उपयुक्त स्तरको निकायलाई सम्बोधन गरी सिफारिश गर्नु महत्त्वपूर्ण हुन्छ । भ्रमण प्रतिवेदनमा उल्लिखित परिवर्तनहरू गर्न र सिफारिशहरू कार्यान्वयन गर्नसक्ने अधिकार सम्पन्न थुना निकायका अधिकारीलाई सोझै सम्बोधन गरी सिफारिशहरू गर्नु पर्दछ । यदि सुझाव कार्यान्वयनमा बाधा पुग्ने मूलभूत कारणहरू अन्यत्र कतै रहेका छन् भने समस्यालाई भिन्न तहमा भिन्नै प्रतिवेदनमार्फत सम्बोधन गरिनु पर्दछ ।

अल्पकालीन, मध्यकालीन, तथा दिर्घकालीन रूपमा गर्न सकिने गरी प्रस्तावित संशोधनका उपाय वा सिफारिशमा समय सिमा समावेश गर्नु पर्दछ । अन्तिम समयसिमा व्यवहारिक हुनु पर्दछ र समस्याको प्रस्तुति तर्कसङ्गत हुनु पर्दछ ।

### ५.२.२ समष्टिगत प्रतिवेदन लेखन

भ्रमण निकायले आफ्ना भ्रमण प्रतिवेदनहरू बाहेक वा त्यसका सट्टामा विश्लेषणात्मक प्रतिवेदन र/वा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने निर्णय गर्न सक्नेछन् ।

### विश्लेषणात्मक प्रतिवेदन

तोकिएको समयमा गरिएका भ्रमण शृङ्खलापश्चात् प्रतिवेदनहरू तयार पार्ने सम्बन्धमा भ्रमण संयन्त्रले निर्णय लिन सक्दछन् । यस्तो रणनीतिले भ्रमण संयन्त्रलाई अनुगमनको अवधिमा उठेका विषयवस्तुलाई अझ विस्तृत र विश्लेषणात्मक तवरले ग्रहण गर्न समर्थ तुल्याउँछ । विशेष चासोको विषय वस्तुमा केन्द्रित हुनका लागि विषय केन्द्रित विधि अवलम्बन गर्न सकिन्छ ।

धेरै ठाउँहरूमा गरिएका भ्रमणहरूको विश्लेषणले समस्याहरूको दृष्टान्त तथा उल्लंघनका घटनाहरू पहिचान गर्न सहयोग गर्दछ । थुनास्थलका समस्याहरूका सम्पूर्ण मूल

कारणहरूलाई यसले उजागर गर्न पनि सक्दछ । यस्ता प्रतिवेदनका सिफारिशले थुनास्थल वा मन्त्रालयभन्दा बाहिर रहेका तर सुझाव कार्यान्वयन गर्नमा हस्तक्षेप गर्न सक्ने विभिन्न पक्षहरू (विधान, दण्ड सजाय नीति, कर्मचारी तालिमसम्बन्धी व्यवस्था) लाई समेत सम्बोधन गर्न सक्दछन् ।

विश्लेषणात्मक प्रतिवेदनहरू भ्रमण प्रतिवेदनका पूरक हुन सक्दछन् ।

**वार्षिक प्रतिवेदन**

भ्रमण संयन्त्रले आफ्ना अनुगमन गतिविधिहरूबाट वार्षिक प्रतिवेदन तयार गर्ने निर्णय पनि गर्न सक्दछन् । एउटा राष्ट्रिय निकायको वार्षिक प्रतिवेदनका अन्तर्वस्तुहरू अर्को निकायको प्रतिवेदनका अन्तर्वस्तुभन्दा फरक पनि हुन सक्दछन् । विभिन्न भ्रमण स्थालमा पाइएका र सिफारिश गरिएका तथ्यहरूलाई विस्तृत रूपमा प्रस्तुत गरिएको भ्रमण प्रतिवेदनको संकलित रूप नै वार्षिक प्रतिवेदन हुन सक्दछ । वार्षिक प्रतिवेदनमा वर्षभरीमा पहिचान भएका मुख्य विषय वस्तुहरूलाई अझ बढी विश्लेषण र रेखाङ्कन गरिएको हुन्छ । वार्षिक प्रतिवेदन एक वा सीमित संख्याका विशेष महत्त्वका शीर्षकजन्य मुख्य विषय वस्तुहरूमा केन्द्रित हुन सक्दछन् र त्यसमा सान्दर्भिक सिफारिशहरूको प्रस्ताव हुन्छ ।

यातना महासन्धिको ऐच्छिक आलेखको अधिनमा रही, राष्ट्रिय निरोध संयन्त्रहरूलाई वार्षिक प्रतिवेदन प्रस्तुत गर्न आग्रह गरिन्छ र राज्य पक्षले त्यसको प्रकाशन तथा प्रचार गर्नु जरुरी हुन्छ । वार्षिक प्रतिवेदनमा अनुगमन गतिविधिको सामान्य सूचनाहरू मात्रै हुने वा भ्रमण प्रतिवेदनहरू र सिफारिशहरू समेत समावेश हुने सो कुरा राष्ट्रिय संयन्त्रले आफैँ निर्णय गर्ने गर्दछन् ।

## ५.२.३. समष्टिगत प्रतिवेदनको प्रचार

समष्टिगत प्रतिवेदनले अधिकारीहरूलाई मात्र सम्बोधन गर्ने होइन । वार्षिक र विश्लेषणात्मक प्रतिवेदनहरू सर्वसाधारण एवं समर्थन गर्ने र सिफारिशहरूको कार्यान्वयन अनुगमन कार्यमा प्रभाव पार्न सक्ने संसद तथा नागरिक समाजका संस्थाहरू जस्ता अन्य पात्रहरूलाई समेत उपलब्ध गराउन आवश्यक हुन्छ ।

अनुगमन निकायको सञ्चार रणनीतिअनुसार प्रतिवेदन वा यसको सारतत्व मिडियामा पठाउन सकिन्छ ।

त्यस्ता प्रतिवेदनहरू भविष्यमा गोप्य तरिकाले वा कुनै गोपनीयताका सिमा विना ऐच्छिक आलेखअन्तर्गत गठन हुने उप-समितिहरूलाई पनि उपलब्ध गराउन सकिन्छ । प्रतिवेदनहरू अन्य अन्तर्राष्ट्रिय निकायहरूका लागि पनि उपयोगी सूचनाको स्रोत हुनेछन् । त्यस्ता अन्तर्राष्ट्रिय निकायहरूमा सिपिटि, अन्तर-अमेरिकी मानवअधिकार आयोग, अफ्रिकाको कारागार तथा थुनास्थल अवस्थासम्बन्धी विशेष प्रतिवेदकका साथै यातना समिति तथा यातना विषयका विशेष प्रतिवेदक समेत पर्दछन् (हेर्नुहोस् भाग २ बुँदा ४ समन्वय) ।

### *५.३. सिफारिश कार्यान्वयनको अनुगमन*

भ्रमण प्रतिवेदन वा समष्टिगत प्रतिवेदन अन्य पक्षहरूलाई उपलब्ध गराएपछि तिनीहरूको प्रतिक्रियालाई नजिकबाट अनुगमन गर्नु महत्त्वपूर्ण हुन्छ । प्रतिवेदनमा प्रतिक्रिया दिनु आधिकारिक निकायको दायित्व हो ।

तसर्थ आलोचना गरिएका र सुधारका निम्ति सुझाव गरिएका बुँदाहरूमा आधिकारिक निकायका प्रतिक्रिया पाउन उपयुक्त समय पर्खनु पर्दछ । आधिकारिक निकायले ती सिफारिश र तिनीहरूको कार्यान्वयन सम्बन्धमा भ्रमण संयन्त्रसँग छलफल गर्नु पर्दछ ।

आधिकारिक निकायको निश्चित जवाफ र सामान्य प्रतिक्रियाले आन्तरिक भ्रमण संयन्त्रको कार्यक्रमलाई व्यवस्थित गर्न सहयोग पुग्दछ । अधिकारीहरूबाट व्यक्त प्रतिक्रिया र सुझाव कार्यान्वयनमा देखाइएको प्रतिबद्धता कार्यान्वयन भएको छ छैन सोको परीक्षण भ्रमण संयन्त्रले आफ्ना फलोअप भ्रमणबाट गर्न सक्दछन् ।

सम्बन्धित निकायले प्रतिवेदन प्राप्त गरेपछि प्रतिवेदनमा उल्लिखित सिफारिशहरू कार्यान्वयन गर्न तथा त्यस सम्बन्धमा आवश्यक कदम चाल्न अनिच्छा देखाएको अवस्थामा पनि भ्रमण निकायले आफ्नो अनुगमन कार्यलाई निरन्तरता दिनुपर्दछ । अधिकारीहरूलाई दबाब दिन सांसदहरू, नागरिक समाज, मिडिया र अन्तर्राष्ट्रिय संस्थाहरू जस्ता अन्य संघसंस्थासँगको सम्बन्धका रणनीतिहरू अवलम्बन गर्नु पर्दछ ।

## *५.४. अनुगमन प्रक्रिया बाहिरको फलोअप कारवाही*

भ्रमण दलले थुनास्थलको भ्रमण गर्दा विभिन्न खालका समस्या र आवश्यकताहरूको सामना गर्नु पर्दछ। कानुनी वा मानवीय सहायता उपलब्ध गराइदिने वा पारिवारिक सदस्यहरूसँग सम्पर्क स्थापित गराइदिने जस्ता धेरै किसिमका आग्रह भ्रमणकर्ताहरूलाई हुने गर्दछन्। यस्ता आग्रह हुँदा कसरी प्रस्तुत हुने र भूठा आकांक्षाहरू नउठुन भन्ने विषयमा भ्रमण टोलीले आपसी छलफल गरी नीति निर्धारण गर्नु अति आवश्यक छ।

आफ्नो निगरानीमा रहेका व्यक्तिहरूको आवश्यकता पूर्ति भएको सुनिश्चित गर्नु थुनामा राख्ने निकायको दायित्व हो। यो दायित्व कुन हदसम्म निभाइएको छ, यसमा के समस्या छन सोको पहिचान गरी उपयुक्त सुझाव पेश गर्नु भ्रमण संयन्त्रको प्राथमिक कार्य हो।

यसो भए तापनि आफ्नो देशको ठोस आवश्यकता र सीमितताका कारण कतिपय राष्ट्रिय भ्रमण संयन्त्रहरूले स्पष्ट रूपमा तोकिएका अनुगमन तथा त्यसको रिपोर्टिङका कार्यभन्दा पनि केही बढी काम समेत गर्नुपर्ने हुन्छ। केहीले भ्रमणका क्रममा देखिएका केही समस्या निराकरण गर्न कानुनी सहयोग उपलब्ध गराउँछन्, केहीले मानवीय सहयोग उपलब्ध गराउँछन् र केहीले कर्मचारी वा बन्दीलाई तालिमको व्यवस्था मिलाउँछन्।

केही राष्ट्रहरूमा भ्रमण निकायको फलोअप कार्यक्रम राष्ट्रिय कानून र विधान संशोधनमा भाग लिनेसम्म विस्तारित हुन्छ। ऐच्छिक आलेखले राष्ट्रिय भ्रमण संयन्त्रलाई "विद्यमान वा मस्यौदा कानुनी दस्तावेजहरूका सम्बन्धमा आफ्ना विचार र प्रस्ताव पेश गर्न सक्ने कार्यादेश प्राप्त हुनु पर्ने" स्पष्ट प्रावधान राखेको छ।

केही राष्ट्रिय भ्रमण संयन्त्रहरू, विशेषगरी राष्ट्रिय मानवअधिकार निकायलाई अर्धन्यायीक अधिकार प्राप्त हुन्छ। तिनीहरूले उजुरी लिने कामको अलावा उजुरी सम्बन्धमा अनुसन्धान गर्ने र अदालतमा मुद्दा दायर गर्ने काम पनि गर्दछन्। केही भ्रमण निकायहरूले बन्दी रिहाको आदेश पनि दिने र/वा अधिकार उल्लंघन भएका व्यक्तिहरूलाई क्षतिपूर्ति दिलाउन समेत सक्दछन्।

## सन्दर्भ सामग्री

United Nations, Office of the High Commissioner for Human Rights, *Professional Training Series no. 7, Training Manual on Human Rights Monitoring*, New York, Geneva, 2001. (Chapter IX: Visits to persons in detention)

Giffard, Camille, *The Torture Reporting Handboo - How to document and respond to allegations of torture within the international system for the protection of human rights*, Human Rights Centre, University of Essex, United Kingdom, 2000.

United Nations Office of the High Commissioner for Human Rights, Professional Training Series no. 8, *Istanbul Protocol, Manual on the Effective investigation and Documentation of Torture and Other Cruel, Inhuman of Degrading Treatment or Punishment*, New York, Geneva, 2001.

APT/OSCE – ODIHR, *Monitoring places of detention: A practical guide for NGOs*, Geneva, 2002.

## मूल्यांकन गरिनु पर्ने विषयहरू

**व्यवहार**

- यातना तथा दुर्व्यवहार
- एकल थुना
- नियन्त्रणमा राख्ने उपायहरू
- बल प्रयोग

**संरक्षण उपाय**

- निरीक्षण
- उजुरी कार्यविधि
- अनुशासन कार्यविधि
- थुना अभिलेख पुस्तिका
- विभिन्न वर्गका थुनुवाहरूलाई छुटयाएर राख्ने काम

**भौतिक अवस्था**

- खाना
- प्रकाश तथा हावाको उपलब्धता
- व्यक्तिगत स्वास्थ्य
- सरसफाई सुविधा
- लत्ता कपडा तथा विछयौना
- खचाखचको अवस्था तथा बासस्थान

**थुना व्यवस्था तथा गतिविधि**

- परिवारजन तथा साथीभाइसँगको सम्पर्क
- बाहिरी संसारसँगको सम्पर्क
- घर बाहिर गरिने अभ्यास
- शिक्षा
- फुर्सदमा गरिने क्रियाकलाप
- धर्म
- काम

**औषधि उपचार सुविधा**

- औषधि उपचारमा पहुँच
- महिला तथा बालबालिका निम्ति विशेष स्वास्थ्य सेवा
- मानसिक विरामीहरूका लागि विशेष स्वस्थ्य सुविधा
- सरुवा रोग
- स्वस्थ्य कर्मचारी

**कारागार कर्मचारी**

- सामान्य अवस्था
- कर्मचारीको तालिम

# खण्ड - चार

## थुनाको कुन पक्षको जाँच गर्ने

१ व्यावहार

२ संरक्षण उपाय

३ भौतिक अवस्था

४ थुना व्यवस्था र क्रियाकलाप

५ औषधि उपचार सेवाहरू

६ कर्मचारी

७ प्रहरी थुना

१

## स्तरीयताको लागि सङ्क्षिप्त सूची

**एसिएचपिआर (ACHPR):** मानव र जनताका अधिकारसम्बन्धी अफ्रिकन वडापत्र २७ जुन १९८१ मा अफ्रिकन एकता संगठनद्वारा ग्रहण ।

**एसिपिआर (ACPR):** बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन वडापत्र, विन्ड-हक, नामिवियामा २००१ डिसेम्बर ४-७ मा भएको मध्य, पुर्वी र दक्षिणी अफ्रिकन सुधारात्मक सेवा प्रमुखहरूको पाचौँ सभाको बैठकद्वारा ग्रहण गरिएको मसौदा ।[१६]

**बिपिपि (BPP):** कुनै पनि प्रकारको थुना र कैदमा सबै व्यक्तिलाई संरक्षण प्रदान गर्ने सिद्धान्तहरूको स्वरूप सन् १९८८ डिसेम्बर ९ मा संयुक्त राष्ट्रसंघद्वारा अनुमोदित प्रस्ताव नं. ४३/१७३

**बिपिटिडि (BPTD):** बन्दीहरू उपर गरिने व्यवहारसम्बन्धी आधारभूत सिद्धान्त-सन १९९० डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघीय माहासभाद्वारा ग्रहण गरिएको प्रस्ताव नं. ४५/१११

**सिपिटि जिआर २ (CPT GRT 2):** सन् १९९१ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिको सिपिटिको गतिविधि समेट्ने दोस्रो साधारण प्रतिवेदन सिपिटि/आइएनएफ (९२) ३, १३ अप्रिल १९९२ ।

**सिपिटि जिआर ३ (CPT GR 3):** सन् १९९२ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिको सिपटिको गतिविधि समेट्ने तेस्रो साधारण प्रतिवेदन सिपिटि । आइएनएक (९३) १२, ४ जुन १९९३ ।

**सिटिपी जिआर १० (CPT GR 10):** सन् १९९९ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिको सिपिटिको गतिविधि समेट्ने दशौँ साधारण प्रतिवेदन सिपिटि/आइएनएफ (२०००)१३, १८ अगाष्ट २००० ।

**सिपिटि जिआर ११ (CPT GR 11):** सन् २००० जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिको सिपिटिको गतिविधि समेट्ने एघारौँ साधारण प्रतिवेदन, सिपिटि/आइएनएफ (२००१) १६, ३ सेप्टेम्बर २००१ ।

**सिपिटि जिआर १२ (CPT GR 12):** सन् २००१ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिको सिपिटिको गतिविधि समेट्ने बाह्रौं साधारण प्रतिवेदन सिपिटि/आइएनएफ (२००२) १५, ३ सेप्टेम्बर २००२ ।

**इपिआर (EPR):** युरोपीयन कारागार नियम, सिफारिश आर (८७) ३ सन् १९८७ फेब्रुअरी १२ मा युरोपीयन परिषदको मन्त्रीहरूको समितिद्वारा ग्रहण गरिएको ।

**जिसि (GC):** नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिउ अनुवन्धका प्रावधानहरूको कार्यन्वयन सम्बन्धमा मानवअधिकार सिमितिको टिप्पणी ।

---

१६ यो मसौदा सिईएससिए द्वारा तयार गरिएको हो ।

१७ तत्कालका लागि यो घोषणा पेनल रिफर्म ईन्टरनेशनलद्वारा तयार गरिएको र कोष्टरिकाको सरकारले प्रयोजन गरेको मसौदा हो ।

**आइसिसिपिआर (ICCPR):** संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ।

**आइसिसिपिआरटि (ICCPRT):** यातना निषेध र यातनाका लागि सजाय सम्बन्धी अन्तर-अमेरिकी महासन्धि- सन् १९८७ फेब्रुअरी २८ मा अमेरिकन राज्यहरूको संगठनद्वारा ग्रहण गरिएको ।

**आइडिआरसिपिडिल (IDRCPDL):** स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको अधिकार र हेरचाह अन्तर-अमेरिकी घोषणा मस्यौदा[१७]

**आर (८९) १२ R (89) 12:** कारागारमा शिक्षा सम्वन्धमा सदस्य राष्ट्रहरूलाई मन्त्रीहरूको समितिले गरेको सिफारिश (सन् १९८९ अक्टुबर १३ मा युरोपीयन परिषदको मन्त्रीहरूको समितिद्वारा ग्रहण गरिएको)

**आर (९८) ७, R (98) 7:** कारागारमा स्वास्थ्य उपचारसम्बन्धी नैतीक तथा संगठनात्मक पक्षको बारेमा सदस्य राष्ट्रहरूलाई मन्त्रीहरूको सिमितिले गरेको सिफारिश (सन् १९८९ अप्रिल ८ मा मन्त्रीहरूको समितिद्वारा ग्रहण गरिएको) ।

**आरआइजि (RIG):** अफ्रिकामा यातना, निर्दयी अमानवीय वा अपमानजनक व्यवहार र सजाय निषेध र रोकथामसम्बन्धी निर्देशिका र उपायहरू (रोवीन आइल्याण्ड निर्देशिका) ।

**आरपिजेडिएल (RPJDL):** स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणको लागि संयुक्त राष्ट्रसंघीय नियमहरू १९९० ।

**एसएमआर (SMR):** आर्थिक तथा सामाजिक परिषदद्वारा सन् १९५७ जुलाई ३१ को प्रस्ताव नम्बर ६३३ सि (XXIV) र सन् १९७७ मे १३ को प्रस्ताव नम्बर २०७६ (LXII) द्वारा स्वीकृत थुनुवाहरूलाई गरिने व्यवहारसम्बन्धी न्यूनतम् मापदण्डका नियमहरू

**१**

भ्रमणको शिलशिलामा जाँच गर्न सकिने विभिन्न पक्षहरू यस खण्डमा प्रस्तुत गरिएका छन्। यस भागको उद्देश्य थुनाको अवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डका लागि शीघ्र पहुँच प्रदान गर्ने व्यवहारिक औजार प्रदान गर्नु तथा के कुराको अनुगमन गर्नुपर्ने हो सोबारे निर्देशिका प्रदान गर्नु रहेको छ। निरीक्षण संयन्त्रका लागि विशेष अप्ठेरो सिर्जना गर्ने क्षेत्रहरू र तिनीहरूलाई कसरी समाधान गर्ने भन्नेसम्बन्धी रणनीतिहरू बारे पनि प्रकाश पारिएको छ।। प्रत्येक सह-खण्डमा दिइएका सन्दर्भ बुँदाहरू पूर्ण छैनन् र निरीक्षण संयन्त्रले आफूसँग सम्बन्धित प्रणालीमा सामना गर्नु परेको समस्या मुताविक आवश्यताअनुसार रुजु सूचीको विकास गर्न सक्नेछन्।

# बन्दीहरु उपर गरिने व्यवहार



मानवताको आधारमा बन्दीहरूको मर्यादा गर्नु पर्दछ। नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १० मा यसको आधारभूत सिद्धान्त प्रस्टसँग उल्लेख गरिएको छ। स्वतन्त्रताबाट वञ्चित भएका सबै व्यक्तिहरूलाई आदरपूर्ण व्यवहार गरिने छ।[१८]

सबभन्दा माथि यातना र अमानवीय वा अपमानजनक व्यवहारलाई पूर्णत निषेध गरिएको छ र कुनै पनि अवस्थामा यसको औचित्य पुष्टि गर्न सकिँदैन।

निश्चित मापदण्डका आधारमा यातना र दुर्व्यवहार भएको पुष्टि गर्न सकिन्छ। एकान्त थुना, अन्य किसिमका प्रतिबन्ध, बल प्रयोग यससँग खास रूपले सम्बन्धित छन्। यीनै कारणहरूले गर्दा यससम्बन्धी शृङ्खलाबद्ध प्रत्याभूतिहरू राख्नु परेको हो र निरीक्षण गर्ने निकायहरूले यस्ता मापदण्डको प्रयोगमा विशेष ध्यान दिनु परेको हो।

**व्यवहार**

- यातना र दुर्व्यवहार
- एकान्त थुना
- नियन्त्रणमा राख्ने माध्यमहरू
- बल प्रयोग

१८ थुनाको आधारभूत सिद्धान्तको सिद्धान्त १ र सिद्धान्त स्वरुपको सिद्धान्त १ पनि हेर्नुहोस्।

१

# यातना र दुर्व्यवहार

***मापदण्डहरू***

“कुनै पनि व्यक्ति कुनै पनि किसिमको थुना वा कैदमा रहँदा यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। यातना वा अन्य अमानवीय वा अपमानजनक व्यवहार वा सजायको औचित्य पुष्टि गर्न कुनै पनि परिस्थितिको जिकिर लिइने छैन” *(विपिपि, सिद्धान्त ६)।*

कसैलाई पनि यातना अथवा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागिदार गराइने छैन। विशेषगरी आफ्नो स्वतन्त्र मञ्जुरी विना कसै उपर पनि चिकित्सकीय वा वैज्ञानिक प्रयोग गरिने छैन *(आईसीसीपीआर, धारा ७)।*

कसैलाई पनि यातना अथवा क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन। स्वतन्त्रताबाट वञ्चित सबै व्यक्तिहरूलाई उनीहरूमा अन्तर्निहित मानसम्मान सहित मानवको रूपमा व्यवहार गरिने छ *(धारा ५, मानवअधिकार सम्बन्धी अमेरिकन सन्धि १९७८)।*

कुनै पनि व्यक्तिलाई यतना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन *(मानवअधिकार सम्बन्धी युरोपीयन सन्धि १९५०, धारा ३)।*

प्रत्येक व्यक्तिलाई मानव जातिमा अन्तर्निहित मान सम्मानको मर्यादा प्राप्त गर्ने कानुनी हैसियतको मान्यता प्राप्त गर्ने अधिकार छ। सबै प्रकारका शोषण र खासगरी दासत्वसम्बन्धी मानवीय अपमान, दास व्यापार, यातना, क्रुर अमानवीय वा अपमानजनक सजाय र व्यवहार निषेध गरिने छ *(एसीएचपीआर, धारा ५)।*

यस महासन्धिको प्रयोजनका लागि ‘यातना’ भन्नाले सार्वजनिक अधिकारी वा सो क्षमतामा काम गर्ने अन्य व्यक्तिको उक्साहट, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई उ वा अरू कसैबाट जानकारी प्राप्त गर्नका लागि वा साविती लिन वा ऊ वा अरू कसैले गरेको भनि आशंका गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जबर्जस्ती गर्न जानाजान उसलाई कठोर शारीरिक वा मानसिक पीडा वा सकस पार्न गरिने क्रियाकलापलाई जनाउँछ। सो शब्दले कानूनसङ्गत

दण्डभारमा अन्तर्निहित वा सोबाट अकस्मात् उत्पन्न पीडा वा सकसलाई समेट्दैन् *(यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि १९८४ को धारा १)* ।

यस महासन्धिको प्रयोजनका लागि यातना भन्नाले अपराध अनुसन्धान गर्ने प्रयोजनका लागि धम्किको माध्यम, व्यक्तिगत दण्ड, निरोधात्मक उपाय वा सजायको रूपमा वा अन्य कुनै उद्देश्यले व्यक्तिलाई शारीरिक तथा मानसिक पीड तथा सकस पुऱ्याउने नियतले गरिएको कुनै पनि कार्यलाई जनाउँछ । यातनाले शारीरिक पीडा वा मानसिक वेदना सिर्जना नगर्ने तर पीडितको व्यक्तित्वलाई लोप गराउने वा उसको शारीरिक वा मानसिक क्षमतालाई ह्रास गर्ने विधिहरूको प्रयोगलाई समेत जनाउँछ ।

यातनाको अवधारणामा कानुनी प्रतिफलका रूपमा दिइने सजायमा अन्तर्निहित वा सो सजायबाट सिर्जित हुने मानासिक वा शारीरिक पीडा वा सकस यसमा समावेश हुने छैन, साथै यसमा यो धारामा उल्लिखित कार्य र तरिकाहरू समावेश हुने छैनन् *(आईसिपिआरटि, धारा २)* ।

"हरेक राज्यपक्षले आफ्नो क्षेत्राधिकार भित्रको कुनै पनि भू-भागभित्र सार्वजनिक अधिकृत वा आधिकारिक हैसियतमा काम गर्ने व्यक्तिबाट हुने धारा १ ले परिभाषित गरेअनुसार यातना हुने बाहेकका अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्न कबोल गर्नेछन्" *(युएनसिएटि, धारा १६)* ।

"अनुशासनात्मक अपराधका लागि शारीरिक दण्ड, सजाय स्वरूप अध्यारो कोठरीमा राख्ने र क्रुर, अमानवीय वा अपमानजनक सजायहरूलाई पूर्ण रूपले निषेध गरिने छ," *(एसएमआर, नियम ३१)* ।

**बालबालिका**

राज्यपक्ष सुनिश्चित गर्दछन कि:

क) "कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन," *(बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ३७)* ।

१

**टिप्पणी**

खासगरी सोधपुछ र अनुसन्धानको शिलशिलामा बन्दीहरू थुनाको प्रारम्भिक चरणदेखि नै यातनाको दृष्टिले अति जोखिममा हुन्छन् । खास निरीक्षण निकायलाई प्रहरी वा पूर्पक्ष पूर्वको थुनाको निरीक्षण गर्ने कार्यादेश प्राप्त नभए तापनि, त्यस्ता भ्रमण निकायले त्यस्तो थुनामा भर्खरै आएका बन्दीहरूलाई भेट्ने र कुरा गर्ने गर्नु पर्दछ र सान्दर्भिक भएसम्म तिनीहरूको सरोकार र शारीरिक अवस्थाबारे अभिलेखीकरण गर्ने तथा औपचारिक उजुरी गर्ने अवसर बन्दीहरूलाई थियो वा थिएन भन्ने विषयमा अनुगमन गर्नु पर्दछ ।

भ्रमणकर्ताका लागि यातना एउटा अत्यन्तै कठिन क्षेत्र हो । यसका लागि उपर्युक्त आलेख, तयारी र तालिमको आवश्यकता पर्दछ । यातना पीडित व्यक्तिहरूसँग सोधपुछ गर्नु अत्यन्तै संवेदनशील काम हो ।

खासगरी समय बितिसकेपछि यातना पुष्टि गर्न अत्यन्तै कठिन हुन्छ । भ्रमणकर्ताहरूलाई उल्लंघनलाई ढाकछोप गर्न प्रयोग गरिने विधिहरूका साथै आम रूपमा पाइएको उल्लंघनको स्वरूपलगायत स्थानीय अभ्यास बारेमा पूर्ण जानकारी गराइएको हुनुपर्दछ । तिनीहरूलाई थुनामा हुने याताना रोक्नका लागि प्रयोगमा ल्याइएका प्रशासकीय बन्देजहरूका बारेमा पनि जानकारी गराइनु पर्दछ, (जस्तै, दर्ता बहिखाता) ।

अन्तर्राष्ट्रिय निकायहरूद्वारा विकसित विधिशास्त्र अनुसार तलका कार्यहरू यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार मानिन्छ भन्ने कुरा निरीक्षकहरूले थाहा पाउनु पर्दछ ।

- थुनाको अवस्था, वा त्यसमा अरू पक्षको मिश्रण
- एकान्त थुना (यस भागको एकान्त थुना भन्ने खण्ड हेर्नुहोस्)
- उपर्युक्त औषधि उपचारबाट इन्कारी
- इन्द्रियहरूको कार्यबाट वञ्चित गराउने कार्य

**यातनामा पूर्ण प्रतिबन्ध**

अन्तर्राष्ट्रिय कानूनअनुसार यातना पूर्ण रूपमा निषेधित छ र कुनै पनि परिस्थितिमा यसको औचित्य पुष्टि गर्न सकिँदैन । 'यातनाबाट संरक्षण' निलम्बन गर्न नसकिने मानवअधिकार हो, सार्वजनिक संकटकाल होस् वा राष्ट्रिय सुरक्षा वा अन्य कुनै आधारमा

यातनाबाट संरक्षण पाउने हकलाई निलम्बन गर्ने अधिकार कुनै पनि राष्ट्रलाई छैन । यातना र दुर्व्यवहार प्रथाजनित अन्तर्राष्ट्रिय कानूनअन्तर्गत पनि निषेधित छन् ।

**यातना र दुर्व्यवहारका प्रकारहरू**

यातनाका लागि क्याटको परिभाषाअनुसार तीन तत्त्वहरू आवश्यक पर्दछन्:

- चरम मानसिक र शारीरिक चोट र पीडा हुनेगरी दण्ड दिनु
- राज्यद्वारा वा राज्यको अधिकारीको सहमति वा सहभागिता हुनु
- सूचना प्राप्त गर्न, सजाय वा डर त्रास दिने जस्तो विशेष उद्देश्यको लागि यसो गरिनु

यातना शारीरिक वा मानसिक दुवै हुन सक्दछ र करेन्ट लगाउनु, पैतालामा कुट्नु, पीडादायी अवस्थामा राख्नु, बलात्कार, निसासिने गरी राख्नु, चुरोटले पोल्नु, खाना, निन्द्रा र सञ्चारबाट वञ्चित गर्नु, डर त्रास देखाउनु, नमूना फाँसीलगायत यातनाका विभिन्न स्वरूपहरू छन् ।

यौन दुर्व्यवहार शारीरिक र मनोवैज्ञानिक दुवै कसिमले पीडित बनाउने तरिका हुन् ।

यातनाको पुरातन परिभाषाभित्र नपर्ने प्रकृतिका यातना पनि घटित हुन्छन् र पत्ता लगाउन कठिन भए पनि तिनीहरूले कालान्तरमा स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको मनोवैज्ञानिक सन्तुलनलाई विनास गर्छ भन्ने तथ्यप्रति भ्रमण टोली सजग रहनु पर्दछ । पीडितहरू यातना पाउनमा यति अभ्यस्त हुन्छन् कि ती यातनालाई पहिचान गरी प्रस्टसँग उजुरी गर्न पीडितहरू असक्षम हुन्छन् । यस्तो परिस्थिति अझ हानिकारक हुन्छ । यस्तो तथ्य साधारण कथनको माध्यमबाट आदान प्रदान गर्न सकिन्छ । यस्तो अभ्यासको उदाहरण देहाय बमोजिम छन्:

- अनेक पटक नभनुन्जेलसम्म नियोजित रूपमा अनुरोधहरूलाई बेवास्ता गरिनु;
- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई बच्चा जस्तो गरेर कुरा गर्नु
- बन्दीहरूलाई प्रत्यक्षरूपमा आँखामा नहेर्नु;
- बन्दीहरूको कक्षभित्र आकस्मिक र विनाकारण प्रवेश गर्नु;
- बन्दीहरूबीच सन्देहको वातावरण सिर्जना गर्नु;

१

- एकदिन नियमको उल्लंघन गर्न अख्तियारी दिनु र अर्कोदिन सोही कार्यका लागि सजाय गर्नु ।

**बन्दीबीच हुने हिंसा**

बन्दीहरूलाई अन्य थुनुवाबाट संरक्षण गर्ने उत्तरदायित्व कारागार कर्मचारीहरूको कर्तव्यभित्र पर्दछ भन्ने कुरा निरीक्षण टोलीले ध्यान दिनु पर्दछ । सँगै रहेका थुनुवाहरूबाट हुने हिंसा नकार्न सकिँदैन, जस्तै, कुटेर घाइते बनाउनु र बलात्कार वा अरूलाई दुःख दिई आफूले आनन्द पाउने अन्य व्यावहार गर्नु । प्रतिशोधको डरले प्रायः यस्तो हिंसाउपर पीडितहरूले उजुरी गर्दैनन् । यो बन्दीहरूको आफ्नो विषय हो भनी कारागार कर्मचारीहरूद्वारा बेवास्ता गरिन्छ र यस्तो समस्या सिर्जना गर्ने क्षमता राख्ने बन्दीहरूको आफू दुश्मन बन्न नचाहने सोच कर्मचारीमा रहन्छ ।

भ्रमणकर्ताले यस्तो वातावरण र परिस्थिति सिर्जना गर्नु पर्दछ जसमा कमजोर बन्दीहरूले उनीहरूका सरोकारहरू भ्रमणकर्तासँग राख्न सक्छन् भन्ने अनुभव गर्न सकून् ।

भ्रमणकर्ताले बन्दीहरूबीच हुने हिंसा कम गर्न कर्मचारीहरूसँग के कस्ता सम्भाव्यता उपलब्ध छन् भन्ने बारे चनाखो रहनु पर्दछ साथै ती उपलब्ध सम्भाव्यताको कुन हदसम्म प्रयोग भइरहेको छ भन्ने अनुगमन समेत गर्नु पर्दछ ।

- विभिन्न वर्गका बन्दीहरूको पृथकीकरण
- आवास गृहमा सँगै रहने बन्दीहरूको होसियारीपूर्वक छनोट
- सहज र गोप्य उजुरी सुन्ने प्रणाली
- पर्याप्त संख्यामा तालिम प्राप्त कर्मचारी
- बन्दीहरूलाई अनुशासनात्मक वा नियन्त्रण भूमिकामा प्रयोग गर्नबाट रोक्नु
- निर्दोषलाई हैरान गर्ने विरुद्ध प्रस्ट नीति सार्वजनिक गरिनु ।

**यातनाको आरोप लागेकाहरूसँगको व्यावहार**

निजी अन्तर्वार्ताको शिलशिलामा निरीक्षण टोलीका सदस्यहरूले यातनाको आरोप प्राप्त गर्न सक्दछन् । हाल थुनामा रहेको स्थानमा ल्याइनु पूर्व गरिएका व्यवहारहरू पनि यसमा पर्दछन् । यातना दिइएकै स्थानमा रहेसम्म प्रतिशोधको त्रासले व्यक्तिहरूले यातनाको आरोप खुलाउन अनिच्छुक रहन्छन् । आरोप एउटा घटनासँग सम्बन्धित हुन सक्दछ ।

जस्तै सुरक्षाकर्मी चौकीदारहरूद्वारा गरिएका दुर्व्यवहार वा दङ्गा वा अनुशासनात्मक दण्ड जस्ता विशिष्ट घटना । थुनास्थलमा भएका सामान्य अवस्थाहरूले पनि यातनाको रूप लिन सक्छन् भन्ने कुरा भ्रमणकर्ताले बिर्सनु हुँदैन ।

यातना पीडित वा दुर्व्यवहार गरिएको व्यक्तिबारे कुरा गर्न कठिन हुन्छ । विशेषगरी भ्रमणकर्ताहरूका लागि दुर्व्यवहारको जानकारी संकलन गर्नु संवेदनशील कार्य हो । यातना सम्बन्धमा काम गर्नका लागि यातनाको प्रश्नमा कहाँसम्म पुग्न सकिन्छ र खासगरी विशेषज्ञको हस्तक्षेप आवश्यक छ छैन भन्नेबारेमा उचित ज्ञान प्राप्त गर्नका लागि भ्रमणकर्ताहरूले विशेष तालिम लिनु पर्दछ । उपचार प्राप्त गर्नका लागि आवश्यक जानकारी प्राप्त गर्नु र यस्तो जानकारी प्राप्त गर्दा पीडितले पुन आघात महसुस नगरुन भन्नेमा सन्तुलन कायम गर्नु गाह्रो विषय हो ।

थुनुवाको संरक्षणका लागि ती आरोपहरूलाई उठाउन सकिन्छ सकिँदैन वा कसरी सो आरोपलाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ वा हुन्न सो सम्बन्धमा थुनुवालाई सोधिनु आवश्यक छ । (व्यक्तिगत विवरण प्रयोग गर्न सकिन्छ वा सकिन्न, जानकारीहरूलाई सामान्य रूपमा मात्रै प्रयोग गर्नुपर्ने हो वा त्यसको प्रयोग नै नगरिनु पर्ने हो) ।

सम्भव भएसम्म छिटो चिकित्सा परीक्षण माध्यमबाट कागजपत्र तयार गर्न समर्थ हुनु स्वास्थ्यकर्मीका लागि महत्त्वपूर्ण हुन्छ जसले शारीरिक र मनोवैज्ञानिक दुवै प्रमाणहरूलाई सम्बोधन गर्दछ ।

यातना पीडितहरूसँग अन्तर्वार्ता लिने तथा चिकित्सकीय प्रमाणहरू जुटाउने सम्बन्धी विस्तृत जानकारीका लागि हेर्नुहोस्:

- Giffard, Camille, *The Torture Reporting Handbook - How to document and respond to allegations of torture within the international system for the protection of human rights,* Human Rights Centre, University of Essex, United Kingdom, 2000, Part II - Documenting allegations, pp. 29-51;
- संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालय, व्यावसायिक तालिम शृङ्खला नम्बर ८, यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा

१

सजायसम्बन्धी प्रभावकारी अनुसन्धान र अभिलेखीकरण सम्बन्धी इस्तानबुल आलेखमा आधारित हाते पुस्तिकाको अध्याय ४, अन्तर्वार्तासम्बन्धी अवधारणा, न्यूयोर्क, जेनेभा, २००१ ।

आरोपित व्यवहार यातना हो होइन भनी निर्णय गर्नु भ्रमणकर्ताको भूमिका होइन । यातनासम्बन्धी उजुरीहरूलाई व्यक्तिका नाममा गरिने प्रस्तुतिसम्बन्धी माथि उल्लिखित सावधानीहरूलाई सम्बन्धित व्यक्तिलाई खतरामा नपार्ने कार्यविधिहरू अपनाउँदै अनुसन्धान (प्रशासनिक र दण्ड) का लागि जिम्मेवार निकाय समक्ष तिनीहरूको इमानदारितामा गम्भीर शंका भए तापनि प्रेसित गरिनु पर्दछ । उपर्युक्त अनुसन्धानको माध्यमबाट आरोपको सत्यता स्थापित गर्ने दायित्वसम्बन्धी प्रमाणको भार सम्बन्धित निकायमा रहन्छ, पीडितमा होइन ।

**दुर्व्यवहारको आरोपको विषयमा भ्रमणकर्ताहरूले निम्न जानकारी संकलन गर्न सक्नेछन्**

- व्यक्तिको पूरा परिचय
- कहाँ र कुन मितिमा आरोप जानकारीमा आएको हो
- थुनामा राख्ने निकाय
- दुर्व्यवहार भएको मिति र स्थान
- दुर्व्यवहार गर्ने कार्यमा जिम्मेवार अधिकारी
- दुर्व्यवहारको परिस्थिति
- त्यस्ता कार्यहरूको साक्षी
- दुर्व्यवहारको विस्तृत विवरण (के, कसरी, कति लामो समयसम्म, दुर्व्यवहारको बारम्बारता, को द्वारा), त्यसको तत्कालीन र दिर्घकालीन असर, देखिने चिह्न) ।
- स्वाथ्य जाँच प्रमाण-पत्र तथा अन्य प्रमाण (जस्तो तस्बिर)

**यदि निरीक्षण टोलीमा स्वाथ्यकर्मी समावेश भएमा**

- भौतिक प्रमाण
- मनोवैज्ञानिक प्रमाण
- औषधि उपचारको आवश्यकता

**फलोअप कार्य**

- आरोपको बारेमा कसलाई सूचित गरिएको छ र त्यसको परिणाम के भयो ?
- प्रशासनिक र दण्डसम्बन्धी उजुरीको दर्ता गराउने सम्भावना छ कि ?
- आरोप लगाउने व्यक्तिले निजले लगाएको आरोप प्रसार गर्ने अनुमति दिएको छ ?
- के घटनाप्रति कुनै आधिकारिक जवाफ छ (कुनै जवाफ नआएको वा जवाफ आए पनि जवाफ नआए सरह छ कि ?)
- उजुरी कहाँ दर्ता गरियो र त्यसको परिणाम (दुर्व्यवहारकर्ता र पीडित) का लागि के भयो ?
- भ्रमणकर्ताको व्यक्तिगत अवलोकन

१

# एकान्त थुना

## मापदण्ड

"सजायको रूपमा प्रयोग गरिने एकान्त थुनालाई उन्मूलन गर्न तथा यसको प्रयोगलाई सीमित गर्न गरिएका प्रयासहरूलाई प्रोत्साहित गरिनु पर्दछ" *(बिपिटिपि, सिद्धान्त ७)* ।

"थुनुवा वा बन्दीहरूको एकान्त थुनाको अवधि लम्ब्याउनुले यातनासम्बन्धी निषेधित कार्यमा वृद्धि हुन्छ" *(आइसिसिआरपि धारा ७ जिसिएन २०/४४)* ।

"जुनसुकै कारणले (अनुशासनात्मक उद्देश्यले, तिनीहरूमा भएको खतरापनले वा तिनीहरूको समस्या खडा गर्ने व्यवहारले फौजदारी अनुसन्धानका निमित्त वा तिनीहरूकै अनुरोधमा) थुनामा एकान्त कारगारको जस्तै परिस्थितिमा राखिएका बन्दीहरू प्रति सिपिटिले विशेष ध्यान दिन्छ ।"

समानुपातिकताको सिद्धान्तले यो आवश्यक ठान्दछ कि एकान्त थुनाको व्यवस्था र मुद्दाको आवश्यकताबीच सन्तुलन कायम होस् । निश्चित परिस्थितिमा एकान्त थुना अमानवीय अमापानजनक व्यवहार हुन सक्दछ; जुनसुकै अवस्थामा एकान्त थुनाका सबै प्रकारलाई सम्भव भएसम्म छोटो बनाउनु पर्दछ ।

"अनुरोधका आधारमा त्यस्तो एकान्त थुना लागू गरिएमा वा प्रयोग गरिएमा भने सम्बन्धित कैदी वा कैदीको हकमा कारागार अधिकृतले चिकित्सक माग गरेमा कैदीको स्वास्थ्य परीक्षणका लागि त्यस्तो चिकित्सकलाई अविलम्ब बोलाउनु पर्ने व्यवस्था संरक्षणसम्बन्धी अत्यावश्यक व्यवस्था हो । बन्दीहरूको शारीरिक र मनासिक अवस्थाको साथै आवश्यक भएमा निरन्तर एकान्त थुनामा रहेका कारणले पर्ने सम्भावित परिणाम समेतलाई सक्षम अधिकारी समक्ष पठाउनु पर्ने लिखतमा उल्लेख गर्नु पर्दछ," *(सिपिटि, जिआर २, §५६; हेर्नुहोस् आईडिआरसिपिडिएल, धारा ४८)* ।

## टिप्पणी

जुनसुकै कारणले एकान्त थुना (अन्य बन्दीहरूसँग भेट्न नदिने, बाहिरी संसारसँग सीमित सम्पर्क वा सम्पर्क नै नहुने) मा राखिएका भए तापनि उक्त थुनामा राखिएका थुनुवाहरू

१

प्रति भ्रमण दलले विशेष ध्यान दिनु पर्दछ । मानव जातिलाई एकान्त थुनामा राख्ने कार्य गम्भीर सजाय हो, लामो समयसम्म उक्त थुनामा राखिएमा वा यस्तो थुनालाई दोहोऱ्याइएमा यो वा दुवै कार्य गरिएमा अमानवीय वा अपमानजनक व्यवहार वा अझ यातनासम्बन्धी कार्य हुन्छ । यसो गरिनाले यस्तो व्यवहारको बढ्ता जोखिममा बन्दीहरू पर्दछन् । तसर्थ एकान्त थुनालाई अपवादको रूपमा प्रयोग गरिँदा पनि सीमित समयावधिका लागि प्रयोग गरिनु पर्दछ, यस्तो थुना छोटोभन्दा छोटो समयको हुनु पर्दछ । एकान्त थुनाका साथ पुनरावलोकन र पुनरावेदन गर्ने अधिकार जस्ता शृङ्खलाबद्ध प्रत्याभूतिहरू रहनु पर्दछ । भ्रमण टोलीहरू यी प्रणालीहरूले बन्दीहरूलाई पर्याप्त संरक्षण गर्दछन् भन्ने हदसम्म मूल्याङ्कन नगरेका हुन सक्छन् । कहिलेकाहीँ एकान्त थुनालाई संरक्षण उपायको रूपमा प्रयोग गर्न आवश्यक हुन्छ । यस प्रयोजनका लागि गरिने एकान्त थुना अनुशासनात्मक दण्डका लागि गरिने एकान्त थुनाभन्दा कम बन्देजपूर्ण हुनु पर्दछ । यसरी एकान्त थुनामा राखिने बन्दीहरूका लागि पनि पुनरावलोकनको व्यवस्था लागू हुनु पर्दछ ।

बालबालिकालाई कहिल्यै पनि एकान्त थुनामा राखिनु हुँदैन ।

**एकान्त थुना**

- अनिश्चित
- लम्ब्याउनु
- दोहोऱ्याइनु

**सान्दर्भिक प्रश्नहरू**

- एकान्त थुनाको लागि स्वीकृत अधिकतम लम्बाई कति हो ?
- कुन मितिबाट एकान्त थुना लागू गरिएको हो ?
- एकान्त थुना लागू गर्ने निर्णय कसले गर्दछ ?
- के कारणका लागि एकान्त थुना लागू गर्न सकिन्छ ?
- पुनरावेदन र पुनरावलोकनसम्बन्धी विद्यमान व्यवस्था के छ ?
- एकान्त थुनामा रहेको व्यक्तिले प्रत्येक दिन एक घण्टा खुलास्थानमा गरिने अभ्यास गर्न पाएको छ ?
- एकान्त थुनामा रहेको थुनुवाका लागि के व्यवस्था उपलब्ध छन ?

१

- के एकान्त थुनामा राख्नुभन्दा अगाडि चिकित्सकीय जाँच गरिएको छ ? र के उक्त जाँच बन्दीको अवस्थामा केन्द्रित रहेको छ ?
- थुनाको अवधिभर यस्तो किसिमको परीक्षणको बारम्बारता कति रहेको छ ?
- के एकान्त थुनामा रहेको बन्दीले चाहेको बखत चिकित्सकको सेवा पाएको छ ?
- एकान्त थुनामा रहेको बन्दीलाई कसले भेट्दछ र यसको अभिलेख कसरी राखिन्छ ? कुनै अल्पसंख्यक समूहका लागि असमानुपातिक रूपमा एकान्त थुनाको प्रयोग भएको कुनै प्रमाण छ ?

## नियन्त्रणका साधनहरू

### मापदण्ड

“नियन्त्रणका साधनहरू जस्तो, हतकडी, जन्जीर, फलाम तथा स्ट्रेट ज्याकेट सजायको लागि कहिल्यै पनि प्रयोग गरिने छैन । अझ जन्जीर वा फलाम नियन्त्रणको लागि प्रयोग गरिने छैन । निम्न परिस्थितिमा बाहेक नियन्त्रणका अन्य साधनहरू पनि प्रयोग गरिने छैनः

क) स्थानान्तरणको समयमा बन्दी भाग्ला भन्ने सावधानीका लागि तर न्यायीक वा प्रशासकीय निकायमा उपस्थित गराइएपछि यस्ता नियन्त्रणका साधन प्रयोग गरिने छैन

ख) चिकित्सकको निर्देशन बमोजिम स्वास्थ्यसम्बन्धी आधारमा

ग) अन्य तरिकाहरू असफल भएमा निर्देशकको आदेश बमोजिम थुनुवा आफैँ घाइते हुने वा अरूलाई घाइते गराउने वा सम्पत्तिको क्षति हुनबाट रोक्नका लागि, यस्तो अवस्थामा निर्देशकले एकैपटक चिकित्सकसँग परामर्श गर्ने र माथिल्लो प्रशासनिक अधिकारीलाई जानकारी गराउने काम गर्नु पर्दछ,” *(एसएमआर, नियम ३३) ।*

“नियन्त्रणका साधनहरूको प्रयोगको तरिका केन्द्रीय कारागार प्रशासनले निर्णय गरे बमोजिम हुनेछ । यस्तो किसिमका साधनहरू अत्यावश्यक भएको भन्दा लामो समयका लागि प्रयोग गर्नु हुँदैन,” *(एसएमआर, नियम ३४) ।*

“अघिल्लो हरफले स्वीकृति दिएका नियन्त्रणका साधनहरूको प्रयोगको पद्धति र तरिका कानूनले तोके बमोजिम निर्धारित हुनेछ । त्यस्तो किसिमका साधनहरूको प्रयोग अत्यावश्यकभन्दा लामो समयसम्म प्रयोग गर्नु हुदैन,” *(इपिआर, नियम ४०) ।*

“अन्तिम उपायको रूपमा नियन्त्रणका साधनहरूको आवश्यकता पर्ने त्यस्ता विरल अवस्थाहरूमा, बन्दीहरूलाई लगातार र पर्याप्त सुपरिवेक्षणमा राखिनु पर्दछ । अझ नियन्त्रणका साधनहरू सकेसम्म चाँडो हटाउनु पर्दछ, तिनीहरूलाई सजायको रूपमा कहिल्यै पनि प्रयोग गरिनु र लम्ब्याउनु हुँदैन । अन्तमा थुनुवा विरुद्ध बल प्रयोग गरिएका हरेक कार्यको अभिलेख राख्नु पर्दछ,” *(सिपिटि, जिआर २, §५३; एसिपिआर, धारा ५; आईडिआरसिपिडिएल, धारा ४६ र इपिआर, नियम ३९ समेत हेर्नुहोस्) ।*

१

**बालबालिका**

"तल नियम ६४ मा उल्लेख गरिएको अवस्थामा बाहेक अन्य कुनै पनि प्रयोजनका लागि नियन्त्रण तथा बल प्रयोगका साधनहरू अपनाउन निषेध गरिएको छ," *(आरपिजेडिएल ६३)* ।

"नियन्त्रणका हतियारहरू र बलको प्रयोग अपवादको रूपमा केही असामान्य परिस्थितिहरू जहाँ अन्य नियन्त्रणका उपायहरू प्रयोग गरिसकिएको र असफल भएको अवस्थामा र कानूनको प्रस्ट, आधिकारिक र विशेष व्यवस्था बमोजिम मात्र गर्न सकिन्छ । अपमान गर्ने वा होच्याउने हिसाबले नभएर नियन्त्रित हिसाबले सकेसम्म छोटो समयको लागि मात्र प्रयोग गरिनु पर्दछ । आफैँ घाइते हुने, अरूलाई घाइते बनाउने वा सम्पत्तिमा गम्भीर क्षति पुऱ्याउने कार्यबाट किशोरहरूलाई रोक्न प्रशासन निर्देशकको आदेश बमोजिम त्यस्ता साधनहरू प्रयोग गर्नुपर्दछ । त्यस्ता घटनाहरूमा निर्देशकले चिकित्सक र अन्य सम्बन्धित कर्मचारीहरूलाई तुरुन्त सम्पर्क गरी आफूभन्दा उच्चतहका प्रशासनिक अधिकारी समक्ष जानकारी गराउनु पर्दछ," *(आरपिजेडिएल, ६४)* ।

**टिप्पणी**

नियन्त्रणका केही साधनहरू पूर्णरूपमा प्रतिबन्धित छन् ।

अनुमति प्रदान गरिएका नियन्त्रणका सबै साधनहरू अन्तिम अवस्थामा अपवादको रूपमा मात्र प्रयोग गर्नुपर्दछ । अनुशासनात्मक दण्डको रूपमा तिनीहरूलाई प्रयोग गरिनु हुँदैन । अझ निम्न लिखित कुराहरूको ग्यारेण्टी भैसकेपछि मात्र तिनीहरूलाई अवलम्बन गर्नुपर्दछः

- बन्दीहरूका लागि आवश्यकताअनुसार थोरै समयको लागि मात्र नियन्त्रणमा राख्नु पर्दछ
- नियन्त्रणका साधनहरू (वा बल) को प्रयोग दर्ता किताबमा अभिलेख गर्नुपर्दछ
- निर्देशकलाई तुरुन्तै जानकारी गराउनु पर्दछ

जबर्जस्ती नियन्त्रण गर्ने साधनहरूको प्रयोग गर्दा चिकित्सकको भूमिका अत्यन्तै संवेदनशील हुन्छ । चिकित्सकहरूले अवलम्बित साधनहरूको बारेमा आफ्नो विधा अनुरूपको सल्लाह प्रदान गर्न सक्छन् भन्ने कुरा एसएमआर र अन्य नियमहरूले उल्लेख गर्दछन् । सिपिटिद्वारा गरिएको टिप्पणीअनुसार यो प्रस्ट हुन्छ कि नियन्त्रणको साधन प्रयोग गरिएको सन्दर्भमा

बन्दीहरूसँग चिकित्सकलाई तत्काल परीक्षण गराउने अधिकार निहित हुन्छ । यसको अर्थ 'सजायका लागि उपयुक्त' छ भनी प्रमाणित गर्न चिकित्सकलाई भनिएको हो भनेर चाहिँ कुनै पनि हालतमा लगाउनु हुँदैन । चिकित्सकको यस्तो भूमिका रहनु हुँदैन भनी अन्तर्राष्ट्रिय मापदण्डहरूद्वारा प्रस्ट रूपमा निषेधित गरिएको छ र यस्तो कार्य पेशागत मर्यादाका विपरीत हुन्छन् (चिकित्सक सेवाको भाग पनि हेर्नुहोस्) ।

थुनामा मानवीय मर्यादाको सुनिश्चितता गर्ने तथा नियन्त्रित अवस्थामा रहेको बेला बन्दीहरूको अन्तर्वार्ता लिने कार्य निरीक्षण टोलीको भूमिकासँग साधारणतय सामञ्जस्यता रहँदैन ।

**केही सान्दर्भिक प्रश्नहरू**

- कस्तो अवस्थामा नियन्त्रणको साधन प्रयोग गर्न अख्तियारी प्रदान गरिएको हुन्छ ?
- यसको नियमितता कति रहेको छ ?
- के यी सबै घटनाहरू दर्ता किताबमा अभिलेख गरिएको छ ?
- के त्यस्तो व्यवहार गरिएको व्यक्तिको चिकित्सकसँग पहुँच कायम भएको छ ?
- कति लामो समय सम्मको लागि नियन्त्रणका साधनहरूको प्रयोग गरिएको छ ?
- के अल्पसंख्यक समूहहरूको सर्न्दभमा नियन्त्रणका साधनहरूको असमानुपातिक ढङ्गबाट प्रयोग भएको कुनै प्रमाणहरू छन् ?

# १ बल प्रयोग

## मापदण्ड

"१. कारागारका अधिकारीहरूले आत्मसुरक्षा गर्नुपर्ने अवस्थामा वा बन्दीहरूले भाग्ने प्रयास गरेको अवस्थामा वा कानून बमोजिमका आदेशलाई सक्रिय वा निष्क्रिय रूपले शारीरिक प्रतिरोध गरेको अवस्थामा बाहेक बल प्रयोग गरिनु हुँदैन । अधिकारीहरूले बल प्रयोग गर्नैपर्ने भए पनि अत्यावश्यकभन्दा बढी बल प्रयोग गर्नु हुँदैन र त्यस्तो घटनाको जानकारी तुरुन्तै सम्बन्धित निकाय र त्यसका निर्देशकलाई दिनु पर्दछ ।

२. आक्रामक बन्दीलाई नियन्त्रणमा लिन सक्षम बनाउन कारागारका कर्मचारीलाई विशेष किसिमको शारीरिक तालिम दिनु पर्दछ ।

३. विशेष परिस्थितिमा बाहेक बन्दीहरूसँग सम्पर्कमा आई गर्नुपर्ने काम कर्तव्य पालना गर्दा कारागारका कर्मचारीहरूलाई हतियार बोक्न दिइनु हुँदैन । अझ, तालिम प्राप्त छैनन् भने त त्यस्ता कर्मचारीहरूलाई कुनै पनि परिस्थितिमा हतियार दिइनु हुँदैन," *(एसएमआर नियम ५४, इपिआर नियम ६३ पनि हेर्नुहोस्) ।*

"कानून कार्यान्वयन गराउने अधिकारीले अत्यन्तै आवश्यक भएमा मात्र र तिनीहरूले आफ्नो कर्तव्य पालनाको शिलशिलामा आवश्यक परे जति मात्र बलको प्रयोग गर्नु पर्दछ," *(कानून कार्यान्वयन गर्ने गराउने अधिकारीको लागि आचारसंहिता धारा ३) ।*

"कानून कार्यान्वयन गराउने अधिकारीले आत्मसुरक्षा गर्नुपर्ने अवस्थामा, वा अन्य व्यक्तिको ज्यानको वा गम्भीर शारीरिक क्षतिको खतरा रहेको अवस्थामा, वा ज्यान मार्ने जस्ता गम्भीर अपराध गर्नबाट रोक्नुपर्ने अवस्थामा, वा त्यस्ता खतराहरूलाई दुर गर्न, त्यस्तो खतरा सिर्जना व्यक्तिलाई पक्राउ गर्न, बन्दीलाई भाग्नबाट रोक्नका लागि अग्नी अस्त्रकै प्रयोग गर्ने अवस्थामा बाहेक अन्य अवस्थामा अग्नी अस्त्रको प्रयोग गर्ने छैनन् । कुनै पनि अवस्थामा जीवन रक्षाका निमित्त अपरिहार्य अवस्थामा बाहेक बलको घातक प्रयोग गरिने छैन ।" *(कानून कार्यान्वयन गराउने अधिकारीहरूद्वारा गरिने बल र अग्नी अस्त्रको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त, सिद्धान्त ९) ।*

"कानून कार्यान्वयन गराउने अधिकारीले कारागार भित्र सुरक्षा व्यवस्था मिलाउन वा आत्मसुरक्षा गर्नुपर्ने अवस्थामा वा कसैको व्यक्तिगत सुरक्षा खतरामा भएको अवस्थामा बाहेक, बन्दी वा थुनामा रहेका व्यक्तिहरू विरुद्ध बल प्रयोग गर्न मिल्ने छैन,"*(कानून कार्यान्वयन गराउने अधिकारीहरूद्वारा गरिने बल र अग्नी अस्त्रको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त, सिद्धान्त १५)।*

"कानून कार्यान्वयन गराउने अधिकारीले आत्मसुरक्षा गर्नुपर्ने अवस्थामा वा अन्य व्यक्तिको ज्यान जान सक्ने किसिमको खतरामा वा गम्भीर शारीरिक क्षति हुने अवस्था आइपरेमा वा बन्दीले सिद्धान्त ९ मा उल्लेख गरे बमोजिमका खतरा सिर्जना गरे त्यस्ता बन्दीलाई भाग्न नदिनको लागि रोक्नु अत्यावश्यक भएमा बाहेक बन्दीहरूमाथि बन्दुकको प्रयोग गर्न मिल्ने छैन," *(कानून कार्यान्वयन गराउने अधिकारीहरूद्वारा गरिने बल र अग्नी अस्त्रको प्रयोगसम्बन्धी, सिद्धान्त १६)*

"कारागारका कर्मचारीहरूले हुल्लडबाज बन्दीहरूलाई नियन्त्रणमा राख्न बलको प्रयोग गर्न तथा अपवाद स्वरूप कहिलेकाहीँ शारीरिक नियन्त्रणका साधनहरूको प्रयोग गर्न सक्नेछन्। बन्दी विरुद्धका दुर्व्यवहार सवालमा शारीरिक नियन्त्रणका साधनहरूको प्रयोग अत्यन्तै जोखिमपूर्ण छन् र यसका लागि विशेष सुरक्षा आवश्यक पर्दछ।"

"जुन बन्दीको विरुद्धमा बल प्रयोग गरिएको छ त्यस्तो बन्दीले तुरुन्तै स्वास्थ्य जाँच गर्ने अधिकार हुनुपर्छ र यदि आवश्यक भएमा चिकित्सकद्वारा नीजको उपचार गरिनु पर्छ। यस्तो चिकित्सकीय परीक्षण गैर स्वाथ्यकर्मीले सुन्न र देख्न नसक्ने स्थानमा गरिनु पर्दछ र सो परीक्षणसम्बन्धी प्रतिवेदन (बन्दीको कुनै सम्बन्धित भनाई र चिकित्सकको निष्कर्ष सहित) औपचारिक रूपमा अभिलेखीकरण गरी बन्दीलाई उपलब्ध गराउनु पर्दछ। अन्तमा, बन्दीहरू विरुद्ध बल प्रयोग गरिएका यस्ता प्रत्येक दृष्टान्तहरू अभिलेख गरी राख्नु पर्दछ," *(सिपिटि, जिआर २, §५३)।*

**बालबालिका**

"बालबालिकाहरूलाई थुनामा राखिएको जुनसुकै थुनाकेन्द्रमा हतियार बोक्न र प्रयोग गर्न निषेधित गरिनु पर्दछ", *(आरपिजेडिएल ६५)।*

१

## टिप्पणी

भ्रमण टोलीले बलको प्रयोग अपवादको रूपमा वा एउटा मूल्यको रूपमा के कसरी प्रयोग भइरहेको छ सो बारेमा मूल्याङ्कन गर्नु पर्दछ ।

भ्रमण टोलीले बलको प्रयोगसम्बन्धी आवश्यकता र समानुपातिकताको सिद्धान्तको अवलम्बन गरिएको छ छैन भन्ने बारेमा पनि विचार गर्नु पर्दछ ।

बल प्रयोगसम्बन्धी निर्देशन तथा बल प्रयोग उपरका बन्देजहरूसम्बन्धी व्यवस्थाहरू तथा बन्दीहरू सम्मको पहुँच बारेका व्यवस्थाहरू कारागार नियमावलीमा समावेश गरिएका छन् छैनन् भन्ने विषयहरूका साथै आफू तथा बन्दीहरूलाई कुनै चोट नपुऱ्याई बन्दीहरूलाई नियन्त्रण तथा बन्देजमा राख्ने विधिसम्बन्धी के कस्ता तालिमहरू थुनास्थलका कर्मचारीहरूलाई दिइन्छ भन्ने बारेमा समेत भ्रमण दलले ध्यान दिनु पर्दछ ।

समान्य सिद्धान्तअनुसार बन्दीको प्रत्यक्ष सम्पर्कमा रहने कर्मचारीहरूले आफ्नो साथमा अग्निअस्त्र राख्नुहुँदैन । तिनीहरूले हतियारको रूपमा डण्डा बोकेमा डर धाक देखाउने वा उत्तेजना पैदा गर्ने किसिमले प्रयोग गर्नु हुँदैन ।

बल वा अग्निअस्त्र प्रयोग भएका जुनसुकै घटना उपर अनुसन्धान गरी आधिकारीक अभिलेख किताबमा यसको उल्लेख गरी लिखितरूपमा निर्देशक समक्ष जाहेर गरिनु पर्दछ ।

### सान्दर्भिक प्रश्नहरू

- के कर्मचारीहरूले कुनै हतियार बोक्दछन् ?
- स्थानीय नियमअनुसार कुन कर्मचारीलाई अग्निअस्त्र बोक्ने अधिकार दिइएको छ ?
- बल प्रयोगको घटना बारम्बार कति भइरहेको छन् ? (बन्दी, निर्देशक, दर्ता पुस्तिका र अन्य स्रोत अनुसार) ?
- कुनै अल्पसंख्यक समूहउपर बल प्रयोग असमानुपातिक किसिमले भएको कुनै प्रमाण छ ?

१

## सन्दर्भ सामग्री

Amnesty International, *Combating torture: A manual for action,* London, 2003. (Chapter 5.5: Conditions of Detention; Discipline and Security, pp. 127-132

Camille Giffard, *The Torture Reporting Handbook, How to document and respond to allegations of torture within the international system for the protection of human rights*, Human Rights Centre, University of Essex, United Kingdom, 2000.

United Nations Office of the High Commissioner for Human Rights, *Professional Training Series no. 8, Istanbul Protocol, Manual on the Effective investigation and Documentation of Torture and Other Cruel, Inhuman of Degrading Treatment or Punishment*, New York, Geneva, 2001.

Penal Reform International, *Making standards work; an international handbook on good prison practice,* London, 2001, pp. 42-51.

Andrew Coyle, *A Human Rights Approach to Prison Management: Handbook for prison staff*. International Centre for Prison Studies, 2003, pp. 69-81.

United Nations Office of the High Commissioner For Human Rights, *Human Rights and Prisons – A Manual on Human Rights Training for Prison Officials*, Geneva, 2003. (Section 2: right to physical and moral integrity, pp.21-33)

## संरक्षणका उपायहरु

बन्दीहरूको अधिकार र मर्यादाको सुरक्षा भए मात्र दण्ड प्रणाली सुचारु रूपमा सञ्चालन हुन सक्ने भएकोले यस भागको उद्देश्य विभिन्न किसिमको मापदण्डहरूको परीक्षण गर्नु हो । त्यसकारण, जब कारागारभित्र आदेशको पालना गर्नुपर्दछ, स्पष्ट र कडाईका साथ परिभाषित नियम र प्रक्रियाअनुसार मात्रै अनुशासनको अभ्यास गर्न सकिन्छ । अनुशासनात्मक सजाय पूर्ण प्रत्याभूतिद्वारा पुष्टि गरिनु पर्दछ । संस्थापन र सो बाहिरको दुवै निकायभित्र बन्दीहरूको उजुरी प्रभावकारी, सहज र प्रतिसोधको जोखिम विना सम्भव हुने गरी सम्बोधन गरिनु पर्दछ । स्वतन्त्रता हरण गरिएका व्यक्तिहरूको अधिकारको सम्मानको लागि स्वतन्त्र निरीक्षण संयन्त्रले पनि अनुगमनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।

अन्त्यमा, संस्थापनले सञ्चालन गरेका कुरा स्वच्छाचारी सजावट होइनन् भन्ने कुराको प्रत्याभूतिका लागि अन्य मापदण्डहरूले सहयोग गर्दछन् वा त्यो त्यही नामअनुसार सञ्चालन भएको छ भनी अनुगमन गर्दछ ।

विभिन्न किसिमका बन्दीहरूलाई छुटयाउने, दर्ता किताब राख्ने र संस्थापकले कसरी काम गरिरहेको छ भन्ने बारे जनतालाई जानकारी गराउने ।

**संरक्षणका उपायहरू**

- दर्ता किताब
- स्वतन्त्रताको अपहरणबारे व्यक्तिहरूमा जानकारी गराउने
- निरीक्षण निगरानी
- अनुसन्धनात्मक कारवाहीको कार्यविधि
- उजुरीको कार्य विधि
- बन्दीहरूको प्रकारअनुसार वर्गीकरण ।

# थुनुवा दर्ता किताब

२

## मापदण्ड

"१. कानूनसङ्गत रूपमा यी विषयहरू अभिलिखित भएको हुनु पर्दछ:
   क) पक्राउको कारण
   ख) पक्राउको समय र पहिलोपटक न्यायीक वा अन्य निकायसमक्ष उपस्थित गराएको साथै पक्रिएका व्यक्तिहरूलाई हिरासतमा पठाएको समय
   ग) सम्बन्धित कानून कार्यान्वयन अधिकारीको परिचय
   घ) हिरासत स्थानबारे प्रस्ट जानकारी ।

२. यस्तो अभिलेखको बारेमा कानूनले तोकेको ढाँचामा थुनुवा वा कैदी वा निजले कुनै कानून व्यवसायी मुकरर गरेको भए निजलाई जानकारी गराउनु पर्दछ," (विपिपि सिद्धान्त १२) ।

"१. व्यक्तिहरू कैद गरिने ठाउँमा बुझिलिएको प्रत्येक कैदीको देहाय बमोजिमको व्यहोरा उल्लेख गर्न पृष्ठ संख्यासमेत खुलाइएको एक दर्ता किताब राख्नु पर्दछ:
   क) उसको पहिचानसम्बन्धी जानकारी
   ख) उसको स्वीकारोक्तिको कारण र अधिकारी
   ग) उसको दाखिला र रिहाको दिन र समय ।
२. कुनै पनि व्यक्तिलाई वैधानिक प्रतिबद्धता आदेश विना सम्बन्धित थुनामा स्वीकार गरिँदैन, जसको विस्तृत विवरण पहिले नै दर्ता किताबमा दाखेल भइसकेको छ," *(एसएमआर नियम ७) ।*

"१. कुनै पनि व्यक्तिलाई वैध प्रतिबद्धताको आदेश नभई थुनामा राखिँदैन ।
२. प्रतिबद्धताको आवश्यक विवरण थुनामा आगमनको तत्कालै अभिलेख गरिनु पर्दछ," (इपिआर नियम ७) ।

"थुनुवाहरूको प्रभावकारी संरक्षणको प्रत्याभूतिको लागि थुनुवाहरूलाई आधिकारिक रूपमा थुनाको मान्यता प्राप्त ठाउँमा र त्यस्तो थुनाको लागि जिम्मेवार व्यक्तिको नाम

समेत रहने गरी व्यवस्था गरिनु पर्दछ, त्यस्तो दर्ता किताब सम्बन्धित नातेदार र साथीहरूको समेत पहुँच हुने गरी राखिएको हुनु पर्दछ," *(जिसि २० प्रकरण ११)* ।



**राष्ट्रहरूले गर्नुपर्ने**

"हरेक थुनास्थलमा स्वन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूको अन्य कुराका अतिरिक्त थुना मिति, समय, ठाउँ र कारणसमेत खोली विस्तृत लिखित अभिलेख राखिने सुनिश्चितता गर्नु पर्दछ," *(आरआइजिको व्यवस्था ३० आईडिआरसिपिएलको धारा १८ पनि हेर्नुहोस्)* ।

**टिप्पणी**

औपचारिक अभिलेखीकरण संरक्षणको अत्यावश्यक उपाय हो । सम्बन्धित निकायको पारदर्शिता र थुनुवाहरूको संरक्षणको लागि पनि यो एउटा महत्त्वपूर्ण पक्ष हो ।

निरीक्षण टोलीका लागि खास चासोका विषय रहने दर्ता किताबहरूमा थुनुवाहरूको गतिविधि, बलको प्रयोग र अनुशासनात्मक उपायहरूको अभिलेख समावेश गरिएको हुन्छ । निम्न कुराहरूको अभिलेख राखिनु पर्दछ ।

- थुनामा रहेको व्यक्तिको परिचय
- स्वतन्त्रताबाट वञ्चित गराइनु पर्ने कानुनी कारण
- पक्राउ परेको समय
- पक्राउ परेको व्यक्ति थुनामा दाखिल भएको समय
- बाहिर निकालिएको (जस्तो कि अनुसन्धान वा अदालतमा सुनुवाइको सन्दर्भमा) र थुनास्थलमा फर्काइएको समय
- थुनाबाट बाहिर जाँदा र फर्की आउँदा थुनुवाको शारीरिक अवस्था
- न्यायीक वा अन्य निकायसमक्ष पहिलो पटक उपस्थित भएको समय
- सम्बन्धित कानून लागू गर्ने जिम्मेवार अधिकारी वा निकायको परिचय
- व्यक्तिलाई थुनामा राखिएको ठाउँको प्रस्ट विवरण (स्वतन्त्रताबाट वञ्चित गराइएका सम्पूर्ण व्यक्तिहरू रहेको स्थान तुरुन्त पत्ता लगााउन सम्भव हुनुपर्छ )

जुन सुकै घटनाको पनि व्यवस्थित रूपमा अभिलेख गरिएको दर्ता किताब पनि हुनु पर्दछ (बलको प्रयोग, अनुशासनात्मक उपाय) ।

२

केही सन्दर्भमा भ्रमण कार्यक्रमको एउटा स्पष्ट उद्देश्य बेपत्ता पार्ने कार्यबाट संरक्षण गर्नु हो । यस्तो घटनामा दर्ता किताबको जानकारीअनुसार फलोअप गर्नु महत्त्वपूर्ण हुन्छ । कुनै पनि भ्रमणको फलोअपमा थुना स्थानान्तर वा रिहाइसँग सम्बन्धित विवरणहरू भिडाइ हेर्नु पर्दछ । यसरी भिडाएर हेर्ने काम थुनावा राख्ने अर्को स्थलको फलोअप भ्रमण गर्दाको अवसरमा वा थुनुवाको परिवारसँगको सम्पर्कबाट र छुटेका थुनुवाबाट समेत गर्न सकिन्छ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- के आगमन र प्रस्थान दर्ता किताब कडाइका साथ राखिएको छ ?
- सबै महत्त्वपूर्ण घटनाहरू दर्ता किताबमा अभिलेख गरिएको छ ?
- दर्ता किताबमा उपलब्ध सूचना कसरी प्रयोग गरिएको छ ?
- के बन्दीले कानुनी रूपमा छुट्न पाउने मिति उल्लेख भएको दर्ता किताब राखिएको छ ?

## थुनुवाहरूलाई जानकारी

**मापदण्ड**

"कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा र थुनामा राख्दा वा कैद गर्दा उसलाई के को लागि पक्राउ, थुना वा कैद गर्ने हो जिम्मेवार अधिकारीले त्यसको जानकारी तथा उसलाई प्राप्त अधिकार साथै निज आफैँले ती अधिकारहरू कसरी हासिल गर्न सक्छ भन्ने विवरणसहितको जानकारी थुनुवालाई दिनुपर्दछ," *(विपिपिको सिद्धान्त १३)।*

१. बन्दी जुन समूहमा पर्ने हो सो समूहका बन्दीसँग गरिने व्यवहारलाई व्यवस्थित गर्ने नियमहरू, संस्थाका अनुशासनका सर्त, सूचना प्राप्त गर्ने र उजुरी गर्ने आधिकारिक विधि र उसका अधिकार र कर्तव्यलगायत उसलाई संस्थाको जीवन घुलमिल हुन सक्षम तुल्याउन आवश्यक सबै कुराबारे हरेक बन्दीलाई लिखित जानकारी उपलब्ध गराइने छ।

२. बन्दी निरक्षर भएमा उपर्युक्त जानकारी उसलाई मौखिक रूपमा प्रदान गरिनेछ," ध(एसएमआर नियम ३५, इपिआर ४१ मा समान किसिमका पदावली)।

*"राज्य सबै थुनुवाहरूलाई उनीहरूको थुनाको कारण तत्काल दिनु पर्ने कुराको सुनिश्चितता गर्दछन्," (आरआइजि व्यवस्था २५ एसिपिआरए ९ आईडिआरसिपिडिएलको धारा ५३ पनि हेर्नुहोस्)।*

**टिप्पणी**

भ्रमण टोलीले बन्दीहरूलाई उनीहरूको अधिकार र दायित्वको बारेमा जानकारी गराइएको छ छैन त्यसको जाँच गर्नु पर्दछ; त्यस्तो जानकारी प्रदान गरिने तरिकाको उपयुक्तता; ती जानकारीहरू बन्दीहरूले बुझे नबुझेको तथा त्यसमा उनीहरूको पहुँच भए नभएको हेर्नु पर्दछ।

थुनुवाहरू पहिलो पटक थुनामा आउँदा अल्मलिन्छन् र थुनाका ठाउँमा उनीहरू जोखिममा हुन्छन्। जानकारी प्रदान गर्ने तरिकामा यो विषयलाई ध्यान दिनु पर्दछ।

२

संस्थापनको काम कारवाहीमा जानकारी राख्ने पहुँच बन्दीका परिवारको छ छैन भन्ने विषयमा भ्रमण संयन्त्रले बुझ्नु पर्दछ। खासगरी चिठीपत्र आदान प्रदान, सम्पत्ति र टेलिफोन सम्पर्कका बारेमा बुझिनु पर्दछ।

**सान्दर्भिक प्रश्नहरू**

- थुनास्थलमा आइपुग्दा स्वतन्त्रताबाट वञ्चित गरिएका मानिसले के कस्तो जानकारी प्राप्त गर्दछन् ?
- कुन, कस्तो प्रकारमा ?
- के भाषा वास्तवमा बुझ्न सकिने किसिमको छ (विदेशी व्यक्तिहरूको सन्दर्भमा उनीहरूलाई जानकारी गराइएको कुराको सुनिश्चतताको कुनै विशेष प्रावधान छ ?) र अशिक्षितको बारेमा ध्यान पुऱ्याइएको छ ?
- के आन्तरिक नियमहरू देखिने स्थानमा छन् तथा तीनलाई जुनसुकै समयमा पनि सजिलै हेर्न सकिन्छ ?
- के तीनका विषयवस्तु स्वतन्त्राबाट वञ्चित गरिएका व्यक्तिहरूका लागि गरिने व्यवहारका लागि मापदण्डको भावनासँग मेल खाने छन् ?
- के तिनीहरू प्रस्ट शब्दमा छन् ?

## निरीक्षण

### मापदण्ड

"१ सम्बन्धित कानून तथा नियमहरूको पालनाको कडा निगरानीका लागि सुपरिवेक्षण गर्न थुनास्थल वा कारागार प्रशासनको प्रत्यक्ष जिम्मेवारी रहेको अधिकारीभन्दा अलग्गै सक्षम अधिकारी वा निकायले नियुक्त गरेका योग्य तथा अनुभवी व्यक्तिहरूबाट थुनास्थल तथा कारागारहरूको निरीक्षण गरिनेछ ।

२. थुनिएको वा कैद ठोकिएको व्यक्तिलाई यस सिद्धान्तको अनुच्छेद १ बमोजिमको थुनास्थल वा कारागारको निरीक्षण गर्ने व्यक्तिहरूसँग, यस्ता स्थानको सुरक्षा तथा सुव्यवस्था सुनिश्चित पार्ने मुनासिव अवस्था कायम हुने गरी स्वतन्त्रतापूर्वक र गोप्य किसिमले कुराकानी गर्ने अधिकार हुनेछ," *(विपिपि सिद्धान्त २९)* ।

"सक्षम अधिकारीद्वारा नियुक्त गरिने योग्य र अनुभवी निरीक्षकहरूबाट दण्डसम्बन्धी संस्थाहरूको नियमित निरीक्षण हुनेछ । तिनीहरूको कार्य विशेषतः ती संस्थाहरू विद्यमान कानून तथा नियमबमोजिम सञ्चालित छन् भन्ने कुरालाई सुनिश्चित तुल्याउने तथा दण्ड एवं सुधारात्मक सेवाको उद्देश्यलाई साकार पार्ने हेतुले गरिने छन्," *(एसएमआर नियम ५५)* ।

"प्रभावकारी उजुरी र निरीक्षण प्रक्रिया कारागारमा हुने दुर्व्यवहारविरुद्ध सुरक्षाकवच हो । बन्दीहरूका लागि उपयुक्त निकायमा गोप्य पहुँच पाउने लगायत कारागार प्रणाली भित्र र बाहिर उजुरी गर्ने अवसरहरू खुला रहनु पर्दछ । सिपिटिले बन्दीहरूबाट प्राप्त उजुरीहरू सुन्ने तथा कारागार संस्थापनको परिसर निरीक्षण गर्ने अधिकारसहितको स्वतन्त्र निकाय (उदाहरणका लागि भ्रमणकर्ता वा सुपरिवेक्षक न्यायाधीसहरूको समिति) द्वारा प्रत्येक कारागारको नियमित भ्रमण हुनुपर्ने कुरालाई महत्त्व दिन्छ । यस्ता निकायहरूले अन्य कार्यहरूका साथै कारागार व्यवस्थापन र बन्दीहरूबीचमा उत्पन्न अन्तर्विरोधहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ ।" *(सिपिट, जिआर २, §५४), (एसिपिआर, धारा १६ र आईडिआरसिपिडिएल, धारा ९ र १०(१))* ।

२

**टिप्पणी**

खण्ड १ मा उल्लेख भएझैँ स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूको अधिकारको सुरक्षाका लागि विभिन्न किसिमको आन्तरिक र वाह्य परिपूरक निरीक्षण प्रणाली आवश्यक हुन्छ। एउटा भ्रमण संयन्त्रको रूपमा तपाईं ती प्रणालीहरू मध्येको एक रहन सक्नुहुन्छ।

थुनुवाहरू स्वतन्त्र र गोप्य तवरले निरीक्षण टोलीसँग वार्तालाप गर्न सक्षम हुनुपर्दछ।

भ्रमण संयन्त्रले आफू जस्ता निकायले गर्ने अवलोकन तथा दिने सुझावप्रति कुन थुनास्थलहरूले कस्तो प्रतिक्रिया जनाउँछन् भन्नेसम्म पनि अनुगमन गर्नु पर्दछ।

**केही सान्दर्भिक प्रश्नहरू**

- के त्यहाँ आन्तरिक निरीक्षण संयन्त्र छ ?
- त्यसको बनावट कस्तो छ ?
- निरीक्षण बारम्बार हुने गर्दछ ?
- स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको त्यस्तो संयन्त्रमा विश्वसनीय पहुँच छ ?
- के यसले उजुरी लिन र जाँच गर्न सक्दछ ?
- प्रतिवेदनमा कसको पहुँच छ ? के ती प्रतिवेदन सार्वजनिक गरिन्छ ?
- निरीक्षणका परिणाम के हुन् ?

## अनुशासनात्मक कार्यविधि



**मापदण्ड**

१. थुना वा कारागार अवधिमा थुनुवाहरूले गर्ने के कस्ता व्यवहारहरू अनुशासनात्मक अपराधहरू हुन सक्छन् र त्यस्ता अपराधका लागि हुन सक्ने दण्डसम्बन्धी वर्णन र त्यसको अवधिका साथै त्यो दण्ड तोक्ने निकायसम्बन्धी व्यवस्था कानून वा कानूनअन्तर्गत बनेका नियमावलीमा निर्दिष्ट गरी तिनीहरूको उचित प्रकाशन गरिनेछ ।

२. थुनुवा वा बन्दीलाई अनुशासनात्मक कारवाही गर्नुभन्दा अगाडि सुनुवाइको मौका दिनु पर्ने अधिकार प्राप्त छ। उसलाई सो कारवाही उपर माथिल्लो निकायसमक्ष पुनरावलोकन गराउने अधिकार प्राप्त छ," *(विपिपि, सिद्धान्त ३०) ।*

"अनुशासन र आदेश जस्ताको तस्तै पालना गर्नु पर्दछ तर सुरक्षित थुनाको लागि अनावश्यक बन्देजहरू बढी हुनु हुँदैन र व्यवस्थित सामुदायिक जीवन हुनु पर्दछ," *(एसएमआर, नियम २७) ।*

"सक्षम प्रशासनिक निकायका देहायबमोजिमका कुराहरू सधैं कानून वा नियमबाट निर्धारण हुनुपर्दछ ।

- क) अनुशासनात्मक कसूर जनिने आचरण
- ख) दिन सकिने सजायको अवधि र प्रकार
- ग) यस्तो सजाय दिन सक्ने सक्षम निकाय" *(एसएमआर, नियम २९) ।*

"अनुशासनसम्बन्धी अपराधको सजायको रूपमा शारीरिक दण्ड, अध्यारो ठाउँमा राख्ने सजाय, क्रुर तथा अमानवीय वा अपमानजनक सबै सजायहरूको पूर्ण रूपले निषेध गरिने छ," *(एसएमआर, नियम ३१, २८ र ३० पनि हेर्नुहोस्) ।*

"बन्दी र बन्दीगृहका कर्मचारी दुवैका हितका लागि पनि अनुशासनसम्बन्धी प्रस्ट कार्यविधि औपचारिक रूपमा व्यवहारमा स्थापित र प्रयोग गरिनु पर्दछ ।

यसरी प्रस्ट व्यवस्था गर्न नसकिएमा अनधिकृत एवं अनियन्त्रित प्रणालीको विकास हुने जोखिम रहन्छ । अनुशासनसम्बन्धी कार्यविधिमा बन्दीहरूलाई आरोपित गरिएको विषय र उनीहरूले गरेको कार्यका लागि सुनुवाइको मौकाको अधिकार प्रदान गरिनु पर्दछ, र कुनै सजायउपर माथिल्लो निकायसमक्ष पुनरावेदन गर्ने अधिकार प्रदान गर्नु पर्दछ ।

अन्य कार्यविधि धेरैजसो औपचारिक कार्यविधिसँगै पूरा हुन्छ, जसअन्तर्गत बन्दीलाई उसको इच्छा विपरीत अनुशासनसम्बन्धी सुरक्षाको कारणको लागि भनी अन्य थुनुवा वा कैदीबाट छुटचाएर राखिने हुन सक्छ । यी कार्यविधिहरू पनि प्रभावकारी सुरक्षाका साथ लागू गरिनु पर्दछ । सुरक्षा आवश्यकताले अन्यथा निर्देशित गरेकोमा बाहेक बन्दीहरूलाई उनीहरू विरुद्ध अङ्गिकार गरिएका उपायहरूको बारेमा कारणसहित जानकारी दिनुपर्दछ, यस विषयमा उसको दृष्टिकोण प्रस्तुत गर्ने अवसर प्रदान गरिनु पर्दछ र आफूलाई त्यस्तो उपाय लागू नहुने सम्बन्धमा उपयुक्त निकायसमक्ष आफ्नो कुरा प्रस्तुत गर्न पाउने अवसर दिइनु पर्दछ," *(सिपिटि, जिआर २, §५५; एसिपिआरए, धारा ३, ६, १२ र आईडिआरसिपिडिएल, धारा ४७(१) र धारा ४९ पनि हेर्नुहोस्)* ।

**टिप्पणी**

भ्रमण संयन्त्रले सजायको प्रणाली स्पष्ट रूपमा संहिताबद्ध गरी औपचारिक रूपमा बन्दी र कर्मचारीहरूले बुझ्ने किसिमले सञ्चार गरिएको छ छैन र लगातार अनुशासन उल्लंघन गरेको कार्यको फेहरिस्त राखी प्रकाशित गरिएको छ छैन जाँच गर्नुपर्दछ । संयन्त्रले नियम प्रस्ट छ छैन भनी हेर्ने मात्र नभई के कुराले अपराध हुन्छ र यसको परिणाममा कस्तो सजाय हुन्छ भन्ने कुरा पनि हेर्दछ । अनुशासनात्मक कसूरमा सजाय गर्ने तहगत संरचना र त्यस्तो सजाय पाउने व्यक्तिले आफ्नो भनाइको सुनुवाइ हुने र पुनरावेदन गर्न पाउने कुरामा ध्यान दिनु पर्दछ ।

नियमहरू कसरी सञ्चार गरियो र तिनीहरू कहाँ, कसरी राखिएको छ भन्ने विषयमा संयन्त्रले चाख राखेको हुनेछ ।

अनुशासनसम्बन्धी नियमको प्रकृति पनि संयन्त्रको चासोको विषय हुनेछ । (के तिनीहरू सुव्यवस्था तथा सुचारु संगठनको सञ्चालन र व्यक्तिको मर्यादाको सम्मानको समानुपातिक छन् ?)

कार्याविधिको प्रकृति सोधपुछसँग पनि सम्बन्धित हुनेछ । सम्भव भएसम्म कार्यविधि, कानूनको उचित प्रक्रियालाई प्रत्याभूत गर्ने हुनु पर्दछ, उदाहरणको लागि प्रतिनिधित्वसम्बन्धी कार्यविधि ।

भ्रमण संयन्त्रले अनुशासनात्मक सजाय कसूरसँग असमानुपातिक भए, यदि यो स्वेच्छापूर्वक तय भएको भए, अथवा यो पीडा वा निराशाको पुष्टी गर्न नसकिने स्रोत भएमा दुर्व्यवहार हुनेमा पनि विचार गर्नेछ ।

संयन्त्रले अनुशासन कायम गर्ने नाममा थुनुवाहरूबीच अनौपचारिक आन्तरिक तह बनाई शक्तिसमेत दिने प्रवृत्तितर्फ पनि दृष्टि पुऱ्याउनु पर्दछ । यो निषेधित छ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- कस्तो व्यवहार र कार्यमा सजाय हुन्छ ?
- कसले सजाएको निर्धारण गर्दछ र के आधारमा (लिखित/मौखिक प्रतिवेदन) ?
- के व्यक्तिले आफ्नो वा आफ्नो तर्फबाट प्रतिवाद गर्ने सम्भावना छ ?
- के व्यक्तिलाई लगाएको अभियोगको बारे जानकारी गराइएको छ ?
- दिएको सजायको प्रकृति कस्तो र अवधि कति हो ?
- पुनरावेदन सुन्ने संयन्त्रले कसरी काम गर्दछ ?
- कुनै पुनरावेदनको परिणाम थुनुवाको पक्षमा भयो ?
- स्वतन्त्रता वञ्चित गरिएका जम्मा संख्याको तुलनामा तोकिएको अवधिमा कतिले सजाय पाए ?
- कुनै अल्पसंख्यक समूहउपर असमानुपातिक किसिमले सजाय वा खास सजाय दिइएको विषय कतै झल्किन्छ ?
- के बन्दीहरू अनुशासनात्मक कारवाहीको पालनामा लागेको कुरा कतै औँल्याइएको छ ?

## उजुरी कार्यविधि

२

**मापदण्ड**

१. बन्दी वा निजको परामर्शदातालाई खासगरी यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार भएका अवस्थामा उक्त थुनास्थलको प्रशासनका लागि जिम्मेवार निकाय र त्योभन्दा माथिल्लो निकायका साथै पुनरावलोकन गर्ने वा त्यस्ता अवस्थाहरूमा उपचार प्रदान गर्ने अधिकार निहित रहेका उपयुक्त निकायहरू समक्ष आफ्नो उजुरी वा अनुरोध दायर गर्ने अधिकार रहने छ

२. यस सिद्धान्तको प्रकरण नं. १ अन्तर्गत ती घटनाहरूमा थुनुवा वा बन्दी वा उसको कानून व्यवसायीले ती अधिकारको अभ्यास गर्न सम्भव नभएमा, थुनुवा वा बन्दीको परिवारको सदस्य वा त्यस घटनाको बारेमा जानकारी भएको अन्य कुनै व्यक्तिले यो अधिकारको अभ्यास गर्न सक्नेछ।

३. यदि उजुरीकर्ताले अनुरोध गरेमा अनुरोध र उजुरीको सम्बन्धमा गोप्यता कायम राख्नु पर्नेछ।

४. प्रत्येक अनुरोध वा उजुरीमा विना अनुचित ढिलाइ तथा तदारुकताकासाथ हेरी जवाफ पठाइनेछ। यदि कुनै अनुरोध वा उजुरी अस्वीकार गरिएमा वा अनावश्यक ढिलाइ गरिएमा उजुरीकर्तालाई त्यस्तो उजुरी न्यायीक वा अन्य निकायसमक्ष ल्याउने हक हुनेछ। यस सिद्धान्तको प्रकरण नं. १ बमोजिम थुनुवा वा बन्दी वा उजुरीकर्तालाई सो अनुरोध वा उजुरी गरेबापत कुनै पूर्वाग्रही व्यवहार गरिने छैन," *(विपिपि, सिद्धान्त ३३)।*

"१. प्रत्येक बन्दीलाई प्रत्येक हप्ताको एक दिन बन्दीगृहको निर्देशक वा उसले अधिकार प्रत्यायोजन गरेको व्यक्तिसमक्ष अनुरोध वा उजुरी गर्ने अधिकार रहनेछ।

२. निरीक्षणका शिलशिलामा यस्तो किसिमको अनुरोध वा उजुरी निरीक्षकसमक्ष गर्न पनि सम्भव हुनेछ। थुनास्थलको निर्देशक वा अन्य कर्मचारीको उपस्थिति विना थुनुवा

वा बन्दीलाई त्यस्तो निरीक्षक वा अन्य निरीक्षण अधिकृतहरूसँग कुराकानी गर्न पाउने अवसर प्राप्त हुनेछ ।



३. प्रत्येक बन्दीलाई केन्द्रीय कारागार प्रशासन, न्यायीक निकाय वा अन्य उपयुक्त निकायसमक्ष स्वीकृत माध्यमबाट तर निजले राखेका विषयमा काँटछाँट विना अनुरोध वा उजुरी गर्ने अनुमति दिइनेछ ।

४. प्रमाणित रूपमा झूठा वा आधारहीन नभएसम्म प्रत्येक अनुरोध वा उजुरी चाँडो र राम्रोसँग विना अनुचित ढिलाइ निरूपण गरिनु पर्दछ, *(एसएमआर, नियम ३६; एसिपिआर, धारा ७(क), (ख) र (ग); आईडिआरसिपिडिएल, धारा ५०(१) र धारा ५४ ।*

**टिप्पणी**

भ्रमण संयन्त्रले बन्दीहरूलाई कारागारमा उनीहरूको जीवनका यावत पक्षबारे उपयुक्त मध्यममार्फत छलफल र विमर्श गर्न दिइएको छ छैन भन्ने हेर्नु पर्दछ । उपलब्ध उजुरी कार्यविधिको ढाँचा तथा विषय वा यसको अभाव थुनुवा वा कैदीहरूलाई दिइएको सम्मानको स्तर दर्शाउन महत्त्वपूर्ण हुन्छ ।

उजुरीमा कति तहहरू उपलब्ध छन् ? पहिलो तह संस्थापनको निर्देशकलाई सोझै सम्बोधन गरेर हुन सक्दछ । के थुनुवा वा बन्दीले उच्च अधिकारीसमक्ष उजुरी दिँदा विना काँटछाँट र गोप्य किसिमले दिन सम्भव छ ?

थुनुवा वा बन्दीहरूको उजुरी गोप्य तवरले एवं विना काँटछाँट अन्य बाहिरी निकाय वा थुनास्थलबाहेकको स्वतन्त्र प्रणालीमा जानसक्ने पहुँच छ छैन भनी संयन्त्रले जाँच गर्नु पर्दछ ।

**भ्रमण संयन्त्रले उजुरी व्यवस्थाको अनुगमन गर्नु पर्दछ**

- के कार्यविधिले स्वच्छता र न्यायको मापदण्ड समेटेको छ ?
- यो कैदीहरूको लागि कतिको पहुँच योग्य छ ?
- यसमा गोप्यतालाई सम्मान गरिएको छ ?
- के कार्यविधि पारदर्शी छ ?

- उजुरीको व्यवस्थापन गर्नेले वस्तुनिष्ठ, पक्षपातरहित व्यवहार गरेको छ ?
- कैदी तथा परिस्थितिको आवश्कताअनुसारको व्यवस्था मिलाइएको छ ? (लचिलोपना)
- के उजुरीको विषय वस्तुलाई सम्बोधन गर्न समयमै उजुरी हेरिएको छ ? (प्रभावकारिता)
- के सम्बोधन गरिएका उजुरीको तथ्याङ्क राखिएको छ ? यसलाई विश्लेषण तथा कारवाही गरिएको छ ?

निरीक्षण निकायहरूले उजुरी प्राप्त एवं त्यसमा छानबीन जाँचपडतालसमेत गर्ने सम्भावना हुँदा उजुरी संयन्त्रलाई निरक्षण कार्यसँग जोडेर हेरिनु पर्दछ (निरीक्षण भाग पनि हेर्नुहोस्) ।

**केही सान्दर्भिक प्रश्नहरू**

- स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई उजुरीको लागि के कस्ता विधिहरू उपलब्ध छन् ?
- पुनरावेदनको प्रकृति के छ, प्रशासनिक वा न्यायीक ?
- पुनरावेदनको कार्यविधि के छ, को समक्ष र कसरी ?
- के स्वतन्त्रताबाट वञ्चित भएका व्याक्तिले सजिलै पहुँच कायम गर्न सक्ने कार्यविधि छ ? (विदेशी नागरिकसहित, निरक्षर र अर्धसाक्षर मानिस)
- के बन्दीको तर्फबाट बाहिरको व्यक्तिले सुपरिवेक्षणको जिम्मेवारी रहेको प्रशासनसमक्ष उजुरी गर्न सम्भव छ ?
- उजुरी टुङ्गो लगाउने समय तालिका के छ ?
- विगत छ महिनादेखि कति उजुरी दर्ता भए ? (थुनामा राखिएका व्याक्तिहरूसँग औसत तुलना गरिनु पर्ने)
- हालको उजुरीको प्रकृति कस्तो प्रकारको छ ?
- पुनरावेदनको धेरैजसो परिणाम के छ ?
- उजुरीकर्ताको पक्षमा कति निर्णय गरिए ?
- के उजुरी दिएको कारणबाट बदला लिइएको कुनै आरोप छ ?

## थुनुवाहरूको प्रकारको वर्गीकरण

### मापदण्ड

“२. (क) अभियोग लागेका व्याक्तिहरूलाई अपवादजनक स्थितिमा बाहेक सजाय पाएका व्याक्तिबाट पृथक राखिने छ र सजाय नपाएका व्यक्ति सरहको आफ्नो हैसियत सुहाउँदो पृथक व्यवहार गरिने छ ।
(ख) अभियोग लागेका किशोरहरूलाई वयस्कबाट पृथक राखिने छ र यथासक्दो चाँडो तिनीहरूलाई अदालती कारवाहीको लागि प्रस्तुत गरिनेछ,” (आइसिसिपिआर, धारा १०(२)) ।

“अभियोग लागेका व्यक्तिहरूलाई सजाय पाएका व्यक्तिबाट अपवादजनक विशेष परिस्थितिमा बचाऊ गर्न धारा १० प्रकरण २(क) ले पृथकीकरण गर्दछ । धारा १४ को प्रकरण नं. २ मा उल्लेख गरिए बमोजिम उनीहरूको हैसियत सजाय नपाएको व्यक्ति सरह हो भन्ने कुरामा जोड दिन यस्तो पृथकीकरण आवश्यक भएको हो जसलाई त्यस समयमा निर्दोष मानिने अधिकार हुनेछ,” (जिसि, २१(९)) ।

“विभिन्न किसिमका थुनुवा वा कैदीहरूलाई उनीहरूको लिङ्ग, उमेर, आपराधिक अभिलेख, उनीहरूको थुनाको कानुनी कारण र उपचारको अवश्यकताअनुसार छुट्टाछुट्टै थुनास्थलमा राखिनेछ । त्यस कारण,

क) सम्भव भएसम्म महिला र पुरुषलाई छुट्टाछुट्टै थुनास्थलमा राखिनु पर्दछ, एउटै थुनास्थलमा महिला र पुरुषलाई राखिन्छ भने महिलाको लागि पूरा परिसर छुटचाएर पूर्णरूपले छुट्टै राखिनु पर्दछ,
ख) पूर्पक्ष नगरिएका थुनुवाहरूलाई सजाय पाएका कैदीहरू भन्दा छुट्टै राखिनु पर्दछ,
ग) फौजदारी अपराधमा थुनामा रहेका र देवानी अपराधमा थुनामा रहेका थुनुवा वा कैदीहरूलाई छुट्टै राखिनु पर्दछ,
घ) किशोर थुनुवा वा कैदीहरूलाई वयस्क थुनुवा वा कैदीहरू भन्दा छुट्टै राखिनु पर्दछ” (एसएमआर नियम ८) ।

२

"१. थुनुवा वा कैदीहरूलाई विभिन्न थुनास्थलहरूमा पठाँउदा उनीहरूको न्यायीक र कानुनी अवस्था (पूर्पक्ष नगरिएको वा सजाय पाएको थुनुवा वा कैदी, पहिलो पटकको अपराधी वा पटके अपराधी, छोटो सजाय वा लामो सजाय) को आधारमा ध्यान दिई उनीहरूको उपचारलाई विशेष आवश्यकता, उनीहरूको औषधिको आवश्यकता, उनीहरूको लिङ्ग र उमेरसमेतलाई उचित ध्यान दिइनेछ ।

२. सैद्धान्तिक रूपमा महिला र पुरुषलाई छुट्टाछुट्टै थुनामा राखिनु पर्दछ, यद्यपि उनीहरू प्रति गरिने कुनै स्थापित व्यवहारको हिस्साको रूपमा गरिने संगठित क्रियाकलापमा भने उनीहरू सँगसँगै सहभागी हुन सक्ने छन् ।

३. सिद्धान्ततः पूर्पक्ष नगरिएका बन्दीहरूलाई सजाय पाएका बन्दीहरूबाट छुट्टै राखिनु पर्दछ तर उनीहरूको हितको लागि सँगै संगठित गतिविधिमा संलग्न हुन सकिनेछ ।

४. युवा बन्दीहरूलाई निश्चित सर्तअन्तर्गत थुनामा राखिनु पर्दछ जुन सम्भव भएसम्म उनीहरूलाई खराब प्रभावबाट संरक्षण गर्नु पर्दछ र खासगरी उनीहरूको उमेरको विशिष्ट आवश्यकतालाई ध्यान दिनु पर्दछ" *(इपिआर नियम ११) ।*

"सैद्धान्तिक रूपमा स्वतन्त्रता वञ्चित गरिएका महिलाहरूलाई एउटै संस्थापना वा परिसर भए पनि पुरुषहरू राखिएको कक्षभन्दा भौतिक रूपमा नै छुट्याइएको ठाउँमा राखिनु पर्दछ । त्यसो भन्दाभन्दै पनि, केही राष्ट्रहरूले स्वतन्त्रा वञ्चित गरिएका जोडीका लागि सँगै बस्ने व्यवस्था पनि मिलाउन सुरु गरेका छन् र केही हदसम्म थुनास्थलमा पृथक लिङ्गका व्यक्तिहरू केही हदसम्म मिसिएर बसेका पनि छन् । यस्तो प्रगतिशील व्यवस्थाको लागि सिपिटि स्वागत गर्दछ । तर थुनुवा वा कैदीहरूले सहभागी हुन मञ्जुर गर्नुपर्दछ र होशियारीपूर्वक छनोट र पर्याप्त सुपरिवेक्षण गरिनु पर्दछ" *(सिपिटि, जिआर, १०, §२४; एसएमआर, नियम ८५; इपिआर, नियम १२ र १३; एसिपिआर, ख-१-ख र आईडिआरसिपिडिएल, धारा १६) ।*

**बालबालिका**

"धारा १० को अनुच्छेद ३ अन्तर्गत बाल अपराधीहरूलाई वयस्कहरूबाट पृथक राखिने छ र उनीहरूको उमेर र कानुनी अवस्था बमोजिम थुनाको अवस्थाले दिएसम्मको उचित व्यवहार गरिने छ" *(जिसि २० प्रकरण १३) ।*

"एउटै परिवारका सदस्य भएकोमा बाहेक थुनास्थलहरूमा किशोरहरूलाई वयस्कबाट पृथक गरिनु पर्दछ। नियन्त्रित अवस्थाअन्तर्गत सम्बन्धित किशोरहरूलाई लाभ हुने देखिएमा उनीहरूलाई कुनै विशेष कार्यक्रमको भागको रूपमा होशियारीपूर्वक छनोट गरिएका वयस्कका साथ राख्न सकिन्छ" *(आरडिजेडिएल, नियम २९)।*



## टिप्पणी

थुनुवा वा कैदीहरूको पृथकीकरणमा लागू हुने सिद्धान्त उनीहरूको सुरक्षाका साथसाथै विशेष आवश्यकताको मान्यता वा विभिन्न किसिमका थुनुवा वा कैदीहरूका हैसियत हो। यो सिद्धान्त लागू नहुने थुनुवा वा कैदीहरूलाई पृथकीकरण गरिनु हुँदैन।

सामान्यतः थुनुवा वा कैदीहरूलाई यसप्रकार पृथकीकरण गरिन्छः

- लिङ्ग र उमेरः महिलाबाट पुरुष र वयस्कबाट किशोर,
- न्यायीक र कानुनी अवस्थाः अभियोग लागेका वा सजाय तोकिएका

भ्रमण संयन्त्रले थुनाको अवस्थाको जाँच संरक्षण र विशेष आवश्यकताको दृष्टिकोणबाट गर्नु पर्दछ। पृथकीकरण थुनुवा वा कैदीहरूमा रहेको जोखिमको वस्तुनिष्ठ मूल्याङ्कनमा आधारित हुनुपर्दछ। यदि उचित संरक्षणका सवालहरू भएमा पृथकीकरणको लागि अनुरोध गर्न थुनुवा वा कैदीहरूलाई अवसर हुनुपर्दछ। केही बन्दीहरूलाई पृथक गर्न आवश्यक हुन्छ, कारण अन्य बन्दीहरूबाट उनीहरूको सुरक्षामा विशेष किसिमको खतरा रहन सक्छ, जस्तो जातीय उत्पत्ति, धार्मिक आस्था, यौन अभिमुखीकरण। विभिन्न श्रेणीका बन्दीहरूमा पृथकीकरण फाइदाजनक नहुनेतर्फ संयन्त्र सचेत हुनुपर्दछ। उदाहरणको लागि बन्दीहरूको सम्पूर्ण संख्यामा महिला, किशोरहरू अल्पसंख्यक हुने, र यदी उनीहरूलाई पृथक गरेमा उनीहरू परिवार र साथिहरूसँगको सम्बन्धबाट प्रायः वञ्चित हुन पुग्छन्। पूर्पक्षको लागि प्रतिक्षारत थुनुवाहरूलाई निर्दोष मानिएको भए पनि उनीहरूलाई प्रायजसो सजाय पाएका व्यक्तिहरू भन्दा कमसल ठाउँमा राखिन्छ र बाहिरी संसारमा उनीहरूको पहुँच कम हुन्छ।

एचआईभि पोजिटिभ भएको कारणले मात्र बन्दीहरूलाई पृथकीकरण गर्नुपर्ने कुनै चिकित्सकीय पुष्टयाइँ छैन।

भ्रमण संयन्त्रले सपाङ्गता भएका बहुसंख्यक कैदीसाथै राखिएका अपाङ्गता भएका र वृद्ध थुनुवा वा कैदीहरूका विशेष आवश्यकतालाई सम्बोधन गरिए नगरिएकामा पनि विचार पुऱ्याउनु पर्दछ ।

२

संयन्त्रले स्थानान्तरणको शिलशिलामा थुनुवा वा बन्दीहरूको संरक्षणलाई बिर्सनु हुँदैन । स्वतन्त्रता वञ्चित गरिएका किशोरहरूलाई विशेषगरी उनीहरूको आवश्यकताअनुसारका संरचना र अवस्थामा राखिनु पर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- के किशोरहरूलाई दिनभर सबै समयमा वयस्क बन्दीबाट प्रभावकारी रूपमा पृथक राखिएको छ ?

थुनास्थल जहाँ विभिन्न किसिमका व्यक्तिहरू राखिएका छन्:

- दिनको २४ सै घण्टा पुरुष बन्दीबाट महिलालाई प्रभावकारी रूपमा पृथक राखिएको छ ?
- के तिनीहरू मुख्य रूपमा महिला कर्मचारीको जिम्मेवारीअन्तर्गत छन् ?
- के सुरक्षाको लागि त्रास छ भन्ने उचित आधार भई जोखिममा रहेका भनी पहिचान गर्न सकिने थुनुवाहरूको समूहलाई अलग्गै बसोबासको व्यवस्था गरिएको छ ?

जहाँ साम्प्रदायिक थुनास्थल छन्:

- कसले बस्ने ठाउँ तोक्दछ र के आधारमा ?
- के थुनुवाहरूले तिनीहरूको बस्ने ठाउँ परिवर्तन गर्न सोध्न सक्छन् ?
- यदि त्यसो भएमा, के आधारमा ?
- कर्मचारीहरूले दुर्व्यवहारको जोखिमको रोकथाम कसरी गर्दछन्, खासगरी सँगैको समान लिङ्गीय साथीविरुद्ध गरिने यौन दुर्व्यवहार ?
- के अल्पसंख्यक समूहहरूलाई उचित सुरक्षा कारणबाहेक अन्य कारणबाट पृथकीकरण गरिएको कुनै प्रमाण छ ?

## सन्दर्भ सामग्री

PRI, Making standards work, London 2001. (Section II Due process and complaints, pp. 29 – 54; Section VIII, Inspection, PP. 167-174)

UN HCHR, *Human Rights and Prisons*, Geneva 2003 (Section 5 Making prisons safe places, pp. 72-75)

Andrew Coyle, *Human Rights Approach to Prison Management, 2003.* (Chapter 6: Disciplinary procedures and punishment, pp. 75-82; Chapter 9 Requests and complaints pp. 105-110, Chapter 10: Inspection procedures, pp. 111-116)

AI, *Combating Torture*, London 2003. (Chapter 5 Condition of Detention, pp. 133;139-143)

# भौतिक अवस्था

भ्रमण संयन्त्रले थुनुवा वा कैदीहरूलाई थुनामा राखिएको ठाउँको भौतिक अवस्थाको जाँचमा उनीहरूको समयको ठूलो हिस्सा दिनु पर्ने हुनसक्छ ।

कसैलाई स्वतन्त्रताबाट वञ्चित गराएपछि सो व्यक्तिको आधारभूत आवश्यकता पूरा गर्ने दायित्व सम्बन्धित निकायहरूमा नै रहन्छ । स्वतन्त्रता वञ्चित गर्नु आफैंमा दण्डनीय छ । आफैंले गरेको प्रतिबद्धताअनुसार मापदण्ड पूरा नगरी निम्न स्तरको थुनामा राख्ने अधिकार राज्यलाई हुँदैन ।

थुनुवा व्यक्तिको मानवीय सम्मानको संरक्षणको लागि थुनास्थलको बसाइँ उचित हुन आवश्यक छ । बस्ने क्षेत्र, खाना र सरसफाई सबै पक्षहरू जसले थुनुवा वा कैदीहरूमा सम्मान र कल्याणको भावना जागृत गराउन योगदान गर्दछ ।

भ्रमण गर्ने व्यक्तिहरूले थुनुवाहरू रहेको सबै संरचनागत अवस्थाहरूको जाँच गर्नुपर्दछ, विद्युत र पानीको आपूर्ति, फोहोर व्यवस्थापन र सरसफाई सबै मानवीय मान सम्मानको लागि महत्त्वपूर्ण सवाल हुन् ।

भ्रमण गर्ने व्यक्तिहरूले बन्दीहरूको बसाइँको अवस्था कर्मचारीहरूको पनि काम गराइको अवस्था हो भन्ने बिर्सनु हुँदैन ।

थुनाको अवस्थाहरूमध्ये बढी भीड हुने समस्या एउटा महत्त्वपूर्ण पक्ष हो, किनभने यस अवस्थाले थुनाको अन्य सबै पक्ष तथा संस्थापनाको सामान्य वातावरणलाई नराम्रो प्रभाव पार्छ । जब यो निश्चित तहमा पुग्दछ, वा अन्य नराम्रा पक्षहरूसँग जोडिन्छ तब बढी भीड हुने अवस्थाबाट अमानवीय वा अपमानजनक व्यवहार पनि हुन जान्छ ।

**भौतिक अवस्था**

- खाना
- प्रकाश र हावा
- व्यक्तिगत स्वास्थ्य
- सरसफाई सुविधा
- कपडा र ओछ्यान
- बढी भीड र बसोबास

३

## खाना

### मापदण्ड

“१. प्रशासनले प्रत्येक थुनुवा वा कैदीलाई खाना खाने साविक समयमा राम्रोसँग तयार पारिएको स्वस्थ र शक्तिको लागि गुणस्तरयुक्त सन्तुलित आहार प्रदान गर्ने छन् ।

२. थुनुवा वा कैदीलाई हरसमय पिउने पानी उपलब्ध हुनेछ,” *(एसएमआर, नियम २०) ।*

“१. चिकित्सकले नियमित रूपमा निरीक्षण गरी निर्देशकलाई सल्लाह दिनेछः
(क) खानाको परिमाण, गुणस्तर, तयारी, सेवा,” *(एसएमआर, नियम २६) ।*

“१. स्वास्थ्यसम्बन्धी निकायहरूद्वारा तयार गरिएको मापदण्ड बमोजिम थुनुवा वा कैदीलाई साविक समयमा गुणस्तरयुक्त र मापदण्ड बमोजिमको परिमाणमा ताजा स्वस्थ र उनीहरूको उमेर, स्वास्थ्य, कामको प्रकृति सम्भव भएसम्म धार्मिक र सांस्कृतिक आवश्यकतासमेतलाई विचार गरी सन्तुष्ट हुने गरी मिठो खाना तयार गरी प्रशासनले उपलब्ध गराउनु पर्दछ ।

२. थुनुवा वा कैदीलाई हरसमय पिउने पानी उपलब्ध हुनेछ”, *इपिआर, नियम २५; एसिपिआर, धारा ११ र आईडिआरसिपिडिएल, धारा ३२ समेत हेर्नुहोस् ।*

### बालबालिका

“कुनै पनि उद्देश्यका लागि खुराक घटाउने र परिवारका सदस्यहरूसँगको सम्पर्कमा रोक लगाउने कार्य निषेधित गरिएको छ,” *(आरपिजेडिएल, नियम ६७) ।*

### टिप्पणी

भ्रमण संयन्त्रले बन्दीहरूको लागि परिमाण, गुणस्तर र परिकारको दृष्टिले पर्याप्त खुराक प्रदान गर्ने पद्धतिको विकास गर्नुपर्दछ जसको आधारमा यसमा नियमित जाँच गर्न सकिन्छ तथा स्वतन्त्रता वञ्चित गरिएका व्यक्तिहरू कुपोषणको शिकार हुने छैनन् । थुनुवा वा कैदीलाई स्थायी रूपमा पिउने पानीमा पहुँच हुनुपर्दछ ।

केही देशहरूमा परिवारबाट उपलब्ध गराइएको खानाबाट परिपूरण गर्न सकिने वा गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्तो स्थितिमा, संयन्त्रले बाहिरी सहयोग प्राप्त नगर्ने थुनुवा वा कैदीको अवस्था, विशेषगरी संस्थापन पक्षले त्यस्ता व्यक्तिहरूको पहिचान तथा तिनीहरूको खास समस्या सम्बोधन गर्ने सुनिश्चितताको अनुगमन गर्नु आवश्यक हुन्छ।

३

संयन्त्रले थुनुवा वा कैदीहरूको स्वास्थ, सरसफाई लगायत उनीहरूको सम्मानसँग सम्बन्धित अन्य विषयहरू जस्तो कि कुन समयमा कस्तो खाना दिइयो, त्यो कसरी दिइयो साथै खाना खान कति समय दिइयो भन्नेमा पनि ध्यान दिनु पर्दछ।

**केही सान्दर्भिक प्रश्नहरू**

- खानाको परिमाण, गुणस्तर र परिकार मापदण्डबमोजिम छन् ? कसले खानाको परिकारको निर्णय गर्दछ ? यसमा चिकित्सकको नियमित भूमिका रहन्छ ?
- खानाको लागि वार्षिक बजेट कति छ (र प्रत्येक थुनुवालाई प्रतिदिन स्वीकृत रकम) ?
- खाना खाने समय कतिखेर हो ? खानाको बीचको अन्तर उपयुक्त छ ?
- के बन्दीहरूलाई सम्मानपूर्वक सेवा प्रदान गरिएको छ ?
- के खानाको वितरण र भोजनगृहको काम बाँडफाँट गर्दा देखिने गरी नकरात्मक विभेद गरिएको छ ?
- के खानाको समय भन्दा बाहिर खाना र पानीमा व्यक्तिको पहुँच छ ?
- कस्तो किसिमको पानी उपलब्ध छ ? के वर्षभरी नै सफा पानी उपलब्ध हुन्छ ?
- के त्यहाँ विरामी, वृद्ध, आमासँगै बसेका बालबालिकाको लागि विशेष खुराकको व्यवस्था छ ?
- के खुराकीमा धार्मिक मर्यादा कायम गरिएको छ ?
- के उपलब्ध गराइएको खानाले बन्दीहरूको जातीय बनोट प्रतिबिम्बित गर्दछ ?
- के त्यहाँ भित्र चमेनागृह वा पसल छ, जहाँ बन्दीहरूले खाने कुरा किन्न सक्दछन् ?

- परिवार जनहरूले ल्याएको खानामा के के नियम र अभ्यास छन् ?
- पकाउने ठाउँमा खाना तयार गर्दा के के सर्तहरू छन् ? के तिनीहरूको स्वास्थ्य र सुरक्षाको लागि नियमित अवलोकन गरिन्छ ?

३

३

## हावा तथा प्रकाश

### मापदण्ड

"बन्दीहरू बस्ने र काम गर्ने सबै ठाउँहरूमा

(क) बन्दीहरूले प्राकृतिक प्रकाशमा पढ्न र काम गर्न सक्ने गरी ठूला झ्यालहरू हुनुपर्दछ, र भेन्टिलेसन भए वा नभए पनि ताजा हावा प्रवेश गर्न सक्ने किसिमबाट बनाइनु पर्दछ।

(ख) आँखालाई आघात नपर्ने गरी पढ्न अथवा काम गर्न सक्ने किसिमबाट बत्तीको पर्याप्त व्यवस्था गरिनु पर्दछ।" मापदण्डसम्बन्धी न्यूनतम नियमहरू। नियम ११ *(युरोपीयन कारागार नियमहरू नियम १६ पनि हेर्नुहोस्)*

"१. चिकित्सकले नियमित निरीक्षण गर्नेछ र निर्देशकलाई निम्न विषयमा सल्लाह दिनेछ :

(ग) संस्थाको सरसफाई, तापक्रम, प्रकाश र भेन्टिलेसन। *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू-नियम* २६।

"बन्दीहरूलाई प्रकाशको पहुँचबाट वञ्चित गर्न र बासस्थानमा हावा प्रवेशमा नियन्त्रण गर्ने किसिमका धातुका सटर, स्लेट तथा ल्पेट जस्ता साधन झ्यालमा प्रयोग गर्ने कुराको यातना रोकथामसम्बन्धी युरोपीयन समितिले निरन्तर विरोध गरेको छ। यो विषय खासगरी पूर्व पूर्पक्षका बन्दीहरू राख्ने स्थानमा समान विशेषताको रूपमा पाइन्छ। मुठभेड र आपराधिक गतिविधिहरूको खतरालाई रोक्न केही बन्दीहरूको सम्बन्धमा खास सुरक्षा व्यवस्थाको प्रबन्ध गरिनुपर्दछ भन्ने कुरालाई समिति पूर्ण रूपमा स्वीकार गर्दछ। यद्यपि यस प्रकारको उपाय नियमको रूपमा नभएर अपवादको रूपमा प्रयोग गरिनुपर्दछ। यसबाट के बुझिन्छ भने प्रत्येक बन्दीको हकमा निजको विशेष किसिमको सुरक्षा प्रबन्ध अपनाइनु वास्तवमा उपयुक्त हुन्छ भनी निर्धारण गर्नका लागि सम्वद्ध अधिकारीहरूले हरेकको मुद्दाको छुट्टाछुट्टै परीक्षण गर्नु पर्दछ। यस्ता उपायहरू आवश्यक छन् भने पनि प्राकृतिक प्रकाश र ताजा हावाबाट बन्दीहरूलाई वञ्चित गर्ने कार्य गरिनु हुँदैन। यी दुई जीवनका आधारभूत तत्त्वहरू हुन् जो प्रत्येक बन्दीलाई उपभोग गर्ने अधिकार हुन्छ।

यसका अलावा यी तत्त्वहरूको अभावमा रोगहरू खासगरी क्षयरोग फैलिने उपयुक्त अवस्थाहरू सिर्जना गर्दछ ।

समिति मान्दछ कि थुनास्थलमा उपयुक्त किसिमबाट बस्ने (मर्यादित) वातावरण प्रदान गर्नु खर्चिलो हुन सक्दछ र धेरै देशहरूमा त्यस्ता स्थानहरू सुधार गर्न कोषको अभावले गर्दा बाधक पनि हुन्छ । यद्यपि, बन्दीहरूको बासस्थानमा झ्यालहरूमा प्रयोग भएका साधन हटाउन (र अपवादस्वरूप उपयुक्त किसिमका सुरक्षा साधनहरू आवश्यकताअनुसार प्रयोग गर्न) धेरै लगानी नचाहिने पनि हुन सक्छ र त्यसो गर्नु सम्बन्धित सबैलाई अति उपयोगी हुन्छ, *(सिपिटि, जिआर, ११, §३०) ।*

३

## टिप्पणी

बन्दीहरूले उज्यालो, ताजा हावा र पर्याप्त तापक्रम कति मात्रामा प्राप्त गरेका छन् भन्ने सम्बन्धमा भ्रमण संयन्त्रले आफ्नो अवलोकनका आधारमा र बन्दीहरू तथा कर्मचारीहरूसँग प्रश्न गरी अनुगमन गर्न आवश्यक हुन्छ ।

बसोबासको स्थान र संख्यालाई हेरेर भेन्टिलेसनको आकारको उपयुक्तताको सम्बन्धमा निरीक्षणकर्ताले विचार गर्नु पर्दछ । झ्यालहरू स्थायी रूपमा बन्द गरिएको हुनु हुँदैन र हावाका लागि उपयुक्त निकाश सम्भव हुनु पर्दछ । बन्दीहरू आफैँले बत्ति बाल्न र निभाउन समर्थ हुने व्यवस्था गरिएको हुनु पर्दछ । थुनास्थलमा सामान्य बसोबासका लागि प्रयोग हुने आधारभूत मापदण्ड स-साना थुनास्थल (सेल) मा पनि लागू हुनु पर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- स-साना थुनास्थलमा भएका भेन्टिलेसन पर्याप्त छन् ?
- स-साना थुनास्थलमा तापक्रम पर्याप्त छ ?
- झ्यालको आकार कत्रो छ ? यो खोल्न सकिन्छ ?
- बन्दीहरू आफैँ बत्ति, भेन्टिलेसन र तापक्रमयन्त्र सञ्चालन गर्न सक्दछन् ?
- तापक्रम कसरी प्रदान गरिएको छ र तापक्रम प्रणाली सुरक्षित छ ?
- पढ्नको लागि पर्याप्त प्रकाशको व्यवस्था छ ?

## सरसफाई सुविधा

**मापदण्ड**

"प्रत्येक बन्दीले आवश्यकताअनुसार सफा र मर्यादित ढङ्गबाट प्रयोग गर्न सक्ने गरी पर्याप्त सरसफाईका यन्त्रहरू जडान गरिनेछ," एसएमआर, नियम १२ *(इपिआर, नियम १७ पनि हेर्नुहोस्) ।*

३

"उपयुक्त चर्पीको सुविधामा पहुँच र स्वस्थ जीवनयापन मानवीय वातावरणका अत्यावश्यक तत्त्वहरू हुन् ।

यस सन्दर्भमा समितिले यो उल्लेख गर्नै पर्छ कि कतिपय देशहरूमा बन्दीहरूले आफू बसेको कोठामा बाल्टिनमा दिशा पिसाब गर्ने (पछि तोकिएको समयमा बाहिर निकाल्छन्) प्रचलनलाई समिति सहन गर्दैन । शौचालय सुविधा या त बासस्थानसँगै (यथासक्य सरसफाई उप-भवन) अथवा बन्दीहरूले गरेको शौचालयजन्य फोहोर विना ढिलाइ जुनसुकै समय (रातको समयमा) पनि बन्दीको कोठाबाट बाहिर पठाउने साधनको व्यवस्था गरिनु पर्दछ," *(सिपिटि, जिआर, २, § ४९ र आईडिआरसिपिडिएल, धारा ३१ पनि हेर्नुहोस्) ।*

**टिप्पणी**

भ्रमण संयन्त्रले सरसफाई यन्त्र कामकाजी छन् या छैनन्, पर्याप्त गोपनीयता प्रदान गरिएको छ या छैन, र स्वस्थकर अवस्थामा छ या छैन भनी बुझ्न सरसफाई यन्त्र जडान गरिएको स्थानको निरीक्षण गर्नेछ । उनीहरूले बन्दीहरूलाई शौचालय सुविधामा कुनै अनुचित बन्देज लगाएको छ कि भनी सम्भवत बन्दीहरूसँग पनि कुरा गर्ने इच्छा राख्ने छन् ।

भ्रमणकर्ताले बन्दी कोठामा शौचालय भएको अवस्थामा तिनीहरू पर्खाल वा अन्य कुनै किसिमबाट छुटचाइएको छ छैन भनी हेर्नु पर्ने छ । जहाँ पानीले बगाउन मिल्ने शौचालय छैन त्यहाँ कति निरन्तर रूपमा फोहोर सफा गरिएको छ भनी भ्रमणकर्ताले बुझ्नु पर्दछ ।

बसेको स्थानभन्दा बाहिर शौचालय राखिएकोमा विना अनुचित ढिलाइ बन्दीहरू पुग्न सक्ने स्थानमा भए नभएको पनि निरीक्षण गर्नु पर्छ।

थुना निकायले स्याहार सम्भारको पर्याप्त व्यवस्था गरेको छ वा छैन भनी भ्रमणकताले ध्यान दिनु पर्नेछ।



**केही सान्दर्भिक प्रश्नहरू**

- बन्दीको संख्याको अनुपातमा कति शौचालय छन् र यो न्यूनतम मापदण्डअनुरूप छ ?
- के सबै बन्दीहरूले गोपनीयताको अवस्थासहित मर्यादित ढंगबाट तीनको प्रयोग गर्न पाएका छन् ?
- यदि थुनास्थल/परिसरसँगै शौचालय नभएमा
  - बाहिरको शौचालय प्रयोग गर्न कति समय पर्खनु पर्छ ?
- थुनामा रहेका व्यक्तिहरूले रातको समयमा कसरी आफ्नो आवश्यकता पूर्ति गर्छन् ?
  - निगरानीमा रहेका व्यक्तिहरूलाई अनुरोध गरेर ?
  - ढकन सहितको फोहोर फाल्ने बाल्टिन प्रयोग गरेर ?
- सरसफाई यन्त्रहरू कति सफा र स्वस्थकर छन् ? सफा राख्न के व्यवस्था गरिएको छ ?
- सरसफाई सुविधाको उपभोगमा अल्पसंख्यक समूहलाई विभेद गरेको कुनै प्रमाण छ ?

३

# व्यक्तिगत सरसफाई

## मापदण्ड

"प्रत्येक बन्दीले हावापानी सुहाउँदो, मौसम र भौगोलिक क्षेत्रका आधारमा आवश्यकताअनुसार समशितोष्ण तापक्रममा कम्तिमा हप्तामा एक पटक नुहाउन सक्ने गरी पर्याप्त रूपमा धारा जडान गरिने छ," *एसएमआर, नियम १३; (इपिआर, नियम १८ मा यस्तै वाक्यांश रहेको) ।*

बन्दीहरूले आफ्नो शरीर सफा राख्नु आवश्यक छ, यसका लागि पानी उपलब्ध गराउनुको साथै स्वास्थ्य र सफाईका लागि आवश्यक शौचालय सामग्रीहरू उपलब्ध गराइने छ," *एसएमआर, नियम १५*

"बन्दीहरूले आफ्नो आत्मसम्मानसँग सामञ्जस्य राख्ने गरी राम्रो मुख मुद्रा कायम राख्न सकुन भन्नका लागि कपाल र दाह्रीको उचित रेखदेखको सुविधा प्रदान गरिनेछ र पुरुषहरू नियमित रूपमा दाह्री जुँगा मिलाउन समर्थ हुनेछन्," *एसएमआर, नियम १६*

"यसका अतिरिक्त, बन्दीहरूलाई पर्याप्त नुहाउने सुविधा उपलब्ध गराइनु पर्दछ । थुना परिसरमा बग्ने पानीको व्यवस्था हुनु पनि वाञ्छनीय हुन्छ," *सिपिटि, आरजि २, § ४९*

"महिलाको लागि सफाईको विशेष व्यवस्था पर्याप्त मात्रामा गरिनु आवश्यक छ, सरसफाई र धुलाइको तत्काल सुविधा र रगत लागेका सामानहरू सुरक्षित किसिमबाट फ्याँक्ने व्यवस्थाका साथै सरसफाईका लागि आवश्यक तौलिया, कपास, प्याड जस्ता सामग्रीहरूको व्यवस्था गर्नुपर्छ । यी मापदण्डसम्बन्धी आवश्यकताका सामानहरू उपलब्ध नगराउनु आफैंमा अपमानजनक व्यवहार मानिनेछ," *सिपिटि, आरजि १०, § ३१; एसिपिआर, धारा ११ तथा आईडिआरसिपिडिएल, धारा ३१ समेत हेर्नुहोस् ।*

## टिप्पणी

राम्रो शारीरिक सफाई कायम राख्नु अरू र आफूप्रतिको स्वास्थ्य र सम्मानको प्रश्न हो । व्यक्तिगत सरसफाईलाई धार्मिक व्यवहारसँग पनि जोड्न सकिन्छ साथै यसको सम्मान हुनु आवश्यक छ । सरसफाईमा पहुँचका साथै नुहाउने सुविधा बन्दी र कर्मचारीहरूमा

रोग फैलनमा रोकथाम वा कम गर्ने माध्यमका लागि अत्यावश्यक छ । क्षमताभन्दा बढी बन्दीहरूलाई एक ठाउँमा लामो समयसम्म राखेको अवस्थामा यो झनै महत्त्वपूर्ण हुन्छ ।

व्यक्तिगत सरसफाई र थुनास्थलमा गरिने सरसफाईलाई बन्दीप्रति थुना निकायबाट हुने व्यवहारको सन्दर्भमा पनि हेरिनु पर्दछ । स्वास्थ्य विज्ञानको दृष्टिकोणबाट खराव अवस्थामा बलपूर्वक थुनामा राखिनु बेइज्जतीपूर्ण र अपमानजनक हुन्छ ।



थुना निकायले शारीरिक सरसफाईका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराउनु पर्छ ।

यो महत्त्वपूर्ण हुन्छ कि सरसफाईको व्यवस्था बन्दीहरूलाई अपमान हुने स्थानमा गरिनु हुन्न, उदारणका लागि सार्वजनिक स्थानमा नुहाउनु पर्ने अवस्था ।

महिलाले महिनावारीमा आवश्यक सफाईका सामानहरू उनीहरूको सम्मानमा आघात नपुग्ने किसिमबाट नियमित रूपमा प्राप्त गर्नुपर्छ। यदि तिनीहरूका बालबालिका छन् भने तिनीहरूका लागि सुहाउँदो थप सामग्री उपलब्ध गराउनु पर्छ। स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको कामको प्रकृतिका आधारमा हावापानी सुहाउँदो नुहाउने व्यवस्था गरिनु पर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- बन्दीहरूलाई नुहाउनका लागि पानीको स्थायी प्रबन्ध छ ?
- (काम गर्ने र नगर्ने) व्यक्तिहरू कत्तिको मात्रामा नुहाउने सुविधा प्राप्त गर्दछन् ?
- नुहाउने साधन/स्थान पर्याप्त मात्रामा उपलब्ध छन् ?
- मर्मत र सरसफाईको अवस्था कस्तो छ ?
- निकायहरूले के कस्ता सफाईका सामग्रीहरू कति मात्रामा वितरण गर्दछन् ?
- धार्मिक र सांस्कृतिक आवश्यताहरू पूर्ति गरिन्छ ?
- नुहाउने सुविधामा अल्पसंख्यक समूहमाथि भेदभाव गरेको कुनै प्रमाण छ ?
- महिनावारी भएका महिलाहरूको आवश्यकता (सरसफाईका सामान र नुहाइ-धुवाइको व्यवस्थाको सर्न्दभमा) पूर्ति भएका छन् ?

३

## लत्ताकपडा र विस्तरा

### मापदण्ड

"१. आफ्नो कपडा लगाउने अनुमति नपाएका प्रत्येक बन्दीलाई हावापानी सुहाउँदो र उसको शरीर स्वस्थ राख्न पर्याप्त हुने कपडा प्रदान गरिनेछ । यस्ता कपडा कुनै पनि किसिमबाट अपमानजनक वा बेइज्जतीपूर्ण हुने छैनन् ।

२. सबै कपडाहरू सफा र उचित अवस्थामा राखिनेछन् । शारीरिक स्वस्थता कायम राख्न आवश्यक हुने किसिमबाट भित्रि कपडा फेर्ने र धुने व्यवस्था मिलाइने छ ।

३. कुनै आधिकारिक उद्देश्यका लागि बन्दीलाई बाहिर निकालिने विशेष परिस्थितिमा उसलाई आफ्नो कपडा लगाउन वा अन्य कुनै सजिलै पहिचान नहुने कपडा लगाउन दिइनेछ," मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम-१७ *(युरोपीयन कारागार नियमहरू नियम २२ पनि हेर्नुहोस्) ।*

"यदि बन्दीहरूलाई आफ्नो कपडा लगाउन दिएको छ भने यी कपडा सफा र प्रयोगका लागि उपयुक्त छन् भन्ने सुनिश्चितताको व्यवस्था गरिनेछ," *(मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम १८) ।*

"प्रत्येक बन्दीलाई स्थानीय अथवा राष्ट्रिय मापदण्ड अनुरूप अलग्गै पलङ (खाट) पर्याप्त र सफा विछ्यौना प्रदान गरिनेछ । यो प्रदान गर्दा र परिवर्तन गर्दा सफाईको सुनिश्चितता गरिनेछ," *(मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम १९) ।*

"प्रत्येक बन्दीलाई छुट्टै पलङ (खाट) तथा छुट्टै र उपयुक्त विछ्यौना प्रदान गरिनेछ, जसलाई सुव्यवस्थित ढंगले राख्ने व्यवस्था गरिनेछ र सफाईको सुनिश्चितताका लागि समय समयमा परिवर्तन गरिनेछ," (युरोपीयन कारागार नियमहरू, नियम २४, *(एसिपिआर, धारा ११ र ख-१-ङ र आईडिआरसिपिडिएल, धारा ३१ पनि हेर्नुहोस्) ।*

### टिप्पणी

भ्रमणकर्ताले बन्दीहरूलाई कपडा उपलब्ध गराइएका छन् र ती कपडाहरू हावापानी अनुकूल र उनीहरूको मर्यादा कायम राख्न सक्ने किसिमका छन् भन्ने सुनिश्चितता

गर्नका लागि सामग्री भण्डार अवलोकन गर्न तथा बन्दीहरू एवं कर्मचारीसँग कुरा गर्ने इच्छा व्यक्त गर्न सक्नेछन् । दण्डात्मक संरचनाको रूपमा रहने किसिमबाट बेइज्जतीपूर्ण कपडाको प्रयोगलाई परिस्थितिजन्य लगायत कुनै पनि कारणमा उचित ठहऱ्याउन सकिँदैन । बन्दीहरूलाई आफैँ कपडा राख्न दिनु र इच्छाअनुसारको कपडा लगाउन दिनु श्रेयस्कर हुन्छ । यसले व्यक्तिगत पहिचानको सम्मान गर्दछ ।

३

प्रत्येक बन्दीलाई सबै कपडाहरू र खासगरी भित्री कपडा (जो नियमित रूपमा सफा गर्नुपर्छ) धुने सुविधा सामुदायिक रूपमा वा बन्दीले नै धुन सक्ने व्यवस्था गर्नुपर्नेछ ।

बन्दीहरूलाई निजी पलङ, सफा र राम्रो हालतमा रहेको विछ्यौना उपलब्ध हुनु पर्ने छ । साझा विछ्यौना वा पालैपालो सुत्ने व्यवस्था स्वीकार्य हुँदैन । यदि भीडभाड अत्यधिक मात्रामा पुगेमा थुनास्थलसम्बन्धी उत्तरदायी सरकारी निकायले त्यस अवस्थामा सुधार ल्याउन तत्काल उपयुक्त उपाय अपनाउनु पर्नेछ । विछ्यौनाको तन्ना नियमित रूपमा फेर्नु पर्नेछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- बन्दीहरूले कस्तो प्रकारका कपडाहरू लगाएका छन् ?
- कपडा (जुत्ता र अन्य कपडाहरू) हावापानी र मौसम अनुकूल छन् ?
- काम गर्ने बन्दीहरूलाई उपयुक्त पोशाकको व्यवस्था गरिएको छ ?
- प्रत्येक बन्दीको छुट्टै पलङ तथा विछ्यौना छ ?
- विछ्यौना राख्न पर्याप्त स्थानको व्यवस्था छ ?
- मर्मतको अवस्था राम्रो छ ?
- अदालतमा सुनुवाइका लागि जाँदा बन्दीहरूले आफ्नो कपडा लगाउन पाउँछन् ?
- कपडा र विछ्यौना स्वच्छ र विना भेदभाव वितरण गरिएका छन् ?

३

## भीडभाड तथा आवास

### मापदण्ड

"१. बन्दीहरूलाई निजी तवरमा एउटा सेल अथवा कोठामा सुत्ने व्यवस्था गरिएको छ भने प्रत्येक बन्दीले रातमा उक्त सेल वा कोठा आफैँ प्रयोग गर्नेछन् । अस्थायी भीडभाड जस्ता खास अवस्थामा केन्द्रीय कारागार प्रशासनका लागि यो नियमको अपवाद खोज्नु आवश्यक भएमा पनि एउटा सेल अथवा कोठामा दुईजना बन्दीहरू राख्नु वाञ्छनीय हुँदैन ।

२. डार्मटोरी (साझा कोठा) को प्रयोग गर्दा एक अर्कासँग मेलजोल राख्न सक्ने व्यक्तिहरूको सावधानीपूर्वक छनोट गरी त्यस्ता ठाउँमा राख्ने व्यवस्था गर्नुपर्छ । संस्थाको प्रकृतिलाई ध्यानमा राख्दै रातमा नियमित सुपरिवेक्षण गरिनेछ," *(मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ९) ।*

भीडभाडको विषय समितिको कार्यादेशसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने विषय हो । आवासको लागि छुटचाइएकाभन्दा बढी संख्याका बन्दीहरूलाई खानपानको प्रबन्ध गर्नु पर्दा सम्बन्धित सबै सेवाहरूमा प्रतिकूल असर पर्ने छ । समग्रतामा संस्थापनको जीवनस्तरमा महत्त्वपूर्ण रूपमा ह्रास ल्याउनेछ । यस अतिरिक्त, थुनास्थल वा यसको कुनै भागमा हुने भीडभाड आफैँमा शारीरिक दृष्टिकोणबाट अमानवीय, अपमानजनक हुन सक्दछ, *(समितिको दोस्रो प्रतिवेदन § ४६) ।*

"कारागारमा भीडभाडको निरन्तरताको घटनाले युरोपभरी सुधारात्मक प्रणालीलाई विनाश गरेको छ र थुनास्थलको सुधारको प्रयासलाई क्षति पुऱ्याएको छ । कारागारमा हुने भीडभाडको नकारात्मक असरको बारेमा पहिलेका प्रतिवेदनहरूमा प्रकाश पारिसकिएको छ । समितिले आफ्नो कार्यक्षेत्र युरोपीयन महाद्वीपभरी विस्तार गरेपछि समितिले अत्यधिक संख्यामा बन्दीहरूको वृद्धि भएको पाइएको छ । जसको परिणाम कारागारमा भीडभाड तीव्र बनेको छ । राज्यले यती धेरै आफ्ना नागरिकहरूलाई बन्दी बनाउने कार्यको स्पष्टीकरण उच्च अपराध दर हो भन्ने तथ्य विश्वसनीय मान्न सकिँदैन । कानून कार्यान्वयन गर्ने निकायका सदस्यहरू र अदालतको दृष्टिकोण केही हदसम्म जिम्मेवार छ ।

यस अवस्थामा कारागारको लागि अत्यधिक रकम छुटयाउनुले मात्र समाधान दिँदैन। बरु पूर्पक्षमा थुनामा राख्ने, कैद गर्ने र खुल्ला कैदको सम्बन्धमा प्रचलित कानून र मान्यता तथा व्यवहारको पुनरावलोकन गर्नु आवश्यक छ। यस दृष्टिकोणलाई कारागारको भीडभाड र कारागारमा जनसंख्या घटाउने सम्बन्धमा मन्त्रीहरूको समितिको सिफारिश (९९) २२ मा प्रस्टसाथ उठाइको छ। समिति आशावादी छ कि त्यस महत्त्वपूर्ण सामग्रीमा निर्दिष्ट सिद्धान्तहरू सबै सदस्य राष्ट्रहरूले पालना गर्नेछन्। यस सिफारिशको कार्यान्वयनको सुक्ष्मतापूर्वक अनुगमन गर्ने अधिकार युरोपीयन काउन्सिललाई हुनेछ," *(समितिको एघारौँ प्रतिवेदन §२८)।*

१. अन्य बन्दीहरूसँग साझेदारी गर्दा फाइदा हुन्छ भन्ने अवस्थामा बाहेक सामान्यतः रातको समयमा निजी कोठामा बन्दीहरूलाई राखिने छ।

२. बासस्थान साझेदारी गरिएको अवस्थामा एक अर्कोप्रति मेलमिलाप राख्न सक्ने व्यक्तिहरूलाई एक ठाउँमा राखिने छ। संस्थाको प्रकृतिलाई ध्यानमा राख्दै रातको समयमा सुपरिवेक्षण गरिनेछ," (युरोपीयन कारागार नियमहरू नियम १४)।

समितिले भ्रमण गरेका देशहरू खासगरी मध्य र पूर्वी युरोपमा साझेदारी बासस्थान प्रायः अधिक संख्या अटाउने कोठा हुने गर्दछ, जहाँ सबै वा धेरैजसो सुविधाहरू दैनिक आधारमा प्रयोग गरिन्छन् (जस्तै, सुत्ने, बस्ने स्थान र सरसफाईको सुविधा)। बन्द कारागारमा यस प्रकारको बासस्थान प्रबन्धको समिति आपत्ति जनाउँछ र बारम्बार यसको प्रयोग भएमा प्रश्न उठाइएका साझेदारी कोठाहरू अती साँघुरा र अस्वस्थकर भएमा, अझ कडाइका साथ आपत्ति जनाउने छ। निःसन्देह कतिपय देशहरूमा सांस्कृतिक, प्राकृतिक जस्ता धेरै कारणहरूले निजी कोठाभन्दा धेरै जना बस्न सक्ने सामूहिक बासस्थान उपलब्ध गराउनु बढी उपयोगी हुन सक्दछ। तथापि, यस्तो व्यवस्था जहाँ दशौँ बन्दीहरू एउटै कोठामा बस्ने र सुत्ने गर्दछन् त्यसको समर्थनमा थोरै र विरुद्धमा धेरै तर्क गर्न सकिन्छ।

अत्यधिक क्षमताका कोठाको बसाइले बन्दीहरूको दैनिक जीवनमा गोपनीयताको अभाव गराउने तथ्यलाई प्रस्ट गर्दछ। यस अतिरिक्त, त्रास र हिंसाको विस्तार ज्यादा हुन्छ। यस्तो आवास व्यवस्था अपराधिक संस्कार विकसित गर्न प्रवृत्त हुन प्रोत्साहित गर्दछ र अपराधिक संगठन सशक्तीकरणका लागि सहज बनाउँछ। तिनीहरूले उपर्युक्त कर्मचारी

प्रशासन असम्भव नभए पनि ज्यादै कठिन बनाउँदछन् । विशेष गरेर, कारागारमा अशान्ति भएमा आवश्यक बल प्रयोगसहितको बाहिरी हस्तक्षेपलाई इन्कार गर्न कठिन हुन्छ । यस्तो आवासमा विषयगत जोखिमका आधारमा बन्दीलाई उपयुक्त व्यवस्था गर्न र आवश्यकताअनुसार मूल्याङ्कन गर्न असम्भव प्रायः हुन्छ । उचित तवरबाट प्रयोग गर्न सकिने हदभन्दा बढी संख्या भएमा यी समस्याहरू अझ व्यापक बन्दछन् । यस अतिरिक्त यस्तो अवस्थामा सामूहिक सुविधाहरू जस्तो हातमुख धुने ठाउँ शौचालयमाथिको अत्यधिक भार र अपर्याप्त भेन्टिलेसनले धेरै मानिसहरू चिन्ताजनक अवस्थामा पुग्दछन् ।



बन्दीहरूलाई आफू बसेको स्थानभन्दा बाहिर दिनको केही समय विविध प्रकृतिका उद्देश्यमूलक कार्यमा संलग्न हुन पाउने सुनिश्चितताका साथ अत्यधिक संख्याको कोठाबाट बाहिर सा-साना संख्यामा बस्ने प्रबन्ध भएका ठाउँमा निकाल्नु पर्ने कुरामा समिति जोड गर्दछ *(समितिको एघारौँ प्रतिवेदन* §२९*)* ।

“बन्दीहरूले प्रयोग गर्ने सबै परिसरहरू सधैँभरी सफा राख्नुपर्दछ । सामान्यतः आफू बसोबास गरेको परिसर सफा राख्ने काम बन्दीहरू आफैँले गर्नु पर्दछ । त्यसले यो कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू तिनीहरूलाई उपलब्ध गराउनु पर्दछ,” उन्नइसौँ मन्त्रिस्तरीय समितिको सिफारिश अफ्रिकन चर्टर (र घोषणा मस्यौदाको धारा ११ अनुच्छेद १ र २ तथा धारा ३२) ।

**टिप्पणी**

अनेकौँ प्रसङ्गमा थुनास्थलमा हुने भीडभाड प्रमुख समस्याको रूपमा आउँछ र उपचार, स्वास्थ्य, सुरक्षा र पुनर्स्थापनको क्षेत्रमा अप्रत्यक्ष रूपमा गम्भीर समस्याको स्रोतको रूपमा देखापर्छ । सामान्य अर्थमा भन्नुपर्दा १५५ प्रत्येक बन्दीका लागि न्यूनतम स्थान भनी अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण भएको छैन तथापि हालका वर्षहरूमा समितिले यो दिशातिर पाइला चाल्न सुरु गरेको छ । यसले एकल कोठा २ पर्खालबीच २ मिटरमा नघट्ने गरी एवं १० वर्ग मिटरभन्दा सानो हुन नहुने सिफारिश गरेको छ । छ जना सम्मका लागि २१ वर्गमिटर, ७ जना सम्मको लागि ३५ वर्गमिटर र १२ जना सम्मको लागि ६० वर्गमिटरको कोठा हुनु पर्ने सुझाएको छ ।

भ्रमण संयन्त्रले कारागारको विभिन्न क्षेत्रहरूको आधिकारिक अधिकतम क्षमता कति हो र के आधारमा तय गरिएको हो भन्ने बुझ्न जरुरी छ । यो साधारणतः आवासको क्षेत्र

(वर्गमिटर) मा प्रयोग गर्ने मानिसहरूको संख्याबीच सम्बन्धित हुन्छ । तथापि भ्रमणकर्ताले गणितीय सूत्रमा भर पर्नु हुँदैन (जस्तै, २४ घन्टाको अवधिमा त्यस क्षेत्रमा बिताएको समय र थुनास्थलको खास बनावट) । प्रत्येक बन्दीले कम्तिमा पनि छुट्टै पलङ पाउनु पर्छ ।

३

भ्रमण टोलीले भीडभाडको सम्बन्धमा आफ्नो टिप्पणी सहितको सिफारिश सुधारका लागि आवश्यक कदम चाल्न सक्ने हैसियतमा रहेका विभिन्न अधिकारीहरू समक्ष प्रस्तुत गर्नु आवश्यक हुनेछ । परिस्थिति अनुरूप विद्यमान अवस्थामा सुधारको सिफारिश निर्भर हुनेछ । साँघुरो अवस्थामा बस्नु पर्ने समस्याबाट मुक्तिका लागि कुनै खास थुनास्थलमा प्रयोगमा नआएका स्थानहरूलाई प्रयोगमा ल्याउन सकिन्छ तर भ्रमणकर्ताले कानुनी अथवा न्यायीक सुधार र कैदको वैकल्पिक व्यवस्थाको प्रवर्द्धनको विषयलाई सम्बोधन गर्नु आवश्यक हुन्छ । भ्रमण गर्ने निकाय थुनास्थलको थप निर्माण समस्याको दीर्घकालीन समाधान हुन सक्दैन भन्ने कुरामा सचेत हुनु पर्छ ।

अन्तर्राष्ट्रिय मापदण्डले सामूहिकभन्दा निजी आवासको सिफारिश गर्दछ । केही सांस्कृतिक प्रसङ्गमा उपयुक्त आकारका सामूहिक कोठाहरू बन्दीहरूको लागि उपयोगी हुन सक्दछन् । सामूहिक आवास कति व्यक्तिले साझेदारी गर्ने भनी सीमा तोकिनु पर्ने छ र बन्दीहरूबीच दुरुपयोगको खतरा नहुने किसिमबाट साझेदारी गर्ने बन्दीहरूको छनोट गरिनु त्यत्तिकै महत्त्वपूर्ण छ ।

भ्रमणकर्ताले बन्दीहरूको आवासगृहको सफाईको सम्बन्धमा ध्यान दिनु आवश्यक छ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- यी विषयमा आवास कक्षहरू पर्याप्त छन् ?
  - प्रतिव्यक्ति वर्गमिटर ?
  - आफ्नो कोठामा बिताउनु पर्ने अवधि (२४ घन्टामा आफ्नो कोठामा थुनिएर बस्नु पर्ने अवधि) ?
  - परिसर बन्द भएको समयमा भेन्टिलेसन र हावाको निकास ?
  - बन्दीको तोकिएको अवधि ?

सबै बन्दीहरूसँग आफ्नो छुट्टै पलङ छ ?

- आवासगृहको नियमित रेखदेख भएको छ ? र सफाईका सामग्रीहरू उपलब्ध छन् ?
- सामूहिक आवासमा कोठामा साझेदारी गर्न समूहको निर्माण कसरी गरिएको छ र बन्दीहरूलाई कोठा उपलब्ध गराउने मापदण्ड के हुन् ?
- सामूहिक कोठाहरूमा उपलब्ध गराइएको स्थान निष्पक्ष र भेदभावरहित तरिकाको छ ?
- भीडभाडको अवस्था छ भने प्रयोगमा आएका कोठाहरू भन्दा बाहिर प्रयोगमा ल्याउन सकिने हाल प्रयोग नभएको ठाउँ छ ?

३

**सन्दर्भ सामग्री**

PRI, Making standards work, London 2001. (Section III Physical Conditions – Basic necessaries, pp. 55-68)

UN HCHR, *Human Rights and Prisons*, Geneva 2003. (Section 3: Right to an adequate standard of living, pp. 34-45)

AI, *Combating Torture*, London 2003. (*Chapter 5 Condition of Detention*, pp. 120-122)

# थुना व्यवस्था तथा क्रियाकलाप

कारागार निकायको दायित्व समुचित भौतिक वातावरण उपलब्ध गराउनमा मात्र सीमित हुँदैन । ती निकायले बन्दीको वैयक्तिक विकासका लागि प्रोत्साहित गर्नुपर्छ र रिहापश्चात् समाजमा पुनर्स्थापित गर्न सहजीकरण गर्नु पर्दछ । यसबाट बन्दी र सम्पूर्ण समाजको हित हुन्छ । यस परिप्रेक्ष्यमा परिवार भेटघाट, शिक्षामा पहुँच, व्यावसायिक तालिम र रोजगारी तथा अतिरिक्त क्रियाकलापमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यस्ता क्रियाकलापहरू अनुग्रह होइन बरु सम्पूर्ण बन्दीहरूको अधिकार हो ।

४

नागरिक समाज तथा स्थानीय समुदायको प्रतिनिधिको रूपमा भ्रमाणकर्ताहरूको टिप्पणी, सिफारिश र आवश्यकताअनुसार व्यवहारिक समर्थनले अधिकारीहरूलाई यो चुनौतीपूर्ण कार्य सम्पन्न गर्न विशेष महत्त्व राख्न सक्दछ ।

कारागारका अधिकारीहरूले विविध र उपयुक्त थुना व्यवस्था उपलब्ध गराउनु कारागारको महत्त्वपूर्ण लक्ष्य हो भनी पर्याप्त स्रोतहरू विनियोजन गरे नगरेको भ्रमणकर्ताले जाँच गर्नु पर्दछ । भ्रमणकर्ताले परिवारका सदस्यसँग भेटघाटको समुचित व्यवस्था, शिक्षामा पहुँच, व्यावसायिक तालिम र रोजगारीको व्यवस्था गरिएको छ भनी सुनिश्चित गर्न चाहने छ । कैद नतोकिएका बन्दीको हकमा पहिलो व्यवस्था अनिवार्य हुने छैन ।

कारगारमा उपलब्ध गराइएका क्रियाकलापहरू बाहिरी दुनियासँग सम्वद्ध हुन् भन्नेतर्फ विचार पुऱ्याउनु महत्त्वपूर्ण हुन्छ, उदारणका लागि व्यावसायिक तालिम र रोजगारी बाहिरी श्रम बजारका आवश्यकतासँग मेल खान्छन् र कारागारभन्दा बाहिरको शिक्षासँग त्यहाँको शैक्षिकस्तरको सामञ्जस्यता छ ।

**थुना व्यवस्था तथा क्रियाकलाप**

- परिवार र साथीहरूसँगको सम्पर्क
- बाहिरी दुनियाँसँगको सम्पर्क
- शिक्षा
- बाह्य व्यायाम
- अतिरिक्त क्रियाकलाप
- धर्म
- रोजगारी

४

# परिवार र साथीहरूसँग सम्पर्क

## मापदण्ड

“नियम १६ अनुच्छेद ४ र नियम १८ अनुच्छेद ३ मा जेसुकै उल्लेख गरेको भए तापनि बन्दीको बाहिरी दुनियासँग खासगरी परिवार र कानून व्यावसायीसँगको सञ्चार केही दिनभन्दा बढी इन्कार गरिने छैन,” *कुनै पनि किसिमबाट बन्दी बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी सिद्धान्त निर्माण गर्ने निकायको नियम १५*

“थुनुवा वा बन्दीलाई खासगरी उसका परिवारका सदस्यहरूसँग भेटघाट गर्ने र पत्राचार गर्ने अधिकार हुनेछ र नियम कानूनले तोकेका विवेकसम्मत सर्तहरूको अधिनमा रही बाहिरी दुनियासँग सम्पर्क गर्ने अधिकार प्रदान गरिनेछ,” *कुनै पनि किसिमबाट बन्दी बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी सिद्धान्त निर्माण गर्ने निकायको नियम १९*

“बन्दीहरूलाई आवश्यक निगरानीका साथ उसको परिवार र साथीहरूसँग निश्चित अन्तरालमा भेटघाट र पत्राचारको माध्यमबाट सम्पर्क गर्न दिइनेछ,” *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू ३७*

“अनुसन्धानको शिलशिलामा थुनामा रहेको बन्दीलाई तत्काल आफ्नो परिवारलाई सूचना दिने अधिकार हुनेछ र यसको लागि न्याय प्रशासनको हित, सुरक्षा र संस्थाको सु-व्यवस्थालाई ध्यानमा राखी निर्माण गरेको सीमा र निगरानीका अधीनमा रही उसको परिवारका सदस्यहरू र साथीहरूलाई समाचार सम्प्रेषण गर्ने र भेटघाट गर्ने यथोचित सुविधा प्रदान गरिनेछ,” *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू ९२*

“बाहिरी दुनियासँग यथोचित रूपमा नियमित सम्पर्क कायम राख्नु बन्दीहरूको लागि धेरै महत्त्वपूर्ण हुन्छ। बन्दीहरूलाई उसको परिवार र घनिष्ट मित्रहरूसँग सम्बन्ध कायम राखिरहन दिनु पर्नेछ। बाहिरी दुनियासँग सम्पर्कको संवर्द्धन निर्देशक सिद्धान्त हुनुपर्नेछ र यस्तो सम्पर्कलाई केवल स्वीकारयोग्य प्रकृतिको सुरक्षा अथवा स्रोत र साधनको आधारमा मात्र सिमाङ्कन गर्न सकिनेछ।

४

"यस सन्दर्भमा परिवारभन्दा टाढा बसोबास गरेका (नियमित भेटघाट हुन अव्यावहारिक हुने) बन्दीहरूलाई भेटघाट र टेलिफोन सम्पर्कसम्बन्धी नियमहरूलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नका लागि केही उदारता अपनाउनु पर्ने कुरामा समिति जोड दिन चाहन्छ । उदाहरणका लागि यस्ता बन्दीहरूलाई आफ्नो परिवारसँग भेटघाट गर्न भेटघाटको सञ्चित समय प्रयोग गर्न दिने तथा टेलिफोन सम्पर्कका लागि यथासक्य उच्चस्तरको टेलिफोन उपलब्ध गराउन सकिनेछ," *समितिको दोस्रो प्रतिवेदन §५१*

४

राज्यले "स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूलाई आफ्नो परिवारसँगको भेटघाट गर्ने र पत्राचार गर्ने अधिकार सुनिश्चित गर्नुपर्नेछ," *(यातना तथा क्रुर अपमानजनक र अमानवीय व्यवहार वा सजाय नियन्त्रणसम्बन्धी अन्तरिम निर्देशिका र मापदण्ड (रोवेन आइल्याण्ड निर्देशिका २००२ निर्देशन नं. ३१) ।*

*सिडिडि, धारा ८(ख), ख-१-च ख-३-ख र आईडिआरसिपिडिएल, धारा ३६(१), (२) र धारा ३८ पनि हेर्नुहोस्*

**बालबालिका**

"बालबालिकालाई आफ्नो परिवार, साथीहरू र ख्यातिप्राप्त संघसंस्थाहरूसँग सञ्चार सम्पर्क गर्न, घरपरिवारसँग भेटघाटका लागि बन्दीगृहबाट बाहिर जान र शैक्षिक, व्यावसायिक वा यस्तै महत्त्वपूर्ण प्रयोजनका लागि बन्दीगृहबाट बाहिर जान पाउने सुविधा दिनु पर्नेछ," (स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरू १९९० नियम ६९) ।

"धारा १० अनुच्छेद ३ का अनुसार बाल अपराधीहरूलाई उनीहरूको उमेर र थुनास्थलको व्यवस्थासँग सम्बन्धित कानुनी हैसियतका आधारमा उपयुक्त व्यवहार दिइनेछ जस्तै, सुधारगृह र पुनर्स्थापनालाई प्रोत्साहित गर्न नाता सम्बन्धका मानिसहरूसँग सम्पर्क गर्न दिने," *(मानवअधिकार समितिको २१ औँ टिप्पणी अनुच्छेद १३) ।*

*आरपिजेडिएल ६०, ६१ र ६२; आईडिआरसिपिडिएल, धारा ३९*

**टिप्पणी**

बन्दीहरूको परिवारसँगको सम्पर्क अत्यन्तै महत्त्वपूर्ण हुन्छ भन्ने कुरामा भ्रमण संयन्त्र सचेत हुनु जरुरी छ । प्रायः सबै बन्दीहरू एकदिन अवश्य स्वतन्त्र हुनेछन् । बन्दीहरूलाई आफ्नो

परिवार र साथीहरूसँग सम्भव भएसम्म बढी सम्पर्क स्थापित गर्न अनुमति दिएमा तथा प्रोत्साहित गरेमा कारागारबाट मुक्त भएपछि समाजमा पुनर्स्थापित हुन सहज हुनेछ।

भ्रमणकर्ताले सुरक्षाको आवश्यकता र मानवताको बीचमा स्वस्थ सन्तुलन कायम गरिए नगरिएको अनुगमन गर्नु पर्नेछ। परिवार र साथीहरूसँग भेट्न पाउनु केही बन्दीहरूको सुविधाको विषय नभएर सबैको लागि अधिकारको विषय हुनुपर्दछ। अनुशासनात्मक कारवाहीको रूपमा बन्दीहरूलाई भेटघाट र सञ्चार सम्पर्कबाट वञ्चित गरिनु हुँदैन। खानतलासी र शरीरतलासी कुशलतापूर्वक आदर र मर्यादासाथ गरिनु पर्दछ। भ्रमण संयन्त्रले परिवारका सदस्यहरू र साथीहरूको अधिकारको सम्बन्धमा पनि ध्यान पुऱ्याउनु पर्दछ।

भेटघाट सम्बन्धलाई जीवन्त राख्ने अति उत्तम माध्यम हुन्छ। भ्रमणकर्ताले कस्तो अवस्थामा भेटघाट गर्न दिइएको छ भन्ने अनुगमन गर्नु पर्दछ, किनभने यो नै कारागार अधिकारीले बन्दी र निजका परिवारहरूप्रति गरेको सम्मानको मापदण्ड हुन्छ। सामान्यतः बन्दीसँग सशरीर भेटघाटको अनुमति दिनुपर्नेछ। निजी वा पारिवारिक भेटघाटमा घनिष्टता वृद्धिका लागि प्रोत्साहित गर्न विशेष कक्षको प्रबन्ध गर्नु पर्दछ। यसलाई पती-पत्नीबीच दाम्पत्य सम्पर्क सम्ममा विस्तारित गर्नुपर्दछ। नियमित पारिवारिक भेटघाटलाई सहज बनाउन बन्दीलाई घरपायक पर्ने उपयुक्त स्थानमा राखिनु पर्दछ।

भ्रमण टोलीले बन्दीहरू (खासगरी विदेशीहरू) लाई टेलिफोन सम्पर्कको पर्याप्त व्यवस्था गरिएको छ तथा समयमा नखोलेका चिठी पाए नपाएको बुझ्नु पर्दछ। भ्रमणकर्ताले कस्तो किसिमको सेन्सर व्यवस्था गरिएको छ र यो कुनै खास व्यक्तिले पुऱ्याउन सक्ने सम्भावित खतराको अनुपातसँग मेल खान्छ कि भनी जानकारी राख्नु पर्दछ। विदेशी बन्दीहरूलाई निरन्तर ध्यान पुऱ्याउनु आवश्यक छ। भ्रमणकर्ताले परिवार र साथीहरूसँग सम्पर्क स्थापित राख्न, कारागारबाट मुक्त हुने व्यवस्था गर्न र आफ्नो देशमा फर्कने सम्बन्धमा विदेशी बन्दीहरूले सामना गरेका समस्याहरू समाधानका लागि कस्तो सहयोग पाइरहेका छन् भन्ने अवलोकन गर्नुपर्दछ।

बालबालिका र महिलाहरूको विषयमा भ्रमण संयन्त्रको विशेष ध्यान जानु आवश्यक हुन्छ। बालबालिकाको अति संवेदनशील अवस्थाले तिनीहरूको पुनर्मिलनको खास

४

महत्त्व राख्दछ जसबाट तिनीहरूले आफ्नो परिवार, त्यसमा पनि बाबुआमासँग सम्बन्ध विकसित गर्न र जीवन्त राख्न सक्दछन् । कतिपय संस्कृतिमा बालबच्चाको रेखदेखको प्रमुख जिम्मेवारी महिलाको हुन्छ । यस्तो अवस्थामा आमाको कारावासले बच्चामा प्रतिकूल असर पार्दछ । बालबालिका र महिलाहरूको परिवारलाई कस्तो खालको विशेष प्रावधानको व्यवस्था गरिएको छ भनी भ्रमणकर्ताले अवलोकन गर्नुपर्दछ किनभने सामान्यतः तिनीहरूले भेटघाटका लागि लामो दूरी यात्रा गर्नुपर्ने हुन्छ (बालबालिका र महिला राख्ने सुविधा भएका कारागारको संख्या थोरै हुने हुनाले तिनीहरू घरबाट टाढा हुने सम्भावना बढी हुन्छ) ।



सशस्त्र द्वन्द्व वा प्राकृतिक प्रकोपको कारणबाट आफ्नो परिवारहरूसँगको सम्पर्क विच्छेद भएका बन्दीहरूलाई सम्पर्क पुनर्स्थापित गर्नका लागि के व्यवस्था गरिएको छ भनी भ्रमण संयन्त्रले अवलोकन गर्नुपर्दछ । कारागारले आईसीआरसीको केन्द्रीय ट्रेसिङ संस्थासँग प्रत्यक्ष अप्रत्यक्ष अथवा राष्ट्रिय रेडक्रस वा रेड क्रिसेन्ट समाजको माध्यमबाट सम्पर्क स्थापित गर्नुपर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

**भेटघाट**

- बाहिरका मानिसहरूसँग भेट्ने अधिकारलाई कत्तिको निरन्तरता दिइएको छ ?
- यस्तो भेटघाटको समय कति अवधिको हुन्छ ?
- कुनै वर्गका बन्दीहरूलाई भेटघाटमा नियन्त्रण लगाइएको छ ?
- यदि छ भने, के आधारमा नियन्त्रण लगाइएको हो ?
- थुनास्थलमा परिवारहरूलाई कस्तो रूपमा स्वागत गरिन्छ ?
- परिवारका सदस्यहरूलाई थुनामा रहेको आफ्नो परिवारको सदस्यसँग सम्पर्क स्थापित गर्नु, समर्थ बनाउन सूचनाको के व्यवस्था गरिएको छ ?
- बालबच्चा भेटघाटको लागि कुनै विशेष व्यवस्था गरिएको छ ?
- कारागारले वा अन्य कुनै संस्थाले परिवारका सदस्यहरूको लागि पर्खेर बस्ने भवन उपलब्ध छ ?
- भेटघाटको भौतिक अवस्था के/कस्तो छ ?

- भेटघाट सुपरिवेक्षणको अवस्था के/कस्तो छ ?
- बाहिरका व्यक्तिसँग भेटघाट नपाएको बन्दीहरूको लागि कुनै वैकल्पिक व्यवस्था कारागारले गरेको छ ?
- विदेशी नागरिकहरूलाई परिवारसँगको सम्पर्क (खासगरी टेलिफोन सुविधा) को विशेष व्यवस्था गरेको छ ?

**पत्राचार**

- निजी पत्र सेन्सर व्यवस्थाको दायरामा पर्दछ ?
- यदि पर्दछ भने सेन्सर व्यवस्थाका आधारहरू के के हुन् र ती कर्मचारी र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको जानकारीमा छ ?
- पुलिन्दा प्राप्त गर्न के सर्तहरू छन् ? कति निरन्तर रूपमा यो प्राप्त गर्न सकिन्छ ?

**टेलिफोन**

- बन्दीहरूले फोन गर्न पाउने सम्भावना छ ?
- कहिले कहिले ? पैसा तिर्ने के व्यवस्था छ ?
- भेटघाटको अवसर, पत्राचार र टेलिफोनको सुविधा स्वच्छ, पारदर्शी र भेदभावरहित तरिकाबाट प्रदान गरिएको छ ?

४

## बाहिरी दुनियासँग सम्पर्क

४

**मापदण्ड**

"१. बन्दी वा कैदीलाई आफ्ना कानून व्यावसायीहरूसँग सञ्चार सम्प्रेषण गर्ने र परामर्श गर्ने अधिकार हुनेछ।

२. बन्दी वा कैदीलाई आफ्ना कानून व्यावसायीसँग परामर्श गर्न पर्याप्त समय प्रदान गरिनेछ।

३. नियम कानूनले निर्देशित गरेअनुरूप अदालत वा अन्य अधिकारीले सुरक्षा र सुव्यवस्था कायम राख्न आवश्यक छ भनी ठहर गरेको अपवादजनक अवस्थामा बाहेक बन्दी वा कैदीलाई पूर्ण गोपनीताका साथ विना कुनै सेन्सर अविलम्ब आफ्ना कानून व्यावसायीसँग सूचना सम्प्रेषण, भेटघाट र परामर्श गर्न पाउने अधिकारमाथि हस्तक्षेप गरिने छैन।

४. बन्दी वा कैदी र कानून व्यावसायीबीच भएको छलफल कानून कार्यान्वयन गर्ने अधिकारीले देख्न सक्ने तर सुन्न नसक्ने हुनुपर्छ," *सबै किसिमका बन्दी वा कैदीको सर्वेक्षणसम्बन्धी निकायको नियम १८ र (मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम ९३ पनि हेर्नुहोस्)।*

"बन्दीहरूलाई अखबार, पत्रिका वा संस्थाका विशेष प्रकाशनद्वारा, रेडियो-टेलिभिजन प्रसारण, प्रवचन तथा प्रशासनद्वारा निर्धारित एवं नियन्त्रित यस्तै अन्य माध्यमबाट महत्त्वपूर्ण समाचारका बारेमा नियमित जानकार राखिने छ," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ३९*

**बालबालिका**

"बालबालिकालाई बाहिरी दुनियासँग सञ्चार सम्प्रेषण गर्ने अधिकार सुनिश्चित गर्न आवश्यक सम्पूर्ण माध्यमहरू प्रदान गरिनेछ जो स्वच्छ र मानवीय व्यवहारको एक अपरिहार्य तत्त्व हो र बालबालिकालाई समाजमा फर्कने तयारीका लागि अपरिहार्य छ," *स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी राष्ट्रसंघीय नियमहरूको नियम ५९*

**विदेशीहरू**

“१. विदेशी बन्दीहरूलाई आफ्नो देशको राजदूत वा कूटनीतिक प्रतिनिधिहरूसँग सञ्चार सम्प्रेषण गर्ने यथोचित सुविधा दिइनेछ ।

“२. राजदूत वा कूटनीतिक प्रतिनिधिहरू नभएको देशका विदेशी वा राज्यविहीन विदेशी बन्दीको हकमा उनीहरूको हितमा काम गर्ने कूटनीतिक प्रतिनिधिहरू अथवा यस्ता व्यक्तिहरूको संरक्षणका लागि काम गर्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायहरूसँग सम्पर्क गर्ने अधिकार प्रदान गरिनेछ,” *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ३८*

४

“प्रेषक राष्ट्रका नागरिकहरूको सम्बन्धमा कूटनीतिक कार्यलाई सहज बनाउने प्रयोजनका लागि:

(क) कूटनीतिक अधिकारीहरूलाई प्रेषक राष्ट्रका नागरिकहरूसँग सञ्चार सम्प्रेषण गर्न तिनीहरूको पहुँचमा रहन स्वतन्त्र हुनेछन् । प्रापक राष्ट्रका नागरिकहरूलाई पनि प्रेषक राष्ट्रका कूटनीतिक अधिकारीसँग सञ्चार सम्प्रेषण गर्ने र उनीहरूको पहुँचमा रहने उस्तै स्वतन्त्रता रहनेछ ।

(ख) कुनै विदेशी पक्राउ परेको छ, कैद सजाय तोकी कारागारमा थुनामा रहेको छ, अनुसन्धानको शिलशिलामा वा अन्य कुनै तरिकाबाट थुनामा रहेको र सो व्यक्तिले अनुरोध गरेमा प्रापक राष्ट्रले प्रेषक राष्ट्रको कूटनीतिक कार्यालयलाई अविलम्ब जानकारी गराउने छ । कारागार, हिरासत वा थुनास्थलमा रहेका व्यक्तिले कूटनीतिक कार्यालयलाई सम्बोधन गरेको जुनसुकै सूचना पनि अविलम्ब पठाइनेछ । उल्लिखित अधिकारीले सम्बन्धित व्यक्तिलाई निजको अधिकारको बारेमा अविलम्ब जानकारी गराइने छ ।

(ग) कारागार, हिरासत वा बन्दीगृहमा भएको प्रेषक राष्ट्रको नागरिकसँग भेटघाट गर्ने, कुरा गर्ने, पत्राचार गर्ने र उसको लागि कानून व्यावसायिको व्यवस्था गर्ने अधिकार कूटनीतिक अधिकारीलाई हुनेछ । फैसलाअनुसार उनीहरूको क्षेत्रमा रहेका कारावास, थुनास्थल वा हिरासतमा रहेको प्रेषक राष्ट्रको नागरिकलाई भेटघाट गर्ने अधिकार पनि तिनीहरूलाई हुनेछ । तथापि, कारागार, हिरासत वा थुनास्थलमा भएको व्यक्तिको आफ्नो तर्फबाट कुनै कार्य गर्न दिनका लागि इन्कार गर्छ भने कूटनीतिक अधिकारीले त्यस्तो व्यक्तिको तर्फबाट कुनै कार्य गर्ने छैन ।

यस धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारहरू प्राप्तकर्ता राष्ट्रको नियम कानूनसँग मेल खाने किसिमले प्रयोग गरिनेछ, यसो भए तापनि उल्लिखित नियम कानूनले यस धारामा उल्लिखित अधिकार र यसको प्रयोजनलाई पूर्णरूपमा क्रियाशील बनाउने उद्देश्य लिनुपर्दछ" *कूटनीतिक सम्बन्धसम्बन्धी नियम संग्रह धारा ३६*

**टिप्पणी**

४

अनुमति प्राप्त व्यक्तिहरूसँग सम्पर्क गर्न कुनै कठिनाइ पऱ्यो कि भनी भ्रमण संयन्त्रले बन्दीसँग कुरा गर्ने चाहना राख्नेछन् । सबै बन्दीहरूका लागि आफ्नो कानून व्यावसायीसँग विना कुनै हस्तक्षेप गोपनीयतापूर्वक सञ्चार सम्प्रेषण गर्ने अधिकारले विशेष महत्त्व राख्दछ । बन्दीहरूले आफूले रोजेको धार्मिक प्रतिनिधिसँग पनि सम्पर्क गर्ने अधिकार पाउने छन् (धर्मसम्बन्धी शीर्षकमा हेर्नुहोस्) ।

विदेशी बन्दीहरूलाई आफ्नो कूटनीतिक प्रतिनिधिहरूसँग सम्पर्क गर्ने वा यदि कूटनीतिक नियोग छैन भने तिनीहरूको हित संरक्षण गर्ने राष्ट्रको नियोग वा संस्थाका प्रतिनिधिहरूसँग सम्पर्क गर्ने अधिकार हुनेछ । यदि विदेशी नागरिक आफ्नो कूटनीतिक नियोगलाई जानकारी गराउन चाहँदैन भने त्यसलाई पनि सम्मान गरिनेछ । शरणार्थीको हैसियतको दावी गर्ने व्यक्तिलाई शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूसँग भेटघाट गर्ने अधिकार हुनेछ ।

बाहिरी दुनियासँगको सम्पर्कले बन्दीहरूले आफ्नो समाजमा भैरहेको विकासलाई नजिकबाट बुझ्ने अवसर पाउनेछन् । बन्दीहरू खासगरी लामो समयका लागि थुनामा बसेकाहरूले पत्रपत्रिका, रेडियो, टेलिभिजन जस्ता सञ्चारमाध्यमको प्रयोग गर्न पाएका छन् कि छैनन् भनी भ्रमणकर्ताले अवलोकन गर्नुपर्दछ । बन्दीलाई मतदान गर्ने अधिकार कानूनमा व्यवस्थित छ या छैन र त्यसको कार्यान्वयन व्यवहारिक रूपमा भए नभएकोमा पनि भ्रमण संयात्र सचेत हुनुपर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

कानून व्यावसायीसम्मको पहुँच

- बन्दीहरूले आफ्नो कानून व्यावसायीसँग स्वतन्त्रतापूर्वक र गोप्यताकासाथ सूचना सम्प्रेषण गर्न पाएका छन् ?

- कुन सर्तका अधीनमा कानून व्यावसायीसँग भेटघाट हुन्छ ?

विदेशी नागरिकको बाहिरी दुनियाँसँग सम्पर्क

- सबै विदेशी नागरिकहरूले आफ्नो कूटनीतिक नियोगका प्रतिनिधिहरूसँग सम्पर्क गर्न पाएका छन् ?
- सम्पर्क गर्न इन्कार गरेकाको हकमा के व्यवस्था छ ?
- आफ्ना बन्दी नागरिकहरूको मागमा कूटनीतिक नियोगले कुनै प्रतिक्रिया नजनाएमा के हुन्छ ? (खासगरी कागजातहरू हराएको वा अवधि समाप्त भएको अवस्थामा)

४

बाह्य सूचनामा पहुँच

- स्वतन्त्रतचबाट वञ्चित भएका व्यक्तिहरूले सञ्चारमाध्यम (पत्रपत्रिका, टेलिभिजन) मा कस्तो पहुँच राख्छन् ?
- कुनै नियन्त्रण छ भने त्यसका आधारहरू के के हुन् ?
- कारागारले बन्दीहरूलाई रेडियो वा टेलिभिनजमा पहुँच दिएको छ वा यस्तो पहुँचलाई सहज बनाएको छ ?
- निकायहरूले पत्रपत्रिका निःशुल्क उपलब्ध गराएका छन् ? यदि छैनन् भने किन्न वा प्राप्त गर्न बन्दीहरू समर्थ छन् ?

## शिक्षा

### मापदण्ड

"१. उच्च शिक्षा हासिल गरी त्यसबाट लाभ प्राप्त गर्न सक्ने सबै बन्दीहरूलाई सो अवसर प्रदान गरिनेछ, सम्भव भएका देशहरूमा धार्मिक शिक्षा पनि प्राप्त हुनेछ। निरक्षर र युवा बन्दीहरूको लागि शिक्षा अनिवार्य हुनेछ र प्रशासनले यसप्रति विशेष ध्यान दिनेछ।



२. व्यवहारिक हिसाबले सम्भव भएसम्म देशमा प्रचलित शिक्षा प्रणालीसँग मेल खाने गरी बन्दीहरूलाई शिक्षा प्रदान गरिनेछ फलस्वरूप कारागार मुक्त भएपछि पनि विना कुनै कठिनाइ तिनीहरू आफ्नो शिक्षालाई निरन्तरता दिन सकून्," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम ७७*

"सबै बन्दीहरूलाई सांस्कृतिक कार्यक्रम र मानवीय व्यक्तित्वलाई पूर्ण विकसित गर्ने अभिप्रायले सञ्चालित शैक्षिक कार्यक्रममा सहभागी हुने अधिकार हुनेछ," *बन्दीहरूको व्यवहार र मापदण्डसम्बन्धी सिद्धान्त, नियम* ६

"कम्तीमा बन्दीहरूका केही व्यक्तिगत आवश्यकता र आकांक्षाहरू पूरा गर्ने अवसर प्राप्त होस् भन्ने उद्देश्यबाट व्यापक शैक्षिक कार्यक्रमको व्यवस्था गरिनेछ। यस्ता कार्यक्रमहरू बन्दीहरूको सफल सामाजिक पुनर्स्थापना, नैतीकता र सकारात्मक प्रवृत्ति विकास गर्ने साथै आत्मसम्मान वृद्धि गर्ने उद्देश्यबाट अभिप्रेरित हुनुपर्दछ," *युरोपीयन कारागार नियमहरू नियम ७७*

"शिक्षालाई थुना व्यवस्थाको एक क्रियाकलापको रूपमा लिइनु पर्दछ तथा यो सामान्य काम गर्ने समयमा सञ्चालित भएको र व्यक्तिगत व्यवहारसम्बन्धी आधिकारिक कार्यक्रमको हिस्साको रूपमा रहेको छ भने यसले थुना व्यवस्थाकै पारिश्रमिक योग्य एक कामको हैसियत प्राप्त गर्नु पर्दछ," *युरोपीयन कारागार नियमहरू नियम ७८*

"सबै बन्दीहरूलाई कक्षागत विषयहरू, व्यावसायिक शिक्षा, रचनात्मक तथा सांस्कृतिक क्रियाकलापहरू, शारीरिक शिक्षा र खेलकुद, सामाजिक शिक्षा र पुस्तकालय सुविधासमेत समावेश गरिएको शिक्षामा पहुँच दिनुपर्दछ," *आर (८९) १२ §१)।*

ज) "सम्भव भएका ठाउँमा बन्दीहरूलाई कारागारभन्दा बाहिर प्रदान गरिने शिक्षामा सहभागी हुने स्वीकृतिसमेत दिनुपर्दछ;

झ) जहाँ कारागार भित्रै शिक्षा प्रदान गरिने व्यवस्था भएमा सम्भव भएसम्म यसमा बाहिरी समुदायलाई समेत सामेल गराइनु पर्दछ।" *कारागारमा शिक्षासम्बन्धी संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषदको प्रस्ताव १९९०/२०*
*सिफारिशको पूरा सामग्री) आर ८९, १२ §१ र प्रस्ताव १९९०/२० को पूर्ण सामग्री; मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम ८२, युरोपीयन कारागार नियमहरू नियम ७९ देखि ८२ र कारागारमा शिक्षासम्बन्धी संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संघको सिफासिश पनि हेर्नुहोस् ।*

४

## पूर्पक्ष पूर्वको थुना

बन्दीहरूको भलाइको लागि सन्तोषजनक क्रियात्मक कार्यक्रमहरू (रोजगारी, शिक्षा, खेलकुद आदि) को निर्णायक महत्त्व हुन्छ। यो सबैको लागि आवश्यक हुन्छ, चाहे ती सजाय भोगिरहेका कैदी हुन् वा पूर्पक्षको निम्ति थुनामा रहेका बन्दी् । धेरैजसो हिरासतमा यस्ता क्रियाकलापहरू अत्यन्तै सीमित रहेको समितिले पाएको छ। यस्ता संस्थापनाहरू जहाँ थुनुवाहरूको संख्या अधिक हुन्छ, त्यहाँ सजाय भोगिरहेका बन्दीहरूको लागि निर्धारित गरिएका व्यक्तिगत व्यवहारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने प्रश्न नै आउँदैन। तथापि, बन्दीकक्ष जतिसुकै राम्रो भौतिक अवस्थाको भए पनि बन्दीहरूलाई हप्तौं वा महिनौंसम्म बन्द कोठाभित्र राख्नु हुँदैन। समितिको मान्यता छ कि प्रहरी हिरासतमा रहेका बन्दीहरूले दिनको यथोचित समय (आठ घण्टा वा सोभन्दा बढी) विविध प्रकृतिका उद्देश्यमूलक क्रियाकलापमा संलग्न भई बन्दी कोठाभन्दा बाहिर बिताउन पाउने सुनिश्चितता गर्नुपर्दछ। वास्तवमा, सजाय भोगिरहेका बन्दीहरूका लागि सामाजिक व्यवस्था अझ बढी अनुकूल हुनुपर्नेछ," *समितिको दोस्रो प्रतिवेदन* §४७

## महिला

स्वतन्त्रताबाट वञ्चित महिलाले पुरुष बन्दीहरू सरह सार्थक क्रियाकलापहरू (रोजगारी, तालिम, शिक्षा, खेलकुद आदि) मा सहज पहुँच पाउनु पर्नेछ। समितिको प्रतिनिधि मण्डलले महिला बन्दीहरूका लागि उपयोगी सम्झिएका (सिलाइ बुनाइ) कामहरू दिने गरेको पाइएको छ जब कि पुरुष बन्दीहरूलाई बढी व्यावसायिक प्रकृतिका तालिमहरू

प्रदान गरिएको छ। समितिको दृष्टिकोणमा यस्तो किसिमको भेदभावपूर्ण अवधारणाले महिलाहरूको रुढिवादी सामाजिक भूमिकालाई पुनः स्थापित गर्न मद्दत पुऱ्याउँछ। यसको अलावा महिलाहरूलाई थुना व्यवस्थाअन्तर्गतका क्रियाकलापहरूको पहुँचमा समान अधिकार प्रदान नगरिनु परिस्थितिअनुसार अपमानजनक व्यवहारको कोटीमा पनि पर्न सक्दछ," *समितिको दशौँ प्रतिवेदन §२५ (बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर, ए-१४-क र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा धारा ३५ पनि हेर्नुहोस्)।*

४

## बालबालिका

"अनिवार्य विद्यालय उमेरका प्रत्येक बालबालिकालाई उनीहरू समाजमा पुनर्स्थापित गर्ने उद्देश्यबाट तयार पारिएको र उनीहरू सुहाउँदो तथा उनीहरूको आवश्यकता र समर्थताअनुरूपको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ। सम्भव भएसम्म उनीहरूलाई थुनास्थलभन्दा बाहिरको सामुदायिक विद्यालयमा देशमा प्रचलित शिक्षा प्रणालीसँग मेल खाने, योग्यतम शिक्षकद्वारा शिक्षा प्रदान गरिनु पर्दछ ताकि उनीहरू कारागार मुक्त भएपछि विना कुनै कठिनाइ शिक्षालाई निरन्तरता दिन सकुन्," *स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरूको नियम ३८*

"आफ्नो शिक्षालाई निरन्तरता दिन चाहने अनिवार्य विद्यालय उमेर पार गरिसकेका बालबालिकालाई त्यस्तो अनुमति दिइनु पर्दछ र यसका लागि उनीहरूलाई प्रोत्साहित गर्नुपर्दछ साथै उनीहरूलाई उपयुक्त शैक्षिक कार्यक्रममा पहुँचका लागि सबै प्रयासहरू गरिनु पर्दछ," *स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरूको नियम ३९*

## टिप्पणी

कारागारमा कस्तो शिक्षा प्रदान गरिएको छ र यसलाई प्राथमिकता पनि दिइएको छ कि भनी भ्रमण संयन्त्रले विचार पुऱ्याउनु आवश्यक छ। बन्दीलाई समाजमा पुनर्मिलाप गराउन र निजको व्यक्तित्व विकासका लागि प्रेरित गर्न शिक्षा महत्त्वपूर्ण तत्त्व हुन्छ। यस अतिरिक्त शिक्षाले बन्दीहरूको स्थानीय भाषा सिक्ने अथवा पढ्न, लेख्न र गणना गर्न सिक्ने जस्ता विशेष आवश्यकता पूर्ति गर्न सक्दछ।

अन्तर्राष्ट्रिय मापदण्डले शिक्षालाई बन्दीहरूलाई उनीहरूको कारागार मुक्तिपश्चातको आवश्यकता र सम्भाव्यतालाई पूर्ति गर्न सक्षम हुने किसिमको एक एकीकृत व्यक्तिगत पुनर्स्थापना कार्यक्रमको एउटा तत्त्वको रूपमा निर्दिष्ट गरेको छ।

समाजमा पुनर्मिलन गराउने र बाहिरी दुनियासँग सम्पर्क गराउने सन्दर्भमा समुदायका सदस्यहरू (स्थानीय स्कुल अथवा कलेज र स्कुलका शिक्षकहरू) बाट शैक्षिक गतिविधिहरू सञ्चालन गरिनु अती उपयोगी हुन्छ। यसलाई समुदायमा नै सञ्चालन गर्न पनि सकिनेछ। हासिल गरेको योग्यता बाहिरी दुनियाँबाट मान्यता प्राप्त गर्न सक्ने हुनुपर्दछ। शिक्षा आर्जन गर्ने क्रियाकलापलाई पनि काम सरह नै पारिश्रमिक दिनुपर्नेछ।



**केही सान्दर्भिक प्रश्नहरू**

- कस्तो किसिमको शिक्षा प्रदान गरिएको छ ?
- कति प्रतिशत बन्दीहरू शैक्षिक गतिविधिमा सहभागी छन् ?
- चाहना राख्ने सबै बन्दीहरूले शैक्षिक गतिविधिमा पहुँच प्राप्त गरेका छन् ?
- शैक्षिक गतिविधिमा पहुँचको तथ्याङ्क र उपलब्धि के छ ?
- उपलब्ध शिक्षा अनुकूल छ ? गतिविधिहरू व्यक्तिगत आवश्यकता अथवा खास वर्गका व्यक्तिहरू (उदाहरणका लागि विदेशी नागरिकहरू) को आवश्यकतासँग मेल खान्छन् ?
- शिक्षाको लागि पारिश्रमिक छ ?
- प्रध्यापन अथवा तालिममा बाहिरका शिक्षक वा प्रशिक्षक संलग्न छन् ?
- शैक्षिक गतिविधि कहाँ सञ्चालित छन् ?
- के सर्तहरूका अधीनमा बन्दीहरूले पुस्तकालयमा पहुँच पाउनेछन् ?
- पुस्तकालयमा बन्दीहरूले बोल्ने विभिन्न भाषामा पुस्तकहरू उपलब्ध छन् ?
- पुरुष बन्दीहरूले पाए जस्तै गुणात्मक र त्यही अवस्थामा महिलाले पनि शिक्षामा पहुँच राख्दछन् ?

- बाहिरी दुनियासँग तुलना हुन सक्ने शैक्षिक अवसर बन्दीहरूलाई छ ?
- शिक्षामा पहुँच निष्पक्ष र भेदभावरहित तवरबाट प्रदान गरिएको छ ?

## बाह्य व्यायाम

### मापदण्ड

"१. बाह्य काममा कार्यरत नरहेका प्रत्येक बन्दीले मौसम अनुकूल रहेमा कम्तिमा एक घण्टा दैनिक खुला हावामा व्यायाम गर्ने अधिकार राख्नेछन् ।

२. युवा बन्दीहरू र अन्य उपयुक्त उमेर र शारीरिक अवस्थाका बन्दीहरूले व्यायामको अवधिमा शारीरिक र मनोरञ्जनात्मक तालिम प्राप्त गर्नेछन् । यसका लागि ठाउँ, यन्त्र र सामग्री प्रदान गरिनेछ," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम २१*



"बाह्य काममा कार्यरत नरहेका, अथवा खुला ठाउँमा नराखिएका प्रत्येक बन्दीहरूलाई प्रतिकूल मौसमबाट बचाउनका लागि मौसम अनुकूल रहेमा कम्तिमा दिनको एक घण्टा हिंड्ने अथवा खुला हावामा उपयुक्त व्यायाम गर्न दिइनेछ," *युरोपीयन कारागार नियमहरू, नियम ८६*

"बाह्य व्यायामको विषयमा स्पष्ट व्यवस्था हुनुपर्दछ । बन्दीहरूलाई कम्तिमा दिनको एक घण्टा खुला हावामा व्यायाम गर्न दिने व्यवस्थालाई मापदण्डसम्बन्धी रक्षा कवचको रूपमा सर्वत्र स्वीकार गरिएको छ (यसलाई गतिविधिहरू समाविष्ट विस्तृत कार्यक्रमको एक हिस्साको रूपमा मानिनु उपयुक्त हुन्छ) । अपवादरहित तवरले सबै बन्दीहरू (सजायको रूपमा एकान्त कारावासमा रहेकासमेत)लाई दैनिक बाह्य व्यायामको अधिकार दिइनु पर्नेमा समिति जोड दिन चाहन्छ । यो पनि स्वतः सिद्ध छ कि बाह्य व्यायाम स्थल यथोचित फराकिलो हुनुपर्ने छ र सम्भव भएसम्म प्रतिकूल मौसमबाट बचाउ गर्ने खालको हुनुपर्ने छ," *समितिको दोस्रो प्रतिवेदन* § ४८
*बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर ए-११ र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदाको धारा ३३ पनि हेर्नुहोस्) ।*

### बालबालिका

"मौसम अनुकूल भएमा प्रत्येक बालबालिकालाई उपयुक्त समयमा खुल्ला हावामा दैनिक रूपमा स्वतन्त्र व्यायामको अधिकार दिनुपर्नेछ जुन बेला सामान्यतया समयोपयोगी सिर्जनात्मक तथा शारीरिक तालिम पनि दिनु पर्दछ । यस्ता क्रियाकलापका लागि

उपयुक्त ठाउँ र उपकरण उपलब्ध गराउनु पर्दछ," *स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरू, नियम ४७*

**टिप्पणी**

सबै बन्दीहरूलाई शारीरिक व्यायमको लागि नियमित तवरबाट कम्तिमा दिनको एक घण्टा समय दिइएको छ भन्ने बुझ्नका लागि भ्रमण संयन्त्रले बन्दीहरू तथा कर्मचारीहरूसँग कुराकानी गर्ने चाहना राख्नेछन् । यद्यपि, कोठा वा सामूहिक कोठाभन्दा बाहिर बिताउने समयलाई यस अवधिमा गणना गरिनु हुँदैन, यदि बन्दी जीवन लामो अवधिको छ भने ।

४

व्यायामको समयमा बन्दीहरूलाई तुलनात्मक रूपमा ठूलो क्षेत्र उपलब्ध गराउनु पर्दछ साथै यो प्राकृतिक र वनस्पतीक संसार देख्न सकिने हुनुपर्दछ । छाना विनाको कोठाको असर दिने खालको पर्खालले घेरिएको स्थान प्रदान गरिनुलाई खुला हावामा व्यायाम गर्ने अवसर उपलब्ध गराउनु पर्ने दायित्व पूरा गरेको मान्न सकिँदैन ।

भ्रमण संयन्त्रले बाह्य व्यायाम सञ्चालन गरिएको तरिका, व्यायाम स्थान तथा व्यायाम अवधिमा बन्दीहरूलाई के कस्तो क्रियाकलाप गराइन्छ भनी अवलोकन गर्नुपर्दछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- सबै बन्दीहरूका लागि कम्तिमा दैनिक एक घण्टा ताजा हावामा शारीरिक व्यायाम गराउनु पर्ने नियमको सम्मान भएको छ ?
- व्यायाम स्थलको आकार र प्रकृति कस्तो छ ?
- बाह्य व्यायामको लागि निर्धारित समयमा बन्दीहरू कस्ता क्रियाकलापमा सरिक हुन्छन् ? (खेलकुद, हिंडाइ)
- कोठाबाहिर जम्मा कति समय बिताउँछन् ?
- कोठा वा सामूहिक कोठाभन्दा बाहिर बिताउने अवधि सीमित भएमा यस्तो नियन्त्रणको सम्बन्धमा कर्मचारीहरू के कारण दिन्छन् :
  - अत्यधिक दमनात्मक थुनास्थल,
  - असफल सुरक्षा संरचना,
  - अपर्याप्त कर्मचारी,
  - उपलब्ध संरचना र स्थान,
  - खास घटनाका कारण छोटो समयको लागि नियन्त्रण,
  - अन्य ।

## फुर्सदको समय र सांस्कृतिक क्रियाकलाप

### मापदण्ड

“बन्दीहरूको मानसिक तथा शारीरिक हितका लागि सबै संस्थाहरूमा (थुनास्थलहरूमा) सिर्जनात्मक र सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिनेछ,” *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ७८ र ८२*

“थुनास्थल वा कारागारको सुरक्षा र कारागारको सुव्यवस्था कायम राख्नका लागि तोकिएका विधिसम्मत सर्तहरूको अधीनमा रही थुना वा कैदमा रहेको व्यक्तिलाई यदि सरकारी (सार्वजनिक) स्रोतबाट हो भने उपलब्ध स्रोतको सीमा भित्र रही उचित परिमाणमा शैक्षिक, सांस्कृतिक र सूचनासम्बन्धी सामग्री प्राप्त गर्ने हक हुनेछ ।” *सिद्धान्त संग्रहको सिद्धान्त २८*

“प्रत्येक संस्था (कारागार वा थुनास्थल) या सबै खालका बन्दीहरूको प्रयोगको लागि मनोरञ्जनात्मक र शिक्षामूलक पुस्तकहरू पर्याप्त मात्रामा भएको पुस्ताकालय हुनेछ र बन्दीहरूलाई यसको पूर्ण उपयोगको लागि प्रोत्साहित गरिने छ,” *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ४०*

शारीरिक तथा मानसिकरूपमा उपयुक्त ढंगले क्रियाशील बनाउनका लागि शारीरिक तन्दुरुस्ति, पर्याप्त व्यायाम र मनोरञ्जनात्मक क्रियाकलापहरूको ठूलो महत्त्व छ भन्ने कारागार व्यवस्थापनले स्वीकार गर्नेछन्,” *युरोपीयन कारागार नियमहरू, नियम ८३*

“यसप्रकार आयोजित शारीरिक शिक्षा, खेलकुद र अन्य मनोरञ्जनात्मक कार्यक्रमहरू कैदीलाई गरिने व्यवहार र दिइने तालिमको संरचना एवं उद्देश्यको खाकाभित्र सञ्चालन हुनेछन् । यस प्रयोजनका लागि स्थान तथा उपकरणहरू उपलब्ध गराइनु पर्दछ” *युरोपीयन कारागार नियमहरू, नियम ८४ (नियम ८५ र बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर ए-११ पनि हेर्नुहोस्)*

४

**बालबालिका**

"बालबालिकाको निमित्त थुनाकेन्द र थुनाकेन्द्रभित्र भौतिक वातावरणसम्बन्धी रूपरेखा तयार गर्दा आवासीय उपचार विधिको पुनःर्स्थापना सम्बन्धी उद्देश्यलाई दृष्टिगत गरी तथा गोपनीयता, चेतना अभिवृद्धि, समान उमेरका अन्य बालबालिकासँग घुलमिल हुने अवसर र खेलकुद, शारीरिक अभ्यास र फूर्सदका क्षणका विविध क्रियाकलापहरूमा सहभागिता जस्ता बालबालिकाका आवश्यक्तालाई उचित सम्मान गरेर मात्र गरिनुपर्दछ," *आरपिजेडिएल, नियम ३२*

४

"प्रत्येक बालबालिकालाई दैनिक रूपमा फूर्सदको समयका विविध क्रियाकलापका लागि अतिरिक्त समय दिइनु पर्नेछ, जसको केही हिस्सा बालबालिकाले चाहना राखेको खण्डमा कला र हाते बुनाइसम्बन्धी शील्प विकासको लागि पनि छुटयाउनु पर्नेछ। थुनाकेन्द्रले प्रत्येक बालबालिकाले थुनाकेन्द्रभित्र उपलब्ध हुने शारीरिक शिक्षामा शरीरिक रूपले नै सहभागी हुनसक्ने सुविधाको सुनिश्चित गर्नुपर्दछ," उपचारात्मक शारीरिक शिक्षा तथा उपचार आवश्यक पर्ने बालबालिकालाई चिकित्सकीय निगरानीमा राखी त्यस्ता शिक्षा तथा उपचार दिइनु पर्दछ। *स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमहरू, नियम ४७*

**टिप्पणी**

सामान्य समाजमा जस्तै कारागारमा थुनिएकाहरूलाई पनि फुर्सदको समयमा गरिने क्रियाकलापहरूको आवश्यकता रहन्छ। खासगरी खेलकुदले बन्दीको स्वस्थतामा योगदान पुऱ्याउन सक्छ, किनकि यसले तिनीहरूलाई शारीरिक उर्जाखर्चन समर्थ बनाउँछ। यसले अन्य बन्दीहरू र कर्मचारीसँग राम्रो सम्बन्ध विकसित गर्न पनि सघाउँछ। बन्दीहरूले सन्तुष्टि लिन सक्ने र आत्मसम्मानको अनुभूति गर्न सक्ने आमोदप्रमोदको व्यवस्थाको लागि अधिकारीहरूले गरेको प्रयासको सम्बन्धमा निरीक्षण भ्रमण संयन्त्रबाट अनुगमन हुनुपर्दछ। बन्दीहरूलाई के सुविधा दिइएको छ र ती सुविधा बन्दीहरूको हितको लागि पूर्णरूपमा प्रयोग भएका छन् या छैनन् भनी जानकारी राख्नु पनि महत्त्वपूर्ण हुन्छ।

### केही सान्दर्भिक प्रश्नहरू

- बन्दीहरूलाई के कस्ता खेलकुदका क्रियाकलापहरू के कस्तो नियमितताका साथ र कति समयसम्म उपलब्ध गराइएको छ, ?
- सांस्कृतिक क्रियाकलापहरू लगायत अन्य के कस्ता क्रियाकलापहरू उपलब्ध छन् ?
- यदि यस्ता क्रियाकलापहरूको क्षेत्र र निर्धारित समय सीमित छ भने सो को कारण के दिइएको छ र सो को कारण तपाईंलाई के हुन सक्छ जस्तो लाग्छ ?
- पुस्तकालय छ कि छैन ? छ भने पहुँचको अवस्था कस्तो छ ? विदेशी भाषी बन्दीहरूको लागि, उनीहरूले बोल्ने र बुझ्ने विदेशी भाषामा किताबहरू उपलब्ध छन् या छैनन् ?
- के फुर्सदको समयमा विविध क्रियाकलाप सञ्चालन गर्नको लागि कोठा अथवा अन्य स्थान छुटचाइएको छ ? के कस्ता खालका क्रियाकलापहरू उपलब्ध छन् ?
- के सम्पूर्ण क्रियाकलापहरूमा सबैको लागि समान पहुँच छ ? अनि के त्यस्तो पहुँच निष्पक्ष, पारदर्शी र भेदभाव रहित ढंगबाट उपलब्ध छ ?

४

# धर्म

**मापदण्ड**

"१. यदि संस्था (कारागर या थुनास्थल) भित्र एउटै धर्म मान्ने बन्दीहरूको संख्या पर्याप्त छ भने उक्त धर्मको योग्यतम प्रतिनिधि नियुक्ति वा अनुमोदन गरिने छ। यदि बन्दीहरूको संख्याका आधारमा उचित ठहरिए र परिस्थिति अनुकूल छ भने पूरा समय काम गर्ने आधारमा सो व्यवस्था गरिनुपर्ने छ।

४

२. अनुच्छेद १ अन्तर्गत नियुक्त वा अनुमोदित योग्यतम प्रतिनिधिललाई नियमित सेवा सञ्चालन गर्न तथा उपयुक्त समयमा उसको धर्म मान्ने बन्दीहरूलाई धार्मिक सल्लाह प्रदान गर्न निजी तवरमा भेट गर्न दिइनेछ।

३. कुनै पनि बन्दीलाई कुनै धर्मको योग्यतम प्रतिनिधिको पहुँचलाई इन्कार गरिने छैन। अर्कोतर्फ, कुनै बन्दीले कुनै धार्मिक प्रतिनिधिलाई भेट्न आपत्ति जनाउँछ भने उसको भावनाको पूर्ण सम्मान गरिने छ," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ४१*

"सम्भव भएसम्म प्रत्येक बन्दीलाई थुनासंस्थाले प्रदान गरेको धार्मिक पुजाउपासना आदिमा सहभागी भई तथा आफ्नो सम्प्रदायका धार्मिक अनुसरण र निर्देशनसम्बन्धी पुस्तकहरू प्राप्त गरी आफ्नो धार्मिक जीवनका आवश्यकता पूर्ति गर्न दिइनेछ," *एसएमआर, नियम ४२*

"यद्यपि, स्थानीय अवस्था अनुसार आफ्नो समूहले अपनाउँदै आएको धार्मिक विश्वास र सांस्कृतिक नीति नियमलाई बन्दीहरूले सम्मान गर्नुपर्ने अपेक्षा गरिन्छ," *बन्दीहरूको व्यवहार र मापदण्डसम्बन्धी सिद्धान्तहरू, सिद्धान्त ३*

"व्यवहारसङ्गत भएसम्म थुनासंस्थामा प्रदान गरिएका धार्मिक सेवा वा भेलामा सहभागी भई तथा आवश्यक पुस्तक र साहित्यरचना प्राप्त गरी प्रत्येक बन्दीलाई आफ्नो धार्मिक, आध्यात्मिक र नैतिक जीवनका आवश्यकताहरू पूरा गर्न दिइनेछ," *युरोपीयन कारागार नियमहरू, नियम ४६ (र ४७ पनि हेर्नुहोस्)*
*बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टरको ए-११ र सो अन्तर्गतबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा धारा ४३ पनि हेर्नुहोस्।*

**टिप्पणी**

धार्मिक स्वतन्त्रता आधारभूत मावनअधिकार हो, र यसर्थ धार्मिक पुजामा सहभागी हुने सामूहिक हक लगायत बन्दीहरूद्वारा धार्मिक स्वतन्त्रताको पूर्ण अभ्यासलाई सम्भव बनाइनु पर्छ। यद्यपि, यो बन्दीको बाध्यात्मक दायित्व भने होइन। कुनै पनि धार्मिक आस्थाका अनुयायी नभएका र कुनै पनि धर्म मान्न रुची नराख्ने बन्दीहरूलाई त्यसो गर्न बाध्य बनाउने वा त्यस्ता अन्य भेदभावपूर्ण व्यवहारको शिकार बनाइने छैन।

निरीक्षण भ्रमण संयन्त्रले पुजाउपासनाको अधिकार बहुसंख्यक वा राज्यको मूलधर्म मान्ने सदस्यहरूभित्र मात्र सीमित नराखी र अल्पसंख्यक समूहका अधिकारलाई पनि नजरअन्दाज नगरिएको सुनिश्चित गर्ने इच्छा राख्नु पर्नेछ।

४

बन्दीहरूले गोप्यरूपमा धार्मिक प्रतिनिधिहरूसँग भेट गर्न पाउनु पर्नेछ र त्यस्तो भेट कम्तिमा पनि कारागार कर्मचारीले सुन्न नसक्ने गरी हुनुपर्नेछ।

**केही सान्दर्भिक प्रश्नहरू**

- थुनाकेन्द्रमा धार्मिक प्रतिनिधिहरूको नियुक्तिको आधारहरू के के हुन् (उदाहरणका लागि आस्थावानहरूको न्यूनतम संख्या) ?
- नियुक्त प्रतिनिधि, आयोजित पुजा र भेलाहरूले कुन धर्मको प्रतिनिधित्व गर्दछन् ? के तिनीहरू सबै बन्दीहरूले पालना गर्ने धर्म अनुरूप छ ?
- के बन्दीहरूलाई धार्मिक प्रतिनिधिहरूसँग भेट गर्न कुनै सर्तहरू राखिएका छन् ?
- कहिले कहिले (कति नियमितताका साथ) र कहाँ कहाँ पुजा सञ्चालन भएका छन् ? के सहभागी हुन चाहनेहरूका लागि उपस्थिति जनाउन सक्ने उपयुक्त व्यवस्था गरिएको छ ? सहभागीहरूको सरदर संख्या कति छ ?
- बन्दीहरूलाई धार्मिक व्यवहार पालना गर्न समर्थ बनाउने गरी के खाना, कपडा, स्वास्थ्य र निजी गोप्य प्रार्थनासम्बन्धी व्यवस्था गरिएको छ ?

## रोजगारी (काम)

**मापदण्ड**

"देशको श्रम बजारमा पुनःएकीकृत हुन सहज गराउने र आफू तथा आफ्ना परिवारलाई आर्थिक सहारा प्रदान गर्न सम्भव गराउने अर्थपूर्ण पारिश्रमिकयुक्त रोजगारी अपनाउन बन्दीहरूलाई सक्षम बनाउन सक्ने अवस्थाको सिर्जना गरिने छ," *विपिटिपिसिडि सिद्धान्त ८*

४

"१. कारागार श्रम दुःखदायी प्रकृतिको हुनु हुँदैन।

२. चिकित्सकले निर्धारण गरेको शारीरिक तथा मानसिक तन्दुरुस्तीको आधारमा सजाय पाएका सबै बन्दीहरूले काम गर्नु आवश्यक हुनेछ।

३. बन्दीहरूलाई सामान्यतः काम गर्ने दिनमा सक्रिय रूपमा कार्यरत रहन सक्ने गरी उपयोगी प्रकृतिको पर्याप्त काम दिइनेछ।

४. बन्दीहरूलाई दिइने काम सम्भव भएसम्म कारागार मुक्तिपश्चात् इमानदारीपूर्ण जीवनयापन गर्न सक्ने गरी उनीहरूको आर्जन गर्ने क्षमतामा वृद्धि गर्ने किसिमको हुनुपर्नेछ।

५. तालिमबाट फाइदा लिन समर्थ बन्दीहरू, खासगरी युवा बन्दीहरूलाई, उपयोगी शिल्पसम्बन्धी व्यावसायिक तालिम दिइनु पर्नेछ।

६. उपयुक्त व्यावसायिक छनोटको सीमा भित्र रहेर तथा संस्थागत प्रशासन र अनुशासनको आवश्यकता अनुरूप बन्दीहरूले आफूले गर्न चाहेको काम छान्न सक्नेछन्," *(मापदण्डसम्बन्धी न्यूनतम नियमहरू," नियम ७१ (यस्तै शब्दावली युरोपीयन कारागार नियमहरू, नियम ७१ मा पनि छ)*

"कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रममा लगाइने छैन," *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध धारा ८.३(क)*

"१. बन्दीहरूलाई सामान्य व्यावसायिक जीवनयापनका लागि सक्षम तुल्याउन थुनासंस्थाभित्र हुने कामको कार्यसञ्चालन र पद्धतिसम्भव भएसम्म संस्थाबाहिर गराइने कामको कार्यसञ्चालन र पद्धतिबीच सादृश्यता रहनेछ ।

२. यद्यपि, बन्दीहरूको हक र उनीहरूको व्यावसायिक तालिमलाई थुनासंस्थाभित्र रहेका उद्योगबाट आर्थिक लाभ गर्ने स्वार्थसँग अधिनस्थ बनाउनु हुँदैन," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ७२ (यस्तै व्यवस्था युरोपीयन कारागार नियमहरू, नियम ७२ मा पनि रहेको छ)*

४

"१. बन्दीहरूले दैनिक तथा साप्ताहिक रूपमा काम गर्नुपर्ने समय स्वतन्त्र कामदारको रोजगारीसम्बन्धी स्थानीय नियम वा प्रथालाई ध्यानमा राखी कानून वा प्रशासनिक निर्देशन बमोजिम निर्धारित गरिनु पर्दछ ।

२. यसप्रकार निर्धारित समयमा हप्ताको एक दिन विदा हुनुर्नेछ र बन्दीहरूको उपचार र पुनःस्थापनाका लागि आवश्यक शिक्षा तथा अन्य क्रियाकलापहरूको लागि पर्याप्त समय छुट्याइनु पर्दछ," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ७५*

"१. बन्दीहरूको कामको लागि समान पारिश्रमिक प्रणाली हुनु पर्नेछ ।

२. यस प्रणालीअन्तर्गत कम्तिमा आम्दानीको एक हिस्सा बन्दीहरूले आफ्नो लागि आवश्यक तर थुनास्थलभित्र प्रयोग गर्न अनुमति भएका सामानहरूको प्रयोगको लागि खर्च गर्न पाउने छन् र अर्को हिस्सा परिवारलाई पठाउन सक्नेछन् ।

यस प्रणालीअन्तर्गत कारागार मुक्तिपश्चात् बन्दीलाई दिइने गरी बचत कोष निर्माण गर्न बन्दीहरूको आम्दानीको एक हिस्सा प्रशासनले निकालेर राख्ने व्यवस्था हुनु पर्दछ, *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम ७६ (समरूप शब्दावली युरोपीयन कारागार नियमको नियम ७६), मापदण्डसम्बन्धी न्यूनतम नियमको नियम ७३, ७४, बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर ए-१५ र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा धारा ३४ अनुच्छेद १ पनि हेर्नुहोस् ।*

**बालबालिका**

"जहाँसम्म थुनास्थलको अवस्थाको सवाल छ, कानूनको विवादमा परेका बच्चाहरूलाई धारा १० को अनुच्छेद ३ अनुसार निजहरूको उमेर र कानुनी हैसियत अनुरूपको उपचारात्मक कारवाही गरिनेछ, जस्तै बन्दीहरूको सुधार र पुनर्स्थापनालाई प्रोत्साहन गर्ने उद्देश्य सहित छोटो समय काममा लगाउने," *जीसी २१, अनुच्छेद १३*

"उपयुक्त व्यावसायिक छनोट र संस्थागत प्रशासनको आवश्यकतालाई सम्मान गर्दै बालबालिकाहरूले आफूले गर्न चाहेको काम छनोट गर्न पाउनेछन्" *स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी नियमहरू, नियम ४३*

४

"जहाँ सम्भव छ, त्यहाँ बालबालिकाहरूलाई पारिश्रमिक सहितको श्रम गर्ने अवसर दिइनु पर्नेछ, यदि सम्भव हुन्छ भने आफ्नो समुदायमा फर्केपछि उपयुक्त रोजगारी प्राप्त गर्न सहयोग पुऱ्याउन व्यावसायिक तालिमको पूरकको रूपमा स्थानीय समुदायमै कामको अवसर दिइनु पर्नेछ। बालबालिकालाई दिइने काम उनीहरू कारागार मुक्त भएपछि फाइदा पुऱ्याउने उपयुक्त तालिम प्रदान गर्ने प्रकृतिको हुनु पर्दछ। बालबालिकाहरूलाई सामान्य व्यावसायिक जीवन बाँच्न सबल बनाउन थुनाकेन्द्रभित्र काम दिँदा कामको संगठन र कार्यपद्धति सम्भव भएसम्म, समुदायमा प्रदान गरिने समान कामसँग सादृस्यता राख्ने किसिमको हुनुपर्नेछ," *स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरूको संरक्षणसम्बन्धी नियमहरू, नियम ४५*

**टिप्पणी**

भ्रमण संयन्त्रले कारागार प्रशासनको प्राथमिकता नाफाको लागि बन्दी श्रमशक्तिको शोषणमा नभइ उनीहरूलाई तालिम दिने कार्यमा हुनेछ भन्ने सुनिश्चत पार्ने ईच्छा राख्नुपर्नेछ। बन्दीहरूको श्रमसम्बन्धी मापदण्डले प्रत्येक बन्दीको लागि सस्तो श्रमको रूपमा शोषित नभइकनै अर्थपूर्ण र पारिश्रमिकयुक्त रोजगारीमा संलग्न हुने अवसरको प्रत्याभूति दिलाउने लक्ष्य राख्दछ।

बन्दीहरूलाई समाजसँग र थुनास्थलबाहिरका कार्यस्थलसँग पुनःएकीकृत हुन सबल बनाउन नियमित र अर्थपूर्ण कामलाई महत्त्वपूर्ण तत्त्वको रूपमा हेरिन्छ। पुनःएकीकरणको दृष्टिबाट हेर्दा, बन्दीहरूले भोलिका दिनमा कानुनी रूपमा मान्य कुनै पनि व्यवसाय

अपनाउन या प्राप्त गर्न आवश्यक क्षमता वृद्धि गराउने खालको शीप सिक्ने अवसर पाउनुपर्छ । थुनास्थल बाहिरका श्रमबजारलाई ध्यानमा राखी दिइने व्यावसायिक तालिमले उपर्युक्त उद्देश्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

सजायस्वरूप थुनामा रहेका बन्दीहरूलाई काम गर्न बाध्य गराइनेछ, तर यसरी काममा लगाइँदा निश्चित सर्तहरू अन्तर्गत मात्रै उनीहरूलाई काममा लगाइन्छ । अनिवार्य वा बलपूर्वक लादिने श्रमलाई निषेध गरिएको छ, तर बाध्यात्मक रूपले बन्दीहरूले गर्नुपर्ने सबै कार्यहरू यस दायरामा पर्दैनन् । जस्तै कतिपय देशहरूमा अदालतले सजायस्वरूप बन्दीहरूलाई कठिन शारीरिक श्रम लगाउँछ, जुन अन्तर्राष्ट्रि श्रम संगठनको जबर्जस्ती श्रम महासन्धि (आईएलओ) विपरीत छ । पूर्पक्ष पूर्व थुनामा रहेका व्यक्तिहरूलाई काम गर्न बाध्य बनाउन सकिँदैन, तर उनीहरूले चाहेका खण्डमा काम गर्ने अवसर दिइनु पर्नेछ ।

४

काम गर्न सक्षम बन्दीहरूले मात्र काम गर्न सक्नेछन् । कामदार बन्दी विरामी भएमा चिकित्सकद्वारा नै परीक्षण गरिनु पर्दछ, र आवश्यकता परेका बन्दीको पारिश्रमिकमा कटौती हुँदैन भनी आश्वस्त पार्नका लागि विरामी प्रमाण पत्र पनि प्रदान गरिनु पर्नेछ ।

कारगार मुक्तिपश्चात् जीवन उपार्जन गर्न सकुन भन्नका लागि महिला बन्दीहरूलाई पनि रोजगारीको अवसरमा समान पहुँच दिइनु पर्ने छ, र उनीहरूलाई सिलाई बुनाई र हस्तकलामा मात्र सीमित गरिनु हुँदैन ।

**सर्वाधिक महत्त्वपूर्ण सर्तहरू निम्न छन्**

- काम दण्डात्मक प्रकृतिको हुनु हुँदैन ।
- काम पारिश्रमिक सहितको हुनु पर्ने छ (केही देशहरूमा प्रत्येक काम गरेको दिनको अनुपातमा बन्दीको अवधि घटाइन्छ) ।
- दैनिक वा साप्ताहिक रूपमा बन्दीहरूले काम गर्नुपर्ने समय थुनाकेन्द्र भन्दा बाहिर सामान्यरूपमा काम गर्नुपर्ने समय भन्दा बढी हुनु हुँदैन ।
- कार्यक्षेत्रमा स्वास्थ्य र सुरक्षासम्बन्धी राष्ट्रिय मापदण्डको पालना हुनु पर्दछ ।

४

## केही सान्दर्भिक प्रश्नहरू

- थुनास्थलभित्र कामको अवसर के कति र कस्तो छ ? र यस्ता अवसरहरूलाई बाहिरी दुनियाँमा उपलब्ध हुने कामको अवसरसँग के कसरी तुलना गरिन्छ ?
- के थुनास्थलबाहिर गएर पनि काम गर्ने अवसर उपलब्ध छ (खासगरी युवा र छुट्न लागेकाहरूका लागि) ?
- सबै बन्दीहरूलाई काम दिन नसकिएमा काम गर्न पाउनेहरूको छनोट कसरी गरिन्छ ? बन्दीहरूलाई काम दिइने प्रक्रिया निष्पक्ष, पारदर्शी र भेदभाव रहित छ ?
- कस्तो किसिमको व्यावसायिक तालिम दिइन्छ ?
- काम स्वेच्छिक छ ?
- कामको अवस्था कस्तो छ ? बाहिरी दुनियाँको तुलनामा कामको अवस्था कस्तो छ ?
- थुनास्थलभन्दा बाहिर काम गर्नेहरूको अधिकार सुरक्षित छ ?
- स्वतन्त्रताबाट वञ्चित व्यक्ति, कारागार अधिकारी र राज्यबीच आय बाँडफाँट गरिन्छ ? यदि गरिन्छ भने, के कसरी गरिन्छ र के यसका आधारहरू पारदर्शी छन् ?
- आर्जित आय खर्च गर्ने र बचत गर्ने सम्बन्धमा बन्दीले के कस्तो अवसर प्राप्त गर्छ ?

## सन्दर्भ सामग्री

Andrew Coyle, *A Human Rights Approach to Prison Management,* 2003. (Chapter 7 constructive activities and social reintegration; Chapter 8: Contacts with the Outside World, pp. 83-104)

PRI, *Making standards work,* London 2001. (Section V-Prisoners Contacts with the outside world, pp. 101-115; Section VI — Programmes for prisoners, pp. 7-149)

UN HCHR, *Human Rights and Prisons,* Geneva 2003. (Section 6: Making the best use of prisons; Section 7: Prisoner's contact with the outside world, pp. 76-102)

Peter Sutton, (ed.) *Basic Education in Prisons: Final Report,* United Natioon/UNESCO Institute for Education (UIE) joint publication.

# चिकित्सा सेवा

बन्दीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य विशेष महत्त्वको हुन्छ किनकि कारावास सजायले बन्दीहरूलाई आफ्नो स्वास्थ्यसम्बन्धी हेरचाह गर्ने सम्भावनाबाट नै वञ्चित गर्दछ र यसले बन्दीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा पनि प्रतिकूल असर पार्दछ । सन्तोषजनक स्वास्थ्य, स्वस्थ बस्ने र काम गर्ने वातावरण र उचित चिकित्सकीय सेवामा बन्दीहरूको पहुँचलाई सुनिश्चित गर्ने दायित्व कारागार अधिकारीहरूको हुनेछ । यस्ता चिकित्सकीय सेवा कारागार भन्दा बाहिर प्राप्त हुने चिकित्सकी सेवासरह हुनुपर्दछ

सहमति र गोपनीयता भ्रमण संयत्रको विशेष ध्यान जानु पर्ने विषय हुन् । विरामी र चिकित्सककाबीच विश्वासमा आधारित सम्बन्ध हुनु अपरिहार्य हुन्छ । यसको अतिरिक्त अन्तर्राष्ट्रिय कानूनले बन्दीहरू उनीहरूको शारीरिक वा मानसिक स्वस्थतामा नोक्सान पुऱ्याउने खालका औषधि प्रयोगशालाको विषय बन्न सक्दैनन् भन्ने पनि किटानीका साथ उल्लेख गरेको छ ।

६

बन्दीहरूले आफ्नो देश वा क्षेत्रमा सामना गरेको मुख्य स्वास्थ्य समस्याको बारेमा पनि भ्रमण संयन्त्र सचेत हुनुपर्दछ । यसमा क्षयरोग, एचआइभी एड्स र लागू औषध दूर्व्यसन पनि हुन सक्दछ । यस्ता समस्या भोगिरहेकाहरूको निम्ति विशेष कार्यक्रम उपलब्ध गराउनुका साथै उनीहरूले कारागार मुक्ति पाउँदा उनीहरूलाई त्यस्ता कार्यक्रम वा अन्य स्वास्थ्य सेवाहरूमा सिफारिश गरी पठाउनु पर्दछ ।

**चिकित्सा सेवाहरू**

- स्वास्थ्य सेवामा पहुँच
- महिलाहरू र बच्चाहरूका लागि विशेष स्वास्थ्य स्याहार
- मानसिक रूपले विरामी बन्दीहरूका लागि विशेष स्वास्थ्य स्याहार
- स्वास्थ्य कर्मचारी

## स्वास्थ्य सेवामा पहुँच

### मापदण्ड

"चिकित्सकले बन्दी कारागारमा ल्याइए लगतै र र तत्पश्चात् आवश्यकता अनुसार खास गरी निज बन्दीको शारीरिक र मानसिक अस्वस्थता पत्ता लगाइ निजको उपचारका लागि आवश्यक सबै पाइलाहरू चाल्न प्रत्येक बन्दीलाई यथासक्य चाँडो भेट्ने र जाँच गर्ने गर्नुपर्छ; सङ्क्रामक र सरुवा रोग लागेका बन्दीहरूलाई छुटचाइ अलग्गै राख्नुपर्दछ। बन्दीको पुनर्स्थापनालाई व्यवधान पुऱ्याउन सक्ने शारीरिक वा मानसिक खराबी उल्लेख गर्ने र प्रत्येक बन्दीको काम गर्ने शारीरिक क्षमताको निर्धारण गर्ने गर्नु पर्दछ," *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम २४ र (युरोपीयन कारागार नियमहरू, नियम २९ मा पनि यस्तै शब्दावली छन्)*

६

"बन्दीलाई कारावास वा थुनाकेन्द्रमा प्रवेश गरेलगत्तै यथाशक्य चाँडो उपयुक्त स्वास्थ्य परीक्षण उपलब्ध गराइनु पर्नेछ र तत्पश्चात् आवश्यकता अनुसार स्वास्थ्य सेवा र उपचार प्रदान गरिनु पर्नेछ। यस्तो स्वास्थ्य सेवा र उपचार निःशुल्क उपलब्ध गराइनु पर्नेछ," *सिद्धान्त संग्रहको सिद्धान्त २४*

"कारागारमा प्रवेश गर्नासाथ सबै बन्दीहरूलाई सो कारागारको स्वास्थ्यसेवाका सदस्यको रूपमा अविलम्ब हेरिनु पर्नेछ। हालसम्मको प्रतिवेदनमा सीपीटीले कारागार प्रवेश गर्ने प्रत्येक नयाँ बन्दीलाई उचित ढंगले सोधपुछ गर्ने र आवश्यक भएमा सम्भव भएसम्म यथासक्य चाँडो डाक्टरद्वारा निजको शारीरिक परीक्षण गराउनु पर्दछ भनी सिफारिश गरेको छ। केही देशहरूमा नयाँ बन्दीको आगमन हुनासाथ पूर्ण रूपमा योग्यतम नर्सले निजको स्वास्थ्य परीक्षण गरी डाक्टरलाई प्रतिवेदन दिने कुरा यहाँ उल्लेख गर्न जरुरी हुन्छ। यो उपागमनलाई उपलब्ध साधन र स्रोतको अत्यन्त प्रभावकारी प्रयोगको रूपमा लिन सकिन्छ।

बन्दीहरूलाई तिनीहरूको आगमन लगत्तै काराबासमा स्वास्थ्यसेवा अस्तित्वमा र सञ्चालनमा रहेको जानकारी दिने तथा सरसफाई र तन्दुरुस्तीका आधारभूत उपायहरू स्मरण गराउने पर्चा अथवा पुस्तिका दिइने कार्य पनि अपेक्षित गरिन्छ," *समितिको तेस्रो प्रतिवेदन §३३*

२. विशेषज्ञ उपचारको आवश्यकता भएका विरामी बन्दीहरूलाई सोसम्बन्धी विशेषज्ञ संस्था वा सार्वजनिक अस्पतालमा पठाइनेछ। अस्पतालका सुविधाहरू, आवश्यक चिकित्सकीय उपकरणहरू, औषधिविज्ञान सम्बन्धी आपूर्ति व्यवस्था र आवश्यक तालिम प्राप्त अधिकारीहरू सहितका संस्थाहरू विरामी बन्दीहरूको उपचार र स्वास्थ्य सेवाको लागि उपयुक्त मानिन्छन्।

३. प्रत्येक बन्दीलाई योग्यतम दक्ष चिकित्सकको सेवा उपलब्ध गराइनेछ" *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम २२*

१. चिकित्सकले बन्दीहरूको शारीरिक वा मानसिक स्वास्थ्यको रेखदेख गर्नेछ, साथै निज चिकित्सकले प्रत्येक बिरामी बन्दीलाई वा विरामी भएको शिकायत गर्ने सम्पूर्ण बन्दीहरूलाई वा निजको विशेष ध्यान केन्द्रित हुनुपर्ने बन्दीहरूलाई हरेक दिन भेट्ने र स्वास्थ्य परीक्षण गर्ने गर्नुपर्नेछ *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू नियम २५, (यस्तै शब्दावली युरोपीयन कारागार नियमहरू, नियम ३० मा पनि छ)*

"कानून कार्यान्वयन गर्ने अधिकारीहरूले आफ्नो हिरासतमा रहेका व्यक्तिहरूको स्वास्थ्यको रेखदेख तथा संरक्षणको सुनिश्चितता गनुपर्नेछ र खासगरी स्वास्थ्यसम्बन्धी शतर्कता अपनाइहाल्नु पर्ने आवश्यकता परेको अवस्थामा तत्काल उपयुक्त कदम चाल्नुपर्नेछ" *कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूसम्बन्धी आचारसंहिता धारा ६*

"जुनसुकै थुनाविधिअन्तर्गत थुनामा रहे तापनि हिरासतमा रहँदा बन्दीहरूले जुनसुकै समयमा डाक्टरलाई भेट्न समर्थ हुनेछन् (खासगरी एकान्त कारावासमा रहेका बन्दीहरूका निम्ति डाक्टरको पहुँचको सम्बन्धमा, समितिको दोस्रो प्रतिवेदनः सिपिटि/आइएनएफ (९२)३ को अनुच्छेद ५६ हेर्नुहोस्) स्वास्थ्य स्याहार सेवा यसरी व्यवस्थित गरिनु पर्छ ता कि अनावश्यक विलम्ब विना डाक्टरसँग सम्पर्कका लागि अनुरोध गर्न सकियोस्।

बन्दीहरूलाई गोप्य तवरबाट स्वास्थ्य स्याहार सेवा माग गर्न समर्थ बनाइनु पर्दछ, उदाहरणका लागि बन्द खाममा खबर पठाएर। यसका अतिरिक्त, कारागार अधिकारीहरूले डाक्टरसँग परामर्श गर्ने अनुरोधलाई रोकतोक वा निरीक्षण गर्ने प्रयास गर्नुहुँदैन" *समितिको तेस्रो प्रतिवेदन §३४ र (बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर ए-४*

*र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा, धारा २५ पनि हेर्नुहोस् ।*

**टिप्पणी**

भ्रमण संयन्त्रले कारागार र नागरिक स्वास्थ्य सेवाबीच तुलना गर्न सक्ने गरी आवश्यक सूचना (जानकारी) प्राप्त गर्न सक्नु पर्नेछ । स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई प्रदान गरिने स्वास्थ्य सेवा दण्ड प्रणाली भन्दा बाहिर उपलब्ध सेवा समान हुनुपर्दछ (समानताको सिद्धान्त) ।

५

नयाँ आएका बन्दीको आगमन लगत्तै डाक्टर वा योग्तम नर्सद्वारा निजको स्वास्थ्य परीक्षण गरिनु पर्नेछ । यस परीक्षणबाट स्वास्थ्य कर्मचारीलाई बन्दीको पूर्ववत विरामका साथै बन्दीलाई पहिले थुनामा राखेको स्थानमा दिइएका वा लागेका घाउचोटहरू पत्ता लगाउन सजिलो हुनेछ । यस्तो परीक्षण प्रक्रिया बन्दीहरू र कर्मचारीलाई सरुवा रोगबाट संरक्षण गर्ने दृष्टिकोणबाट पनि महत्त्वपूर्ण हुन्छ ।

सबै बन्दीहरूलाई अनावश्यक विलम्ब विना डाक्टरको पहुँच दिनु पर्नेछ (आपतकालीन अवस्था होइन भने एकदिन भित्र) । बन्दीहरूको परीक्षण गर्दा तिनीहरूको मर्यादाको पनि सम्मान हुनु पर्नेछ । तसर्थ चिकित्सकीय परामर्श गुप्त स्थानमा अथवा न्यूनतम रूपमा कारागार कर्मचारी र अन्य बन्दीहरूले सुन्न नसक्ने स्थानमा हुनुपर्दछ । थुनास्थलका कर्मचारीले बन्दीलाई निजले डाक्टरसँग परामर्श गर्न चाहनुको कारण नबताइकन नै डाक्टरलाई भेट गर्न अनुमति दिनुपर्नेछ ।

विशेषज्ञ उपचारको आवश्यकता रहेका बन्दीहरूलाई थुनाकेन्द्र भित्रै विशेषज्ञको परामर्शको माध्यमबाट वा यस्तो विशेषज्ञकोमा स्थानान्तरणको माध्यमबाट यस्तो उपचारमा पहुँच दिइनु पर्नेछ । प्रत्येक थुनाकेन्द्रले आपतकालीन अवस्थामा आफ्ना बन्दीहरूलाई अस्पतालमा लैजाने विशेष प्रवधानको व्यवस्था गर्नुपर्नेछ ।

स्वास्थ्योपचारमा पहुँच नपुऱ्याइएमा सो व्यवहार दुर्व्यवहारको श्रेणीमा पर्न सक्दछ ।

स्वास्थ्यसेवाको लागि बन्दीले कुनै शुल्क व्यहोर्नु पर्ने छैन ।

यदि भ्रमण टोलिमा योग्य चिकित्सक सामेल छैनन् भने बारम्बार हुने विमारहरू, सरुवा र संक्रामक रोगहरूको पहिचान र बन्दीगृहभित्र हुने मृत्यु जस्ता स्वतन्त्रताबाट वञ्चित यस्ता व्यक्तिहरूको स्वास्थ्य अवस्थाको सम्बन्धमा सामान्य जानकारीको लागि अनुरोध गर्नेतर्फ सो टोलीका सदस्यको ध्यान जानु पर्दछ । स्वास्थ्यसेवमा पहुँचसम्बन्धी प्रणालीको पनि तिनीहरूले निरीक्षण गर्नुपर्नेछ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- सबैभन्दा बढी फैलिएको स्वास्थ्य समस्याहरू के के हुन ?
- कारागारसँग तिनीहरूलाई सम्बोधन गर्ने कुनै नीति छ ?
- क्षयरोग, एचआइभि एड्स र अन्य समस्याहरूलाई सम्बोधन गर्न राष्ट्रव्यापी रणनीतिमा सो कारागारलाई पनि समावेश गरिएको छ ?
- परामर्श कहाँ र कस्तो अवस्थामा उपलब्ध गराइन्छ ?
- स्वतन्त्रताबाट वञ्चित व्यक्तिले कत्तिको सजिलै स्वास्थ्य सेवामा पहुँच प्राप्त गर्न सक्छ ( डाक्टरलाई वा काराबास बाहिरको विशेषज्ञलाई भेट्न जान पाउन कति समय पर्खनु पर्दछ ?)
  - उनीहरूको आफ्नै अनुरोधमा के कस्तो कार्यविधि छ ?
  - स्वास्थ्य कर्मचारीको माध्यमबाटः कति पल्ट तिनीहरू बन्दी रहेका परिसरमा निरीक्षण गर्दछन् ?
  - निगरानी कर्मचारीको माध्यमबाटः के कस्तो कार्यविधि छ ?
- स्वास्थ्य कर्मचारी दिनरातै काममा हुन्छन् ?
- आपतकालीन अवस्थामा दिन वा राती बन्दी बिरामीलाई अस्पताल लैजानु परेमा के कस्तो निर्धारित कार्यविधि छ ?
- मनोचिकित्सकसम्मको पहुँचलाई कसरी व्यवस्थित गरिएको छ ?
- चिकित्सकको पहुँच प्राप्ती अथवा उपचार प्राप्तीमा विभेदपूर्ण व्यवहार भएको कुनै उजुरी छ ?

**औषधि**

- औषधिको भण्डारण (फ्रिज) कति उपयुक्त छ ?
- औषधिहरू कसरी अर्डर गरिन्छन् ?
- भण्डारणलाई कसरी सञ्चालन गरिएको छ ?

६

## स्वास्थ्यकर्मी

### मापदण्ड

"१. स्वास्थकर्मीहरूले बन्दीहरूको शारीरिक वा मानसिक स्वास्थ्यको रेखदेख गर्नुपर्नेछ र सबै रोगी बन्दीहरू, विरामी भएको शिकायत गर्ने सम्पूर्ण बन्दीहरू तथा विशेष ध्यान दिनुपर्ने बन्दीहरू सबैलाई दैनिक रूपमा परीक्षण गर्नुपर्नेछ।

२. लगातार कारबास अथवा कारावासको कारण बन्दीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल असर परेको छ वा पर्नेछ भन्ने लागेमा चिकित्सकले निर्देशकलाई सो बारेमा अवगत गराउनु पर्नेछ" *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम २५ (यही व्यवस्था युरोपीयन कारागार नियमहरू, नियम ३० मा पनि रहेको छ)*

५

"१. प्रत्येक संस्थामा मनोरोग चिकित्सासम्बन्धी ज्ञान समेत भएको कम्तिमा पनि एक दक्ष चिकित्सक हुनेछन्। राज्य वा समुदायको आम स्वास्थ्य प्रशासनसँग घनिष्ठ सम्बन्ध राखेर स्वास्थ्य सेवालाई व्यवस्थित पार्नुपर्नेछ। रोग पत्ता लगाउने र आवश्यकता परेमा मानसिक असामान्यता सम्बन्धी रोगको उपचार समेत गर्नका लागि मनोरोग चिकित्सा सेवाको पनि व्यवस्था हुनेछ।

२. विशेष उपचारको आवश्यकता रहेका बन्दीहरूलाई विशेषज्ञ सेवा प्रदान गर्ने संस्था वा सार्वजनिक अस्पतालमा स्थानान्तरण गरिनेछ। यसरी पठाउँदा विरामी बन्दीको उपचार र स्वास्थ्य स्याहारको लागि उपयुक्त अस्पताल सुविधाहरू, उपकरण, अन्य भौतिक सुविधाहरू, औषधि आपूर्ति र आवश्यक तालिम प्राप्त अधिकारीहरू सहितको कर्मचारी सुविधा भएका ठाउँ हुनुपर्नेछ" *मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम २२, (यही व्यवस्था युरोपीयन कारागार नियमहरू, नियम २६ मा पनि छ)*

"कारागारको स्वस्थ्य स्याहार सेवामा कम्तीमा पनि नियमित रूपमा बहिरङ्ग सेवा र आपतकालीन उपचार प्रदान गर्न सक्ने हुनु पर्छ (यस अतिरिक्त विछचौना सहितको अस्पताल इकाइ हुनुपर्छ) दक्ष दन्त चिकित्सकको सेवा प्रत्येक बन्दीलाई उपलब्ध हुनुपर्दछ। यस अतिरिक्त कारागार चिकित्सकले विशेषज्ञ डाक्टरलको सहयोग प्राप्त गर्न समर्थ हुनुसक्नु पर्नेछ।

आपतकालीन उपचारको सम्बन्धमा डाक्टर बोलाउनासाथ आउने गरी जहिले सुकै उपलब्ध हुनु पर्दछ। यस अतिरिक्त, तत्काल प्राथमिक उपचार गर्न सक्षम व्यक्ति, (मान्यता प्राप्त नर्सिङ योग्यता भएको व्यक्ति हुनु श्रेयस्कर हुन्छ) कारागार परिसरमा सधैं हुनुपर्दछ ।

बहिरंग उपचारमा रहेकालाई उपयुक्तता अनुसार स्वास्थ्य स्याहार कर्मचारीले निरीक्षण गर्नुपर्ने छ । धेरै परिस्थितिहरूमा बन्दी स्वयंको पहलमा हुने फलोअप परीक्षण पर्याप्त हुँदैन" *समितिको तेस्रो प्रतिवेदन* §*३५*

"स्वास्थ्य सेवाका कर्मचारी र फिजिसियनले निम्न लिखित कार्य गर्नु चिकित्सकिय मर्यादाको विपरीत मानिन्छः

(ख) बन्दीहरूको शारीरिक मानसिक अवस्थामा प्रतिकूल असर पार्ने तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूका अनुकूल नहुने किसिमको व्यवहार वा सजायका लागि उपयुक्त छ भनि प्रमाणित गर्नु वा प्रमाणित गर्नमा सहभागी हुनु वा सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुकूल नहुने किसिमका व्यवहार वा सजाय दिने कार्यमा कुनै तरिकाबाट सहभागी हुनु" *यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको विरुद्धमा बन्दीहरूलाई संरक्षणसम्बन्धी स्वास्थ्य कर्मचारी खासगरी फिजिसियनको भूमिकासम्बन्धी चिकित्साकीय आचारसंहिताको संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरू, सिद्धान्त ४*

"स्वास्थ्य सेवाका कर्मचारी कुनै पनि कारागारमा जोखिममा रहने कर्मचारी हुन् । तिनीहरूबाट आफ्नो विरामी (बन्दी विरामी) प्रति गरिने रेखदेखको कारण प्रायः कारागार व्यवस्थापन तथा सुरक्षा संयन्त्रसँग द्वन्द्वको अवस्था सिर्जना हुन्छ । यसले उपचारसम्बन्धी गम्भीर मर्यादाका प्रश्न खडा गर्छ । तिनीहरूको स्वास्थ्य सेवाको स्वतन्त्रताको प्रत्याभूतिका लागि यस्ता कर्मचारीहरूलाई सम्भव भएसम्म मूलप्रवाहमा प्रदान गरिने स्वास्थ्य सेवाका प्रावधानसँगै आबद्ध गराइनुपर्ने कुरा महत्त्वपूर्ण हुने समिति ठान्दछ" *समितिको तेस्रो प्रतिवेदन* §*७१, (मापदण्डसम्बन्धी न्यूनतम नियमहरू, नियम २३-२५ र स्वस्थताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदाको धारा २९ पनि हेर्नुहोस्)*

६

## टिप्पणी

बन्दीगृहमा हुने स्वास्थ्य स्याहारसम्बन्धी प्रावधानको अध्ययन गर्दा स्वास्थ्य कर्मचारीको भूमिका र तिनीहरूको स्वास्थ्यसम्बन्धी निर्णय गर्ने स्वतन्त्रताको विषयमा निरीक्षण गर्ने संयन्त्रले विशेष ध्यान दिनु आवश्यक छ । तिनीहरूको सामान्यतः निम्न लिखित कामहरू हुन्छन्:

- उपचारबाट स्वास्थ्यमा पर्ने सम्भावित असर र बन्दीगृहको अवस्थाको बारेमा सम्बन्धित अधिकारीहरूलाई अवगत गराएर बन्दीगृहहरूको स्थिति स्वस्थ्य वातावरणका लागि तयार छन् भन्ने सुनिश्चितता गर्ने :
- सरुवा रोगहरू पत्ता लगाई अझ बढी फैलनबाट बचाउने उपायहरूका लागि सुझाव दिने ।
- बन्दीहरूलाई निजीरूपमा परामर्श लिन र उपचार गराउन पाउने पहुँचमा सुनिश्चितता गर्ने
- विशेष रोगहरूको हकमा विशेषज्ञलाई सिफारिश गर्ने ।

६

यी विविध कार्य सम्पादन गर्नुको अर्थ यो हो कि बन्दीगृहको सन्दर्भमा एक चिकित्सक बन्दीहरूको निजी चिकित्सक र बन्दीगृहको व्यवस्थापनको सल्लाहकार दुवै हो । यस कार्यले हितको द्वन्द्व निम्त्याउन सक्दछ । कारागार व्यवस्थापनको सल्लाहाकारको भूमिकालाई स्वास्थ्य स्थितिलाई आम रूपमा र व्यक्तिगत रूपमा कसरी सुधार गर्न सकिन्छ भनी सल्लाह प्रदान गर्ने कार्य सम्ममा सीमित गर्नुपर्दछ । कुनै पनि परिस्थितिमा डाक्टर र नर्सलाई सजाय प्रदान गर्ने कार्यमा सहभागी गराउनु हुँदैन । यसो गर्नु चिकित्सा आचार तथा मापदण्डसम्बन्धी न्यूनतम नियमहरूको विद्यमान व्याख्याको प्रतिकूल हुन्छ ।[१९]

स्वास्थ्यसँग सम्बन्धित कार्यहरूको निर्णय गर्नका लागि, कारागार अधिकारीको तुलनामा स्वास्थ्य कर्मचारीहरूलाई अधिक स्वतन्त्रता हुनु जरुरी हुन्छ । कारागार अधिकारीसँग भर नपरी मूलप्रवाहमा रहेको स्वास्थ्य प्रणालीसँग समन्वय गरिएको खण्डमा मात्र यो उपलब्धि हासिल गर्न सकिन्छ ।

[१९] हेर्नुहोस् कारागार सुधार अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी कार्य निर्माण पृ. ८० §३९ एफएफ ।

स्वास्थ्य कर्मचारी गोपनीयतासम्बन्धी संहिताबाट बाँधिएका छन् ।

स्वास्थ्य कर्मचारीको दक्षता तिनीहरूको स्वन्तत्रता र व्यावसायिक मर्यादा तथा उनीहरूले प्रदान गरेको सेवाको गुणस्तरको मूल्याङ्कन स्वास्थ्य विशेषज्ञबाट मात्र गराउन सकिन्छ । त्यसकारण निरीक्षण समितिमा दक्ष चिकित्सकहरू सामेल गर्नु वा तिनीसँगको पहुँचमा रहनु वाञ्छनिय हुन्छ ।

**केही सान्दर्भिक प्रश्नहरू**

- स्वस्थ्य टोली कसरी गठन भएको छ ? (डाक्टर, नर्स, मनोवैज्ञानिक, मनोचिकित्सक र अन्यको संख्या)
- तिनीहरूसँग आवश्यक व्यावसायिक योग्यता छ ?
- सामग्री, सेवा, सूचना र तालिम प्राप्त गर्ने सम्बन्धमा तिनीहरूलाई सार्वजनिक स्वास्थ्य सेवासँग कुन हदसम्म एकाकार गरिएको छ ?
- तिनीहरूको काम गर्ने समय कारागारको आवश्यकताको अनुकूल छ ?
- तिनीहरूका कामहरू के के हुन ?

६

## महिला र बालबालिकाहरूको लागि विशेष स्वास्थ्य सेवा

### मापदण्ड

"स्वतन्त्रबाट वञ्चित महिलाहरूको स्वास्थ्य सेवाका सम्बन्धमा समरूपताको सिद्धान्तको सम्मान गर्नको लागि स्त्रीरोग विज्ञान लगायत विशेष महिला स्वास्थ्यसम्बन्धी तालिम प्राप्त डाक्टर वा नर्सको सेवा प्रदान गर्नु आवश्यक हुन्छ । यसका अतिरिक्त, स्वतन्त्रबाट वञ्चित महिलाहरूलाई बाहिरी परिवेशमा उपलब्ध स्तन तथा पाठेघरको क्यान्सरसम्बन्धी रोग पत्ता लगाउने लगायतका महिलाहरूसँग सम्वद्ध निरोधात्मक स्वास्थ्य स्याहार सेवा प्रदान गरिनु पर्दछ" *समितिको दशौँ प्रतिवेदन* §३२

५

"१. महिलाहरूको कारागारमा जन्मपूर्व र जन्मोत्तर स्याहार तथा उपचारका लागि आवश्यक सम्पूर्ण विशेष व्यवस्था गरिनेछ । सम्भव भएसम्म कारागार बाहिरको अस्पतालमा बच्चा जन्माउने व्यवस्था गरिनेछ । यदि बच्चा कारागारमा जन्मिएमा, सो कुराको उल्लेख उसको जन्मदर्ता प्रमाणपत्रमा गरिने छैन ।

२. बच्चाहरूलाई आमासँगै रहन अनुमति दिइएपनि योग्य कर्मचारीहरू रहेको एक शिशुकक्षको निर्माणको व्यवस्था मिलाइने छ जहाँ आफ्नो आमाको स्याहार सुसार नपाएको बेलामा बच्चाहरूलाई राखिनेछ" *मापदण्डसम्बन्धी नियमहरू, नियम २३*

"यो स्वतः सिद्ध हुन्छ कि बच्चाहरू कारागारमा जन्माइनु हुँदैन र युरोपीयन परिषदका सदस्य राष्ट्रहरूमा गर्भवती महिला बन्दीहरूलाई उपयुक्त समयमा बाहिर अस्पतालमा स्थानान्तरण गर्ने प्रचलन देखिन्छ । तथापि समय समयमा यस समितिले गर्भवती महिलालाई स्त्रीरोग परीक्षण वा प्रसुतीको समयमा पनि हतकडी लगाई वा उनीहरूलाई पलङमा वा काठका अन्य सामानमा सीमित गरी राखेको उदारहरणहरू पनि पाएको छ । यस्तो प्रवृती पूर्णतः अमान्य छ र निश्चित रूपमा यो अमानवीय र अपमानजनक व्यवहारको कोटीमा पर्दछ । सुरक्षा आवश्यकता पूरा गर्ने अन्य माध्यमहरू पाइन्छन् र खोज्नुपर्दछ" *समितिकको दशौँ प्रतिवेदन* §२७

*(बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर (ए-२वि, सि, डि र इ) तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकी घोषणा मस्यौदा, धारा २० पनि हेर्नुहोस्)*

**टिप्पणी**

महिला बन्दीहरूको विशेष आवश्यकताको सम्बन्धमा कारागारमा गरिएको व्यवस्था प्रायः प्रतिकूल हुन्छन् र यसले तिनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य दुवैमा असर पुऱ्याउँछन् भन्ने कुरामा निरीक्षण संयन्त्र सचेत हुनुपर्दछ। यस अतिरिक्त महिलाहरू कारावास भन्दा अगाडि यौनजन्य लगायतका ज्यादतीका शिकार भएका हुन सक्छन्। धेरै देशहरूमा कारावासपछि पनि तिनीहरू असुरक्षित हुने गरेका छन्।

स्त्रीरोग सम्बन्धमा स्याहारको प्रत्याभूति गरिनु पर्दछ। गर्भावस्था र मातृत्वहरूको आवश्यकतालाई विशेष ढंगले सम्बोधन गर्नुपर्दछ।

**केही सान्दर्भिक प्रश्नहरू**

- चिकित्सकहरूको टोलीमा स्त्रीरोग विशेषज्ञ छ कि छैन र उनको काम गर्ने समय कहिले तोकिएको छ ?
- स्त्रीरोग विशेषज्ञसँग पुग्नका लागि आवश्यक सर्तहरू के के हुन् ?
- के गर्भवती महिलाहरूका विशेष आवश्यकताहरू सम्बोधन गरिएका छन् ?
- के आमा र बच्चाहरूका विशेष आवश्यकताहरू सम्बोधन गरिएका छन् ?
- महिलाहरूले आफ्ना बच्चा कहाँ जन्माए ?
- के कैदी महिलाहरूसँगै रहेका बालबच्चाहरूको पहुँच बालरोग विशेषज्ञहरूसँग रहेको छ ?
- के महिलाहरूले पुरुषहरू जत्तिकै स्वास्थ्य सेवा पाएका छन् ?

६

## मानसिक रूपले विरामी बन्दीहरूका लागि विशेष स्वास्थ्य सेवा

### मापदण्ड

"१. कुनै व्यक्ति मानसिक रूपले विक्षिप्त पाइएमा कारागारमा बन्दी बनाइने छैन र यथासक्य चाँडो मानसिक अस्पतालमा पठाउने व्यवस्था गरिनेछ।

२. अन्य मानसिक रोग वा असामान्य अवस्थाबाट पीडित बन्दीहरूलाई मेडिकल व्यवस्थापनअन्तर्गत रही विशेषज्ञ संस्था (अस्पताल) मा परीक्षण गराई उपचार गरिनेछ।



३. कारागारमा रहँदाको दौरान यस्ता बन्दीहरूलाई चिकित्सकको विशेष निगरानीमा राखिनेछ।

४. मनोचिकित्सासम्बन्धी उपचारको आवश्यकता रहेका सम्पूर्ण बन्दीहरूलाई दण्डात्मक संस्था (कारागार) मा निहित स्वास्थ्य अथवा मनोचिकित्सा सेवा प्रदान गरिनेछ" *मापदण्डसम्बन्धी नियमहरू, नियम ८२ र (युरोपीयन कारागार नियमहरू, नियम १०० मा पनि यही व्यवस्था रहेको छ)*

"गम्भीर मानसिक समस्याबाट पीडित बन्दीहरूलाई पूर्ण रूपमा साधन सम्पन्न तथा समुचित रूपमा तालिमप्राप्त कर्मचारी रहेको अस्पतालमा राखेर स्याहार गरिनुपर्छ। यस्ता बन्दीलाई सरकारी (सार्वजनिक) अस्पतालमा भर्ना गर्ने निर्णय सम्बन्धित निकायबाट अनुमोदन गराएर मनोचिकित्सकले गर्ने छ।" *आर (९८) ७, अनुच्छेद ५५*

"मानसिक रूपमा रुग्ण बन्दीहरूलाई कारागार प्रणाली भन्दा बाहिर सार्वजनिक स्वास्थ्य सेवाको जिम्मेवारी बहन गरेको संस्था (अस्पताल) मा भर्ना गरेर राखिनु उपयुक्त हुन्छ भन्ने कुरा नैतिक धरातलको आधारमा अघि सारिएको पाइन्छ। अर्कोतर्फ यो तर्क गर्न सकिन्छ कि कारागार प्रणालीभित्र मनोचिकित्सा सुविधाको प्रावधानले स्वास्थ्य सेवा अधिकतम सुरक्षा व्यवस्थाको मातहतमा गर्न प्रश्रय दिन्छ र त्यही प्रणालीभित्र चिकित्सकीय र सामाजिक सेवा विस्तारित हुन्छन्।" *समितिको तेस्रो प्रतिवेदन §४३ र (बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर (वि-५-वि, सि र डि) र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा, धारा १७ पनि हेर्नुहोस्)*

**टिप्पणी**

आमजनसंख्यामा भन्दा बन्दीहरू मानसिक असन्तुलनबाट पीडित हुने प्रतिशत सामान्यतः उच्च हुन्छ। तसर्थ निरीक्षणकर्ताले मानसिक रोगले ग्रसित बन्दीहरूले पर्याप्त उपचार र स्याहार पाउन सफल भएका छन् भनी अनुगमन गर्नु पर्दछ। सो कार्य मनोचिकित्सासम्बन्धी विशेषज्ञले मात्र निरीक्षण गरी निर्धारण गर्नुपर्दछ।

आवश्यक भएमा पर्याप्त सुविधा सहितको सेवा प्रदान गरिनु पर्दछ। यस्ता विशेषउपचार प्रदान गर्नका लागि मानसिक अस्पतालहरू सबैभन्दा उपयुक्त हुने हुँदा गम्भीर मानसिक रोगले ग्रसित बन्दीहरूलाई मानसिक अस्पतालमा पठाउनु पर्दछ भन्ने विश्वासमा अधिकांश अन्तर्राष्ट्रिय मापदण्डहरू आधारित छन्।

६

अर्कोतर्फ, समितिले आफ्नो तेस्रो प्रतिवेदनमा तर्क गरे जस्तो कारागार प्रणाली भित्रै मनोरोगसम्बन्धी विशेष केन्द्र स्थापना गर्नु फाइदाजनक पनि हुन सक्दछ,। यसले मानसिक रोगी तथा मानसिक रूपले पीडित बन्दीहरूलाई उपचार गर्ने सम्बन्धमा व्यावसायिकताको स्तरमा वृद्धि गर्दछ भन्ने अपेक्षा समितिको रहेको छ।

बन्दीगृहमा प्रदान गरिएको मनोचिकित्सासम्बन्धी सेवा पर्याप्त छ भनी निष्कर्षमा पुग्नका लागि निरीक्षण टोलीमा कहिलेकाहीँ भए पनि दक्ष मनोचिकित्सक सामेल गर्नु आवश्यक छ। यस्तो विशेषज्ञ उपलब्ध नभएमा पनि मानसिक स्वास्थ्य सेवासम्बन्धी के नीति छ र कारागार बाहिरको स्वास्थ्य सेवासँग समन्वय र विमर्श गरी नीति बनेको छ कि छैन भन्ने कुराको निक्यौंल गर्नुपर्दछ।

अनिवार्य आदेशअन्तर्गत मानसिक अस्पतालमा कुनै व्यक्तिलाई बन्दी बनाइएको छ भन्ने एउटा सम्बन्धित तर बेग्लै प्रश्न छ। समिति जस्ता केही निरीक्षण संयन्त्र तथा यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय अभिसन्धिको ऐच्छिक आलेख अन्तर्गतको संयन्त्रले यस्तो अवस्थामा व्यक्तिहरूलाई बन्दी बनाइएका छन् भनी अनुगमन गर्ने कार्यादेश समावेश गर्न सक्नेछन्। यो विषय यस पुस्तिकामा राखिएको छैन तर उपयुक्त साहित्यको सन्दर्भ दिइएको छ।

**केही सान्दर्भिक प्रश्नहरू**

- विगत १२ महिनामा थुनिएका बन्दीहरू मानसिक विरामी वा असन्तुलनबाट पीडित छन् भनी पत्ता लागेको छ कि छैन ?
- यस्तो पत्ता लागेको अवस्थामा बन्दीलाई के गरिएको छ (मानसिक अस्पतालमा स्थानान्तरण, थुनाकेन्द्र भित्रै विशेष शाखामा हस्तान्तरण वा अन्य कुनै विशेष व्यवस्था) ?
- त्यस्ता बन्दीहरूको उपचारको कार्यभार कसमा निहित छ (मनोचिकित्सक, चिकित्सक) ?
- कारागारमा कति मनोचिकित्सक कार्यरत् छन र तिनीहरूको उपस्थितिको निरन्तरता कतिको छ ?
- मानसिक विरामी बन्दीहरूले के उपचार पाउँछन (चिकित्सकीय, पुर्नस्थापनासम्बन्धी क्रियाकलाप इत्यादि) ?

**सन्दर्भ सामग्री**

PRI, *Making standards work*, London 2001. (Section IV Prisoners' mental and physical health, pp. 69-98)

Andrew Coyle, *Human Rights Approach to Prison Management, 2003.* (Prisoners and Health Care, pp. 49-58)

PRI, *Making standards work*, London 2001. (Section V- Prisoners contacts with the outside world, pp. 101 -115; Section VI – Programs for prisoners, pp. 17 – 149)

UN HCHR, *Human Rights and Prisons*, Geneva 2003. (Section 4: Health care of prisoners, pp. 46-63)

**विशेष मापदण्ड**

CPT 3rd General Report on activities, *Health care services in prisons*, CPT/Inf (93) 12, 30-77.

CPT 10th General report on activities, *Women deprived of their liberty*, CPT/Inf (2000) 13, 26-33)

CPT 8th General report on activities, *Involuntary Placement in psychiatric establishments*, CPT/Inf (98) 12, 25-58)

International Council of Prison Medical services*, Oath of Athens for prison physicians*, 1979. www.icpms.interfree.it//atheus

UN Principles for the protection of persons of persons with mental illness, 1991.

# कर्मचारी

थुनाको अवस्था अनुगमनको प्रक्रियामा निरीक्षण संयन्त्रद्वारा बन्दीहरूमाथि नजर राख्ने कर्मचारीहरूलाई उपेक्षा गर्नु हुँदैन किनकि बन्दीहरूमाथि कस्तो व्यवहार गरिन्छ भन्ने कुराको निर्धारण तिनीहरूले गर्दछन्। मानवीय भावनाले ओतप्रोत भएको बन्दीगृह बनाउने कडी हो - कर्मचारी र बन्दीहरूबीचको सम्बन्धको सुमधुरता।

कर्मचारीहरूको गुणस्तर निर्धारणमा तल उल्लिखित तत्त्वहरूले भूमिका खेल्दछन्:

- संगठन (कार्यदलको आकार, कार्यदलमा महिलाहरूको संख्या, बन्दीहरूसँग प्रत्यक्ष सम्पर्क हुने कर्मचारीहरूको अनुपात, काम गर्ने समय र अवस्था)
- नियुक्ति र आधारभूत तालिम
- व्यावसायिक शीप र दृष्टिकोण
- सेवाको सर्त र हैसियत
- विशेषज्ञता
- बल प्रयोग
- लिङ्ग र बहुसंस्कारवाद प्रतिको दृष्टिकोण
- निर्देशक

६

कर्मचारीहरू तल उल्लिखित समूह श्रेणीहरूमा समूहकृत गर्न सकिन्छ (यद्यपि प्रायः केही क्षेत्रको उत्तरदायित्व संयुक्त रूपमा गर्न सकिन्छ):

- व्यवस्थापन
- आन्तरिक पर्यवेक्षण
- बाह्य पर्यवेक्षण/सुरक्षा ( सधैँ बन्दीगृह प्रशासकको प्रत्यक्ष मातहतमा मात्रै होइन)
- स्वास्थ्यकर्मी
- सामाजिक कार्यकर्ता (खास समूहका बन्दीहरूका दैनिक जीवनको लागि उत्तरदायित्व)
- यातायात कर्मचारी
- तालिम कर्मचारी (शिक्षा, क्रियाकलाप, काम)
- आपूर्ति कर्मचारी

कर्मचारीको सवालहरू उपर समेत अनुगमन गर्नसक्ने निरीक्षण टोलीको कार्यादेशको हदमा तलमाथि हुनसक्दछ। जे भए तापनि, सदस्यहरूका लागि कर्मचारीहरूसँग कुरा गर्न महत्त्वपूर्ण हुन्छ। बन्दीहरूको थुनाको अवस्था कर्मचारीहरूको काम गर्ने ठाउँको अवस्था पनि हो र संस्थापनको काम गराईमा उनीहरूको दृष्टिकोण र उनीहरूले आवश्यक ठानेको सुधारहरू धैरै सान्दर्भिक हुन्छन्।

**कर्मचारीहरू**

- सामान्य सवालहरू
- बन्दीगृहको कर्मचारीको लागि तालिम

## साधारण सवालहरू

### मापदण्ड

"१. कारागार प्रशासकले सबै श्रेणीका कर्मचारीहरूको होशियारीपूर्ण छनोटका लागि बन्दोबस्त गर्ने छ किनकि कारगारको उचित प्रशासन उनीहरूको इमान्दारिता, मानवीयता, व्यावसायिक क्षमता र व्यक्तिगत योग्यता निर्भर हुन्छ ।

२. कारागार प्रशासनले आफ्नो कार्य ठूलो महत्त्वको सामाजिक सेवा र यस उद्देश्यको लागि सर्वसाधारणमा जानकारी गराउने सबै उपयुक्त माध्यमहरू प्रयोग गरिनु पर्दछ भनेर निरन्तररूपमा दुवै आमजनता र पदाधिकारीको मानसपटललाई निरन्तररूपमा झकझकाउने कार्य गर्नुपर्दछ ।

३. अगाडिका उद्देश्यहरू सुरक्षित गर्न, कर्मचारीहरू पूर्णकालीन आधारमा बन्दी गृहको पेशेवर अधिकृतको रूपमा नियुक्ति गरिनु पर्दछ र असल आचरण, कार्यदक्षता र शारीरिक रूपमा स्वस्थ्य भएसम्म सेवाको सुरक्षा कायम हुनेगरी निजामती कर्मचारीको हैसियतको हुनु पर्दछ । तलव आकर्षण गर्ने खालको पर्याप्त हुनुपर्दछ । उपयुक्त महिला वा पुरुषको सेवा लिन सकिने हुनुपर्दछ । सेवाका सर्तहरू कामको वास्तविक प्रकृति अनुरूप हुनुपर्दछ," *एसएमआर नियम ४६ र (नियम ५४ पनि हेर्नुहोस्)*

"कारागारको उचित व्यवस्थापनका दृष्टिले र आफ्नो संगठनात्मक र स्वास्थोपचार सम्बन्धी उद्देश्य प्राप्तिका लागि कारागार कर्मचारीहरूको मौलिक महत्त्वलाई ध्यानमा राख्दै कारागार प्रशासनले कर्मचारीहरूसँग सम्बन्धित नियमहरूको सहज रूपले पालना गर्न उच्च प्रथमिकता दिनुपर्नेछ," *इपिआर नियम ५१*

"(...) मिश्रित कर्मचारीहरू (महिला र पुरुष)को नियुक्ति कारागारभित्र हुनसक्ने दुर्व्यवहारको रोकथाम गर्ने महत्त्वपूर्ण माध्यम हो । महिला र पुरुष कर्मचारीको उपस्थितिले हिरासतीय पद्धति र थुनाकेन्द्रभित्र सामान्य अवस्था कायम राख्न प्रश्रय दिने दुवै कार्यमा फाइदा जनकरूपले प्रभावकारी हुनसक्छ," *सिपिटि, जिआर १०, §२३*

६

"मानवताको भावनाले ओतप्रोत भएको बन्दीगृहको जग बन्दीहरूसँग कस्तो व्यवहार गर्ने र आफ्नो काम जागिरभन्दा पनि स्वधर्म हो भनी ठान्ने रितपूर्वक भर्ना गरिएका र तालिमप्राप्त कारागार कर्मचारीहरू नै बसाल्न सक्छन् । बन्दीहरूसँगको सकारात्मक सम्बन्धको विकास त्यस कार्यको प्रमुख विशेषताको रूपमा मान्यता दिइनु पर्दछ ।"

अपसोचवश, कर्मचारी र बन्दीहरूबीचको सम्बन्ध धेरै जसो औपचारिक र भिन्न रहेको कुरा सिपिटिको ठहर छ जसमा कर्मचारीहरूले बन्दीहरूप्रति शासकीय प्रवृती अंगिकार गरेका र उनीहरूसँग मौखिक कुराकानी गर्ने कार्य आफ्नो जागिरको एउटा सानो हिस्सा भएको कुरा ठान्दछन् । सिपिटि प्रत्यक्ष्यदर्शी रहेको तल प्रस्तुत कार्यहरूले यस तथ्यलाई सांकेतिक रूपमा उद्घाटित गर्दछन्: बन्दीहरूलाई भित्तामा हेर्न लगाएर बन्दीगृहका कर्मचारीहरूले उनीहरूलाई नहेरेसम्म वा अनुगमनमा आएका निरीक्षकहरू नगएसम्म उभ्याएर पर्खाई राख्ने; कारागार भित्र टाउको निहुऱ्याएर र हात पछाडी राख्न लगाई हिंड्न लगाउने; हिरासतका कर्मचारीहरूसँग हाते डण्डा (साना हतियार) देखिने र उत्तेजना फैलाउने गरी बोक्ने । यस्ता कार्यहरू सुरक्षाको दृष्टिबाट आवश्यक हुँदैनन् र बन्दीहरू र कर्मचारीबीच सकारात्मक सम्बन्ध स्थापनाका निम्ति सहायकसिद्ध पनि हुँदैनन् ।

६

कारागारका कर्मचारीहरूको वास्तविक व्यावसायिकताले यो आवश्यक ठान्दछ कि जब सुरक्षा र व्यवस्थाको सही पालनाको विषयमा ध्यान दिँदा बन्दीहरूसँग उनीहरूले मानवीय र उचित व्यवहार गर्नु पर्दछ । यस सम्बन्धमा कारागार व्यवस्थापनले कर्मचारीहरूलाई उचित विश्वासको भावना र अपेक्षा राख्न प्रोत्साहिन गर्नु पर्दछ जसले बन्दीहरू उनीहरूसँग उचित किसिमले व्यवहार गर्न इच्छुक हुन् । कर्मचारी र बन्दीहरूबीचको रचनात्मक र सकारात्मक सम्बन्धको विकासले दुर्व्यवहार मात्र घटाउने होइन कि नियन्त्रण र सुरक्षालाई झन मजबुद तुल्याउँछ । यसले गर्दा कारागारका कर्मचारीको काम अझ बढ्ता फलदायी बन्दछ ।

कर्मचारी र बन्दीहरूबीच सकारात्मक सम्बन्धको सुनिश्चिता गर्ने कार्य दिइएको समयमा कारागारको चारैतिर र बन्दीहरूद्वारा उपभोग गर्न पाउने सुविधाहरू भएको स्थानमा पर्याप्त कर्मचारीहरूको उपस्थितिमा बढी निर्भर गर्दछ । धेरै जसो परिस्थितिहरूमा सिपिटि प्रतिनिधिहरूको अनुभव यसको ठीक विपरीत रहेको छ । सबै निम्न स्तरका कर्मचारीबाट

परिपुरण गर्ने र खास कर्मचारी उपस्थित हुने प्रणालीले बन्दीहरूसँगको सीधा सम्पर्कको सम्भावना कम हुने भएकोले यसले निश्चयनै सकारात्मक सम्बन्धको विकासमा ह्रास ल्याउँछ र यसले कर्मचारी र बन्दीहरू दुवैमा असुरक्षाको वातावरण उत्पन्न गर्दछ ।

“स्मरणीय के छ भने जहाँ कर्मचारी परिपुरण अपर्याप्त हुन्छ, त्यहाा आधारभूत सुरक्षा र प्रशासनिक सेवा प्रदान गर्न अत्यधिक ओभरटाइमको आवश्यकता हुन्छ । यस्तो किसिमको अवस्थाको कर्मचारीहरूमाथि मानसिक तनाव हुनसक्छ र उनीहरू एकछिनमा नै थकित बन्न सक्छन् । जुन परिस्थितिले जुनसुकै कारागारमा विद्यमान तनावको स्थितिमा बढोत्तरी ल्याउने काम गर्दछ,” *सिपिटि, जिआर ११ § २६ र (एफडिआरसिपिडिएल धारा ७ प्रकरण १ पनि हेर्नुहोस्)*

**बालबालिका**

“कर्मचारीहरू योग्य हुनुपर्दछ र पर्याप्त संख्यामा विशेषज्ञहरू जस्तो शिक्षक, व्यावसायिक प्रशिक्षक, परामर्शदाता, सामाजिक कार्यकर्ता, मानसिक रोग विशेषज्ञ र मनोरोग विशेषज्ञ संलग्न गरिनु पर्दछ । यी र अन्य विशेषज्ञहरू सामान्यतः स्थायी रूपमा राखिनु पर्दछ,” *आरपिजेडिएल नियम ८१.१*

“प्रशासनले हरेक किसिम र श्रेणीको कर्मचारीहरूको छनोट र भर्ना गर्दा होसियारीपूर्वक गरिनु पर्दछ, थुनाको सुविधाहरूको उचित व्यवस्थापन उनीहरूको इमान्दारिता, मानवीयता, क्षमता र नाबालिगहरूसँग व्यवहार गर्ने पेशागत क्षमताको साथै कामको लागि व्यक्तिगत योग्यतामा निर्भर गर्दछ,” *आरपिजेडिएल नियम ८२.३*

**टिप्पणी**

निरीक्षण संयन्त्रले कर्मचारीहरूको व्यवहारमा खास ध्यान दिनु आवश्यक हुन्छ किनकि उनीहरूले खेलेको भूमिका थुनाको ठाउँको सामान्य वातावरणको लागि महत्त्वपूर्ण हुन्छ । त्यसकारण कर्मचारीहरूको नियुक्ति उनीहरूको शीप र व्यक्तिगत गुणको स्पष्ट मापदण्डमा आधारित हुनुपर्दछ । आवश्यकता अनुसार भौतिक सुरक्षाको आवश्यकतालाई सम्बोधन गर्न तथा कर्मचारी र बन्दीबीचको सम्पर्कको लागि कर्मचारीको संख्या पर्याप्त हुनुपर्दछ । समाजमा महिला र पुरुष कर्मचारीबीचको सन्तुलन आदर्श रूपमा प्रतिबिम्बित हुनुपर्दछ ।

कर्मचारीको सेवाको सर्त र हैसियतले बन्दीहरूप्रति उनीहरूको दृष्टिकोणमा प्रत्यक्ष प्रभाव पर्दछ । तलव, कामगर्ने समय, कार्यक्रम र काम परिवर्तन गर्ने अवसर र पदोन्नती ध्यान दिनुपर्ने महत्त्वपूर्ण क्षेत्रहरू हुन् ।

बन्दीहरूको संरक्षणको लागि कारागार कर्मचारीहरू अनुशासित हुनुपर्दछ र त्यहाँ एउटा सहज सूचना प्रवाह गर्ने संरचना हुनुपर्दछ । जे भए तापनि कारागार सेवा सञ्चालनका लागि सैनिक संरचनामा जस्तो विभिन्न ओहदाको आवश्यकता पर्दैन ।

कर्मचारीहरूको बन्दीहरू उपर हुने व्यवहार उनीहरूले औपचारिक वा अनौपचारिक रूपमा प्राप्त गरेको निर्देशनमा निर्भर गर्दछ । कर्मचारीहरू उनीहरूको आफ्नो तहगत संरचनाको दृष्टिकोण र व्यवहार राजनीतिज्ञको भनाई र उनीहरूसँगैका नागरिकहरूको बन्दीहरूप्रतिको दृष्टिकोणबाट प्रभावित भएका हुन्छन् । थुनाको जुनसुकै ठाउँमा पनि निर्देशकको प्रभावको खास महत्त्व हुन्छ ।



कर्मचारी र बन्दीहरूबीचको सम्बन्धको मधुरता, वार्तालाप गर्दा छनोट गरिएको भाषा, शैली र लवज, शारीरिक संकेत साथै विशेष परिस्थितिमा उनीहरूको जवाफलाई निरीक्षण टोलीले नजिकबाट अवलोकन गर्नुपर्दछ ।

**सान्दर्भिक प्रश्नहरू**

निरीक्षण टोलीसँग तल उल्लिखित जानकारी हुनुपर्दछ :

- बन्दीहरूसँग प्रत्यक्ष सम्पर्कमा रहेका कर्मचारीहरूको संख्या र अनुपात;
- नियुक्तिको मापदण्ड- शिक्षाको तह र व्यक्तिगत विवरण;
- आधारभूत तालिम र भैरहेको तालिम;
- औषत तलव;
- महिला कर्मचारीको संख्या र अधिकारको तह;
- कर्मचारीले बन्दीहरूलाई र बन्दीहरूले कर्मचारीहरूलाई कसरी सम्बोधन गर्दछन्;
- बन्दी, उनीहरूको सुपरिवेक्षक र उनीहरूको कामप्रति कर्मचारीहरूको दृष्टिकोण;
- निर्देशकको बन्दीहरूसँगको पहुँच ;
- निर्देशकले थुनाको ठाउँको सबै भाग कति पटक निरीक्षण गर्छन भन्ने कुराको आकलन ।

## कर्मचारीलाई तालिम

### मापदण्ड

“१. कर्मचारीहरूसँग पर्याप्त शिक्षा र विद्धता हुनुपर्दछ,

काममा प्रवेश गर्नुभन्दा अगाडि कर्मचारीहरूलाई तिनीहरूको सामान्य तथा विशेष उत्तरदायित्वका विषयमा तालिम दिनु पर्दछ र सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा उतीर्ण हुनु आवश्यक छ ।

“सेवामा प्रवेश गरिसकेपछि उनीहरूको करियरको दौरान नियमित अन्तरमा आयोजना हुने तालिममा सहभागी भई कर्मचारीहरूले आफ्नो ज्ञान र पेशागत क्षमता व्यवस्थित रूपमा सुधार गर्नु पर्दछ,” *एसएमआर नियम ४७*

“कार्य प्रवर्द्धन गर्ने कर्मचारी, स्वास्थ्यकर्मी, प्रहरी अधिकृतहरू र हिरासतमा संलग्न अन्य व्यक्तिहरू वा कुनै किसिमको पक्राउ, थुना वा कैदमा व्यवहार गर्ने व्यक्तिले उपयुक्त प्रशिक्षण र तालिम लिनु पर्दछ,” *जिसि २०, प्रकरण १०*

“अन्तमा, सिपिटिले यसलाई कानून प्रर्वद्धन गर्ने कर्मचारीहरूको तालिमको अत्यन्त महत्त्वपूर्ण हुन्छ भन्ने आफ्नो मान्यतालाई जोड दिन चाहन्छ (जसले मानवअधिकारको शिक्षा समावेश गर्दछ यातना र अन्य अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा १० पनि हेर्नुहोस्) सही तालिम प्राप्त प्रहरी वा कारागार अधिकृतहरूले मात्र स्वतन्त्रता हरण गरिएका व्यक्तिहरू उपर दुर्व्यवहार गर्दैनन् भन्ने कुरा सबैभन्दा उत्तम उपाय हो भन्ने कुरा निर्विवाद छ । निपूर्ण अधिकृत दुर्व्यवहार नगरी थुनुवा र बन्दीहरूको लागि मौलिक सुरक्षा उपायको सामना गर्दै सफलतापूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न सक्षम हुन्छ,” *सिपिटि, जिआर २, §५९)*

“यस सम्बन्धमा, सिपिटि यो विश्वास गर्दछ कि अन्तर-व्यक्तित्व सञ्चारकला नै कानून कार्यान्वयन गर्ने कर्मचारीहरूको भर्नाको प्रक्रियाको सबभन्दा महत्त्वपूर्ण तत्त्व हुनुपर्दछ र त्यो मानव सम्मानलाई मर्यादा गर्ने आधारमा तालिमको अवधिमा अन्तर-व्यक्तित्व सञ्चार शीपको विकासमा विशेष जोड दिइनु पर्दछ । यस्तो किसिमको शीप भएका प्रहरी

६

र कारागार अधिकृतहरू परिस्थिति निष्क्रिय गराउन धेरैजसो सक्षम हुन्छन् जसले अन्यथा हिंसात्मक मोड लिन सक्दछ र सामान्यतः तनावलाई घटाउन नेतृत्व गर्ने र सबै सरोकारवालाहरूको हितको लागि प्रहरी र कारागार संस्थापनमा जीवनको गुणस्तरमा वृद्धि गर्न सक्नेछ," *सिपिटि, जिआर २, §६० र (आइडिआरसिपिडिएल धारा ७ प्रकरण २ पनि हेर्नुहोस्)*

**बालबालिका**

"कर्मचारीहरूले आफ्नो उत्तरदायित्व प्रभावकारी किसिमले पूरा गर्न सक्षम हुने किसिमको तालिम प्राप्त गर्नु पर्दछ, बाल मनोविज्ञानमा खास तालिम, बाल कल्याण र वर्तमान नियम सहित मानवअधिकार र बालबालिकाको अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड र आदर्श समेतमा तालिम प्राप्त गर्नु पर्दछ। कर्मचारीहरूले उनीहरूको ज्ञान र पेशागत क्षमताको व्यवस्थापन र विकास गर्न उपयुक्त अन्तरालमा सेवा अवधिभरी (कार्यक्रम) आयोजना हुने सेवाकालीन तालिमहरूमा सहभागी हुनुपर्दछ," *आरपिजेडिएल नियम ८५*

६

**टिप्पणी**

निरीक्षण संयन्त्र मानवीय दण्ड प्रणालीका आधारमा राम्रो स्तरको तालिम पाएका योग्य कर्मचारीहरू र उनीहरू आफैंले जानकारी गराएको तालिम प्रदान गरिएको र यसको उपयुक्तता बारे जागरुक हुनुपर्दछ। तालिममा मानवीय तारिकाबाट अन्य मानव जातिसँग कामगर्दा आवश्यक पर्ने आधारभूत नैतीक मूल्यमा जोड दिइनु पर्दछ र त्यसपछि मात्र सुरक्षा र बलप्रयोग लगायतका आवश्यक प्राविधिक शीपको विकास गर्न केन्द्रित हुनुपर्दछ। तालिमले अन्तर-व्यक्तित्व सञ्चार, अवज्ञाको नियन्त्रण, अहिंसा, द्वन्द्व व्यवस्थापन र दबाब व्यवस्थापन समेतमा जोडदिनु पर्दछ।

लिङ्ग, उमेर र तहको भेदभाव विना सबै कर्मचारीहरूको लागि निरन्तर तालिमको अवसर उपलब्ध गराउनु पर्दछ।

विशेषगरी हिंसापछि कर्मचारीहरूको मनोवैज्ञानिक सुपरिवेक्षण सहयोग, सोधपुछमा पहुँच हुनु पर्दछ।

**सान्दर्भिक प्रश्नहरू**

चालु नियुक्तिका प्रक्रियाहरू के के छन ?

- भर्खरै नियुक्त भएकाले कस्तो आधारभूत तालिम प्राप्त गर्दछन् (किसिम, अवधि, विषय क्षेत्र, भार) जारी तालिममा के अवसरहरू छन् ? के तिनीहरू प्रयोग भएका छन् ?
- के कर्मचारी विशेष वर्गसँग काम गरिरहेका छन् (जस्तो दृष्टान्त किशोरलाई विशेष तालिम दिइएको छ) ?
- के कर्मचारी तालिममा उजुरी निरीक्षण र अनुगमन समेटिएको छ (निरीक्षण संयन्त्रद्वारा बाह्य अनुगमन सहित) ?

**सन्दर्भ सामग्री**

PRI, *Making standards work*, London 2001. (Section VII – Prison staff pp. 151-166)

Andrew Coyle, A *Human Rights Approach to Prison Management, 2003.* (Prison staff and the administration of prisons, pp. 13 -30)

UN HCHR, *Human Rights and Prisons*, Geneva 2003. (Section 12: The administration of prisons and prison staff pp.162-171)

६

# प्रहरी हिरासत

केही भ्रमण संयन्त्रहरूलाई सबै बन्दीगृहहरूमा अथवा प्रहरी हिरासतमा भ्रमण गर्ने कार्यादेश हुनेछ। अन्य किसिमका हिरासतमा अनुगमन गर्न कार्यादेश भएका संयन्त्रहरूले पहिले प्रहरी हिरासतमा रहँदाको समयमा भएको यातना र दुर्व्यवहारको आरोप प्राप्त गर्न सक्दछ। बन्दीहरूले व्यक्त गरेको यो नै पहिलो आरोप हुन सक्दछ। किनकि प्रहरी हिरासतमा रहुञ्जेल तिनीहरू गुनासो गर्न प्रायः डराएका हुन्छन्। निरीक्षणकर्ताले निश्चित कार्यादेश मात्र पाएको भए तापनि वास्तवमा यस्ता आरोपहरूको सम्बन्धमा आफ्नो कार्य र प्रतिवेदनमा अभिलिखित गर्नुपर्छ। प्रहरी हिरासतमा वा प्रहरी नीति नियमको अनुगमन गर्ने छुट्टै निकाय भएमा निरीक्षणकर्ताले त्यस्तो निकायसँग सम्पर्क स्थापित गर्नु पर्दछ।

प्रहरी थानामा सञ्चालित निरीक्षण कारागारको निरीक्षण भन्दा भिन्न हुन्छ। बाहिरी दुनियासँग सम्पर्क गर्न सामान्यतः प्रतिबन्ध लगाइएको हुन्छ। तसर्थ बन्दीहरू प्रतिनिधि मण्डलसँग कुरा गर्न असुरक्षित महसुस गर्दछन्। अर्को भिन्नता बन्दीगृहको भौतिक अवस्थामा हुन्छ जुन लामो समयको लागि परिकल्पना नगरिएको हुँदा अती आधारभूत मात्र हुन्छ। बन्दीहरूका कार्यविधिगत सुरक्षा लगायतका सुरक्षा उपायले खास महत्त्व राख्दछ तसर्थ निरीक्षणकर्ताले तिनीहरू (बन्दीहरू)लाई आफूले अनुसरण गर्नुपर्ने कार्यविधिको पूर्ण जानकारी गराइन्छ भन्ने सुनिश्चित गर्नुपर्छ।

७

प्रहरी हिरासतमा रहनु पर्ने अवधि र थुनालाई निरन्तरता दिने विषयमा न्यायाधीशको भूमिकासम्बन्धी स्थानीय कानूनको पूर्ण जानकारी लिनु निरीक्षणकर्ताको लागि जरुरी हुन्छ। प्रहरीद्वारा गरिने स्वतन्त्रताबाट वञ्चितको अवधि छोटो हुनु पर्दछ। निर्धारित छोटो समय पछि (सामान्यतः २४-७२ घण्टा) प्रहरीद्वारा बन्दी बनाइएको व्यक्तिलाई या त छोडिदिनु पर्दछ अर्थात थुनाको निरन्तरता दिन या मुक्त गर्ने विषयमा निर्णयका लागि बन्दीलाई सशरीर न्यायाधीश समक्ष पेश गर्नु पर्दछ।

यद्यपि, केही घटनाहरूमा यी सिमाङ्कनको सम्मान गरिएको छैन, न्यायाधीशहरूले बन्दीलाई नभेटिकन निर्णय दिने गरेका हुन सक्दछन्। हिजोआज प्रायः पक्राउको तत्कालै

दुर्व्यवहारको खतरा अत्यधिक हुन्छ। तदनुसार, यस किसिमको थुना खासगरी यातना र दुर्व्यवहारसम्बन्धी परिच्छेदसँग सम्बन्धित छ।

आफूले रोजेको कानून व्यवसायीसँग बन्दीले परामर्श गर्न पाउने अधिकारमा निश्चित अवधिसम्म ढिलाइ हुन सक्छ भन्ने तथ्यलाई समिति स्वीकार गर्दछ। यद्यपि, सोधपुछको अवधिमा कानून व्यवसायीसँग परामर्श गर्न पूर्णतः इन्कार गरिने परिणाम निकाल्नु हुँदैन। यस्तो अवस्थामा अर्को स्वतन्त्र कानून व्यावसायीको व्यवस्था गरिनुपर्दछ।

## आधारभूत सुरक्षा व्यवस्था

### मापदण्ड

"डाक्टर र कानून व्यवसायीलाई तत्काल र नियमित रूपमा सम्पर्क गर्न दिनु तथा अनुसन्धानको लागि आवश्यक भएमा समुचित निगरानीमा राखेर परिवारका सदस्यसँग सम्पर्क गर्न दिनु बन्दीको संरक्षणको लागि आवश्यक छ," *मानवअधिकार समितिको बिसौं टिप्पणी अनुच्छेद ११*

"प्रहरीद्वारा थुनामा राखिएका व्यक्तिहरूका लागि खास महत्त्व राख्ने तीन अधिकारहरूलाई समितिले विशेष महत्त्व दिएको छ। आफ्नो थुनाको बारेमा निजले चाहेको व्यक्ति (परिवारको सदस्य, साथी, वाणिज्य दूतावास) लाई सूचना दिने अधिकार, कानून व्यवसायीसँग परामर्श गर्ने अधिकार र आफूले रोजेको डाक्टरबाट परीक्षण गराइ पाउँ भनि अनुरोध गर्ने अधिकार (प्रहरी अधिकारीले बोलाएको डाक्टरले गरेको परीक्षणको अलावा) समितिको विचारमा सम्बन्धित कानून प्रणाली (भय, गिरफ्तारी आदि) मा जे सुकै वर्णन गरिएको भए तापनि बन्दीलाई गरिने दुर्व्यवहार विरुद्धका यी तीन सुरक्षा व्यवस्था स्वतन्त्रताबाट वञ्चित भएको प्रारम्भदेखि नै पालन गर्नु पर्दछ" *समितिको दोस्रो प्रतिवेदन* §३६

७

स्वतन्त्रताबाट वञ्चित गरिएको (पक्राउ गरेको) तत्कालै जोर जुलुम र शारीरिक यातनाको खतरा अत्यधिक हुन्छ भन्ने कुरामा समितिले आफ्नो अनुभवका आधारमा बारम्बार जोड दिएको छ। अतः प्रहरी हिरासतमा भएको व्यक्तिसम्म कानून व्यावसायीको पहुँच भएमा दुर्व्यवहार विरुद्ध आधारभूत सुरक्षाकवच हुने गर्दछ। कानून व्यवसायी प्राप्त गर्न सम्भाव्यताको विद्यमानताले बन्दीप्रति दुर्व्यवहार गर्न उद्धत व्यक्तिमाथि निषेधित असर पार्न सक्दछ। यस अतिरिक्त, दुर्व्यवहार भई हालेमा सो विरुद्ध उपयुक्त कारवाही गर्ने कार्यमा कानून व्यावसायीको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रहरीद्वारा कानून बमोजिम अनुसन्धानको हित संरक्षणका लागि कहिलेकाहीँ आफूले रोजेको कानून व्यवसायीसँग बन्दीले परामर्श गर्न पाउने अधिकारमा निश्चित अवधिसम्म ढिलाइ हुन सक्दछ भन्ने तथ्यलाई समिति स्वीकार गर्दछ। यद्यपि, सोधपुछको अवधिमा कानून व्यवसायीसँग परामर्श गर्न पूर्णतः इन्कार गरिने परिणाम निकाल्नु हुँदैन। यस्तो अवस्थामा अर्को स्वतन्त्र कानून व्यावसायीको व्यवस्था गरिनु पर्दछ।

कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारअन्तर्गत गोप्य तरिकाबाट कुरा गर्ने अधिकार सामेल हुनै पर्दछ । सिद्धान्ततः प्रहरीद्वारा सञ्चालित सोधपुछको क्रममा सम्वद्ध व्यक्तिले कानून व्यावसायीको उपस्थितिमा आफ्नो स्थान राख्ने अधिकार पनि पाउनुपर्दछ । निःसन्देह, यसले कानून व्यवसायी (जो तत्काल उपलब्ध हुन सक्दैन) को अनुपस्थितिमा पनि जरुरी विषयमा बन्दीलाई सोधपुछ गर्नबाट वञ्चित गर्दैन र समुचित ढंगबाट सञ्चालित सोधपुछलाई व्यवधान गर्ने कानून व्यवसायी परिवर्तन गर्न पनि वर्जित गर्दैन ।

कानून व्यवसायीमा पहुँचको अधिकार अपराधमा आरोपित व्यक्तिलाई मात्र नभएर प्रहरी संस्थापनामा जानु र बस्नुपर्ने कानुनी दायित्व भएका व्यक्ति (जस्तै साक्षी)लाई पनि यो अधिकार हुनुपर्दछ भनी समितिले जोड दिएको छ ।

"यस अतिरिक्त, कानून व्यवसायीसँग पहुँचको अधिकारलाई व्यवहारमा पूर्णतः प्रभावकारी बनाउनका लागि कानून व्यावसायीको शुल्क तीर्न नसक्ने व्यक्तिका लागि कानून व्यवसायी राख्ने उपयुक्त व्यवस्था गरिनुपर्दछ" *समितिको १२ औं प्रतिवेदन* § *४१*

**७**

प्रहरी हिरासतमा भएको व्यक्तिले डाक्टरसँग पहुँच राख्ने अधिकारलाई औपचारिक रूपमा स्वीकार गरिनु पर्दछ । अर्को शब्दमा, स्वास्थ्य परीक्षणका लागि बन्दीले अनुरोध गरेमा अविलम्ब डाक्टरलाई बोलाउनु पर्दछ । प्रहरी अधिकारीले यस्तो अनुरोधलाई छानबीन गर्ने प्रयास गर्नुहुँदैन । यस अतिरिक्त, डाक्टरमा पहुँचको अधिकारअन्तर्गत प्रहरी हिरासतमा भएको व्यक्तिले चाहेको खण्डमा आफूले चाहेका डाक्टर (प्रहरीले बोलाएको डाक्टरबाट गरिएको परीक्षणका अलावा) बाट परीक्षण गराउने अधिकार पनि सामेल हुन्छ । प्रहरी हिरासतमा भएको व्यक्तिको स्वास्थ्य परीक्षण कानून कार्यान्वयन गर्ने अधिकारीले सुन्न नसकिने किसिमबाट तथा सम्बन्धित डाक्टरले खास अवस्थामा अन्यथा अनुरोध गरेमा बाहेक यस्ता अधिकारीहरूले देख्न नसक्ने किसिमबाट सञ्चालन गरिनुपर्दछ ।

"अदालतमा नलगिकन प्रहरी हिरासतबाट छुटकारा पाएका व्यक्तिका लागि मान्यता प्राप्त अदालतसँग सम्बन्धित डाक्टरसँग स्वास्थ्य परीक्षण प्रमाणपत्रका लागि तत्काल अनुरोध गर्ने अधिकार पनि महत्त्वपूर्ण हुन्छ," *समितिको १२ औं प्रतिवेदन,* § *४२*

"सिद्धान्ततः थुनामा परेको व्यक्तिले प्रहरी हिरासतको प्रारम्भमा नै आफ्नो थुनाको बारेमा तेस्रो पक्षलाई सूचित गर्ने अधिकारको प्रत्याभूति गरेको छ । निश्चित रूपमा, विधिवत

प्रहरी अनुसन्धानको हितको संरक्षणका लागि यसको अभ्यास (कार्यान्वयन) मा केही अपवादहरू गर्न सकिन्छ भन्ने तथ्यलाई समिति स्वीकार गर्दछ। यद्यपि, यस्ता अपवादहरू स्वस्पष्ट परिभाषित हुनुको साथै समय सीमामा आबद्ध हुनुपर्दछ र यसको प्रयोग उपयुक्त सुरक्षा व्यवस्था (जस्तै सूचना गर्न ढिलाइ हुनुको कारण लिखित रूपमा अभिलेख गरी घटनासँग सम्बन्धित नभएको प्रहरी अधिकारी अथवा अभियोजनकर्तासँग अनुमोदन गराउनु पर्दछ) सहित गर्नुपर्दछ," *समितिको १२ औं प्रतिवेदन* § ४३

"प्रहरीद्वारा स्वतन्त्रता हरण गरिएका व्यक्तिलाई आफूले रोजेको व्यक्तिलाई सूचित गर्ने, कानुनी सहायता प्राप्त गर्ने र डाक्टर, सम्भव भएसम्म आफूले रोजेको डाक्टरबाट स्वास्थ्य परीक्षण गराउने अधिकार हुनेछ," *प्रहरी आचारसम्बन्धी युरोपीयन संहिता, २००१, धारा ५७*
*बन्दीहरूको अधिकारसम्बन्धी अफ्रिकन चार्टर एसिपिआर, ए-१७-दी र बी-१-एच र जी, तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर-अमेरिकन घोषणा मस्यौदा, धारा ३६ अनुच्छेद १ हेर्नुहोस्।*

७

**बालबालिका**
*स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकार र रेखदेखसम्बन्धी अन्तर अमेरिकन घोषणा मस्यौदाको धारा ३६ अनुच्छेद ४ हेर्नुहोस्।*

**टिप्पणी**
गिरफ्तार गरेको तत्काल पछिको अवधिमा बन्दीहरू बढी असुरक्षित हुन्छन् र तिनीहरूको नियन्त्रण र रेखदेखको दायित्व बोकेका अधिकारीहरूबाट शक्तिको दुरुपयोग गर्ने खतरा अत्यधिक हुन्छ। तसर्थ अस्थायी रूपमा व्यक्तिहरूलाई बन्दी बनाउने अधिकारको साथसाथै उपयुक्त सुरक्षा उपायहरू पनि गरिनु महत्त्वपूर्ण हुन्छ। समितिले स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई प्रारम्भतः निम्न सुरक्षा उपाय पहिचान गरेको छ।

- तेस्रो व्यक्तिलाई सूचना गर्ने
- कानून व्यावसायीको पहुँच
- मेडिकल डाक्टरको पहुँच

परीक्षणकर्ताले निम्न प्रश्नहरू सोध्नु आवश्याक छ

**सान्दर्भिक प्रश्नहरू**

- बन्दीले उनको परिवार वा तेस्रो व्यक्तिलाई सूचना गर्न पाएको छ ?
- तीनले कानून व्यवसायीसँग सम्पर्क पाएका थिए ?
- तीनले डाक्टरलाई भेटेका छन् ?
- हिरासतमा राख्ने अधिकतम कानुनी अवधिको सम्मान गरिएको छ ?
- बन्दीलाई न्यायाधीश समक्ष ल्याइएको छ (सशरीर) ?
- बन्दीले यातना सम्बन्धमा कुनै औपचारिक आरोप लगाएको छ र के प्रतिक्रिया आएको छ ?
- पुरुष र महिला, बालक र वयस्क छुटयाईएको छ ?
- स्वतन्त्रताबाट वञ्चित अन्य व्यक्तिहरूबाट हुने जोखिमको विरुद्ध संरक्षणको व्यवस्था छ ?
- बालबालिका र महिला सम्बन्धमा कार्यरत अधिकारीहरू जिम्मेवार छन् ?

७

# अभिलेख पुस्तिका

## मापदण्ड

"प्रत्येक अभिलेख खाता बन्दीको हिरासतमा रहँदाको सम्पूर्ण पक्ष र तिनीहरूको सम्बन्धमा गरिएको कार्वाही (स्वतन्त्रताबाट वञ्चित भएको समय र कारण, अधिकार बारे जानकारी गराएको मिति, चोटपटकको चिन्ह, मानसिक विरामी आदि), निकटतम सम्बन्धित, वाणिज्य दूत र कानून व्यवसायीसँग सम्पर्क गरेको मिति र तिनीहरूसँग भेटघाट भएको मिति, खाना दिएको मिति, सोधपुछ गरिएको (वयान लिएको) मिति, स्थानान्तरण गरिएको वा छुटकारा पाएको मिति आदि) अभिलिखित गरिएको प्रत्येक बन्दीको छुट्टाछुट्टै र विस्तृत अभिलेख भएमा प्रहरी हिरासतमा भएका व्यक्तिहरूलाई प्रदान गरिएको आधारभूत सुरक्षा उपाय सुदृढ हुन सक्दछन् (प्रहरी अधिकारीको काम पनि सम्भवतः सहज हुन सक्दछ) भन्ने समितिको मान्यता छ। धेरै विषयहरूमा (उदाहरणको लागि, व्यक्तिको जिम्मामा रहेका सामानहरू, व्यक्तिको अधिकारको विषयमा गराइएको जानकारी र ती अधिकारहरू प्रयोग गर्ने वा परित्याग गर्ने) बन्दीको हस्ताक्षर गराएर राख्नुपर्दछ र हस्ताक्षर नभएमा सो को कारण उल्लेख गर्नुपर्दछ। यस अतिरिक्त कानून व्यवसायीलाई त्यस्तो हिरासतमा रहेका अभिलेखमा पहुँच दिनुपर्दछ," *समितिको दोस्रो प्रतिवेदन,* §४०

७

## टिप्पणी

अभिलेखीकरणले महत्त्वपूर्ण सुरक्षा उपायको निर्माण गर्दछ। किनकी यसले व्यक्तिप्रतिको व्यवहार र पालना गरिएको कार्यविधिको सम्बन्धमा महत्त्वपूर्ण सूचनाको लिखित चिन्हहरू छाडेको हुन्छ। धेरै किसिमका सूचनाहरू अभिलिखित गरिएका हुन्छन् र यी छरिएर रहेका सूचनाहरू सामान्यतः विभिन्न अभिलेख खातामा पाइन्छन्। निरीक्षणकर्ता अभिलेख खाताको विषयमा परिचित हुनुका साथै कागजातहरू पूरा छैनन् कि भनी पहिचान गर्न सक्षम हुनु जरुरी छ। बन्दीको नाम, पक्राउको कारण, पक्राउको समय, सोधपुछ (वयान) स्थानान्तरण र तेस्रो व्यक्तिलाई सूचना दिने प्रमुख सूचना भित्र पर्दछन्। हिरासतमा रहेको व्यक्तिले आफ्नो थुनाको विरुद्धमा निवेदन गर्ने सम्भावना थियो, थियो भने कहाँ र कुन तरिकाबाट यो सूचना अभिलेख हुन्थ्यो भनी अनुसन्धान गर्नु महत्त्वपूर्ण हुन्छ।

**सान्दर्भिक प्रश्नहरू**

निम्न विषयहरू अभिलिखित छन् ? कहिले पक्राउ गरियो, कहिले सोधपुछ गरियो, कहिले स्थानान्तरण गरियो वा मुक्त गरियो, तेस्रो व्यक्तिलाई कहिले सूचित गरियो, कहिले र कसरी बन्दीको अधिकारको बारेमा जानकारी गराइयो, डाक्टरले कहिले भेटचो, कानून व्यवसायीले कहिले भेटचो, अर्को व्यक्तिले कहिले भेटचो, खानाको प्रबन्ध के छ र कहिले दिइएको थियो ?

- सूचनालाई व्यवस्थित र आकर्षक ढाँचामा अभिलिखित गरिएको छ ?
- थुनाको अधिकतम अवधिलाई सम्मान गरिएको छ भन्ने अभिलेखले देखाउँछ ?
- शारीरिक चोटपटक अथवा यातना वा दुर्व्यवहार दर्ता गरिएको छ ?

७

# सोधपुछ

## मापदण्ड

"१. बन्दी वा थुनामा रहेका व्यक्तिसँगको सोधपुछको अवधि, सोधपुछबीचको अन्तरालका साथसाथै सोधपुछ गर्ने अधिकारीको परिचय र उपस्थित अन्य व्यक्तिहरूको विषय अभिलेख गरिनेछ र कानूनले निर्धारित गरे अनुरूप प्रमाणित गरिनेछ ।

२. बन्दी वा थुनामा रहेका व्यक्ति अथवा कानूनद्वारा अनुमति प्राप्त उसको कानून व्यवसायीलाई वर्तमान सिद्धान्तको अनुच्छेद १ मा वर्णित सूचनामा पहुँच दिइनेछ ।" *सिद्धान्त संग्रह, सिद्धान्त २३*

"सोधपुछको प्रक्रियातर्फ फर्कंदा, प्रहरीले सोधपुछ गर्नका लागि स्पष्ट नियम तथा निर्देशिका हुनुपर्दछ भन्ने समितिको मान्यता छ । तिनीहरू (नियम तथा निर्देशिका) मा निम्न विषयहरू उल्लेख हुनुपर्दछ : बन्दीलाई सोधपुछमा उपस्थित हुनेहरूको परिचय (नाम वा नम्बर) को जानकारी दिने । सोधपुछको लागि ग्राह्य अवधि, सोधपुछको अवधिमा सोधपुछ र मध्यान्तरबीचको विश्राम अवधि, सोधपुछ हुने स्थान, सोधपुछको बेलामा बन्दीले उभिनु आवश्यक होला, लागू औषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिसँगको सोधपुछ इत्यादि । सोधपुछको अवधिमा बन्दीद्वारा गरिएको कुनै अनुरोध र प्रत्येक सोधपुछमा उपस्थित व्यक्तिको अभिलेख व्यवस्थित रूपमा राखिनु आवश्यक हुन्छ ।

प्रहरी सोधपुछको विद्युतीय अभिलेख बन्दीहरूप्रति गरिने दुर्व्यवहार विरुद्ध अर्को उपयोगी सुरक्षा कवच हुन्छ । (साथसाथै प्रहरीका लागि पनि महत्त्वपूर्ण उपलब्धि हुन्छ) भनी समिति जोड दिन्छ ।" *समितिको दोस्रो प्रतिवेदन* §३९

प्रहरी सोधपुछको विद्युतीय (जस्तै श्रवण र दृश्यचित्रसम्बन्धी) अभिलेखीकरणले बन्दीहरूप्रति गरिने दुर्व्यवहार विरुद्ध महत्त्वपूर्ण अतिरिक्त सुरक्षा कवचको कार्य गर्दछ । यस्तो प्रणाली प्रवेश गराउने सम्बन्धमा धेरै देशमा विचार भइरहेको छ भनी उल्लेख गर्न पाउँदा समिति प्रसन्नता व्यक्त गर्दछ ।

७

"यस्तो सुविधाले सोधपुछ प्रक्रियाको पूर्ण र आधिकारिक अभिलेख प्रदान गर्न सक्दछ फलस्वरूप दुर्व्यवहारको आरोपको अनुसन्धानलाई अत्यन्तै सहज बनाउँछ। यसले प्रहरीद्वारा दुर्व्यवहारमा परेका र प्रहरी अधिकारीहरू जस विरुद्ध शारीरिक दुर्व्यवहार र मनोवैज्ञानिक दबाब दिने कार्यमा सरिक भएको भन्ने भूठा आरोप लागेका दुवै पक्षको हितमा छ। प्रहरी सोधपुछको विद्युतीय अभिलेखीकरणले प्रतिवादीलाई आफूले गरेको सावितीलाई इन्कार गर्ने अवसरलाई नियन्त्रण पनि गर्दछ।" *समितिको १२ औं प्रतिवेदन* §३६

"फौजदारी अभियोग लागेकालाई सोधपुछ गर्नु विशेषज्ञको कार्य भएको हुँदा यसलाई सन्तोषजनक ढंगबाट सम्पन्न गर्नका लागि विशेष तालिम आवश्यक हुन्छ। प्रथम र प्रमुख रूपमा, यस्तो सोधपुछको निश्चित उद्देश्य स्पष्ट गर्नै पर्दछ, त्यो उद्देश्य अनुसन्धानको विषयमा सत्य पत्ता लगाउनका लागि यथार्थ भरपर्दो सूचना प्राप्त हुनुपर्दछ, सोधपुछ गर्ने अधिकारीको आँखामा दोषी हो भनी अनुमान गरिएको व्यक्तिबाट साविती प्राप्त गर्न होइन। उपयुक्त तालिमको प्रावधानका अतिरिक्त फौजदारी अभियोग लागेकालाई सोधपुछका लागि आचारसंहिताको निर्माणले कानून कार्यान्वयन गर्न अधिकारीहरूलाई उपरोक्त उद्देश्यप्रति निष्ठावान बनाउन ठूलो मद्दत गर्नेछ।"*समितिको १२औं प्रतिवेदन,* §३४

७

"यो उल्लेखनीय छ कि सोधपुछसम्बन्धी, नियम, आदेश, पद्धति र प्रचलनका साथै हिरासत प्रबन्ध तथा कुनै पनि किसिमबाट पक्राउ परेको, थुनामा रहेको वा बन्दी भएको व्यक्तिप्रति गरिने व्यवहारलाई नियमित पुनरावलोकन अन्तर्गत राख्ने कार्य यातना तथा दुर्व्यवहारलाई रोक्ने प्रभावकारी माध्यम हुन्छ।" *मानवअधिकार समितिको बिसौं टिप्पणी अनुच्छेद ११*

"बन्दीको प्रभावकारी संरक्षणलाई प्रत्याभूत गर्नका लागि सोधपुछको समय र स्थानलाई तत्काल उपस्थित व्यक्तिहरूको नाम सहित अभिलेखीकरण र यो सूचनालाई न्याय तथा प्रशासनिक कारवाहीका शिलशिलामा उपलब्ध गराइनु पर्दछ।" *नवअधिकार समितिको बिसौं टिप्पणी अनुच्छेद ११*

"प्रहरी सोधपुछलाई उचित आचार र इमान्दारितासाथ गराउनका लागि निर्देशिका निर्माण गरिनेछ। निर्देशिकामा खासगरी निष्पक्ष सोधपुछको व्यवस्था हुनेछ जुन अवधिमा

सोधपुछका साथै सम्वद्ध सूचना जानकारी लिनुको कारणबारे सचेत गराइन्छ। प्रहरी सोधपुछको व्यवस्थित अभिलेख राखिनेछ" *प्रहरी आचारसम्बन्धी युरोपीयन संहिता, §५०*

**टिप्पणी**

यातना र दुर्व्यवहारबाट बन्दी असुरक्षित भएको अवस्थामा सोधपुछका लागि संकटपूर्ण क्षणको सिर्जना हुन्छ। कडा परिश्रमका साथ प्रमाण संकलन गर्ने भन्दा सावितीमा जोड दिने फौजदारी अनुसन्धान प्रणालीमा प्रहरी अधिकारीहरू दुर्व्यवहार र यातनामा उत्रने खतरा हुन्छ। दोषी ठहर हुने बन्दीहरूको संख्याका आधारमा प्रहरी अधिकारीहरू बढुवा हुने भएमा यो खतरा झन बढ्छ।

सोधपुछको कार्य भईसकेको वा हुँदै गरेको अवस्थामा बन्दीलाई भेटेमा निरीक्षण टोलीको आफ्नो कार्य असामान्य अवस्थामा भइरहेको छ भन्ने कुरामा सचेत हुनु जरुरी हुन्छ। सदस्यहरूले बन्दीको संवेगात्मक अवस्था र सुरक्षाप्रति संवेदनशील हुनु जरुरी हुन्छ। यस्तो अवस्थामा टोलीको सूचना संकलन गर्ने चाहना र बन्दीको आवश्यकता तथा डरका बीच सन्तुलन कायम गर्नुको विशेष महत्त्व हुन्छ।

७

प्रहरीमा रहेको बन्दीले आफूमाथि शारीरिक र मानसिक दुर्व्यवहारको विषयमा निरीक्षणकर्ता समक्ष आरोप लगाउन चाहेमा (बन्दीले व्यहोरी रहेको खतराको विषयमा ध्यान राख्दै) निरीक्षणकर्ताले तटस्थ जानकारी जस्तै सोधपुछको स्थान, समय र उपस्थित भएकाहरूको नाम र हुलियाको जानकारी लिन बिर्सनु हुँदैन जसले कुनै अभियोगलाई प्रमाणित वा खण्डित गर्दछ।

**सान्दर्भिक प्रश्नहरू**

- बन्दीले शारीरिक हिंसा भएको अभियोग लगाएका छन् ?
- पक्राउ गर्दा ? सोधपुछको क्रममा ?
- व्यक्तिलाई मानेवैज्ञानिक हिंसा, दुर्व्यवहार, धम्कीबाट पीडित बनाइएको छ ?
- सोधपुछका परिस्थितिहरू के कस्ता थिए ?
- खातामा सोधपुछ गर्ने व्यक्तिको नाम सोधपुछको अवधि, विश्रामको विषयमा उल्लेख गरिएको छ ?

(खण्ड ४, व्यवहार/यातना र दुर्व्यवहार पनि हेर्नुहोस्)

## सूचना

### मापदण्ड

"पक्राउ परेको व्यक्तिलाई पक्राउ गर्दाको समयमा पक्राउको कारण दिइने छ साथै उसमाथि लगाइएको अभियोगको जानकारी तत्कालै दिइनेछ।" *सिद्धान्त संग्रह, सिद्धान्त १०*

"कुनै व्यक्तिलाई पक्राउ गर्दाको अवस्थामा बन्दी बनाइएको वा थुनामा राखेको अवस्थामा वा तत्कालै क्रमशः पक्राउ गर्ने, बन्दी बनाउने र थुनामा राख्नका लागि जिम्मेवार अधिकारीबाट बन्दीका अधिकार र ती अधिकारहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिइने छ।" *सिद्धान्त संग्रह, सिद्धान्त १३*

"स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू आफ्ना अधिकारप्रति सचेत छैनन् भने ती अधिकारहरूको महत्त्व न्यून हुन्छ। फलतः प्रहरी हिरासतमा लिइएका व्यक्तिलाई उनीहरूको अधिकारको बारेमा उनीहरूले बुझ्ने भाषामा अविलम्ब जानकारी गराउनु अनिवार्य हुन्छ। यसो गरिएको छ भनी सुनिश्चित गर्नका लागि प्रहरीद्वारा बन्दी बनाएका व्यक्तिहरूलाई हिरासतमा आएको प्रराम्भमै यस्ता अधिकारहरू स्पष्ट ढंगबाट उल्लेख गरिएको फर्म व्यवस्थित रूपमा दिनुपर्दछ। यस अतिरिक्त सम्बन्धित व्यक्तिलाई आफ्नो अधिकारको बारेमा जानकारी गराइएको भन्ने प्रमाणित गर्ने व्यहोरामा सही गर्न अनुरोध गर्नुपर्छ।" *समितिको १२ औं प्रतिवेदन, §४४*

७

"प्रहरीले राष्ट्रिय कानून अनुसार सम्भव भएसम्म स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई निजको स्वतन्त्रता हरण हुनुको कारण र ऊ विरुद्धको अभियोगको बारेमा तत्काल जानकारी गराउने छ, साथै उनीहरूको हकमा लागू हुने कार्यविधिका विषयमा पनि जानकारी दिइनेछ। *प्रहरी आचारसम्बन्धी युरोपीयन आचारसंहिता §५५*

### टिप्पणी

निरीक्षणकर्ताले पक्राउ परेका व्यक्तिले कस्तो जानकारी पाउने अधिकार राख्छन् भन्ने जानकारी राखी ती अधिकारहरू प्राप्त गरेका छन् या छैनन भनी अनुगमन गर्नुपर्दछ। बन्दीहरूले आफ्नो पक्राउको कारण थाहा पाउनु पर्दछ। तिनीहरू आफ्नो अधिकार

(उदाहरणका लागि तेस्रो व्यक्ति वा कानून व्यवसायीसँग सम्पर्क आदि) को बारेमा जानकारी पाउने अधिकार राख्छन् । यो जानकारी बुझ्ने भाषामा व्यक्त गरिनु पर्दछ । यो कार्य फर्म प्रयोग गरेर लिखित रूपमा अथवा निरक्षर छन् भने मौखिक रूपमा गर्न सकिन्छ ।

**सान्दर्भिक प्रश्नहरू**

- व्यक्तिलाई आफ्नो पक्राउको कारण जानकारी गराइएको छ ?
- व्यक्तिलाई लिखित वा मौखिक रूपमा उनीहरूको अधिकारको बारेमा जानकारी गराइएको छ ?
- उनीहरूले बुझ्ने भाषामा अनुवाद गरिएको छ ?
- असुरक्षित बन्दीहरूलाई कस्तो व्यवहार गरिएको छ ?

७

## भौतिक अवस्था

### मापदण्ड

“प्रहरी हिरासतमा रहेका बन्दी कोठा सफा र बासस्थानका लागि प्रबन्ध गरिएका व्यक्तिहरूलाई उपयुक्त हुने उचित आहार, पर्याप्त प्रकाश (जस्तै सुत्ने अवधिमा बाहेक पढ्नका लागि पर्याप्त हुने) हुनु पर्दछ। बन्दी कोठामा प्राकृतिक प्रकाश उपभोग गर्न पाउनुलाई श्रेयस्कर मानिन्छ। यस अतिरिक्त बन्दीकोठामा विश्रामका साधनहरू (जस्तै स्थायी कुर्सी वा बेञ्च) हुनु पर्दछ। र रात बिताउनु पर्ने व्यक्तिहरूलाई सफा ओड्ने ओछ्याउने दिइनु पर्दछ। प्रहरी हिरासतमा भएका व्यक्तिलाई राम्रो हालतमा भएको उपयुक्त शौचालय उपलब्ध गराउनु पर्छ र व्यक्तिगत सफाईका लागि पर्याप्त सामान उपलब्ध गराउनु पर्छ। तिनीहरूले चाहे अनुसार खाने पानीको सुविधा र दैनिक कम्तिमा एक पटक पूरा खाना (जस्तै दुईओटा पाउरोटीको बीचमा मासु अथवा अन्य फलफूल तथा तरकारी राखिएको एक प्रकारको खाना भन्दा समृद्ध) उपयुक्त समयमा दिनुपर्नेछ। २४ घण्टा वा सोभन्दा बढी समय प्रहरी हिरासतमा राखिएका व्यक्तिलाई सम्भव भएसम्म प्रत्येक दिन बाह्य अभ्यासको अवसर दिइने छ।” *१२ औं प्रतिवेदन,* § ४७

७

“प्रहरी हिरासतमा रहेको बन्दीकोठा (अथवा अन्य किसिमका बन्दी वा थुनुवालाई प्रबन्ध गरिएको बासस्थान) उपयुक्त आकारको हुनुपर्ने भन्ने विषय अत्यन्त जटिल विषय हो। यस विषयको मूल्याङ्कन गर्न धेरै तत्त्वहरूमा ध्यान पुऱ्याउनु पर्दछ। यद्यपि, समितिको प्रतिनिधि मण्डलले यस क्षेत्रमा सामान्य निर्देशिकाको आवश्यकता महसुस गरेको छ। तल उल्लिखित निर्धारकहरू जस्तै बन्दी कोठा परीक्षण गर्दा कोठाको दुई पर्खालबीच भाग २ मिटर वा सोभन्दा बढी तथा छत (सिलिङ्ग) र भुइँबीच २.५ मिटर उचाइको ७ वर्गमिटरको कोठालाई आधार बनाएको पाइएको छ र जुन न्यूनतम मापदण्डभन्दा माथि अपेक्षित स्तरको देखिएको छ।” *१२ औं प्रतिवेदन,* § ४३

“प्रहरीले आफ्नो हिरासतामा रहेका व्यक्तिहरूलाई सुरक्षा, स्वास्थ्य, सरसफाई र उपयुक्त भोजन प्रदान गर्नेछ। बन्दी कोठा यथोचित आहार, पर्याप्त प्रकाश तथा भेन्टिलेसन र विश्रामको उपयुक्त साधन सहितको हुनेछ।” *युरोपीयन प्रहरी आचारसंहिता, धारा ५६*

**टिप्पणी**

प्रहरी हिरासतमा बन्दीलाई छोटो समयको लागि राख्नुपर्दछ भन्ने मान्यता राखिन्छ। त्यसकारण भौतिक अवस्था आधारभूत तहको मात्र हुनेछ। जे भए पनि बन्दी कोठामा प्राकृतिक प्रकाश र भेण्टिलेसन तथा हावापानी सुहाउँदो तापक्रम हुनुपर्दछ। बन्दी कोठामा एकरातभन्दा बढी समय बिताउने व्यक्तिका लागि ओड्ने ओछ्याउनेको व्यवस्था हुनुपर्दछ। शौचालय पहुँचमा विलम्ब हुनुहुँदैन। जे भए पनि यस्ता सुविधाहरू कहिलेकाहीँ लामो अवधिका लागि प्रयोग गरिन्छन् यसले गर्दा सुविधाहरू प्रायः अपर्याप्त हुन्छन्।

जति सानो कोठा छ त्यती छोटो अवधिको लागि राखिनुपर्दछ। समितिले निश्चित समयभन्दा बढी प्रहरी हिरासतमा राखिने व्यक्तिलाई प्रदान गरिने कोठा करिब ७ वर्गमिटरको क्षेत्र (पर्खालबीच २ मिटर वा सोभन्दा बढी तथा छत र भुइँबीच २.५ मिटर उचाइ हुनुपर्ने मान्यता राखेको छ)।

**सान्दर्भिक प्रश्नहरू**

- कोठाको क्षेत्र कति छ, यसको क्षमता कति छ र बन्दी कति संख्यामा छन्? के यो भीडभाडयुक्त छ?
- कोठामा प्राकृतिक प्रकाशको व्यवस्था छ?
- मौसम अनुसार तापक्रम पर्याप्त छ?
- कोठामा कुर्सी, बेन्च र ओछ्याउने छन्?
- व्यक्तिलाई ताजा खाना दिइएको छ?
- खाने पानीको राम्रो व्यवस्था छ?
- शौचालयको पहुँचको अवस्था कस्तो छ?

७

## सन्दर्भ सामग्री

AI, *Combating Torture*, London 2003. (Chapter 4 Safeguards in custody, pp. 89-109)

## विशेष मापदण्ड

CPT 2nd General report on activities, *Police custody*, CPT/Inf 92) 3, 36-41

७

# अनुसूची


१ चेकलिस्ट

२ आन्तरिक भ्रमण टिपोटहरूको उदाहरण

३ यातना महासन्धिको ऐच्छिक आलेख

४ सान्दर्भिक मापदण्डहरूको सूची

५ थप पाठ्यसामग्री

६ उपयोगी ठेगानाहरू

# अनुसूची १

## चेकलिस्ट

### व्यवहार

- यातना तथा दुर्व्यवहारको आरोप
- बल तथा अन्य बन्देजका उपायहरूको प्रयोग
- एकान्त कारावासको प्रयोग

### संरक्षणका उपायहरू

***थुनुवाहरूलाई सुचित गर्ने कार्य***

- आगमनबारे जानकारी
- तेश्रो पक्षलाई जानकारी दिन सकिने सम्भावना
- आन्तरिक नियम तथा कार्यविधिमा पहुँच

***अनुशासनात्मक कार्यविधि तथा सजाय***

- कार्यविधिको सङ्क्षिप्त वर्णन
- अनुशासन निकायको गठन
- प्रतिनिधित्वलगायत पुनरावेदन गर्ने सम्भावना
- दण्ड सजायको प्रकार तथा यसको नियमितता (समानुपातिकता)
- पक्राउ पछि चिकित्सकबाट परीक्षण
- प्रकार तथा कारणका आधारमा गरिएका दण्ड सजायको तथ्याङ्क
- अनुसाशन एकाइ

***उजुरी तथा निरीक्षण कार्यविधि***

- उजुरी तथा निरीक्षण कार्यविधिको विद्यमानता
- कार्यविधिको स्वतन्त्रता
- कार्यविधिमा पहुँच (सहज र प्रभावकारी पहुँच ?)

***विभिन्न वर्गका थुनुवा बन्दीहरूलाई छुटचाउने कार्य***

***अभिलेख पुस्तिका***

## भौतिक अवस्था

***(भ्रमणको समयमा) संस्थापनको क्षमता तथा यसको प्रयोग***

- विभिन्न खालका थुनुवा बन्दीहरूको संख्या
- विदेशी नागरिकहरूको प्रतिशत
- लिङ्ग तथा उमेरका आधारमा वर्गीकरण

***भौगोलिक आधारमा बन्दी कक्षहरू***

- आकार र यसको क्षमता /हाल प्रत्येक बन्दी कक्षमा राखिएका बन्दी संख्या
- भौतिक अवस्थाः प्रकाश, हावा, फर्निचर, सरसफाई सुविधाहरू
- स्वास्थ्य अवस्थाहरू

***खाना***

- खाना (गुणस्तर, मात्रा, प्रकार, पटक)
- विशेष खाद्य व्यवस्था (स्वस्थ्य, सांस्कृतिक र धार्मिक आधारमा)

***व्यक्तिगत सरसफाई***

- धारा (थुनुवाका लागि र अन्यका लागि संख्या, सरसफाई, मर्मत र प्रयोग गर्न पाउने पटक)
- सरसफाई सुविधा (थुनाकक्ष भित्र, बाहिर र सरसफाई)
- विस्तरा (गुणस्तर, सरसफाई र फेरबदलको स्थिति)
- धोबीको उपलब्धता

## व्यवस्थापन र क्रियाकलाप

***समय व्यवस्थापन***

- दिनहुँ थुनाकक्षमा बिताउने समय
- शारीरिक अभ्यासमा बिताउने समय

- दिनहुँ काम गरेर बिताउने समय
- दिनहुँ थुनाकक्ष बाहिर बिताउने समय
- प्रत्येक हप्ता खेलकुदमा बिताउने समय
- अन्य क्रियाकलापमा बिताउने समय

***उपलब्ध क्रियाकलाप***

- कामः काममा पहुँच, कामको प्रकार, काम गर्ने थुनुवाको प्रतिशत, काम गर्नुपर्ने बाध्यता, तलब, सामाजिक सम्पर्क, कार्यस्थलको वर्णन
- शिक्षाः अध्ययनमा पहुँच, उपलब्ध अध्ययनका क्षेत्रहरू (साक्षरता, माध्यमिक विद्यालय, व्यवसायिक तालिम, विश्वविधालय शिक्षा) विषयहरूको बारम्बारता, यसका आयोजकहरू, शिक्षकहरू, अध्ययनरत थुनुवाको प्रतिशत, कक्षा कोठाको वर्णन
- फुर्सदः फुसर्दका क्रियाकलापका प्रकार, तिनमा पहुँच, फुर्सद कक्षहरूको वर्णन र खेल सुविधा, पुस्तकालय
- धार्मिक क्रियाकलापः धार्मिक प्रतिनिधिहरू (प्रतिनिधित्व गरिएका धर्महरू, पहुँचका सर्तहरू, बारम्बारता तथा भ्रमण अवधि) धार्मिक सेवा (पहुँच, परिसर), नित्यकर्म र खानपान जस्ता धार्मिक संस्कारहरू अनुशरण गर्न पाउने अवसर

***बाह्य दुनियासँगको सम्पर्क***

- भ्रमणः पहुँच, बारम्बारता, भ्रमणका सर्तहरू, भ्रमणको अवधि र यसको नियमितता, नातेदार केटाकेटी तथा श्रीमान/श्रीमतीद्वारा हुने भ्रमण, भ्रमण कक्षको वर्णन
- पत्राचार तथा नासोः बारम्बारता र यसमाथि हुने छानबीन
- टेलिफोन (बारम्बारता, सर्तहरू, विदेशी नागरिकहरू)

## स्वास्थ्य सेवा

***स्वास्थोपचारमा पहुँच***

- थुना चलान पछि गरिने स्वास्थ्य परीक्षण
- स्वास्थ्य सेवाका निम्ति अपनाउनु पर्ने कार्यविधि
- अस्पताल कक्षः बेड संख्या, उपकरण र औषधि
- सँगै स्वस्थ्य उपचार पाइरहेका अन्य व्यक्तिहरू

***स्वस्थ्यकर्मी***

चिकित्सक, नर्स, मनोचिकित्सक तथा मनोविश्लेषक र अन्य व्यक्तिहरूको संख्या र तिनको उपलब्धता

## कारागार कर्मचारी

- विभिन्न प्रकारका कर्मचारीहरूको संख्या
- पाले र बन्दीहरूका साथै व्यवस्थापन र बन्दीहरूबीचको सम्बन्ध
- कारागार कर्मचारीहरूलाई प्रदान गरिने आधारभूत तथा निरन्तर प्रदान गरिने तालिमहरू

# अनुसूची २

## आन्तरिक भ्रमण टिपोटहरुको उदाहरण

### कारागारसम्बन्धी सामान्य जानकारी

- कारागारको नाम
- कारागारको प्रकार
- ठेगाना

### कारागार (संस्थापन) निर्भर रहने निकायहरू

- उक्त निकायको प्रमुखको परिचय
- सहायक प्रमुख (प्रमुखहरू) को परिचय

### भ्रमणबारे सामान्य जानकारी

- भ्रमण मिति
- भ्रमणको प्रकार र उद्देश्य
- अधिल्लो भ्रमण भएको मिति
- भ्रमण दलका सदस्यहरूको परिचय

### संस्थापनबारे जानकारी

***संस्थापनको क्षमता***

- प्रशासनिक क्षमता
- आम क्षमता
- भ्रमणको पहिलो दिनमा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूको संख्या (थुनुवाहरूको प्रकार, लिङ्ग र राष्ट्रियताका आधारमा)
- विदेशी बन्दीहरूको प्रतिशत
- विदेशी बन्दीहरूको उद्भवस्थल
- लिङ्गीय आधारमा भएको वितरण
- नावालक थुनुवा बन्दीहरू

***संस्थापनको संरचना***

- भवनहरूको वर्णन - भवन संख्या, कति पुराना हुन सो कुरा, तिनको अवस्था, मर्मतसम्भार, सुरक्षा अवस्था)
- थुनाकक्षहरूको वर्णन र तिनमा उपलब्ध सुविधाहरू

## भ्रमणका बारेमा जनकारी

***भ्रमणको सुरुआतमा भएको कुराकानी - छलफल गरिएका विषयहरू***

***थुनाका विविध पक्षहरू र सुझावहरू***

- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूले बताएअनुसार
- थुनास्थलका निर्देशक तथा अन्य कर्मचारीहरूले जनाएअनुसार
- भ्रमण दलले निरीक्षण गरेका तथ्यका अनुसार

***भ्रमणको अन्त्यमा गरिने कुराकानी***

- छलफल गरिएका विषयहरू
- प्राप्त जवाफहरू

***उठाइनु पर्ने कदमहरू***

- तत्कालीन
- मध्यकालीन

***साथमा राख्नु पर्ने सम्पर्क विवरणहरू***

***भ्रमणको बारम्बारता***

***आगामी भ्रमणमा हेरिनुपर्ने विषयहरू***

# अनुसूची ३

## यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख

**प्रस्तावना**

महासभाको ५७ औँ बैठकद्वारा प्रस्ताव नं ५७/१९९ बाट १८ डिसेम्बर २००२ मा ग्रहण गरिएको २२ जुन २००६ देखि लागू भएको प्रस्तावना यस आलेखका पक्ष राष्ट्रहरू, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय निषेधित छन् तथा यस्ता व्यवहारले मानवअधिकारको गम्भीर उल्लंघन गर्छन् भन्ने पुनः निश्चय गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (यसपछि महासन्धि भनिएको) ले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्ने तथा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहारबाट सुरक्षित राख्न अझै अन्य उपायहरू आवश्यक छन् भन्ने कुरामा विश्वस्त हुँदै,

महासन्धिको धारा २ तथा १६ ले प्रत्येक पक्षराष्ट्रलाई आफ्नो क्षेत्राधिकारमा रहेको भू-भागमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्न बाध्य तुल्याएको छ भन्ने स्मरण गर्दै,

ती धाराहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पक्षराष्ट्रहरूमा नै रहेको साथै स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको सुरक्षा सुदृढ पार्ने एवम् तिनीहरूको मानवअधिकारको पूर्ण आदर गर्नु सबैको साझा दायित्व भएको तथा अन्तर्राष्ट्रिय कार्यान्वयन निकायका कार्यहरू राष्ट्रिय उपायहरूका परिपूरक हुन्छन्, साथै तिनलाई सशक्त बनाउँछन् भन्ने निश्चित गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी रोकथामको लागि शिक्षा लगायत विधायिकी, प्रशासनिक, न्यायिक तथा अन्य उपायहरूको समग्र जरुरतलाई स्मरण गर्दै,

मानवअधिकार विश्व सम्मेलनले यातना उन्मूलन गर्न सबैभन्दा पहिले यसको रोकथाममा ध्यान केन्द्रित गर्नु पर्छ भनी दृढतापूर्वक घोषणा गरेको तथा हिरासत/कारागारहरूमा नियमित भ्रमण गर्न यातना रोकथाम प्रणाली स्थापनाको उद्देश्य बोकेको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्न आह्वान गरेको सम्झँदै, थुनुवा/कैदी राखिएका स्थानहरूको नियमित भ्रमण गर्ने निरोधात्मक प्रकृतिको गैरन्यायिक संयन्त्रमार्फत् पनि स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धका सुरक्षा सुदृढ बनाउन सकिन्छ भन्नेमा विश्वस्त हुँदै,

निम्नानुसार सहमत भएका छन्:

## भाग १
## सामान्य सिद्धान्तहरू

### *धारा १*

यस आलेखको उद्देश्य स्वतन्त्रताबाट वञ्चित गरिएका मानिसहरू राखिएका स्थानहरूमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्न स्वतन्त्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरूको जिम्मेवारीमा हुने नियमित भ्रमणको प्रणाली स्थापना गर्नु रहेको छ।

### *धारा २*

१. यातना विरुद्धको समितिको मातहतमा हुने गरी एक यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय रोकथाम उपसमिति (यसपछि रोकथाम उपसमिति भनिएको) को स्थापना गरिनेछ र त्यस उपसमितिले यसै आलेखमा तोकिए बमोजिमका कार्यहरू गर्नेछ।

२. रोकथाम उपसमितिले संयुक्त राष्ट्रसंघीय बडापत्रको परिवृत्तभित्र रहेर आफ्ना कार्यहरू गर्नुका साथै त्यहाँ उल्लेखित उद्देश्य एवम् सिद्धान्तहरू लगायत स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई गरिने व्यवहारका संयुक्त राष्ट्रसंघीय मान्यताहरूबाट उपसमिति निर्देशित हुनेछ।

३. गोप्यता, निष्पक्षता, छनोट रहितता, विश्व व्यापकता तथा वस्तुपरकताका सिद्धान्तहरूबाट पनि रोकथाम उपसमिति निर्देशित हुनेछ ।
४. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमिति र पक्षराष्ट्रहरूले एक आपसमा सहयोग गर्नेछन् ।

***धारा ३***

प्रत्येक पक्षराष्ट्रले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथामको लागि राष्ट्रिय स्तरमा एक वा धेरै भ्रमणकारी निकायहरू (यसपछि राष्ट्रिय रोकथाम संयन्त्र भनिएको) को स्थापना, नियुक्ति वा व्यवस्था गर्नेछन् ।

***धारा ४***

१. प्रत्येक पक्षराष्ट्रले यस आलेख बमोजिम धारा २ तथा ३ मा उल्लेखित संयन्त्रलाई आफ्नो क्षेत्राधिकार वा नियन्त्रणमा रहेर सार्वजनिक अख्तियारी भएका निकाय वा व्यक्तिको आदेश वा उक्साहट वा सहमति वा मौजुदीमा स्वतन्त्रताबाट वञ्चित गरिएका वा त्यसो गरिन सकिने व्यक्तिहरू राखिने कुनै पनि स्थान (यसपछि हिरासत/कारागार भनिएको) को भ्रमण गर्न अनुमति दिनेछन् । यस्ता भ्रमणहरू ती व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध गरिने सुरक्षा, आवश्यक परेमा, सुदृढ पार्ने उद्देश्यले गरिनेछ ।
२. यस आलेखको प्रयोजनको लागि स्वतन्त्रताबाट विमुख भन्नाले कुनै पनि न्यायिक वा प्रशासनिक वा अन्य निकायको आदेशबाट कसैले आफ्नो इच्छा बमोजिम आफू थुनिएको वा बन्दी बनाइएको वा निजी वा सार्वजनिक प्रकृतिको स्थानमा हिरासतमा राखिएको स्थान छोड्न अनुमति नपाएको अवस्थालाई बुझिन्छ ।

## भाग २
## रोकथाम उपसमिति

***धारा ५***

१. यो रोकथाम उपसमिति दस सदस्यीय हुनेछ । यस आलेखलाई अनुमोदन गर्ने वा यसमा सम्मिलन गर्ने राष्ट्रहरूको संख्या पचास पुगेपछि भने यस उपसमितिका सदस्यको संख्या पच्चीस हुनेछ ।

२. यो रोकथाम उपसमितिका सदस्यहरू उच्च नैतिक चरित्र भएका, न्याय प्रशासन विशेषगरी अपराध कानुन, कारागार वा प्रहरी प्रशासन वा स्वतन्त्रताबाट विमुख पारिएका व्यक्तिहरू प्रतिको व्यवहारसँग सम्बद्ध विविध क्षेत्रसँग काम गरी उच्च व्यवसायिक दक्षता आर्जन गरेका व्यक्तिहरू मध्येबाट चुनिनेछन् ।

३. यस रोकथाम उपसमितिको बनावटमा पक्षराष्ट्रहरूको भौगोलिक हिसाबले समन्यायिक वितरण तथा विविध सभ्यता एवम् कानुनी प्रणालीको प्रतिनिधित्व उपर उचित ध्यान पुऱ्याइनेछ ।

४. यस बनावटमा समानता एवम् अविभेदका सिद्धान्तहरूमा आधारित भई सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समेत ध्यान दिइनेछ ।

५. यस उपसमितिमा एउटै पक्षराष्ट्रका दुई सदस्यहरू (एक भन्दा बढी) रहने छैनन् ।

६. उपसमितिका सदस्यहरूले व्यक्तिगत क्षमताका आधारमा काम गर्नेछन्, काममा स्वतन्त्र एवम् निष्पक्ष रहनेछन् तथा उपसमितिमा दक्षतापूर्वक काम गर्न उपलब्धहुनेछन् ।

### *धारा ६*

१. प्रत्येक पक्षराष्ट्रले यस धाराको उपधारा (२) बमोजिम धारा ५ मा उल्लेख भए मुताबिकको योग्यता हासिल गरेका र आवश्यकतासँग मेल खाने दुई जनासम्मको नाम प्रस्तावित गर्न सक्नेछन् र त्यसो गर्दा त्यो राष्ट्रले प्रस्तावित व्यक्तिको योग्यताको विस्तृत विवरण उपलब्ध गराउनु पर्नेछ ।

२. (क) प्रस्ताव गरिएका व्यक्तिहरू यस आलेखको कुनै एक पक्षराष्ट्रका नागरिक हुनुपर्नेछ ।

ख) नाम प्रस्ताव गरिएका व्यक्तिहरू मध्ये कुनै एकजना पक्षराष्ट्रको नागरिक हुनुपर्नेछ ।

(ग) एउटा पक्षराष्ट्रका दुईभन्दा बढी व्यक्तिहरू प्रस्तावित हुने छैनन् ।

(घ) कुनै एक पक्षराष्ट्रले अर्को पक्षराष्ट्रको व्यक्तिलाई प्रस्तावित गर्नु पर्दा सम्बन्धित पक्षराष्ट्रको सहमति लिनुपर्नेछ ।

३. पक्षराष्ट्रहरूको बैठक हुने मितिभन्दा ५ महिना अगावै, जुन अवधिभित्र निर्वाचन सम्पन्न हुनेछ, संयुक्त राष्ट्रसंघका महासचिवले पक्षराष्ट्रहरूलाई सम्बोधन गरी तीन महिनाभित्र नै आफ्ना उम्मेदवारको मनोनयन दखिला गर्न एक पत्र पठाउनेछन् ।

यसरी मनोनयन गरिएका व्यक्तिहरूको नामावली संयुक्त राष्ट्रसंघका महासचिवले मनोनयन गर्ने राष्ट्रको नाम सहित वर्णानुक्रम अनुसार पेश गर्नेछन् ।

***धारा ७***

१. सो रोकथाम उपसमितिका सदस्यहरू निम्न बमोजिको प्रक्रियाबाट निर्वाचित हुनेछन्:

(क) प्रस्तावित व्यक्ति यस आलेखको धारा ५ मा उल्लेख भए अनुसारका आवश्यकता, सीमाभित्र परे-नपरेको विषयलाई प्रमुखताका साथ विचार गरिनेछ ।

(ख) प्रारम्भिक निर्वाचन यो आलेख कार्यान्वयनमा आएको ६ महिनाभित्र सम्पन्न भइसक्नेछ ।

(ग) पक्षराष्ट्रहरूले गोप्य मतदानमार्फत् रोकथाम उपसमितिका सदस्यहरूको चयन गर्नेछन् ।

(घ) सो रोकथाम उपसमितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्रसंघका महासचिवले अर्धवार्षिक रूपमा आह्वान गरिने पक्षराष्ट्रहरूको बैठकबाट गरिनेछ । त्यस्तो बैठक बस्न दुई तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ र बैठकमा उपस्थित भई मतदान गरेका राष्ट्रहरू मध्येबाट सर्वाधिक एवम् अत्यधिक मत प्राप्त गर्ने व्यक्ति उपसमितिको सदस्यमा निर्वाचित हुनेछन् ।

२. निर्वाचन प्रक्रियाको दौरान एउटै पक्षराष्ट्रका दुई नागरिक उपसमितिको सदस्य बन्न योग्य भएको अवस्थामा भने ती दुई व्यक्तिहरू मध्ये बढी मत पाउने व्यक्ति उपसमितिको सदस्य भई काम गर्नेछ । ती दुई व्यक्तिले प्राप्त गरेको मत बराबर भएको अवस्थामा भने निम्नानुसारको प्रक्रिया प्रयुक्त हुनेछ:

(क) उक्त पक्षराष्ट्रको तर्फबाट एकजना मात्रको मनोनयन परेको रहेछ भने, त्यसरी मनोनयनमा परेको व्यक्ति रोकथाम उपसमितिको सदस्य भई काम गर्नेछ ।

(ख) यदि ती दुवै उम्मेदवार एउटै पक्षराष्ट्रका नागरिक रहेछन् भने ती मध्येबाट एक सदस्य निर्वाचित गर्न छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ ।

(ग) यदि ती दुवै उम्मेदवार आफू नागरिक भएको पक्षराष्ट्रबाट मनोनयनमा परेका रहेछन् भने पनि ती मध्येबाट एक सदस्य निर्वाचित गर्ने छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ ।

***धारा ८***

रोकथाम उपसमितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले पदबाट राजीनामा दिएमा, वा अन्य कुनै कारणले उपसमितिको सदस्यको रूपमा कार्य गर्न असमर्थ भएमा उक्त सदस्यलाई मनोनयन गर्ने पक्षराष्ट्रले यस आलेखको धारा ५ मा उल्लेखित प्रावधान एवम् उपसमितिमा विविध क्षेत्र र विधामा दक्षता आर्जन गरेका व्यक्तिहरूको उचित सन्तुलन समेतलाई विचार गरी अर्को योग्य व्यक्तिको मनोनयन गर्नेछ। त्यसरी मनोनयन गरिएको व्यक्ति पक्षराष्ट्रहरूको अर्को बैठकसम्मका लागि उपसमितिको सदस्य भई काम गर्नेछ र निजको सदस्यता सो बैठकमा बहुमत पक्षराष्ट्रहरूबाट अनुमोदनका लागि प्रस्तुत गरिनेछ। संयुक्त राष्ट्रसंघका महासचिवले प्रस्तावित नियुक्तिको सूचना दिएको ६ हप्ता भित्र पक्षराष्ट्रहरू मध्ये आधा वा सो भन्दा बढीले सो प्रस्तावमा असहमति व्यक्त नगरेमा प्रस्ताव स्वीकृत भएको मानिनेछ।

***धारा ९***

रोकथाम उपसमितिका सदस्यहरू चार वर्षे अवधिका लागि निर्वाचित हुनेछन्। पुनः मनोनयनमा परेमा उनीहरू पुनः निर्वाचित हुन योग्य मानिनेछन्। पहिलो निर्वाचनबाट छानिएका सदस्यहरूमध्ये आधा सदस्यको पदावधि दुई वर्ष पछि समाप्त हुनेछ। यसरी पदावधि समाप्त हुने सदस्यको नाम पहिलो निर्वाचन सम्पन्न भए लगत्तै धारा ७(१)(घ) बमोजिमका बैठकका अध्यक्षले गोला प्रथाद्वारा तय गर्नेछन्।

***धारा १०***

१. रोकथाम उपसमितिले दुई वर्षे कार्यकाल हुने गरी आफ्ना अधिकृतहरूको चयन गर्नेछ। उनीहरू पुनः नियुक्त हुन सक्नेछन्।
२. उपसमितिले कार्य सम्पादन कार्यविधिका नियमहरू आफै बनाउनेछ। अन्य कुराहरूका अतिरिक्त ती नियमहरू देहाय बमोजिम उल्लेख हुनेछः
   (क) आधा सदस्य संख्यामा एक थपिएपछि गणपूरक संख्या पुग्नेछ,
   (ख) उपसमितिका निर्णयहरू बैठकमा उपस्थित सदस्य संख्याको बहुमतबाट लिइनेछन्,
   (ग) उपसमितिको बैठक गोप्य रूपमा बस्नेछ।

३. यस रोकथाम उपसमितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसंघका महासचिवले आह्वान गर्नेछन् । यसपछि भने उपसमिति आफैंले तय गरेको कार्यविधि गत नियमहरू बमोजिम बैठक बस्नेछ । यो उपसमिति तथा यातना विरुद्धको समितिले सँगसँगै जसो वर्षको कम्तीमा एक पटक बैठक सत्र सम्पन्न गर्नेछन् ।

**भाग ३**

**रोकथाम उपसमितिको कार्यादेश**

***धारा ११***

यस उपसमितिले:

(क) धारा ४ मा उल्लेख भए अनुसारका स्थानहरूको भ्रमण गरी स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन सम्बन्धित पक्षराष्ट्रलाई सुझाव दिनेछ,

(ख) राष्ट्रिय रोकथाम संयन्त्रहरूको सम्बन्धमा:

(अ) यी संयन्त्रहरूको स्थापनार्थ पक्षराष्ट्रहरूलाई सल्लाह प्रदान गर्ने एवम् सहयोग गर्नेछ,

(आ) क्षमता अभिवृद्धि एवम् सुदृढीकरण गर्न राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई प्रत्यक्ष एवम् आवश्यक परेमा गोप्य तवरले समेत सम्पर्क गर्ने तथा तालिम एवम् अन्य प्राविधिक सहयोग प्रदान गर्नेछ,

(इ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सुरक्षा दिने उद्देश्यले ती संयन्त्रहरूलाई सुदृढ पार्ने आवश्यकता तथा श्रोत साधनको मूल्याङ्कनमा सल्लाह तथा सहयोग प्रदान गर्नेछ,

(ई) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन राष्ट्रिय रोकथाम संयन्त्रहरूको क्षमता र कार्याधिकारलाई सशक्त बनाउन पक्षराष्ट्रहरू समक्ष सिफारिस प्रस्तुत गर्नेछ,

(ग) सामान्यतः यातनाको रोकथामको लागि सम्पूर्ण व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन कार्यरत संयुक्त राष्ट्रसंघ सम्बद्ध निकाय तथा संयन्त्रहरूका साथै अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय संघसंस्थाहरूलाई सहयोग गर्नेछ ।

### *धारा १२*

रोकथाम उपसमितिलाई धारा ११ मुताविक दिइएको कार्याधिकार सम्पन्न गर्न सबल तुल्याउनका लागि पक्षराष्ट्रहरूले निम्नानुसार गर्नेछन्:

(क) रोकथाम उपसमितिलाई आफ्नो भू-भागमा सत्कार गर्ने र उसलाई यसआलेखको धारा ४ मा उल्लेख गरिए बमोजिमका हिरासत/कारागारसम्म को पहुँचलाई प्रत्याभूत गर्ने,

(ख) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध दिइने सुरक्षालाई सुदृढ तुल्याउन आवश्यक एवम् अवलम्बन गर्नु पर्ने उपायको मूल्याङ्कन गर्न रोकथाम उपसमितिले माग्न सक्ने सूचना उपलब्ध गराउने,

(ग) रोकथाम उपसमिति र राष्ट्रिय रोकथाम संयन्त्रहरू बीच सम्बन्ध स्थापित गर्न उत्साहित गर्न एवम् त्यसलाई सहजीकरण गर्ने,

(घ) रोकथाम उपसमितिले दिएका सिफारिस, सल्लाहको अध्ययन गरी यसको कार्यान्वयनका सम्भावित उपायका बारेमा उपसमितिसँग संवाद, परामर्श गर्ने ।

### *धारा १३*

१. रोकथाम उपसमितिले धारा ११ मा स्थापित आफ्नो कार्यादेश सम्पन्न गर्न सुरुमा गोलाप्रथाद्वारा पक्षराष्ट्रहरूको भ्रमणको कार्यक्रम निर्धारण गर्नेछ ।

२. परामर्शपछि उपसमितिले पक्षराष्ट्रहरूलाई आफ्नो भ्रमण कार्यक्रमबारे सूचीत गर्नेछ ताकि उपसमितिको भ्रमणको लागि आवश्यक व्यवहारिक व्यवस्थापन यथाशीघ्र हुनसकोस् ।

३. त्यस्तो भ्रमण उपसमितिका कम्तीमा पनि दुई सदस्यले गर्नेछन् । आवश्यक परेको बखत भने उपसमितिका भ्रमणकारी सदस्यहरूलाई यस आलेखले समेटेको क्षेत्र

एवम् विषयमा अनुभव तथा गहिरो दक्खल राख्ने विशेषज्ञहरूले साथ दिनेछन् जो पक्षराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त तथा संयुक्त राष्ट्रसंघीय अपराध रोकथाम केन्द्रबाट प्रस्तावित गरे बमोजिम तयार पारिएको व्यक्तिहरूको सूचीबाट छानिने छन् । त्यस्तो सूची तयार गर्दा सम्बन्धित पक्षराष्ट्रहरूले बढीमा पाँचजना विशेषज्ञको नाम मात्र सिफारिस गर्न सक्नेछन् । भ्रमण गरिने पक्ष राष्ट्रहरूले भ्रमण दलमा कुनै विशेष विशेषज्ञ, व्यक्तिको समावेश उपर विरोध जनाउन सक्नेछ र त्यसो भएमा उपसमितिले अर्को विशेषज्ञलाई भ्रमण दलमा समावेश गर्नेछ ।

४. उपसमितिले उपयुक्त ठानेको खण्डमा उसले आफ्नो प्रत्येक नियमित भ्रमणपछि छोटो समायावधिको फलोअप भ्रमणको प्रस्ताव गर्न सक्नेछ ।

### *धारा १४*

१. यस आलेखका पक्षराष्ट्रहरू उपसमितिलाई प्राप्त कार्यादेश सम्पन्न गर्न सबल बनउने उद्देश्यले निम्नानुसार प्रत्याभूति दिनेछन्:

(क) धारा ४ ले परिभाषित गरे मुताविक हिरासत/कारागारमा स्वतन्त्रताबाट वञ्चित गरी राखिएका व्यक्तिको संख्या साथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

(ख) ती व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सरोकार रहेको सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

(ग) देहायको उपधारा (२) सँग सम्बन्धित हुनेगरी बन्दी राखिने स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधाहरूसम्मको बेरोकटोक पहुँच,

(घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा उपसमितिले आफूले खोजेको सूचना दिन सक्छ भनी विश्वास गरिएका व्यक्तिसँग दोभाषेको आवश्यकता परे बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तर्वार्ता लिने अवसर,

(ङ) उपसमितिले आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता ।

२. राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा, प्राकृतिक आपतविपद वा भ्रमण गर्ने भनिएको स्थानमा व्याप्त गम्भीर अव्यवस्थाको कारण अस्थायी रूपमा भ्रमण स्थगित गर्नु पर्ने

तत्कालीन तथा बाध्यकारी अवस्थामा भने कुनै विशेष हिरासत/कारागारको भ्रमणमा असहमति जनाउन सकिनेछ। संकटकालको घोषणा गरी त्यस्तो अवस्था कायम रहेको अवस्थालाई भने सम्बन्धित पक्षराष्ट्रले प्रस्तावित भ्रमणमा असहमतिको आधार मान्न पाउने छैन।

***धारा १५***

कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले उपसमितिसँग सञ्चार सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिनेछैनन्, त्यसको कार्यान्वयन गर्ने छैनन्, त्यसो गर्न अनुमति दिने छैनन् एवम् त्यसो गरेमा सहन गर्ने छैनन् साथै ती व्यक्ति वा संघसंस्थाप्रति कुनै पूर्वाग्रह राख्ने छैनन्।

***धारा १६***

१. रोकथाम उपसमितिले आफ्ना सुझाव एवम् अवलोकनहरू सम्बन्धित पक्षराष्ट्र समक्ष गोप्य रूपमा प्रस्तुत गर्नेछ, र सान्दर्भिकता हेरी राष्ट्रिय रोकथाम उपसमितिलाई समेत यो उपलब्ध गराइनेछ।
२. उपसमितिले सम्बन्धित पक्षराष्ट्रले अनुरोध गरे बमोजिम त्यस पक्षराष्ट्रको कुनै टिप्पणी भए सो सहित आफ्नो कामको प्रतिवेदन सार्वजनिक गर्नेछ। यदि सरोकारवाला पक्षराष्ट्रले सो प्रतिवेदनको आंशिक प्रकाशन गरेमा उपसमितिले सो दस्तावेजको बाँकी, आंशिक वा पूर्ण पाठ सार्वजनिक गर्नेछ। यद्यपि, सम्बन्धित व्यक्तिको प्रस्ट सहमति वेगर कुनै पनि प्रकारका व्यक्तिगत विवरण भने सार्वजनिक गरिनेछैन।
३. रोकथाम उपसमितिले आफ्ना क्रियाकलापको सार्वजनिक वार्षिक प्रतिवेदन यातना विरुद्धको समिति समक्ष प्रस्तुत गर्नेछ।
४. यदि कुनै पक्षराष्ट्रले धारा १२ तथा १४ अनुसार रोकथाम उपसमितिलाई सहयोग गर्न अस्वीकार गरेमा वा उपसमितिले प्रस्तुत गरेका सुझावहरूको आधारमा मौजुदा अवस्थामा सुधारका लागि आवश्यक पहल नगरेमा उपसमितिको अनुरोधमा आफ्ना सदस्यहरूको बहुमत निर्णयले सरोकारवाला पक्षराष्ट्रलाई आफ्नो दृष्टिकोण राख्ने अवसर दिई यातना विरुद्धको समितिले सम्बन्धित विषयवस्तु उपर सार्वजनिक मन्तव्य दिन वा उपसमितिको सम्बन्धित प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

## भाग ४
## राष्ट्रिय रोकथाम संयन्त्रहरू
### *धारा १७*

प्रत्येक पक्षराष्ट्रले यो आलेख कार्यान्वयनमा आएपछि वा अनुमोदन वा सम्मिलन गरेपछि राष्ट्रिय स्तरमा यातनाको रोकथाम गर्न ढिलोमा पनि एक वर्ष भित्र एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको व्यवस्था, नियुक्ति वा स्थापना गर्नेछन् । विकेन्द्रित इकाइहरूले यस आलेखका प्रावधानहरूसँग तादम्यता रहने किसिमले स्थापना गरेका संयन्त्रहरूलाई समेत यस दस्तावेजको प्रयोजनको लागि राष्ट्रिय रोकथाम संयन्त्रहरूमानिने छ ।

### *धारा १८*

१. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यगत स्वतन्त्रता तथा यिनका पदाधिकारीहरूको स्वतन्त्रताको प्रत्याभूति प्रदान गर्नेछन् ।
२. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूमा रही काम गर्ने विशेषज्ञहरूमाआवश्यक क्षमता तथा व्यवसायिक ज्ञान भएको सुनिश्चित गर्न आवश्यक उपायहरूको अवलम्बन गर्नेछन् । उनीहरूले लैङ्गिक सन्तुलन साथै मुलुकमा रहेका जातीय एवम् अल्पसंख्यक समूहहरूको पर्याप्त प्रतिनिधित्वको लागि प्रयास गर्नेछन् ।
३. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यका लागि आवश्यक श्रोत साधन उपलब्ध गराउने छन् ।
४. राष्ट्रिय रोकथाम संयन्त्रहरूको स्थापना गर्दा पक्षराष्ट्रहरूले मानवअधिकारको प्रवर्द्धन तथा सुरक्षा गर्ने हैसियत राख्ने राष्ट्रिय मानवअधिकार संस्था सम्बद्ध सिद्धान्तहरू उपर पनि उचित ध्यान दिनेछन् ।

### *धारा १९*

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई न्यूनतम पनि देहायका अधिकार प्रदान गरिनेछः

(क) धारा ४ ले परिभाषित गरे अनुसार स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू राखिने स्थानहरूमा उनीहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको सुरक्षालाई आवश्यकता अनुसार सुदृढ तुल्याउने उद्देश्यले ती स्थानहरूको नियमित परीक्षण⁄अध्ययन भ्रमण गर्ने,

ख) संयुक्त राष्ट्रसंघका सान्दर्भिक मान्यताहरूलाई समेत ध्यान दिँदै स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् यिनीहरूको अवस्थामा सुधार ल्याउने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकाय समक्ष सुझावहरू प्रस्तुत गर्ने,

ग) अस्तित्वमा रहेका तथा प्रस्तावित विधानको बारेमा प्रस्ताव तथा अवलोकन प्रस्तुत गर्ने ।

### *धारा २०*

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई तोकिएको कार्यादेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्षराष्ट्रहरूले देहाय बमोजिम गर्नेछन्:

(क) हिरासत/कारागारमा स्वतन्तत्राबाट वञ्चित गरी राखिएका व्यक्तिहरूको संख्यासाथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म पहुँच प्रदान गर्ने,

(ख) ती व्यक्तिहरूप्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सम्बन्धित सम्पूर्ण सूचनामा पहुँच दिने,

(ग) बन्दी/थुनुवा राखिने सम्पूर्ण स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधासम्मको पहुँच प्रदान गर्ने,

(घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा राष्ट्रिय रोकथाम संयन्त्रले आफूले खोजेको सूचना दिनसक्छ भनी विश्वास गरिएका व्यक्तिहरूसँग दोभाषेको आवश्यकता परेमा बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तर्वार्ता लिने अवसर प्रदान गर्ने,

(ङ) आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता दिने,

(च) रोकथाम उपसमितिसँग सम्पर्क राख्ने, यसलाई सूचना पठाउने र उपसमितिसँग भेटघाट गर्ने अधिकार प्रदान गर्ने ।

***धारा २१***

१. कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले राष्ट्रिय रोकथाम संयन्त्रसँग सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिने छैनन्, त्यसोगर्न अनुमति दिने छैनन् तथा त्यसो गरेमा सहन गर्ने छैनन् साथै यी व्यक्ति वा संस्थाप्रति कुनै पुर्वाग्रह राख्ने छैनन् ।

२. राष्ट्रिय रोकथाम संयन्त्रबाट सङ्कलित गोप्य सूचनालाई विशेषाधिकार प्राप्त हुनेछ । सम्बन्धित व्यक्तिको प्रस्ट सहमति वेगर कसैको पनि व्यक्तिगत विवरण सार्वजनिक गरिने छैन ।

***धारा २२***

सम्बन्धित पक्षराष्ट्रका सक्षम निकायहरूले राष्ट्रिय रोकथाम संयन्त्रबाट प्राप्त सुझावहरूको अध्ययन गर्नेछन् र तिनको कार्यान्वयनका लागि अवलम्बन गर्न सकिने सम्भावित उपायहरू बारेमा संयन्त्रसँग परामर्श गर्नेछन् ।

***धारा २३***

यस आलेखका पक्षराष्ट्रहरू राष्ट्रिय रोकथाम संयन्त्रको वार्षिक प्रतिवेदन प्रकाशित र वितरण गर्ने जिम्मा लिन्छन् ।

**भाग ५**

**घोषणा**

***धारा २४***

१. अनुमोदन पश्चात् पक्षराष्ट्रहरूले एक घोषणा गरी यस आलेखको भाग ३ वा ४ का दायित्वहरू ढिलो गरी कार्यान्वयनमा ल्याउने जानकारी दिन सक्नेछन् ।

२. यस्तो ढिलाइ अधिकतम तीन वर्षसम्मको लागि मान्य हुनेछ । सरोकारवाला पक्षराष्ट्रले प्रतिनिधित्व जनाई सके पश्चात् तथा रोकथाम उपसमितिसँग परामर्श पश्चात् यातना विरुद्धको समितिले यो अवधिलाई अरू दुई वर्षसम्म लम्ब्याउन सक्नेछ ।

**भाग ६**

**आर्थिक व्यवस्था**

***धारा २५***

१. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमितिले गर्ने व्ययको भार संयुक्त राष्ट्रसंघले बहन गर्नेछ ।

२. यस आलेख अन्तर्गतको रोकथाम उपसमितिलाई आफ्नो काम कारवाही प्रभावकारीरूपमा सम्पन्न गर्न आवश्यक मानवस्रोत तथा सुविधाहरू संयुक्त राष्ट्रसंघका महासचिवले उपलब्ध गराउने छन् ।

***धारा २६***

१. संयुक्त राष्ट्रसंघीय महासभाका सान्दर्भिक कार्यविधि अनुसार संयुक्त राष्ट्रसंघकै आर्थिक प्रशासन नियमावली तथा अन्य निकायबाट शासित हुने गरी रोकथाम उपसमितिका सिफारिसहरू कार्यान्वयन गर्न तथा राष्ट्रिय रोकथाम संयन्त्रलाई शैक्षिक कार्यक्रम आयोजना गर्न सहायता पुऱ्याउने उद्देश्यले एक यातना रोकथाम कोषको स्थापना हुनेछ ।

२. सो रोकथाम कोष सरकार, अन्तर-सरकारी एवम् गैरसरकारी संघसंस्थाहरू र अन्य व्यक्तिगत तथा सार्वजनिक निकायहरूले पुऱ्याउने स्वेच्छिक योगदानबाट सञ्चालित हुनेछ ।

**भाग ७**

**अन्तिम प्रावधानहरू**

***धारा २७***

१. महासन्धि अनुमोदन गरेको कुनै पनि राष्ट्रलाई यो आलेखमा हस्ताक्षर गर्न खुल्ला गरिएको छ ।

२. महासन्धि अनुमोदन गरिसकेको वा यसमा सम्मिलन जनाइसकेको राष्ट्रले यो आलेख अनुमोदन गर्न सक्नेछ । अनुमोदन गरेको कागजातहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गर्नुपर्नेछ ।

३. महासन्धि अनुमोदन गरिसकेका वा यसमा सम्मिलन जनाइसकेका राष्ट्रहरूले यस आलेखमा सम्मिलन जनाउन सक्नेछन् ।

४. सम्मिलन जनाएको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेपछि सो लागू भएको मानिनेछ ।

५. संयुक्त राष्ट्रसंघका महासचिवले आफू समक्ष दाखिला भएका अनुमोदन वा सम्मिलनका कागजातको बारेमा यो आलेखमा हस्ताक्षर गर्ने वा स्वीकृति जनाउने सबै राष्ट्रलाई सूचित गर्नेछन् ।

### *धारा २८*

१. बीसवटा राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेको तीसौँ दिनबाट यो आलेख कार्यान्वयनमा आउनेछ ।

२. संयुक्त राष्ट्रसंघका महासचिव समक्ष यो आलेख अनुमोदन वा सम्मिलन गर्ने बीसौँ राष्ट्रले सोको कागजात पेश गरेपश्चात् यो आलेखको अनुमोदन सम्मिलन गर्ने राष्ट्रको हकमा अनुमोदन वा सम्मिलन गरेको तीसौँ दिनबाट यो आलेख लागू हुनेछ ।

### *धारा २९*

यस आलेखका प्रवधानहरू संघीय राज्यका सबै भू-भागमा बेरोकटोक एवम् एकनासले लागू हुने छन् ।

### *धारा ३०*

यो आलेख (अनुमोदन गर्न) कुनै शर्त राखिने छैन ।

### *धारा ३१*

यस आलेखका कुनै पनि प्रावधानले पक्ष राष्ट्रलाई कुनै पनि क्षेत्रीय महासन्धिबाट निःसृत भई थुनुवा/बन्दी राखिने स्थानहरूको भ्रमण गर्ने प्रणाली स्थापना गर्नुपर्ने दायित्वलाई असर पार्ने छैन । रोकथाम उपसमिति र क्षेत्रीय व्यवस्था अनुरुप स्थापना भएका त्यस्ता निकायहरू आफ्ना काममा हुन सक्ने नक्कल हटाउन तथा यस आलेखका उद्देश्यहरूको प्रबर्द्धन गर्न एक आपसमा परामर्श एवं सहयोग गर्न उत्साहित हुनेछन् ।

### *धारा ३२*

१२ अगष्ट १९४९ का जेनेभा महासन्धिहरू तथा तिनका ८ जुन १९७७ का अतिरिक्त आलेखहरूको पक्षराष्ट्र बनेको आधारबाट सृजित दायित्व बहन गर्न यस आलेखका कुनै

पनि प्रावधानले पक्षराष्ट्रहरूलाई असर पुऱ्याउने छैनन्, न त अन्तर्राष्ट्रिय कानुनले नसमेटेको अवस्थामा समेत रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई थुनुवा/बन्दी राखिएको स्थानहरूको भ्रमण अख्तियारी दिन बाधा पुऱ्याएको नै मानिनेछ।

***धारा ३३***

१. यस आलेखको सदस्यता त्याग्न चाहने कुनैपनि पक्षराष्ट्रले कुनै पनि बखत संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित जानकारी दिई आफ्नो सदस्यता त्याग्न सक्नेछन्। राष्ट्रसंघीय महासचिवले यसको जानकारी महासन्धि तथा यस आलेखका पक्षराष्ट्रहरूलाई दिनेछन्। महासचिवले यसरी सूचना पाएको मितिले एक वर्षपछि सदस्यता त्यागेको मानिनेछ।
२. सदस्यता परित्याग गर्ने राष्ट्रले सदस्यता लागू हुने मिति अगावै आफू यस आलेखको पक्षराष्ट्र भएबाट उत्पन्न हुने दायित्व बमोजिम गर्नु पर्ने काम वा विद्यमान अवस्थाबाट वा रोकथाम उपसमितिले सो पक्षराष्ट्रमाथि कुनै कारवाही गर्ने निर्णय हुन सक्ने अवस्थाबाट उन्मुक्ति पाउने छैन, न त रोकथाम उपसमितिले विचार गरिरहेको कुनै विषयमा सदस्यता परित्यागले यो लागू हुनुपूर्व कुनै पूर्वाग्रही असर पुऱ्याउनेछ।
३. सदस्यता परित्याग लागू भएपछि रोकथाम उपसमितिले परित्याग गर्ने राष्ट्रसँग सम्बन्धित कुनै पनि नयाँ विषयमा विचार गर्ने छैन।

***धारा ३४***

१. कुनै पनि पक्षराष्ट्रले यस आलेख उपर संशोधन प्रस्ताव गर्न सक्नेछन् र त्यस्तो प्रस्ताव संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गरिनेछ। महासचिवले प्रस्तावित संशोधन सहित यस्ता प्रस्तावमा पक्षराष्ट्रहरूको सम्मेलन चाहन्छन् वा चाहदैनन् सोको जानकारी उपलब्ध गराउन अनुरोध गर्दै यस आलेखका पक्षराष्ट्रसँग पत्राचार गर्नेछन्। यसरी पत्राचार गरिएको चार महिनाभित्र कम्तीमा पनि एक तिहाई पक्षराष्ट्रहरूले सम्मेलन गरिनु पर्ने जनाउ दिएमा महासचिवले संयुक्त राष्ट्रसंघको प्रचलित नियमको अधीनमा रही सम्मेलनको आह्वान गर्नेछन्। सम्मेलनमा उपस्थिति भई मतदान गरेका पक्षराष्ट्रहरूमा दुई तिहाईको बहुमतले कुनै संशोधन प्रस्ताव अनुमोदन गरेमा संयुक्त राष्ट्रसंघका महासचिवले अनुमोदित प्रस्ताव स्वीकृतिका लागि सबै पक्षराष्ट्र समक्ष पठाउने छन्।

२. यस धाराको उपधारा (१) बमोजिम अनुमोदन गरिएको संशोधन यस आलेखका दुई तिहाई पक्षराष्ट्रहरूले आ-आफ्नो संवैधानिक प्रक्रिया मुताविक स्वीकृत गरेपछि कार्यान्वयनमा आउनेछ ।

३. संशोधन कार्यान्वयनमा आएपछि सो संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरूले संशोधित आलेखबाट तथा अन्य पक्षराष्ट्रहरू यसै आलेखका प्रावधानहरू तथा आफूले स्वीकार गरेका कुनै अघिल्ला संशोधनबाट बाँधिनेछन् ।

***धारा ३५***

रोकथाम उपसमिति तथा राष्ट्रिय रोकथाम संयन्त्रका सदस्यहरूलाई उनीहरूले गर्ने कामको स्वतन्त्र अभ्यास गर्न आवश्यक विशेषाधिकार तथा उन्मुक्ति प्रदान गरिनेछ । रोकथाम उपसमितिका सदस्यहरूलाई १३ फेब्रुअरी १९४६ को संयुक्त राष्ट्रसंघीय विशेषाधिकार तथा उन्मुक्ति महासन्धिको धारा २३ मा उल्लेखित प्रावधानसँग सम्बन्धित हुने गरी सोही महासन्धिको धारा २२ ले परिभाषित गरेका विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछन् ।

***धारा ३६***

कुनै पक्षराष्ट्रको भ्रमण गर्दा उपसमितिका सदस्यहरूले यस आलेखका प्रावधान तथा उद्देश्यहरू साथै आफूलाई प्राप्त विशेषाधिकार तथा उन्मुक्ति समेत प्रति पूर्वाग्रही नभईः

(क) भ्रमण गरिएको राष्ट्रको नियम-कानुनलाई आदर गर्नेछन्

(ख) आफ्ना निष्पक्ष एवं अन्तर्राष्ट्रिय प्रकृतिका कर्तव्यसँग मेल नखाने कुनै पनि काम वा क्रियाकलापबाट टाढा रहनेछन् ।

***धारा ३७***

१. अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन तथा स्पेनिस भाषामा तयार पारिएका यसआलेखका पूर्ण पाठ समान रूपले मान्य हुनेछन् र यी संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिल रहनेछन् ।

नोटः मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी), यातना विरुद्धको महासन्धिसम्बन्धी उपसमितिद्वारा गरिएको अनौपचारिक अनुवाद ।

# अनुसूची ४

# List of Relevant Standards

**1. United Nations**

**1.1 UN Conventions and Treaty Bodies**

To be found under: www.unhcr.ch ’!Treaties and Treaty Monitoring bodies

- International Convention on Civil and political Rights ,1966
  Treaty Body: the Human Right Committee

- Convention against torture and other forms of cruel, inhuman or degrading Treatment or punishments, 1984
  Treaty Body :The Committee against Torture

- Optional protocol to the convention against Torture and other forms of cruel ,inhuman or degrading or Treatment or punishments, 2002
  Additional information to be found under www.apt.ch ⇨ UN and Legal ⇨ Information on optional Protocol

- Convention on Rights of the Child ,1989
  Treaty Body :The Committee against Right of the Child

- Vienna Convention on Consular Relations,1967
  To be found under: www 1.umn.edu/humanrts

**1.2 UN Non –binding documents**

To be found under: www.unhcr.ch ⇨Treaties

- Body of Principles of the Protection of all persons under any Form of Detention or Imprisonment , Adopted by UN General Assembly resolution 43/173 of December 1988

- Basic Principles for the Treatment of Prisoners, Adopted by UN General Assembly resolution 45/111 of 14 December 1990

- United Nations Rules for protection of Juveniles Deprived of their Liberty , Adopted by UN General Assembly resolution 45/113 of 14 December 1990

- United Nations Standard Minimum Rules for the Administration of for protection Juvenile Justice (“The Beijing Rules”) , Adopted by UN General Assembly resolution 40/33 of 29 November 1985

- Standard Minimum Rules for the Treatment of Prisoners approved by ECOSOC in its resolution 633 C(XXIV)of 31st July 1957 and 2076(LXII)of 13 May 1977

- Principles of Medical Ethics relevant to role of Health Personnel, Particularly Physicians, in the protection of Prisoners and detainees against Torture AN DOTHER Cruel , Inhuman or degrading Treatment or Punishment ,adopted by UN General Assembly resolution 37/194on 18 December 1982

- Basic principles on the use of force and fireman s by Law Enforcement officials adopted by Eighth United Nations Congress on the prevention of Crime and treatment of Offenders , Havana , Cuba , 27 August to 7 September 1990

- Code of Conduct for Law Enforcement Officials , adopted by UN General Assembly resolution 34/169on 17th December 1990

- UN Principle for the protection of persons with metntal illness and the improvement of Mental Health Care , adopted by UN General Assembly resolution 46/119on 17th December 1991

- UNHCR revised guidelines on applicable criteria and standards relating to detention of asylum seekers,1999 To be found under www.unhcr.ch

- Statement on Body searches of prisoners, adopted by UN General Assembly resolution 46/119on 17th December 1991 adopted by 45th

World Medical Assembly ,Budapest Hungry, October 1993 To be found under : www.wma.net/e/policy/b5.htm

- Standard Minimum Rules for Non Custodial Measures(The Tokyo Rules ), adopted by UN General Assembly resolution 45/110 of 14th December 1990

## 2. African Union

- African Charter on Human and Peoples Right,
  adopted by the Organizations of African Unity , on 27 June 1981
  To be found Under :www.africa-union.org ⇨Official Documents ⇨ Treaties, Conventions and Protocols

- Draft African Charter on Prisoner's Right
  Draft adopted by the fifth Conference of the Central, Eastern and Southern African
  Heads of Correctional Services, Windhoek Namibia, 4th to 7th September 2001, and discussed at the Pan African Conference on Penal and Prison Reform in Africa,Ouagadougou from 18th to 20th September 2002, Additional Information available at www.penalreform.org

- Guidelines and measures for prohibition and Prevention of Torture, Cruel,Inhuman or Degrading treatment or Punishment in Africa (The Robben Island Guidelines), 2002
  To be found under www.apt.ch ⇨ Africa

- The Kampala declaration on Prison Condition in Africa ,produced by an African Cinfrence on Prison Conditions , 1996. To be found Under www.penalreform.org/english/pana_declration kampala.htm

## 3. Organisation of American States

To be Found Under: www.cidh.oas.org ⇨ Basic Documents

- American Convention on Human Rights (Pact of San Jose),adopted by Inter American SpecializedConfrence on Human Rights of the

Organization of American State ,San Jose, Costa Rica,22 Nevember 1969

- American Declaration of the Rights and Duties of Man , adopted by the Ninth Interntional Conference of American States ,2 May 1948

- Inter American Convention to Prevent and Punish Torture, adopted by the 15th regular sessions of the General Assembly of the organization of American states, Cartagena de Indias, Colombia ,9 December 1985

- Draft Inter American Declaration Governing the Rights and Care of Persons Deprived of liberty, Sponsored by Costa Rican government and prepared by Penal reform International in2001, in view of submission to the general Assembly of the organization of American States available on www.penalreform.org

## 4. Council of Europe

### 4.1 Council of Europe Conventions

European Convention on Human Rights , ETS No.005,1950 to be found under www. coe.int⇨ Human Rights
European Convention f or the prevention of Torture nad other Inhuman or Degrading treatment or punishment ETS No.126 1987 to be found under www.cpt.coe.int⇨ Documents ⇨ Reference Documents All CPT standards can be found on www.cpt.coe.com

### 4.2 Council of Europe Non –binding documents

To be found under www. coe.int ⇨Committee of Ministers ⇨Advanced Search (introduce date and reference)

- Recommendations R(87)3 European Prison Rules, adopted by CoE Committee of Ministers on 12 February 1987 refrence : Rec (87)3

- Recommendations R(89)12 on Education in Prison ,adopted by CoE Committee of Ministers on 13 February 1989refrence : Rec (89)12

- Recommendations R(98)7 concerning the ethical and organizational aspect of health care in prison ,adopted by CoE Committee of Ministers on 8 April 1998refrence: Rec (98)7

- Recommendations R(80)11,Concerning custody pending trial, adopted by CoE Committee of Ministers on 27 June 1980 reference : Rec (80)11

- Recommendations R(82)16 on prison leave , adopted by CoE Committee of Ministers on 24 September 1982 reference : Rec (82)16

- Recommendations R (82)17,Concerning custody and treatment of dangerous prisoners ,adopted by CoE Committee of Ministers on 24 September 1982 reference : Rec (82)17

- Recommendation R (84) 12 concerning foreign prisoners, adopted by the Committee of Ministers on 21 June 1984, reference: Rec (84) 12

- Recommendation R (89) 14 on the ethical issues of HIV infection in health care and social settings, adopted by the Committee of Ministers on 24 October 1989, reference: Rec (89) 14.

- Recommendation R (92) 16 European Rules on community sanctions and measures, adopted by the Committee of the Ministers on 19 October 1992, reference: Rec (92) 16.

- Recommendation R (93) 6 Concerning prisoners and criminological aspects of the control of transmissible diseases including AIDs and releted health problems in prisons, adopted by the Committee of the Ministers on 18 October 1993, reference: Rec (93) 6.

- Recommendation R (98) 7Concerning ethical and organizational aspects of health care in prisons, adopted by the Committee of the Ministers on 8 April 1998; reference: Rec (98) 7.

- Recommendations R (98) 8 Concerning the ethical and organizational aspects of health care in prison, adopted by the Committee of Ministers on 8 April 1998; reference: Rec (98) 8.

- Recommendation R (99) 22 Concerning prison overcrowding and prison population inflation, adopted by the Committee of Ministers on 30 September 1990, reference: Rec (99) 22.

- Recommendations Rec (2001) 10 on the European Code of Police Ethics, adopted by the Committee of the Ministers on 19 September 2001: reference Rec (2001) 10.

# अनुसुची ५

# Additional Readings

## 1. ON MONITORING PLACES OF DETENTION

APT/OSCE-ODHIR, *Monitoring places of detention: a practical guide for NGOs*, Geneva, December 2002, available on www.apt.ch in English and Russian.

Penal Reform International, *Monitoring Prison Condition in Europe: Report of a European*, Seminar held in Marly-le-Roi, France, Paris, 1997.

## 2. On the OPCAT

APT, *The Optional Protocol to the UN Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment: A Manual for Prevention*, Geneva, 2004, available in English, (French, Spanish and Portuguese to follow).

APT, *Implementation of the Optional Protocol to the UN Convention against Torture: The Establishment and Designation of National Preventive Mechanisms*, Geneva, April 2003, available at www.apt.ch in English, French, Spanish and Russian.

## 3. ON TORTURE

Camille Giffard, *The Torture Reporting Handbook, How to document and respond to allegations of torture within the international system for the protection of human rights*, Human Rights Centre, University of Essex, 2000. Available in Arabic, English, French, Spanish and Russian.

United Nations Office of the High Commissioner for Human Rights, *Istanbul Protocol, Manual on the Effective investigation and Documentation of Torture and Other Cruel, Inhuman of Degrading Treatment or Punishment*, Professional Training Series no. 8, New York, Geneva, 2001.

Amnesty International, *Combating torture: A manual for action,* London, 2003, available on www.amnesty.org in English.

OSCE/ODIHR, *Preventing Torture-A Handbook for OSCE Field staff*, Warsaw 1999, available on www.osce.org in English and Russian.

## 4. ON IMPLEMENTAION OF STANDARDS IN PRISONS

Andrew Coyle, *A Human Rights Approach to Prison Management: Handbook for prison staff*. International Centre for Prison Studies, Portuguese, Chinese, English, Russian, Spanish, and Turkish.

Penal Reform International, *Making standards work, an international handbook on good prison practice.* London, 2001, available in English, French, Russian and Spanish, For download on www.penalreform.org in English and French

United Nations Office of the High Commissioner For Human Rights, *Human Rights and Prisons – A Manual on Human Rights Training for Prisons Officials*, Professional Training Series No. 9, Geneva 2003

Nigel S. Rodley, *The Treatment of Prisoners under International Law*, Second Edition, Oxford, 1999.
Vivien Stern, *A sin against the future –Imprisonment in the World,* Penguin Books, 1998
Peter Sutton, (ed.), *Basic Education on Prisons: Final Report*, United Nations/UNESCO Institute for Education (UIE) joint publication, English version available free of charge at UIE, French and Spanish version available on the UIE website: http://www.unesco.org/education/uie/online/prifr/prifr.pdfOthers

## 5. ON MONITORING HUMAN RIGHTS IN GENERAL

Helsinki Foundation for Human Rights, *Human Rights Monitoring*, Warsaw, 2001

United Nations Office of the High Commissioner for Human Rights, *Professional Training Series no. 7, Training Manual on Human Rights Monitoring*, New York, Geneva, 2001.

## 6. ON BODIES VISITING PLACES OF DETENTION

APT, *Visiting Places of Detention: Practices and Lessons Learned by selected domestic institutions*, *Seminar Report*, Geneva, 2004.

APT, *The Impact of External Visiting of Police Station on Prevention of Torture and Ill- Treatment, Study*, Geneva 1999.

APT, *Standard Operating Procedures of International Mechanism Carrying Out Visits to Places of Detention, Seminar Report*, Geneva, 1997.

International Committee of Red Cross, *Deprived of Freedom*, Geneva, 2002

Malcolm D. Evans and Morgan Rod, *Preventing Torture, A Study of the European Convention for the Prevention of Torture and Inhuman or Degrading Treatment or Punishment*, Oxford, 1998.

Rod Morgan and Malcolm D. Evans, *Protecting Prisoners, The Standards of the European Committee for the Prevention of Torture in Context*, Oxford, 1999

Rod Morgan and Malcolm D. Evans, *Combating Torture in Europe*, Council of Europe Publishing, 2001.

APT Series on *Prevention of Torture in Europe* (in French and English)

Brochure no. 3 – Barbara Bernath, *CPT History, mandate, composition,* Geneva, December, 1999.

Brochure no. 4 – Ursula Kriebaum, *CPT Modus Operandi*, Geneva, May 2002.

APT/Council of Europe, *A visit by the CPT- What's it all about? 15 questions and answers for the police,* May 1999

## अनुसूची ६

# Useful Addresses

## 1. International Organizations

**Commonwealth Secretariat**
Human Rights Unit
Marlborough House, Pall Mall, London, SWIY 5 HX, United Kingdom
Tel: +44207 747 6500 – Fax: +44 207 930 0827
Website: www.thecommonwealth.org

**International Committee of the Red Cross**
19 Avenue de la Paix, 1202 Geneva, Switzerland
Tel: + 41 (0) 22 734 60 01 – Fax: +41 (0) 22 733 20 57
E-mail: webmaster.gva@icrc.org
Website: www.icrc.org

**Inter-Parliamentary Union**
5 chemin du Pommier, Case postale 330
CH – 1218 Grand – Saconnex, Geneva, Switzerland
Tel: +41 (0) 22 919 4150 – Fax: +41 (0)22 919 4160
E-mail: postbox@mail.ipu.org
Website: www.ipu.org

**Office of the United Nations High Commissioner for Human Rights**
Palais Wilson, 52 Rue de Paquis, 1201 Geneva, Switzerland
Tel: +41 (0)22 917 9000 – Fax: +41 (0) 22 917 9012
E-mail: infodesk@ohchr.org
Website: www.ohchr.org

**United Nations High Commissioner for Refugees**
P. O Box: 2500, CH – 1211 Geneva 2 Depot, Switzerland
Tel: +41 (0)22 739 8111 – Fax: +41 (0)22 731 9546
Website: www.unhcr.org

**United Nations Office on Drugs and Crimes**
Vienna International Centre
Wagramer Strasse 5 – P.O Box 500, A-1400 Vienna, Australia
Tel: +43 1 260 600 – Fax: +43 1 260 60 58 66
E-mail: unodc@unodc.org
Website: www.unodc.org

## 2. Regional Organizations

### Europe

**Council of Europe**
Avenue de l'Europe
F-67075 Strasbourg, Cedex, France
Tel: +33 3 88 41 20 00/ 33 – Fax: +33 3 88 41 27 30/45
Website: www.coe.int

**European Committee for the Prevention of Torture (CPT)**
Human Rights Building – Council of Europe
F-67075 Strasbourg, Cedex, France
Tel: +33 3 88 41 39 39 – Fax: +33 3 88 41 27 72
E-mail: cptdoc@coe.int
Website: www.cpt.coe.int

**European Court of Human Rights**
Council of Europe
67075 Strasbourg, Cedex, France
Tel: +33 (0)3 88 41 20 18 – Fax: +33 (0)3 88 41 27 30
Website: www.echr.coe.int

**European Institute for Crime Prevention and Control, affiliated with the United Nation (HEUNI)**
P.O. Box: 444, Pitkansillanrant 3 A
00531 Helsinki, Finland
Tel: +358 (0)10 366 5280- Fax: +358 (0)10 366 5290
E-mail: heuni@om.fi
Website: www.heuni.fi

**European Parliament**
Allee du Printemps – Boite Postale 1024/F
F-67070 Strasbourg, Cedex, France
Tel: +33 3 88 17 40 01 – Fax: +33 3 88 1 / +33 3 88 25 65 01
E-mail: civis@europarl.eu.int
website: www.europarl.eu.int (You can also consult the addresses in Brussels and Luxemburg )

**Office for Democratic Institution and Human Rights (ODIHR)**
Organization for Security and Cooperation in Europe (OHCE)
Aleje Ujazdowskie 19, 00557 Warsaw, Poland
Tel: +48 22 520 06 00 – Fax: +48 22 520 06 05
E-mail: office@odhir.pl
Website: www.osce.org/odihr

## Africa

**African Commission on Human and People's Rights**
90 Kairaba Avenue, P.O Box 673, Banjul, The Gambia
Tel: +220 392 962 – Fax: +220 390 764
E-mail: achpr@achpr.org
Website: www.achpr.org

**African Union (formerly known as the Organization of African Unity)**
P. O Box 3243, Addis Ababa, Ethiopia
Tel: +251 11 551 77 00 – Fax: + 251 11 551 78 44
E-mail: webmaster@africa-union.org
Website: www.africa.union.org

**United Nations African Institute for the Prevention of Crime and Treatment of Offenders**
P. O Box 10590, Kampala, Uganda
Tel: +256 41 22 11 19 – Fax: +256 41 22 26 23
E-mail: unafri@unafri.or.ug
Website: www.unafri.or.ug

## Americas

**Inter-American Commission on Human Rights**
Organization of American States (OAS)
1889 F Street, N.W., Washington D.C. 2006, USA
Tel: +1 202 458-6002 – Fax: +1 202 458-3992
Website: www.cidh.org

**United Nation Latin American Institute for the Prevention of Crime and the Treatment of Offenders (ILANUD)**
P.O. Box 10071-1000, San Jose, Costa Rica
Tel: +506 257 5826 - Fax +506 233 7175
e-mail: ilanud@ilanud.or.cr
homepage: http://www.ilanud.or.cr

## Asia

**United Nations Asia and Far East Institute for the Prevention for the Crime and the Treatment of Offenders (UNAFEI)**
1-26 Harumi-cho, Fuchu-shi, Tokyo 183-0057, Japan
Tel: +81 42 333 7021 – Fax: +81 42 333 7024
E-mail: unfei@moj.go.jp
Website: www.unafei.of.jp

## 3. Non-Governmental Organizations

## International NGOs

**Amnesty International (International Secretariat)**
1 Easton Street, London WCIX ODW, United Kingdom
Tel: +44 207 413 55 00 – Fax: +44 207 956 11 57
E-mail: amnestyis@amnesty.org
Website: www.amnesty.org

**Association for the Prevention of Torture (APT)**
10 Route de Ferney, P.O. Box 2267, 1211 Geneva 2, Switzerland
Tel: +41 22 919 21 70 – Fax: +41 22 929 21 80
E-mail: apt@apt.ch
Website: www.apt.ch

**Human Rights Watch (HRW)**
350 Fifth Avenue, 34th floor
New York, NY 10118-3299 USA
Tel: +1 212 290 4700 – Fax: +1 212 736 1300
E-mail: hrwny@hrw.org
Website: www.hrw.org

**International Centre for Prison Studies (ICPS)**
King's College London, School of Law, 3rd Floor
26-29 Drury Lane, London WC2B 5RL, United Kingdom
Tel: +44 (0) 207 848 1922 –Fax: +44 (0) 207 848 1901
E-mail: icps@kcl.ac.uk
Website: www.prisonstudies.org

**International Commission for Jurists (ICJ)**
P.O. Box 91, 33, rue des Bains
1211 Geneva 8, Switzerland
Tel: + 41 22 979 3800 – Fax: +44 22 979 3801
E-mail: info@icj.org
Website: www.icj.org

**International Federation of Action by Christians for the Abolition of Torture (FIACAT)**
27 Rue de Maubeuge, 75009 Paris, France
Tel: + 33 1 42 80 01 60 – Fax: +33 1 42 80 20 89
E-mail: fiacat@fiacat.org
Website: www.fiacat.org
(Please refer to the addresses of other ACATs in the world)

**International Federation of the League of Human Rights (FIDH)**
17 Passage de la Main d'Or, 75011 Paris, France
Tel: +33 1 43 55 25 18 – Fax: +33 1 43 55 18 80
E-mail: fidh@fidh.org
Website: www.fidh.org

**International Rehabilitation Council for Torture Victims**
Borgergade 13 – P. O. Box 9049 – DK – 1022 Copenhagen K – Denmark
Tel: +45 33 76 06 00 – Fax: +45 33 76 05 00
E-mail: irct@irct.org
Website: www.irct.org

**International Service for Human Rights**
1 rue de Varembe, P.O Box 16, 1211 Geneva 20, Switzerland
Tel: +41 (0)22 733 51 23 – Fax: +41 (0) 22 733 08 26
Website: www.ishr.ch

**World Organization against Torture (OMCT – SOS Torture)**
8, rue du Vieux – Billard, P.O Box: 21, 1211 Geneva 8, Switzerland
Tel: +41 (0)22 809 49 39 – Fax: +41 (0)22 809 49 29
Email: omct@omct.org
Website: www.omct.org

**Penal Reform International (London Office)**
Unit 450, The Bon Marche Centre
241 – 251 Ferndale Road, London, SW9 8BJ, United Kingdom
Tel: +44 (0)20 7924 9575 – Fax: +44 (0)20 7924 9697
E-mail: headofsecretariat@penalreform.org
Website: www.penalreform.org

**The Redress Trust**
3rd Floor, 87 Vauxhall Walk – London SE11 5HJ – United Kingdom
Tel: +44 (0)20 7793 1777 – Fax: +44 (0)20 7793 1719
E-mail: redresstrust@gn.apc.org
Website: www.redress.org

## Regional NGOs

**African Centre For Democracy and Human Rights Studies**
P. O. Box 2728, Serekunda, Zoe Tembo Building, Kerr Sereign, The Gamb
Tel: +220 4462340/1/2 – Fax: (220)4462338/9
E-mail: acdhrs@acdhrs.org/edir@acdhrs.org
Website: www.acdhrs.org

**Asia-Pacific Human Rights Network**
B-6/6 Safdarjunj Enclave Extension, 110029 New Delhi, India
Tel: +91 11 26 192 717/26 192 706 – Fax: +91 11 26 191 120
E-mail: secretariat@aphrn.org
Website: www.aphrn.org

**Inter-American Centre For Justice and International Law (CEJIL)**
CEJIL Washington
1630 Connecticut Ave., NW – Suite – Washington D.C. 20009 – 1053, USA
Tel: +202 319 3000 – Fax: +202 319- 3019
E-mail: Washington@cejil.org
Website: www.cejil.org

**Inter-American Institute on Human Rights (IIDH)**
P. O Box 10081- 1000 San Jose, Costa Rica
Tel: +506 234 0404 – Fax: +506 234 0955
E-mail: instituto@iidh.ed.cr
Website: www.iidh.ed.cr

**International Helsinki Federation for Human Rights**
Wickenburggasse 14/7, 1080 Vienna, Austria
Tel: +43 1 408 88 22 – Fax: +43 1 408 88 22/50
E-mail: office@ihf-hr.org
Website: www.ihf-hr.org

# हिरासत अनुगमनः निर्देशिका

नियमित तथा अघोषित रूपमा गरिने हिरासत अनुगमन स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू उपर हुने यातना तथा दुर्व्यवहार रोक्ने प्रभावकारी विधि हो । राष्ट्रिय मानवअधिकार निकाय, विशेष दक्षता भएका निकाय, सामान्य भ्रमणकर्ता, न्यायापालिका प्रतिनिधि, विधायक तथा नागरिक समाजका संस्थाहरू जस्ता विभिन्न प्रकारका संयन्त्रहरू थुनास्थल अनुगमनमा संलग्न रहन्छन् ।

संयुक्त राष्ट्रसंघले यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको ग्रहण गरिनुले यातना तथा दुर्व्यवहार रोकथाम गर्न गरिने अनुगमनलाई थप सहयोग मिलेको छ । यो अन्तर्राष्ट्रिय सन्धिले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा गरिने रोकथाम भ्रमणको विश्वव्यापी प्रणाली प्रस्ताव गरेको छ । यस सन्धिका पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय उप-समितिसँग कार्य गर्नुका साथै आफ्नो छुट्टै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रको सिर्जना गर्ने, तिनीहरूको स्थापना गरी कार्य सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गर्दछन् ।

विगत सत्ताइस वर्षदेखि थुनास्थलहरूमा गरिने दुर्व्यवहार निरोधात्मक भ्रमणको लागि प्रेरक ऊर्जाको भूमिका खेल्दै आएको यस एसोसिएसन फर द प्रिवेन्सन अफ टर्चर (एपिटि) समक्ष भ्रमण निकायका निमित्त यस्ता निकायले गर्ने अनुगमन कार्यक्रमहरूको खाका तयार पार्न र कार्यान्वयन गर्न तथा भ्रमण दलका सदस्यहरूलाई तालिम प्रदान गर्न सहयोग पुऱ्याउने व्यवहारिक औजार निर्माण गर्नको लागि बढ्दो माग आइरहेको छ ।

एपिटिको यस व्यवहारिक निर्देशिकाले निम्न विषय समेट्छ

- थुनास्थलको अनुगमन कसले गर्छ;
- अनुगमनको सिद्धान्तहरू;
- भ्रमणको तयारी कसरी गर्ने;
- भ्रमण;
- भ्रमणको अनुगमन कसरी गर्ने;
- थुनास्थलको कुन पक्षको निरीक्षण गर्ने;
- सान्दर्भिक मापदण्डहरू ।

एसोसिएसन फर द प्रिवेन्सन अफ टर्चर
रुट डे फेर्नी १० - पोष्ट बक्स नं. २२६७
१२११ जेनेभा २ - स्वीजरल्याण्ड
टेलिफोनः +४१ २२ ९१९ २१७० - फ्याक्सः +४१ २२ ९१९ २१८०
www.apt.ch - apt@apt.ch

हिरासत अनुगमनः निर्देशिका

एड्भोकेसी फोरम, नेपाल

हिरासत अनुगमनः निर्देशिका